प्लास्टिक सर्जरीमा रमाउँदै । ९

करण केसीको प्रभावशाली बलिङ । १५

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २८ अंक १६ काठमाडौं | २२ फागुन २०७६ बिहीबार फाल्गुण शुक्लपक्ष दशमी | नेपाल संवत् ११४० | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, March 5, 2020 | पृष्ठ १२+४ | १० रुपैयाँ

प्रत्यारोपित मिर्गौंलाले काम थाल्यो

अतुल मिश्र (काठमाडौं)

प्रधानमन्त्री केपी शर्मा ओलीको बुधबार त्रिवि शिक्षण अस्पतालमा प्रत्यारोपण गरिएको मिर्गौंलाले काम गर्न सुरु गरेको छ । प्रत्यारोपणपछि आईसीयूमा सारिएका ओलीको स्वास्थ्य सूचक राम्रो रहेको अस्पतालका कार्यकारी निर्देशक प्रा.डा. प्रेमकृष्ण खड्गाले बताए । उनका अनुसार मिर्गौंला दिएकी उनकी भान्जीको अवस्था सामान्य छ ।

शल्यक्रियापछि होस खुले पनि उच्च मात्रामा दुखाइ कम गर्ने औषधिहरू दिइएकाले ओली बुधबार राति निद्राको स्थितिमा थिए । मिर्गौंला प्रत्यारोपणमा संलग्न टिमका एक चिकित्सकका अनुसार ओलीको प्रत्यारोपित मिर्गौंला वरिपरि राखिएको पाइपलाई पेट बाहिर निकालिएको छ । रक्तस्राव भए वा पिसाब चुहिए पेटभित्र जम्मा हुन नदिन राखिएको पाइप सुधारको अवस्था हेरेर तीन-चार दिनमा निकालिने उनले बताए ।

'अबको २४ घण्टामा साधारणतया प्रत्यारोपण गरिएको नयाँ मिर्गौंलाले ५ देखि १० लिटरसम्म पिसाब निकाल्न सक्छ,' बुधबार साँझ उनले भने, 'पिसाब राम्ररी निस्किनुपर्‍यो, त्यसपछि विस्तारै पिसाबको मात्रा दिनहुँ ३-४ लिटरसम्म झर्न सक्छ ।' नयाँ मिर्गौंलाले काम गर्न थालिसकेको उनले बताए । 'हामीले अहिले शरीरको प्रतिरोधात्मक शक्तिलाई शिथिल पार्ने (इम्युनो सप्रेसेन्ट) औषधिको मात्रा पहिलेभन्दा बढाएका छौं,' उनले भने । **बाँकी पृष्ठ २**

प्रधानमन्त्रीको मिर्गौंला प्रत्यारोपण सफल भएपछि बुधबार त्रिवि शिक्षण अस्पतालमा प्रा.डा. प्रेम ज्ञवालीलगायतको चिकित्सा टोली । *तस्बिर : कविन अधिकारी/कान्तिपुर*

'चार-पाँच दिनमै डिस्चार्ज हुन सक्छ'

प्रधानमन्त्रीको मिर्गौंला प्रत्यारोपणमा नेतृत्वदायी भूमिका निर्वाह गरेका **प्रा.डा. प्रेम ज्ञवाली**सँग कान्तिपुरका **स्वरूप आचार्य**ले गरेको कुराकानी :

शल्यक्रियापछि प्रधानमन्त्रीको अवस्था अहिले कस्तो छ ?

उहाँको अवस्था अहिले सामान्य छ । होस आइसकेको छ । कुरा गर्न सक्नुहुन्छ । तर आरामका लागि हामीले उहाँसँग कुराकानी गरेका छैनौं । उहाँ चिकित्सकहरूको निगरानीमा हुनुहुन्छ । सबै भाइटल्स ठीक छन् । प्रेसर र अक्सिजनको मात्रा ठीक छ । प्रत्यारोपित मिर्गौंलाबाट पिसाब पनि भइरहेको छ ।

यही रफ्तारमा रिकभरी भए उहाँ कति दिनमा डिस्चार्ज हुन सक्नुहुन्छ ?

सबै कुरा सामान्य रहेर यही रफ्तारमा रिकभरी भयो र बीचमा केही जटिलता आएन भने हामी उहाँलाई आइतबार वा सोमबारसम्ममा डिस्चार्ज गर्न सक्छौं ।

दातालाई कहिले डिस्चार्ज गर्नुहुन्छ ?

अवस्था सामान्य रहे दातालाई पनि शनिबार/आइतबार डिस्चार्ज गर्छौं ।

प्रत्यारोपण गर्दा मुख्य डर के थियो ?

हामीले प्रत्यारोपण गरेको मिर्गौंलामा रक्तसञ्चार भइसकेपछि त्यसले काम गर्छ कि गर्दैन भन्ने थियो । अहिले पूर्ण रूपमा काम गरेर पछि त्यो बन्द पनि हुन सक्छ । तर अहिलेलाई त्यो डर हटेको छ । बिहानीले दिन कस्तो हुन्छ भन्ने संकेत गर्छ भनेझैं सबै राम्रो हुन्छ भन्नेमा हामी आशावादी छौं ।

दाताबाट झिकिएको मिर्गौंला प्रधानमन्त्रीको शरीरमा जोड्न कति समय लाग्यो ?

हामीले मुख्य नसाहरू (आर्टरी र भेन) जोड्ने काम ३९ मिनेटमा सक्यौं । त्यसपछिको कार्य भनेको समय लिएर गर्न मिल्ने कुरा हो ।

दाताबाट मिर्गौंला कसरी झिक्नुभयो ?

हामीले दाताको ल्याप्रोस्कोपिक विधिबाट शल्यक्रिया गरेर मिर्गौंला झिकेका हौं । **बाँकी पृष्ठ २**

मित्र

समाचार । २

कोभिड-१९ रोक्न नाकामा निगरानी कमजोर

समाचार । ३

खाली दरबन्दी समेटेर प्रहरीमा समायोजन

अर्थ वाणिज्य । ११

सरकारले अब सेक्युरिटी प्रेस प्रतिस्पर्धाबाट खरिद गर्ने

गजब छ बा ! अविन

मन्त्रीज्यू 'भूतपूर्व' हुनुभो भन्ठान्या त 'अभूतपूर्व' पो हुनु भ' र'छ !

हामी देख्छौं अपार संभावना

NMB BANK एनएमबि बैंक

समृद्ध नेपालको लागि

खाद्य वस्तु छ

स्वास्थ्य सामग्रीमा अनुगमन भएन

राजु चौधरी
नुमा थाम्सुहाङ (काठमाडौं)

बजारमा मास्क, सेनिटाइजर र औषधिजन्य सामग्रीको मूल्यवृद्धि र अभाव भइरहेका बेला सरकारी टोलीले बुधबार सिनेमा हलको अनुगमन गऱ्यो । अनुचित व्यापारिक कारोबार गरेको भन्दै बिग मुभिजलाई वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको टोलीले २ लाख ५० हजार रुपैयाँ जरिवाना तिरायो । 'सिनेमा हल अनुगमन गर्नैपर्ने क्षेत्र हो तर हिजोआजको प्राथमिकता त्यो हैन,' विभागकै एक अधिकारीले भने ।

ती अधिकारीले भनेजस्तै हिजोआज अनुगमन गर्नुपर्ने क्षेत्र मेडिकल तथा दैनिक उपभोग्य सामग्रीको बजारमै हो । कोरोना भाइरस (कोभिड-१९) ले आपूर्ति प्रणालीमा असन्तुलन ल्याउने सम्भावना देखेर व्यापारीले मेडिकलजन्य सामग्रीको मूल्यवृद्धि र अभाव सिर्जना गर्न थाले पनि त्यसलाई रोक्न सरकारले पहल गरेको देखिएको छैन । अभाव, मूल्यवृद्धि र कालोबजारी गर्नेलाई कारबाही गर्ने चेतावनी दिए पनि अनुगमन गरिएको छैन ।

बजारमा मास्क, सेनिटाइजरलगायत सर्जिकल वस्तु पाइन छाडेका छन् । कतिपय व्यवसायीले कालोबजारी गरिरहेको आशंका छ । 'मुख्य तीन वस्तु (मास्क, सेनिटाइजर र औषधि) मा कालोबजारी सुरु भइसकेको छ । खाद्यवस्तुमा पनि त्यही अवस्था सिर्जना हुन बेर छैन,' उपभोक्ता हित संरक्षण मञ्चका अध्यक्ष ज्योति बानियाँले भने, 'तर सरकार चुप लागेर बसेको देखिन्छ ।' उनले यतिबेला अनुगमनकारी तथा नियामक निकायमा सरकारी कर्मचारी बढाई बजारमा उपस्थिति बलियो बनाउनुपर्ने बताए ।

बजार अनुगमन तथा मूल्य नियमनको दायित्व वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको हो । विभागले दिनहुँ अनुगमन गरेको दावी गर्दै आएको छ । तर गरिएको अनुगमन परम्परागत पाराकै छ । सर्जिकल/औषधि पसलमा एक/दुई टोली खटाउनु र फिल्म हलतिर अनुगमन गर्नुले पनि सरकारी निकायले कसरी काम गरिरहेको छ भन्ने प्रस्ट्याउने उपभोक्ताकर्मीहरूले बताए । 'स्वास्थ्य क्षेत्रमा केही तयारी गरे पनि आर्थिक क्षेत्रमा ध्यानै दिइएन,' राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले भने, 'आपूर्ति प्रणालीमा ध्यान पुगेको छैन ।' उनले उपभोक्तालाई अनावश्यक मौज्दात रोक्ने विषयमा सचेत गराउनु आवश्यक रहेको बताए ।

> मास्क, सेनिटाइजर, औषधिजन्य सामग्रीको मूल्यवृद्धि नियन्त्रणमा सरकारले काम नगरेको उपभोक्ताको गुनासो

उद्योग, वाणिज्य तथा आपूर्ति राज्यमन्त्री मोतीलाल दुगडले व्यवसायीबाट कालोबजारी नभएको दावी गरे । मास्कमा भने केही समस्या भएको उनले स्वीकार गरे । 'मास्क ५० रुपैयाँमा आयात गरी २ सय ५० रुपैयाँसम्म बिक्री भइरहेको छ । अहिले पैसाभन्दा ज्यान ठूलो हो,' उनले भने, 'मास्क बजारमा तत्काल केही गर्दैनौं ।'

खाद्यवस्तुमा सरकारको ध्यान गएको उनको दावी छ । निजी क्षेत्र र सरकारी अधिकारीहरूका अनुसार दैनिक उपभोग्य सामग्री र खाद्यान्नमा समस्या छैन । करिब ३ महिनालाई पुग्ने खाद्यान्न मौज्दात छ । मौज्दात पर्याप्त हुँदाहुँदै उपभोक्ताले 'स्टक' राख्न थालेकाले त्यसो नगर्न सरकारले अनुरोध गर्दै आएको छ । 'साल्ट ट्रेडिङ कर्पोरेसन्सलाई नुन पर्याप्त मौज्दात राख्न भनेका छौं । खाद्य व्यवस्था कम्पनीले दुर्गम र पहाडमा मौज्दात बढाएको छ,' राज्यमन्त्री दुगडले भने । विभागका महानिर्देशक नेत्र सुवेदीले आपूर्ति सहज बनाउन सरोकारवाला निकायसँग छलफल भइरहेको बताए । **बाँकी पृष्ठ १४**

उकालो लाग्दै तापक्रम

अब्दुल्लाह मियाँ (काठमाडौं)

काठमाडौंसहित देशभर तापक्रम उकालो लाग्न थालेको छ । बुधबार काठमाडौंमा अधिकतम तापक्रम २३.५ डिग्री सेल्सियस रेकर्ड भएको छ । काठमाडौंमा आइतबार तापक्रम बढ्न सुरु भएको हो । बुधबार धनगढीमा २९, दिपायलमा २७.२, वीरेन्द्रनगरमा २५.८, नेपालगन्जमा २८.६, दाङमा २५.७, पोखरामा २४.५, भैरहवामा २८.७, सिमरामा २९ र विराटनगरमा २८.६ डिग्री रेकर्ड भएको जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाका वरिष्ठ मौसमविद् बरुण पौडेलका अनुसार मुलुकभरि नै न्यूनतम र अधिकतम तापक्रम बढ्दै गएको छ । १ मार्च (फागुन १८) देखि देशैभर तापक्रम बढेको हो । जानकारहरूका अनुसार ४ देखि १० डिग्रीसम्म तापक्रम भएको क्षेत्रमा कुनै पनि भाइरस लामो समयसम्म बाँच्न सक्छ । ३० डिग्री हाराहारी तापक्रम पुगेपछि त्यस्ता भाइरस आफैं निष्क्रिय हुँदै जान्छन् । उच्च आर्द्रतालाई भाइरसले मन पराउँदैन ।



विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) ले पनि उच्च तापक्रम भएको क्षेत्रमा भाइरस लामो समय बाँच्न नसक्ने उल्लेख गरेको छ । मार्च, अप्रिल, मे र जुन तापक्रम बढी हुने महिना हुन् । मार्चमा काठमाडौंमा औसत २५ देखि ३३ डिग्रीसम्म तापक्रम रेकर्ड हुने गरेको देखिन्छ । **बाँकी पृष्ठ १४**

नाकाहरूमा निगरानी कमजोर

प्रदेश सरकारहरू कोरोना संक्रमितहरूको आवागमन हुन नदिन तथा उपचारका लागि आइसोलेसन कक्ष र स्वास्थ्यकर्मीको व्यवस्थापनमा बल्ल जुट्दै

प्रदेश ब्युरो (धनगढी)

कोरोना भाइरस (कोभिड-१९) को संक्रमण भित्रिन नदिन सीमावर्ती भारततर्फ स्वास्थ्य जाँचमा कडाइ गरिएको छ। भारतीय सुरक्षाकर्मीले दुई सातादेखि मास्कको प्रयोग अनिवार्य गरेका छन्। तुलनात्मक रूपमा नेपालतर्फ भने सतर्कताका गतिविधि कम छ। भारतबाट भित्रिनेको जाँच थालिएको छैन।

पश्चिमी नाका कञ्चनपुरको गड्डाचौकीमा भीमदत्त नगरपालिकाले राखेको हेल्थ डेस्कले ज्वरो नाप्ने र पर्चा पम्प्लेट बाँड्ने गरिरहेको छ। 'शंकास्पद अवस्थाका बिरामी भेटिएका छैनन्,' डेस्कमा खटिएकी अनमी निर्मला जोशीले भनिन्। गड्डाचौकी नाका भएर दैनिक सयौं नेपाली र भारतीय आउजाउ गर्छन् भने दर्जनभन्दा बढी नेपाल-भारत मैत्री बससमेत सञ्चालनमा छन्। भारतको राजधानी नयाँ दिल्ली महेन्द्रनगरबाट साढे ३ सय किमि दूरीमा छ। नाकामा स्वास्थ्य जाँच कडा पार्न उपकरण र जनशक्ति नभएको जिल्ला स्वास्थ्य कार्यालयका औलो निरीक्षक सिद्धराज भट्टले बताए। 'त्यसरी काम गर्न निर्देशन पनि आएको छैन,' उनले भने।

भारतसँग सीमा जोडिएका विभिन्न क्षेत्रबाट आवागमन हुने गरेको छ। ब्रह्मदेव, गड्डाचौकी हुँदै दोधारा-चाँदनी तथा दक्षिणी क्षेत्रमा बेल्डाडी, बेलौरी र पुनर्वासका विभिन्न नाकाबाट आवागमन हुने गरेको छ। कतै पनि सतर्कताका काम थालिएका छैनन्। महाकाली अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. हरि श्रेष्ठले कोभिड- १९ को लक्षण देखिएका बिरामी राख्न छुट्टै उपचार कक्ष तयार गरिएको बताए। 'अस्पतालका धेरैजसो बेड खाली छन्। आकस्मिक अवस्था आए शंकास्पद बिरामी राख्न हामीलाई ठाउँ अभाव नहोला,' उनले भने। संक्रमणबाट सावधानीका लागि मास्कको प्रयोग बढेपछि कालोबजारी सुरु भएको छ। केही साताअघिसम्म १५ रुपैयाँमा पाइने मास्कलाई व्यापारीले ५० रुपैयाँमा बेच्न थालेका छन्।

सुदूरपश्चिम प्रदेशको सामाजिक विकास मन्त्रालय जनस्वास्थ्य महाशाखाका प्रमुख नरेन्द्रसिंह कार्कीका अनुसार धनगढीको त्रिनगर, टीकापुरको खत्रौला, कञ्चनपुरको गड्डाचौकी, बैतडीको भुलाघाट, दार्चुलाको भन्सार नाका र धनगढी विमानस्थलमा हेल्पडेस्क राखिएको छ।

दुई साताअघि चीन र दक्षिण कोरियाबाट आएका दुई युवकलाई सुदूरपश्चिम प्रादेशिक अस्पतालको आइसोलेसन कक्षमा राखिएको थियो। दुवै कोभिड-१९ संक्रमित नरहेको पुष्टि भएपछि घर फर्किए। संक्रमित एकजना पनि भेटिएका छैनन् तर हल्लाले नै त्रास बढाएको धनगढीका वीरबहादुर बुढाले बताए। 'सरकारले विश्वनीय सावधानीका उपाय अपनाएर बढेको सन्त्रास घटाउनुपर्छ,' उनले भने। प्रदेशको भूगोलमा उत्तरी सीमा नाका दार्चुला र बझाङ चीनसँग पनि जोडिएको भए पनि आउजाउ भारत जसरी सहज छैन। त्यसैले डराउनुपर्ने अवस्था नरहेको स्वास्थ्यकर्मी बताउँछन्।

हेल्थ डेस्क छ, परीक्षण हुँदैन

बुटवल- नेपालगन्जको जमुनाहा नाकामा 'हेल्थ डेस्क' स्थापना गरिएको छ। मास्क लगाएर दैनिक खटिने कर्मचारीले यात्रुको स्वास्थ्य परीक्षण गर्दैनन्। मानवअधिकार आयोग, नेपालगन्ज कार्यालय र जिल्लास्थित राजनीतिक दलले विज्ञप्तिमार्फत नाका र विमानस्थलमा दक्ष स्वास्थ्यकर्मी राखेर स्वास्थ्य परीक्षणको व्यवस्था मिलाउन अनुरोध गरेका छन्।

आयोगका कार्यालय प्रमुख चन्द्रकान्त चापागाईंले भारतबाट सहज रूपमा दैनिक ठूलो संख्याका सर्वसाधारणको आवतजावत भइरहेकाले जमुनाहा नाकामा स्वास्थ्य जाँचको व्यवस्था मिलाउन आग्रह गरे। नेकपा जिल्ला कमिटीले नाका र विमानस्थलमा स्वास्थ्य परीक्षणको माग गर्दै प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएको छ। नेकपा जिल्ला अध्यक्ष आईपी खरेल र सचिव अशोक कोइरालाले ज्ञापनपत्रमा कोरोनालगायत भाइरसको संक्रमणबाट जोगिन जथाभावी समूहमा होली नखेल्न, अनावश्यक रूपले सभा, समारोहमा सहभागिता नजनाउन अपिल गरेका छन्। नेपालगन्ज उपमहानगरपालिकाका स्वास्थ्य शाखा प्रमुख रामबहादुर चन्दले जमुनाहामा बिहान ७ देखि साँझ ७ बजेसम्म चार जना स्वास्थ्यकर्मी खटाएर कोरोनाबाट जोगिने उपायबारे जानकारी दिने गरिएको बताए। शंका लागेकालाई भेरी अस्पताल र नेपालगन्ज मेडिकल कलेज पठाइए पनि संक्रमण नभेटिएको जनस्वास्थ्य कार्यालय प्रमुख धीरजजंग शाहले बताए।

बर्दियामा जिल्ला प्रशासनले भेला र सार्वजनिक कार्यक्रम नगर्न स्थानीय तहलाई अनुरोध गरेको छ। खुला नाका भएर आउजाउ गर्नेको स्वास्थ्य जाँच र निगरानी भने थालिएको छैन। प्रमुख जिल्ला अधिकारी प्रेमलाल लामिछानेले भने, 'सीमामा स्वास्थ्य जाँचको व्यवस्था मिलाउन पहल भइरहेको छ।' बर्दियाका बढैयाताल गाउँपालिका, गुलरिया, मधुवन र राजापुर नगरपालिका भारतीय सीमासँग जोडिएका छन्।

रूपन्देहीको भैरहवास्थित गौतम बुद्ध विमानस्थलमा स्वास्थ्य सहायता कक्ष छैन। जिल्ला प्रशासनमा सोमबार सुरक्षा निकाय, अध्यागमन, प्रदेशका मन्त्रालय र अन्य सरोकारवाला निकायबीच भएको बैठकले कक्ष स्थापना गर्ने निर्णय गरेको थियो। विमानस्थलका निर्देशक टेकराज पोखरेलले विदेशी यात्रु त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गरेपछि यहाँ आउने भएकाले त्रसित हुनुपर्ने स्थिति नभएको बताए।

भारतको सुनौली नाकामा सिद्धार्थनगर नगरपालिकासँग समन्वय गरेर अध्यागमन कार्यालय नजिक गत माघ १६ देखि स्वास्थ्य सहायता कक्ष सञ्चालनमा छ। उक्त कक्षमा अहिलेसम्म १ सय २५ जना विदेशी यात्रुको स्वास्थ्य जाँच गरिएको छ। महामारी नियन्त्रण शाखा प्रमुख केदारनाथ शाहले अहिलेसम्म कसैलाई पनि संक्रमण भएको नपाइएको बताए। निमित्त प्रमुख जिल्ला अधिकारी भरतकुमार शर्माले संक्रमित भेटिए भैरहवाका युनिभर्सल मेडिकल कलेजमा ३० र भीम अस्पतालमा चारवटा शय्या छुट्टै उपचारका लागि राखिएको बताए। कोरोनाविरुद्ध दाङमा सतर्कता अपनाउँदै जिल्लाका सीमा नाकामा जाँच गर्ने तयारी थालिएको छ। कोइलाबास नाकामा बिहीबारदेखि स्वास्थ्य जाँचको सेवा सुरु हुने जिल्ला जनस्वास्थ्य प्रमुख सुनिता पौडेलले बताइन्। घोराहीस्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पनि १० शय्याको आइसोलेसन वार्ड तयार राखिएको छ। भारतको उत्तरप्रदेश प्रहरी युनिटले कपिलवस्तुको सीमा क्षेत्रका सचेतना कक्षा सञ्चालन गरिरहेको छ। नेपालतर्फ भने बेवास्ता गरिएको छ।

आठ अस्पतालमा आइसोलेसन कक्ष

प्रदेश ५ को सामाजिक विकास मन्त्रालयले १४ सरकारी अस्पताल र चार मेडिकल कलेजलाई आवश्यक पूर्वाधार तयार गर्न निर्देशन दिएको छ। सामाजिक विकासमन्त्री सुदर्शन बरालले प्रदेशका सरकारी अस्पताल र मेडिकल कलेजमा आइसोलेसनसहित उपचार प्रबन्ध भइसकेको बताए। प्रदेशको स्वास्थ्य निर्देशनालयकी फोकल पर्सन डा. सबु काफ्लेका अनुसार मंगलबारसम्म लुम्बिनी प्रादेशिक अस्पताल बुटवल, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान दाङ, नेपालगन्ज मेडिकल कलेज कोहलपुर, देवदह मेडिकल कलेज रूपन्देही, युनिभर्सल मेडिकल कलेज भैरहवा, लुम्बिनी मेडिकल कलेज पाल्पा, युनाइटेड मिसन अस्पताल पाल्पा र भेरी अस्पताल बाँकेले आइसोलेसन कक्ष स्थापना भएको जानकारी पठाएका छन्।

पूर्वका अस्पतालमा २८ आइसोलेसन बेड

विराटनगर- कोभिड-१९ को संक्रमण फैलिन सक्ने अनुमान गर्दै सरकारले पूर्वका विभिन्न अस्पतालमा आइसोलेसन वार्ड तथा बेड राख्ने तयारी गरेको छ। प्रदेश १ को स्वास्थ्य निर्देशनालयका स्वास्थ्य निर्देशक चन्द्रदेव मेहतालेसतर्कता अपनाउँदै आवश्यक पूर्वाधार व्यवस्थापन भइरहेको बताए। 'पूर्वको कोसी अस्पताल, बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, विराट, मेची र नोबेल अस्पतालमा गरी करिब २८ वटा आइसोलेसन बेड राख्ने तयारी छ,' उनले भने।

संक्रमितलाई छिटो उपचार सेवा उपलब्ध गराउन प्रदेश १ का स्वास्थ्य निर्देशक चन्द्रदेव मेहताको संयोजकत्वमा गठित प्राविधिक टोलीको बुधबार बसेको बैठकले चारवटा सीमानाकामा स्वास्थ्य जाँचको हेल्प डेस्क राख्ने निर्णय गरेको छ। विदेशी पर्यटकको आवागमन हुने रानी, काँकडभिट्टा, भद्रपुर र पशुपति नाकामा भन्सार नाकामा पनि सुरक्षाकर्मीसहितको स्वास्थ्य हेल्प डेस्क सञ्चालन गर्ने निर्णय गरिएको छ।

बाराको सीमावर्ती नाका मटिअवामा कोभिड-१९ को सचेतनाका लागि बुधबार स्थापना गरिएको हेल्प डेस्क। *तस्बिर : कान्तिपुर*

७० हजार विदेशी यात्रु घटे

काठमाडौं (कास)- कोभिड-१९ को प्रभावका कारण नेपाल भित्रिने विदेशीको संख्या ह्वात्तै घटेको छ। फेब्रुअरी महिनामा मात्रै अघिल्लो वर्षको तुलनामा नेपाल आउने हवाई यात्रु ७० हजार घटेका छन्।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले सरोकारवाला निकायसँग बुधबार गरेको छलफलमा नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक राजन पोखरेलले सन् २०१९ को फेब्रुअरीको दाँजोमा यस वर्ष (२०२० फेब्रुअरीमा) ६९ हजार ३ सय ७६ यात्रु कम भएको तथ्यांक प्रस्तुत गरे। २०१९ फेब्रुअरीमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रियतर्फ ३ लाख ३० हजार २५ यात्रुको आवागमन भएको थियो। यसपालि यो संख्या २१ प्रतिशतले घटेर २ लाख ६० हजार ६ सय ४९ मा झरेको छ।

अन्तर्राष्ट्रिय एयरलायन्सहरूको उडानसमेत झन्डै सात प्रतिशतले घटेको छ। प्राधिकरणका अनुसार अघिल्लो वर्षको फेब्रुअरीको दाँजोमा यस वर्ष फेब्रुअरीमा १ सय ७१ वटा उडान घटे। अघिल्लो वर्ष २५ सय १३ वटा उडान भएका थिए। कोभिड-१९ को प्रभाव रहेका चीन, हङकङ, दक्षिण कोरिया र जापानमा संसारभरका ६२ वटा एयरलाइन्सले नियमित उडान कटौती गरेका छन्। यसैबीच पर्यटनमन्त्री योगेश भट्टराईले कोभिड-१९ ले पर्यटन क्षेत्रमा पार्न सक्ने प्रभाव र चाल्नुपर्ने कदमबारे अध्ययन गर्न नागरिक उड्डयन प्राधिकरण र पर्यटन बोर्डमा एक्सन टिम बनाउन निर्देशन दिएका छन्।

विदेशी नागरिक निगरानीमा

गोरखा- जिल्ला प्रशासन कार्यालयले विदेशी नागरिकको निगरानी बढाएको छ। एक साताको बीचमा १४ विदेशीलाई गोरखा छाड्न भनिएको कार्यालयका अधिकृत हर्क रोकाले जानकारी दिए। श्रम स्वीकृतिबिना काम गरिरहेका ८ चिनियाँ नागरिकलाई सोमबार अध्यागमन कार्यालय काठमाडौं पठाएको प्रशासनले २ ताइवानी र ४ जापानीलाई पनि जिल्ला छाड्न भनेको हो। मंगलबार मात्र ताइवानी नागरिक सिनचेङ मेङ र ग्वान टिङलाई जिल्ला छाड्न प्रशासनले निर्देशन दिएको छ। 'एउटा प्रयोजनका लागि आएर फरक काम गरेकाले जिल्ला छाड्न भनेका हौं,' रोकाले भने।

औषधि निर्यात खुलाउन पहल

नयाँदिल्ली (कास)- भारतले अत्यावश्यक औषधिको निर्यातमा तत्कालका लागि लगाएको रोक खुलाउन नेपालले पहल थालेको छ। भारतले कोभिड-१९ को संक्रमण बढ्न सक्ने आकलन गर्दै मंगलबार मात्र पारासिटामोल लगायत २६ वटा अत्यावश्यकीय औषधिको निर्यातमा रोक लगाउने निर्णय गरेको थियो। भारतको वाणिज्य एवं उद्योग मन्त्रालयअन्तर्गतको वैदेशिक व्यापार महानिर्देशनालयको उक्त निर्णयपछि ती औषधि निर्यात गर्न सरकारको इजाजत लिनुपर्नेछ।

स्रोतका अनुसार निर्णय पुनर्विचारका लागि नेपालले भारतसमक्ष अनौपचारिक रूपमा अनुरोध गरिसकेको छ। तर सबै औषधिको निर्यात भने खुला गर्न नसकिने बरु नेपालले अत्यावश्यक ठानेका सिटामोललगायत औषधिमा पुनर्विचार गर्न सकिने जवाफ भारतले दिएको छ। 'भारतीय पक्षसँग कुरा भएको थियो र उनीहरूले पुनर्विचार गर्न सकिने जवाफ दिएका थिए,' एक नेपाली अधिकारीले भने।

प्रधानमन्त्री निश्चिन्त, शुभेच्छुक बेचैन

बिनु सुवेदी (काठमाडौं)

प्रधानमन्त्री केपी शर्मा ओलीलाई बुधबार बिहान पौने १० बजेतिर क्याबिन नम्बर ६ सय १ बाट अपरेसन थिएटर लगिँदै थियो। साथमा शल्यक्रिया टोलीका चिकित्सक, परिवारजन र निजी सचिवालयका केही सदस्य थिए। दोस्रो पटक मिर्गौला प्रत्यारोपण गर्न गइरहेका ओली निश्चिन्त देखिन्थे तर निकटस्थहरूको बेचैनी बढेको थियो। उनलाई शल्यक्रिया कक्षमा प्रवेश गराउँदा श्रीमती राधिका शाक्य मौन थिइन् भने अरू पनि केही बोल्न सकेका थिएनन्। उनलाई बिदाइ गर्दै प्रमुख राजनीतिक सल्लाहकार विष्णु रिमालले भने, 'अल द बेस्ट प्रधानमन्त्रीज्यू।'

ओलीलाई त्यसो भनेको केहीबेरमा बाहिरिएका रिमालले कान्तिपुरसँग भने, 'आफ्नो रोग र उपचारबारे प्रधानमन्त्रीज्यूले राम्ररी अध्ययन गर्नुभएको छ। हामी आत्तिँदा पनि उहाँ धैर्य देखिनुहुन्छ।' रिमालका अनुसार शल्यक्रियाका लागि अपरेसन थिएटरमा जाँदै गर्दा ओलीले मुस्कुराउँदै हात हल्लाएका थिए। थिएटरमा पुगेपछि ओलीलाई चिकित्सकहरूले सोधे, 'हामीलाई केही भन्नु छ प्रधानमन्त्रीज्यू?' प्रधानमन्त्रीले जवाफ दिए, 'मलाई तपाईंहरूमाथि पूरै विश्वास छ।'

त्यसपछि दिनभरिमा ओलीको मिर्गौला प्रत्यारोपण गरियो। प्रत्यारोपण सफल भयो। करिब पाँच घण्टापछि साँझपख ओली होसमा आए। त्यसपछि आईसीयूमा आराम गरिरहेका ओलीको स्वास्थ्य अहिले स्थिर रहेको त्रिवि शिक्षण अस्पतालका कार्यकारी निर्देशक डाक्टर प्रेमकृष्ण खड्गाले बताएका छन्। 'उहाँका सबै मुख्य सूचकांकहरू राम्रो अवस्थामा छन्। प्रत्यारोपित मिर्गौलाले पनि काम सुरु गरिसकेको छ,' उनले भने, 'उहाँलाई प्रत्यारोपण उपचार कक्षमा राखी उपचारलाई निरन्तरता दिइनेछ।' अस्पतालका अनुसार ओलीलाई अब तीन दिन कसैलाई भेट्न दिइनेछैन।

ओलीलाई मिर्गौला दिएकी भान्जी समीक्षा संग्रौलाको पनि स्वास्थ्य राम्रो रहेको अस्पतालले जनाएको छ।

अपरेसन थिएटरभित्र ओलीको शरीर चिर्ने र सिलाउने काम भइरहँदा अस्पताल प्रांगणमा उनको स्वास्थ्यलाभको कामना गर्नेहरू जम्मा भइसकेका थिए। मन्त्री, सांसदलगायत क्याबिनसम्म पुगेर प्रधानमन्त्रीबारे ताजा अवस्था बुझेर आउँथे भने बाहिर बसेको समूह उनीहरूबाटै खबर थाहा पाउँथ्यो। घण्टैपिच्छे नयाँ नयाँ खबर बाहिर आइरहेका थिए। अपरेसन थिएटरमा छिराइयो, मिर्गौलाको सफल प्रत्यारोपण भयो, नयाँ मिर्गौलाले प्रधानमन्त्रीको शरीरमा काम गर्न थाल्यो, उनी होसमा आए। जसै क्याबिनबाट कोही बाहिर आउँथे, त्यहाँ जम्मा भएका शुभेच्छुकहरू घेर्न पुगिहाल्थे। तिनैमध्येकी हुन् 'मिथिला नगरपालिका धनुषाकी उपप्रमुख तारा बस्नेत लामा। उनी प्रधानमन्त्रीको स्वास्थ्यलाभको कामना गर्नकै लागि अस्पताल पुगेकी थिइन्। 'अहिले देशलाई उहाँको खाँचो छ,' लामाले भनिन्।

प्रधानमन्त्री ओली दोस्रो पटक मिर्गौला प्रत्यारोपणका लागि सोमबार साँझ अस्पताल भर्ना भएका हुन्। १३ वर्षअघि भारतको अपोलो अस्पतालमा प्रत्यारोपण गरिएको मिर्गौलाले काम गर्न छोडेपछि उनले गत साउन दोस्रो र भदौको पहिलो साता सिंगापुर पुगेर उपचार गराएका थिए। त्यसयता ओलीको नियमित डायलसिस हुँदै आएको थियो। नियमित डायलसिस गर्ने या दोस्रो पटक प्रत्यारोपण गर्ने भन्नेबारे लामो छलफल र अध्ययनपछि ओली प्रत्यारोपणको निष्कर्षमा पुगेका थिए।

'मुलुकको कार्यकारी प्रमुखले चाहेको भए विदेशको अझै सुविधासम्पन्न अस्पताल रोज्न सक्थे होलान्,' त्यहाँ उपस्थितहरूको टिप्पणी हुन्थ्यो, 'तर देशकै सरकारी अस्पतालमा यति ठूलो शल्यक्रिया गराएर देशको स्वास्थ्य क्षेत्रमाथि नागरिकको भरोसा थपिदिनुभयो।'

'गेट वेल सुन प्रधानमन्त्री' लेखिएको प्ले कार्ड बोकेर अस्पताल परिसरमा उभिएका गुल्मीका बाबुराम कुँवरले देशको सीमा रक्षादेखि पार्टी र सरकारभित्रका थुप्रै समस्या हल गर्न प्रधानमन्त्री सम्पूर्ण रूपमा स्वस्थ हुनुपर्ने बताए।

ओलीले आफू अस्पताल रहँदा सरकार र पार्टी दुवैतिरका काममा कुनै असर नपर्ने बताएका थिए तर उनीसँगै जोडिएका पार्टीभित्रका विवाद तत्कालका लागि स्थगित छन्। ओली अस्पतालबाट डिस्चार्ज नभएसम्म देशका कतिपय राजनीतिक ऐजन्डा पनि 'स्थिर' नै रहनेछन्। त्यसैले देश चलायमान हुनका लागि ओली निको भएर फर्किनुपर्ने र त्यसका लागि शुभेच्छा प्रकट गर्न आफू अस्पताल पुगेको नुवाकोटका उत्सव अधिकारीले बताए।

सर्वसाधारणजस्तै विभिन्न राजनीतिक दलका नेता, मन्त्री तथा सांसद पनि प्रधानमन्त्रीको स्वास्थ्यबारे बुझ्न अस्पताल पुगेका थिए। उनीहरूलाई शल्यक्रियामा संलग्न डा. प्रेम ज्ञवालीले प्रधानमन्त्रीको स्वास्थ्य अवस्थाबारे ब्रिफिङ गरेका थिए।

दिउँसो प्रतिनिधिसभाले पनि प्रधानमन्त्रीको स्वास्थ्यलाभको कामना गर्दै विशेष प्रस्ताव पारित गरेको थियो। प्रमुख प्रतिपक्षी दल कांग्रेसको भ्रातृसंगठन नेपाल विद्यार्थी संघले दीप प्रज्वलन गरेको थियो। साँझ नेकपाका वरिष्ठ नेता माधव नेपालसहित सचिवालयका नेता र मन्त्रीहरू स्वास्थ्य अवस्था बुझ्न अस्पताल पुगेका थिए।

सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रका निर्देशक डा. पुकारचन्द्र श्रेष्ठका अनुसर नेपालको जनसंख्याको १० प्रतिशत (करिब ३० लाख नागरिक) मिर्गौलाको समस्याबाट पीडित छन्। यिनै पीडितहरूको प्रतिनिधित्व गर्दै मिर्गौला रोगीहरूको एउटा समूह पनि अस्पताल पुगेको थियो। प्रधानमन्त्री ओलीलाई सन्चो भयो भने आफूहरूको पनि मर्का बुझिदिन्छन् भन्ने अपेक्षा उनीहरूको थियो। प्रधानमन्त्रीको स्वास्थ्यलाभको कामना गर्न पुगेकी मिर्गौलापीडित सरोकार समितिकी सदस्य तुल्सीदेवी सुवेदीले भनिन्, 'प्रधानमन्त्रीज्यूलाई सन्चो भयो भने हामीलाई मिर्गौला उपचारमा सहुलियत व्यवस्था गर्नुहुन्छ भन्ने आस छ।'

प्रधानमन्त्री केपी शर्मा ओलीको स्वास्थ्यलाभको कामना गर्दै बुधबार त्रिवि शिक्षण अस्पताल परिसरमा विद्यार्थी। *तस्बिर : कबिन अधिकारी/कान्तिपुर*

प्रत्यारोपित मिर्गौलाले...

उनले भने, 'प्रधानमन्त्रीज्यूका लागि २४ घण्टा अर्थात् पहिलो दिन सबैभन्दा बढी महत्त्वपूर्ण हो, यसपछि एक साता महत्त्वपूर्ण हो।' हाल २४ घण्टामा ओलीको शरीरमा कति पिसाब बन्छ, त्यसअनुसार नै थप उपचार प्रक्रिया अगाडि बढ्ने उनले बताए।

'हामीले सघन उपचार कक्षमा प्रधानमन्त्रीज्यूको शरीरको प्रत्येक सूचकांकलाई नजिकबाट नियमित अवलोकन गरिरहेका छौं,' टोलीमा संलग्न अर्का चिकित्सकले भने, 'अवलोकनअन्तर्गत उहाँको शरीरले दिएको प्रतिक्रियाअनुसार उपचार प्रक्रिया बढाइरहेका छौं।' हाल न्यूनतम एक सातासम्म दिनदिनै स्वास्थ्य अवस्थालाई सूक्ष्म रूपले हेरिने उनले बताए।

साढे चार घण्टा लागेको शल्यक्रियामा प्रा.डा. उत्तमकुमार शर्मा, प्रा.डा. प्रेम ज्ञवाली, डा. पवनराज चालिसे, डा. सुमन चापागाईं, डा. सुजित पौडेल सहभागी थिए। भारतका मिर्गौला प्रत्यारोपण शल्यचिकित्सक प्रा.डा. अनन्त कुमार पनि टोलीमा सामेल थिए।

प्रत्यारोपण चिकित्सा टोलीमा प्रा.डा. दिव्यासिंह शाह, डा. महेश सिग्देल, डा. मुकुन्द काफ्ले, डा. मिघन श्रेष्ठ, डा. रविन नेपाली र डा. सन्तोष क्षेत्रीका साथै एनेस्थेसिया तथा क्रिटिकल केयरतर्फ डा. अनिल श्रेष्ठ, प्रा.डा. सुवास आचार्य, डा. अमित शर्मा भट्टराई, डा. विगेनमान शाक्यको सहभागिता रहेको अस्पतालले जनाएको छ।

पछिल्लो पटक मिर्गौलाको समस्या आएयता करिब आठ महिनादेखि प्रधानमन्त्री ओली विभिन्न परीक्षणसँगै उपचार प्रक्रियामा थिए। करिब तीन महिनाअघि उनको प्रत्यारोपण गर्ने तयारी भइरहँदा एक्कासि एपेन्डिसाइटिसको संक्रमण देखिएपछि प्रक्रिया स्थगित गरिएको थियो। त्यसताका एपेन्डिसाइटिसको शल्यक्रिया गरिएको थियो।

एकै दिन तीन महिलाले गरे मिर्गौला दान

बुधबार तीन जना महिला दाताले दुई जना पुरुष र एक जना महिलालाई मिर्गौला दान गरेका छन्। त्रिवि शिक्षण अस्पतालमा प्रधानमन्त्री केपी शर्मा ओलीलाई उनकी भान्जीले मिर्गौला दान गरेकी हुन्। यसअघि पहिलो प्रत्यारोपणमा समेत उनलाई नाताले बुहारी पर्ने अन्जानले मिर्गौला दान गरेकी थिइन्। बुधबारै भक्तपुरस्थित सहिद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्रमा दुई जना महिलाले एक जना पुरुष र एक जना महिलालाई मिर्गौला दान गरेका छन्। केन्द्रमा गरिएको निःशुल्क प्रत्यारोपणमा आमाले २१ वर्षे छोरीलाई र श्रीमतीले ३५ वर्षीय श्रीमान्लाई मिर्गौला दान दिएर ज्यान जोगाएका हुन्। भक्तपुरमा गरिएको उक्त प्रत्यारोपण डा. पुकारचन्द्र श्रेष्ठको नेतृत्वमा भएको थियो।

'चार-पाँच दिनमै...

त्यसो गर्दा दाताको रिकभरी समय छोटो र सहज हुन्छ। हामीले यहाँ दाताबाट मिर्गौला झिक्दा ल्याप्रोस्कोपिक विधि नै प्रयोग गर्न थालेका छौं। यो विधिबाट दाताको शल्यक्रिया गरिएको उहाँ ३३/३४ औं हो। पहिला ठूलै घाउ बनाएर गर्थ्यौं।

दोस्रो प्रत्यारोपणपछि ध्यान दिनुपर्ने कुरा के के हुन्?

मिर्गौला प्रत्यारोपण पहिलो पटक भए पनि दोस्रो पटक भए पनि बिरामीले संक्रमणहरूबाट जोगिनुपर्छ। संक्रमण फोहर कुरा चलाएर मात्र हुँदैन, मान्छेको भीड र श्वासबाट पनि हुनसक्छ। उहाँले कुनै पनि प्रकारको संक्रमण निम्त्याउनुभएन।

मिर्गौला प्रत्यारोपण गर्दा दुई जनाको लगभग एकैसाथ शल्यक्रिया हुन्छ। तपाईंहरूको टिमको कुन सदस्यले कतातिरको शल्यक्रिया गर्नुभयो भन्न मिल्छ?

त्यो सबै टिमवर्क हो। दुइटा टिम बनाएर काम गरेका थियौं। मचाहिँ प्रधानमन्त्रीतिर थिएँ। अर्को टिम दातातिर थियो।

भारतबाट आउनुभएका विशेषज्ञ डा. अनन्त कुमारको यो प्रत्यारोपणमा के भूमिका थियो?

सरकार प्रमुखको प्रत्यारोपण भएकाले हामी सबैजना प्रेसरमा थियौं। मिडिया, जनता र आफ्नै सहकर्मीबाट पनि प्रेसर हुन्छ। सबैले शुभकामना, शुभकामना भन्दा झनै प्रेसर हुन्छ। त्यसैले हामीले उहाँ (डा. अनन्त कुमार) लाई आवश्यक परिहाल्यो भने सहयोग गर्नका लागि बोलाएका थियौं। उहाँले प्रधानमन्त्रीज्यूको पहिलो प्रत्यारोपण पनि गर्नुभएको थियो। त्यसैले उहाँ दाताबाट मिर्गौला झिक्ने र प्रत्यारोपण गर्ने दुवै कार्यमा सरिक हुनुहुन्थ्यो। भनाइको मतलब 'स्क्रब' (शल्यक्रिया गर्नका लागि तयारी अवस्था) मै हुनुहुन्थ्यो। मुख्य रूपमा भने सबै काम हाम्रो डिपार्टमेन्टकै साथीहरूले गर्नुभएको हो।

डा. अनन्त कुमारसँग अरू पनि चिकित्सक हुनुहुन्थ्यो?

उहाँसँग एकजना मिर्गौला रोग र एकजना संक्रमणरोग विशेषज्ञ पनि आउनुभएको छ। उहाँहरूले पनि प्रधानमन्त्रीको स्वास्थ्य अवस्थालाई नजिकबाट हेरिरहनुभएको छ। कुनै बेला उहाँहरूको सहयोग चाहियो भने परामर्श लिन्छौं। हामीलाई शल्यक्रिया गर्दा जति प्रेसर थियो, त्यति नै प्रेसर अब मिर्गौला रोग विशेषज्ञहरूलाई पनि छ।

शल्यक्रिया कति बजे सुरु भयो र कति घण्टा लाग्यो सबै काम सक्न?

हामीले उहाँलाई १० बजेतिर शल्यक्रिया कक्षभित्र लगेका थियौं। शल्यक्रिया साढे १० बजे सुरु गर्‍यौं। दुइटा शल्यक्रिया 'साइड बाई साइड' गरिएको थियो। सम्पूर्ण प्रक्रिया सक्न साढे चार घण्टा लाग्यो।

प्रत्यारोपणका लागि दाताको कुन मिर्गौला झिक्नुभयो?

हामीले बायाँतर्फको मिर्गौला झिकेका हौं।

बायाँ मिर्गौला नै किन?

दाताको प्रायः बायाँ मिर्गौला नै झिक्ने गरिन्छ। बायाँ मिर्गौलामा मुटुबाट अक्सिजनयुक्त रगत लैजाने मुख्य नसा (रेनल आर्टरी) तथा मिर्गौलाले छानेको रगतलाई फोक्सोमा लिएर जाने नसा (रेनल भेन) को लम्बाइ केही लामो हुने भएकाले प्रत्यारोपणमा सहज हुन्छ। सामान्य भाषामा भन्दा निकालेर जोड्न सहज हुन्छ। दाताको दायाँभन्दा बायाँ मिर्गौला प्रविधिक रूपमा राम्रो छ भने दायाँ मिर्गौला निकाल्छौं, बायाँ निकाल्दैनौं।

प्रधानमन्त्रीमा प्रत्यारोपित मिर्गौला कतातर्फ राखियो?

उहाँको पहिलो प्रत्यारोपणमा दायाँतर्फ मिर्गौला राखिएको थियो। त्यसैले हामीले अहिले बायाँतर्फ राखेका छौं।

प्रधानमन्त्रीले मुलुकमा नेपाली चिकित्सकहरूबाटै दोस्रो प्रत्यारोपण गराउँदा तपाईंहरूको हौसला त बढेको होला नि?

हो, अवश्य हामी सबैमा नयाँ उत्साह थपिएको छ। हामी यहाँ पहिलो प्रत्यारोपण हुँदा जति खुसी थियौं, अहिले पनि त्यति नै खुसी छौं।

राष्ट्रिय सभामा बुधबार नेकपाका नवनिर्वाचित सांसद नारायणकाजी श्रेष्ठलाई सांसदको लोगो लगाइदिँदै अध्यक्ष गणेशप्रसाद तिमिल्सिना । श्रेष्ठसहित १८ सदस्यलाई तिमल्सिनाले पद तथा गोपनीयताको शपथ गराएका थिए । *तस्बिर : दीपक केसी/कान्तिपुर*

खाली दरबन्दी समेटेर प्रहरीमा समायोजन

शान्तिसुरक्षा व्यवस्थापन तथा भर्ना प्रणालीमा समस्या पर्छ : लोकसेवा

मातृका दाहाल (काठमाडौं)

भर्ना नै नगरिएका करिब ११ हजार प्रहरी दरबन्दीलाई समेत समेटेर गृह मन्त्रालयले प्रहरी समायोजन प्रक्रिया अघि बढाएको छ । संघ र प्रदेश सरकार मातहत रहने प्रहरीको संगठन र दरबन्दी कायम गर्न गृहसचिव महेश्वर न्यौपानेको अध्यक्षतामा गत साता बसेको बैठकले कुल दरबन्दीको साढे १३ प्रतिशत रिक्त जनशक्ति समेटेर संगठन तथा व्यवस्थापन सर्वेक्षण (ओएनएम) निर्माण प्रक्रिया थालेको हो । गृहसचिव अध्यक्ष रहेको समितिले व्यवस्थापन महाशाखा प्रमुख रामप्रसाद आचार्यको संयोजकत्वमा उपसमिति गठन गरिसकेको छ ।

उपसमितिलाई ओएनएम निर्माण र समायोजन हुने प्रहरीको विवरण संकलन गर्ने जिम्मेवारी दिइएको छ । ओएनएमसम्बन्धी मस्यौदा निर्माणमा खटिएका एक अधिकारीले सातवटै प्रदेशमा ५५ हजार जनशक्ति समायोजनको तयारी गरिएको बताए । नेपाल प्रहरीमा कार्यालय सहयोगीदेखि प्रहरी महानिरीक्षकसम्म हाल कायम ७९ हजार ५ सय २३ दरबन्दीमध्ये ६८ हजार ७ सय ७६ मात्रै कार्यरत छन् । कुल दरबन्दीमा १० हजार ७ सय ४७ जनशक्ति अभाव छ ।

लोकसेवा आयोगका अध्यक्ष उमेशप्रसाद मैनालीले खाली दरबन्दी कायम गरेर समायोजन गर्दा शान्तिसुरक्षा व्यवस्थापन तथा भर्ना प्रणालीमा समस्या पर्ने बताउँछन् । 'खाली दरबन्दी कायम गरेर प्रदेशमा प्रहरी पठाउँदा त्यसको असर नागरिकले लिने सेवामा पर्छ, यसबारे सरकारले बेलैमा सोचविचार गर्न सकेको देखिएन,' मैनालीले भने, 'हामीले रिक्त दरबन्दी पूर्तिका लागि बाटो खोलिदिनदिनुस्, सहजीकरण गरिदिनुस् भनेर सरकारलाई धेरै अघि भनेका हौं तर सुनुवाइ भएन ।' समायोजनमा जानेलाई चित्त बुझाउन सकिएन भने राजीनामा दिने प्रहरीको चाप झनै बढ्ने र त्यसले अनुभवी जनशक्तिको अभाव खड्किने मैनालीको बुझाइ छ ।

खाली दरबन्दीसहित नेपाल प्रहरी र प्रदेश प्रहरीमा जनशक्ति समायोजन गर्दा उत्पन्न हुने समस्याबारे मंगलबार प्रहरी महानिरीक्षक (आईजीपी) ठाकुरप्रसाद ज्ञवालीले लोकसेवाका अध्यक्ष मैनालीसँग छलफल गरेका थिए । त्यस क्रममा मैनालीले रिक्त दरबन्दी तत्काल पूर्ति गर्न असम्भव भएको स्पष्ट पारेका थिए । प्रहरी प्रधान कार्यालयले रिक्त दरबन्दीलाई समायोजनपछि संघ सरकारबाटै पदपूर्ति गर्न मिल्ने व्यवस्था राख्न प्रस्ताव गरेको छ । यसमा गृहले सहमति जनाएको छैन । दरबन्दीअनुसार जनशक्तिको पदपूर्ति नहुँदा अधिकृतदेखि जवानसम्मले तोकिएको भन्दा बढी समय काम खटिनुपर्ने हुन्छ । त्यसको प्रत्यक्ष असर नागरिकको सेवा प्रवाहमा हुने प्रहरी प्रवक्ता डीआईजी शैलेश थापा क्षेत्री बताउँछन् । 'अहिले दरबन्दीअनुसार करिब ११ हजार जनशक्ति पूर्ति हुन सकेको छैन,' क्षेत्रीले भने, 'जुन भूमिका र जिम्मेवारी सिपाहीदेखि अधिकृत तहसम्मलाई दिइएको हुन्छ, जनशक्ति कम हुँदा त्यसको भार कार्यरत जनशक्तिमाथि पर्दा आशा गरेअनुसार प्रगति नहुन सक्छ ।' गृह मन्त्रालयका प्रवक्ता केदारनाथ शर्माले कुल दरबन्दीलाई आधार बनाएर प्रहरी समायोजन गर्न तयारी अघि बढिरहेको बताए । यद्यपि ओएनएम निर्माणका लागि उपसमिति गठन भएकाले प्रतिवेदन नआई केही भन्न नसकिने उनको भनाइ छ ।

संघीय संसद्बाट गत साता प्रमाणीकरण भएको 'प्रहरी कर्मचारीलाई नेपाल प्रहरी तथा प्रदेश प्रहरीमा समायोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक-२०७५' का कतिपय प्रावधानले शान्तिसुरक्षा, चेन अफ कमान्ड र समग्र सुरक्षा व्यवस्थापनमा नकारात्मक असर पुग्ने भन्दै यसप्रति संवेदनशील भइदिन आईजीपी ज्ञवालीले गृह मन्त्रालयलाई आग्रह गरेका थिए ।

'समायोजन ऐन आइसकेको छ, यसविपरीत बोल्ने हामीलाई छुट छैन,' ज्ञवालीले भने, 'तर समायोजनसम्बन्धी कानुनले प्रदेश सरकार मातहत प्रहरी नायब उपरीक्षकसम्म राख्ने भनेको छ, यसमा आइपर्ने समस्या समाधान नगरे एउटा प्रदेशमा रहने प्रहरी अधिकृत एसपी नभएसम्म त्यही प्रदेशअन्तर्गतका जिल्लामा मात्रै काम गर्नुपर्ने बाध्यताले नकारात्मक असर पुग्छ भन्ने हाम्रो चिन्ता हो ।'

प्रहरी प्रधान कार्यालयका एक अधिकारीले वृत्तिविकासमा वैज्ञानिक प्रणाली र जनशक्ति पदपूर्तिमा बेवास्ता गरिँदा सिपाहीदेखि उपल्लो तहका अधिकृतसम्ममा निराशा छाएको बताए । 'निश्चित समय पुगेपछि स्वाभाविक रूपमा बढुवा हुन्छ, त्यसअनुसार करिअर प्लान बन्छ भन्ने आशा मरिसकेको छ,' ती अधिकारीले भने । समायोजनसम्बन्धी पछिल्लो कानुनमा प्रहरी निरीक्षक र नायब उपरीक्षक एसपी नभई अन्तरप्रदेश सरुवा हुन नपाउने प्रावधानले 'पुलिसिङ र करिअर प्लान' झनै भद्रगोल हुने उनको दाबी छ ।



छोटकरी

पत्रकार डेकेन्द्र हत्याका आरोपित पक्राउ

दैलेख (कास)- पत्रकार डेकेन्द्रराज थापाको हत्यामा संलग्न भएको आरोप लागेका चार पूर्वमाओवादी कार्यकर्तामध्ये एक जनालाई प्रहरीले १५ वर्षपछि पक्राउ गरेको छ । मुख्य आरोपितमध्येका दुल्लु नगरपालिका-६, छिउडी-पुसाकोटका अरुण भनिने बमबहादुर खड्का पक्राउ परेका हुन् । जिल्ला अदालतका सूचना अधिकारी विनोद आचार्यका अनुसार न्यायाधीश दण्डपाणि लामिछानेको इजलासको आदेशअनुसार खड्कालाई पुर्पक्षका लागि थुनामा राखिएको छ । खड्कालाई मुल्तबीमा रहेको कर्तव्य ज्यान मुद्दा लगाई मंगलबार थुनामा राख्न अदालतले आदेश दिएको उनले बताए । जिल्ला प्रहरी प्रमुख डीएसपी हरिबहादुर ओलीका अनुसार खड्कालाई कैलालीबाट पक्राउ गरी दैलेख पुऱ्याइएको हो ।

पत्रकार थापालाई तत्कालीन नेकपा माओवादीका कार्यकर्ताले २०६१ साउन २७ गते दैलेखको नौमुलेस्थित द्वारीमा मरणासन्न हुने गरी कुटेका थिए । त्यसलगत्तै उनीहरूले थापालाई जिउँदै खाल्डामा गाडेर हत्या गरेका थिए ।

सिंजामा 'खस भाषा' मा पढाइ

काठमाडौं (कास)- जुम्लाको सिंजा गाउँपालिकाले यसै शैक्षिक सत्रदेखि 'खस भाषा र संस्कृति' विषय पठनपाठन सुरु गर्ने भएको छ । शैक्षिक सत्र २०७७ बाट गाउँपालिकाभित्र रहेका २२ विद्यालयमा पठनपाठन गराउन लागिएको गाउँपालिका अध्यक्ष देवलसिंह रावलले बताए । त्यसका लागि गाउँपालिकाले कक्षा १ देखि ३ सम्मको पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्धारण गरिसकेको छ । पाठ्यपुस्तकमा खस भाषाको परिचय, सिंजाको नक्सा तथा चिनारी, सम्पदा, परम्परा, मुख्य थान र मन्दिरहरू, कृषि औजार, पेसा व्यवसाय, लोकसंस्कृतिजस्ता विषय छन् । अन्तर्क्रियामा बोल्दै शताब्दी पुरुष सत्यमोहन जोशीले भाषा नरहे पहिचान हराउने भएकाले सिंजा सभ्यताको पुनः जागरण गरिनुपर्ने बताए ।

विशेष प्रस्ताव पारित

काठमाडौं (कास)- प्रतिनिधिसभाको बुधबारको बैठकले मिर्गौला प्रत्यारोपण गरी उपचारमा रहेका प्रधानमन्त्री केपी शर्मा ओलीको स्वास्थ्यलाभको कामना गर्दै विशेष प्रस्ताव पारित गरेको छ । सभामुख अग्निप्रसाद सापकोटाले ओलीको मिर्गौला प्रत्यारोपण कार्य सफलतापूर्वक सम्पन्न होस् भन्दै शीघ्र स्वाथ्यलाभको कामनासहित विशेष प्रस्ताव राखेका थिए । उनको प्रस्तावलाई बैठकले सर्वसम्मत रूपमा पारित गरेको थियो ।

विद्यालय तहमा नयाँ पाठ्यक्रम

नेपाली माध्यमलाई प्राथमिकता

सुदीप कैनी (काठमाडौं)

सरकारले आगामी शैक्षिक सत्रदेखि लागू हुने विद्यालय तहको पाठ्यक्रममा नेपाली भाषालाई पठनपाठनको माध्यम भाषा बनाउन जोड दिएको छ । पाठ्यक्रम विकास केन्द्रले कक्षा (१-१२) को पाठ्यक्रम कार्यान्वयनका लागि सरोकारवालालाई सार्वजनिक सूचना जारी गरेर अपिल गरेको हो ।

सरकारले गत भदौमा स्वीकृत गरेको पाठ्यक्रमको प्रारूपमा मातृभाषा, स्थानीय पाठ्यक्रम र नेपाली माध्यम भाषामा जोड दिइएको छ । कक्षा ११ र १२ मा नेपाली र अंग्रेजी दुवै माध्यम भाषा हुनेछन् । 'सामाजिक अध्ययन, मानव मूल्य/चारित्रिक शिक्षा, नेपाली कला, संस्कृति र मौलिक पहिचानमूलक विषयवस्तुको पठनपाठनका लागि माध्यम भाषा नेपाली हुनेछ,' पाठ्यक्रममा भनिएको छ ।

यसले निजी विद्यालय र अंग्रेजी माध्यममा पठनपाठन गराउँदै आएका सामुदायिक विद्यालयसमेत प्रभावित हुनेछन् । यसअघि कक्षा १ देखि नै शिक्षण भाषा नेपाली वा अंग्रेजी दुवै हुने व्यवस्था थियो । 'अंग्रेजी सिक्न/जान्नका लागि कक्षा १ देखि १२ सम्म नै अनिवार्य विषयका रूपमा राखिएको छ,' केन्द्रका महानिर्देशक लेखनाथ पौडेलले भने, 'अंग्रेजी माध्यमले विद्यार्थीले नबुझ्ने समस्या रहेको पाइयो, मातृभाषा वा समाजमा बोलीचालीमा रहेको भाषामा नै विद्यार्थीले राम्रोसँग सिक्न सक्छन् भन्ने निष्कर्षमा पुगेका हौं ।' कक्षा ४ देखि १० सम्म अंग्रेजी, गणित र विज्ञानबाहेकका विषयको माध्यम भाषा नेपाली बनाउन लागिएको हो । केन्द्रले अन्तर्राष्ट्रिय अभ्यास, विज्ञहरूको सुझाव र विभिन्न अध्ययनका आधारमा नेपाली भाषालाई शिक्षण भाषा बनाउन जोड दिएको दाबी गरेको छ ।

केन्द्रले ४३ वटा विषयका पाठ्यक्रम निर्माण भइसकेको जनाएको छ । अनिवार्य विषयका पाठ्यपुस्तक केन्द्र आफैंले बनाएको हो । ऐच्छिक विषयमा बहुपाठ्यक्रम लागू गर्न खोजिएको छ । केन्द्रले त्यसका लागि लेखक र प्रकाशकलाई पाठ्यपुस्तक विकास गरी मूल्यांकनका लागि पेस गर्न आग्रह गरेको छ । पाठ्यक्रम विकास तथा मूल्यांकन परिषद्ले स्वीकृति दिएपछि मात्र पुस्तक अध्यापन गराउन अनुमति पाइन्छ ।

आउँदो शैक्षिकसत्र (वैशाख) देखि कक्षा ९ र १० मा अध्यापन गराउन ऐच्छिक नेपाली विषयको पाठ्यक्रमसमेत स्वीकृत भइसकेको छ । योग, प्राकृतिक चिकित्सा र आयुर्वेद विषयको समेत पठनपाठन सुरु हुने भएको छ । ऐच्छिक सौन्दर्य कला, अवधि भाषा, भोजपुरी भाषाको नयाँ पाठ्यक्रम तयार गरिएको केन्द्रले जनाएको छ । केन्द्रले सूचना जारी गरेर नेपालीलाई आधारभूत तहमा पठनपाठनको माध्यम भाषा बनाउन ताकेता गरेको छ । 'आधारभूत तह कक्षा ४-८ मा भाषा विषयबाहेक अन्यमा पाठ्यसामग्री तथा सिकाइ सहजीकरण प्रक्रियाका लागि माध्यम भाषा मातृभाषा वा नेपाली भाषा हुनेछ,' पाठ्यक्रम कार्यान्वयन सम्बन्धी सूचनामा भनिएको छ, 'गणित र विज्ञान विषयका लागि भने अंग्रेजीलाई माध्यम भाषा बनाउन सकिने छ ।'

कक्षा १-३ मा नेपाली वा मातृभाषा र कक्षा ४-१२ मा गणित, विज्ञानबाहेकका विषय नेपाली माध्यममा पढाउनुपर्ने

केन्द्रका महानिर्देशक पौडेलले विज्ञको सुझाव र विभिन्न अध्ययनको निष्कर्षका आधारमा नेपाली भाषालाई जोड दिएर पाठ्यक्रम तयार पारिएको बताए । आधारभूत तह कक्षा (१-३) मातृभाषा र नेपाली भाषालाई मात्र माध्यम भाषा बनाउने नीति बनाएको उनले बताए ।

त्रिभुवन विश्वविद्यालय अंग्रेजी विभागका प्रध्यापक प्रेम फ्याकले मातृभाषामा शिक्षण गराउँदा प्रभावकारी हुने बताए । 'अहिले अंग्रेजी पढाउने नाममा क्षमता नभएका शिक्षकले पढाउँदा विद्यार्थीले अंग्रेजी नजान्ने र नेपालीमा पनि पोख्त नहुने समस्या जहाँतहीं छ,' उनले भने, 'नयाँ पाठ्यक्रमले अंग्रेजी माध्यमको विकृति रोक्न मद्दत गर्न सक्छ ।'

प्रदेश सांसद र पूर्वडीएसपीलाई बलात्कार आरोप, दुवै पक्राउ

काठमाडौं (कास)- बलात्कार आरोपमा प्रहरीले बुधबार सुदूरपश्चिम प्रदेश सभाका सदस्य अक्कलबहादुर रावल र पूर्वडीएसपी राजेन्द्र खिउजुलाई पक्राउ गरेको छ ।

बलात्कार प्रयास गरेको उजुरी परेपछि नेकपाका सचेतकसमेत रहेका सांसद अक्कलबहादुर रावललाई जिल्ला प्रहरी कार्यालय कैलालीले पक्रेको हो । प्रहरी कार्यालयमा बुधबार हाजिर भएपछि साँझ सेती प्रादेशिक अस्पतालमा उनको स्वास्थ्य परीक्षण गरिएको छ ।

धनगढीकी एक महिलाले आफूमाथि गत माघ २१ गते प्रदेश सांसद रावलले बलात्कार प्रयास गरेको दाबी गर्दै फागुन १४ मा उजुरी दिएको जिल्ला प्रहरी कार्यालयका डीएसपी दक्षकुमार बस्नेतले बताए । 'रावल आफैं उपस्थित भएका हुन्,' डीएसपी बस्नेतले भने, 'बिहीबार म्याद थप भएपछि थप अनुसन्धान प्रक्रिया अघि बढ्छ ।' रावल अछाम क्षेत्र २ 'ख' बाट तत्कालीन नेकपा माओवादी केन्द्रबाट निर्वाचित भएका हुन् ।

त्यसैगरी, ललितपुरको चापागाउँ प्रहरी वृत्तमा रहँदा एक महिलामाथि दुर्व्यवहार गरेको आरोपमा प्रहरीले पूर्वडीएसपी खिउजुलाई पक्राउ गरेको हो । मंसिर ३० गते पुलिस रिपोर्ट बनाउन गएका बेला पहिल्यैदेखि चिनजान रहेका खिउजुले कार्यकक्षमा बोलाएर आफूमाथि दुर्व्यवहार गरेको भन्दै रूपा शर्मा (नाम परिवर्तन) ले प्रहरीमा उजुरी दिएकी थिइन् । घटनाबारे काठमाडौं र ललितपुर परिसरका साथै प्रहरी प्रधान कार्यालयसम्म जानकारी गराउँदा पनि सुनुवाइ नभएपछि कानुन व्यवसायीको सहयोगमा रूपाले प्रहरी परिसर ललितपुरमा डीएसपी खिउजुविरुद्ध उजुरी दिएकी थिइन् । त्यसबेलासम्म घटना भएको महिना दिन बितिसकेको थियो । खिउजु सरुवा भएर जिल्ला प्रहरी कार्यालय मोरङ पुगिसकेका थिए । आफूमाथि उजुरी परेको सुईंको पाएपछि खिउजुले मोरङबाटै राजीनामा दिएका थिए ।

रूपासँग चिनजान भएका एक व्यक्तिमार्फत् खिउजुले घटना बाहिर नल्याइदिन र मिलापत्रमा विवाद साम्य पार्न दबाब दिएका थिए तर रूपाले प्रहरीमा किटानी जाहेरी दर्ता गरिन् । राजीनामा दिएर फरार रहेका खिउजुविरुद्ध जिल्ला अदालत ललितपुरले पक्राउ पुर्जी जारी गऱ्यो । त्यही पुर्जीका आधारमा प्रहरीले उनलाई भक्तपुरबाट समातेको हो ।

परिसर प्रवक्ता एसपी दुर्गा सिंहले खिउजुलाई एक विवाहिता महिलाले दिएको उजुरीका आधारमा पक्राउ गरिएको जनाइन् । 'प्रहरी रिपोर्ट बनाउन गएका बेला आफूमाथि कार्यकक्षमै यौन हिंसा गरेको भन्ने उजुरी दर्ता भएको थियो, त्यसकै आधारमा अदालतबाट पुर्जी लिएर खिउजुलाई पक्राउ गरिएको हो,' एसपी सिंहले भनिन्, 'पक्राउ परेका व्यक्तिलाई अदालतबाट म्याद थप गराएर घटनाको विस्तृत अनुसन्धान गर्छौं ।'

डीएसपी खिउजु भक्तपुर सूर्यविनायक नगरपालिका-१ का स्थानीय हुन् । पीडित रूपा ललितपुरकी । अनुसन्धानमा संलग्न प्रहरी स्रोतका अनुसार रूपाले आफूमाथि खिउजुले २०७६ जेठदेखि नै शारीरिक शोषण गरेको उजुरी दिएकी छन् । 'ममाथि जेठबाटै डीएसपी खिउजुले यौन शोषण गर्नुभयो, अन्तिम पटक कार्यालयमै चिया खाने बहानामा बोलाएर जबर्जस्ती गरियो,' रूपाले उजुरीमा भनेकी छन्, 'घटना बाहिर ल्याउँछु भन्दा बारम्बार मानसिक यातना दिने काम भयो ।'

छोटकरी

होली नखेल्न प्रशासनको आग्रह

काठमाडौं (कास)- जिल्ला प्रशासन कार्यालय काठमाडौंले होली नखेल्न सर्वसाधारणलाई आग्रह गरेको छ । विश्वभर महामारीका रूपमा फैलिएको कोरोना भाइरसबाट बच्न प्रशासनले यस्तो निर्णय गरेको हो । साथै, भीडभाडमा नजान, भेला, सभा, सम्मेलन नगर्न पनि आग्रह गरिएको छ । प्रमुख जिल्ला अधिकारी जनकराज दाहालको अध्यक्षतामा बुधबार बसेको जिल्ला सुरक्षा समिति बैठकले कोरोना भाइरस रोकथाम र जोखिमबाट बच्न विभिन्न उपाय अपनाउने तथा सम्बन्धित निकायले आवश्यक जिम्मेवारी निर्वाह गर्ने निर्णय गरेको छ । अर्को निर्णय नभएसम्म विभिन्न प्रकारका उत्सव, मेला, होलीलगायतका पर्वमा भेला नहुन, त्यस्ता सम्मेलन तथा कार्यक्रममा सहभागी नहुन सबैलाई अनुरोध गर्ने निर्णय भएको सहायक प्रजिअ जीवन आचार्यले बताए ।

थानकोट-चित्लाङ सडक खुल्यो

मकवानपुर (कास)- सडक निर्माणका क्रममा दसैंयता बन्द रहेको थानकोट-चित्लाङ सडक खण्ड सञ्चालनमा आएको छ । एक साताअघिदेखि बिहान-बेलुका सवारी आवागमनका लागि बाटो खुलाइए पनि मंगलबारबाट चौबीसै घण्टा सञ्चालनमा आएको स्थानीय व्यवसायी देवेन्द्र नेपालले जानकारी दिए । २०७६ मंसिरसम्म काम सम्पन्न गर्ने प्रतिबद्धता जनाएको ठेकेदारले काम नसकाउँदा चित्लाङ र आसपासका बासिन्दाले सास्ती खेप्दै आएका थिए ।

प्रितीभोजको खर्च अक्षयकोषलाई

हेटौंडा (कास)- हेटौंडा उपमहानगरपालिका-६ चौघडाका बद्रीबहादुर पाठकले छोराको बिहे भोजको खर्च रकम शैक्षिक अक्षयकोषलाई प्रदान गरेका छन् । छोरा रविनको प्रितीभोजमा हुने खर्चबापतको एक लाख ५५ हजार ५ सय ५५ रुपैयाँ उनले मंगलबार कोषलाई हस्तान्तरण गरे । रविनको सोमबार चौघडाकै रुपा चौलागाईसँग विवाह भएको थियो । छोरा-बुहारीकै सल्लाहमा रकम कोषमा हस्तान्तरण गरेको पाठकले बताए । वाग्मती प्रदेशका मुख्यमन्त्री डोरमणि पौडेलले एक कार्यक्रमका बीच कोषका अध्यक्षसमेत रहेका जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख रघुनाथ खुलाललाई उक्त रकम हस्तान्तरण गरेका थिए । गरिब, जेहेन्दार तथा मेहनती विद्यार्थीलाई सहयोग पुऱ्याउन स्थापना गरिएको कोषमा करिब १० लाख रुपैयाँ जम्मा भइसकेको छ ।

महिला सहकारीलाई २ लाख

हेटौंडा (कास)- वाग्मती प्रदेशको सामाजिक विकास मन्त्रालयले महिलाद्वारा सञ्चालित १३ वटा सहकारीलाई पुरस्कृत गर्ने भएको छ । नारी दिवसको अवसरमा पारी मन्त्रालयले १३ जिल्लाका एक/एक वटा उत्कृष्ट सहकारीलाई पुरस्कृत गर्न लागेको हो । विपन्न र सीमान्तकृत समुदायको बाहुल्य रहेको, सम्बन्धित वडालाई पूर्ण रूपमा समेटेको, स्रोत परिचालन, असुली र निक्षेप राम्रो भएका सहकारीलाई दुई लाख रुपैयाँ उपलब्ध गराउने मन्त्रालयका सचिव गोकर्णमणि दुवाडी बताए । वाग्मती प्रदेशमा ३ सय ८१ वटा सहकारी महिलाले सञ्चालन गरेका छन् ।

ट्राफिक स्वयंसेवकलाई प्रमाणपत्र

काठमाडौं (कास)- ट्राफिक प्रहरीले स्वयंसेवकको रूपमा खटिएका तीन सय विद्यार्थीलाई सम्मान गरेको छ । काठमाडौं स्कुल अफ ल र चक्रवर्ती कलेजको कानुन संकायबाट खटिएका ट्राफिक स्वयंसेवकलाई सम्मान गरिएको हो । उपत्यकाको ट्राफिक व्यवस्थापनलाई चुस्त बनाउन मंसिर ८ देखि १३ गतेसम्म उपत्यकाका २५ स्थानमा तीन सय विद्यार्थी ट्राफिक स्वयंसेवकका रूपमा खटिएका थिए । कार्यक्रममा ट्राफिक प्रहरी महाशाखाका प्रमुख एसएसपी भीमप्रसाद ढकाल र काठमाडौं स्कुल अफ लका निर्देशक युवराज संग्रौलाले ट्राफिक विद्यार्थीलाई प्रमाणप्रत्र प्रदान गरेका थिए ।

‘बाँच्नलाई रगत पनि पाइँदैन’

सिकलसेल जस्तै थारु समुदायका बालबालिकामा बढी देखिएको थालासेमियाको उपचार सुलभ छैन

रमेशकुमार पौडेल (चितवन)

भरतपुर अस्पतालमा भएको भेलामा थालासेमिया भएका एक बालक कुरा सुन्दै । *तस्बिर : रमेशकुमार/कान्तिपुर*

रगतसँग सम्बन्धित रोग थालासेमियाका बिरामीलाई बचाउन बेलाबेलामा रगत दिइरहनुपर्छ । जीवन जोगाउन दिइने त्यही रगतले बिरामीलाई समस्या हुने गरेको छ । रगत दिएपछि आउने जटिलता निराकरण गर्न उपकरण र औषधि उपलब्ध भए पनि चितवनका बिरामी यो सुविधाबाट वञ्चित छन् ।

भरतपुर अस्पतालमा आइतबार दिउँसो ५०/६० जना भेला भएका थिए । उनीहरूमध्ये थालासेमियाबाट पीडित पहिचान गर्न गाह्रो थिएन । ‘हामी थालासेमिक फेस भन्छौं । हेर्दैमा चिन्न सकिन्छ । टाउको, हड्डी फुलेको छ । हड्डी विकसित भएर गाला फुलेर आउँछ । बाटोमा हिँड्दै थालासेमिया बिरामी बच्चा भनेर थाहा भइहाल्छ,’ भरतपुर अस्पतालका बालरोग विज्ञ डा. युवानिधि बसौलाले भने ।

यस्तो चिह्न थालासेमियाको लक्षणभन्दा पनि उपचारपछि उत्पन्न भएको प्रभाव हो । २१ वर्षीय असिम बस्नेत थालासेमियाबाट पीडित छन् । उनले रगत लिन थालेको १८ वर्ष भयो । तर उनी थालासेमिया भएका अरूभन्दा अलिक फरक छन् । शरीरकै अवस्थाले उनी यसबाट ग्रसित छन् भनेर थाहा पाउन सकिँदैन । उनको अनुहारको हड्डी सामान्य देखिन्छ । ‘जब रगत लिँदै गइन्छ त्यसपछि शरीरमा आइरन (फलाम तत्त्व) जम्मा हुन थालेर समस्या आउने हो । आइरन बढ्दै गएपछि शरीरको स्वरूप बिग्रने हो । थालासेमियाका बिरामीको अनुहारको अवस्था एउटै जस्तो किन हुन्छ भन्दा आइरनको तह जम्मा भएर नै हो,’ असिमले आफूले भोगेको कुरा सुनाए । यस्तो नहोस् भन्नका लागि उनी रगत लिन काठमाडौं जाने गर्छन् । रगत लिन उनी महिनाको दुई पटक काठमाडौं धाउँछन् । ‘काठमाडौंमा फिल्टर गरेको ब्लड लिन पाइन्छ । त्यस्तो ब्लडमा आइरनको मात्रा कम हुन्छ । त्यसैले म काठमाडौं धाउँछु,’ असिमले भने, ‘भरतपुरमा यस्तो सुविधा छैन । बाँच्नलाई रगत पनि पाइँदैन ।’

भरतपुर अस्पतालको सम्पर्कमा आएका थालासेमियाका बिरामीको संख्या ८१ छ । उनीहरू अस्पताल आएर महिनामा दुईपटक रगत लिने गर्छन् । फिल्टरको सुविधा नभएका कारण रगत लिएपछि उनीहरूमा शारीरिक जटिलता देखापरेको छ ।

उपकरण ल्याउन माग

थालासेमिया भएकालाई दिइने रगत शुद्ध गर्न आवश्यक पर्ने उपकरण छिट्टो ल्याउनुपर्ने माग बिरामीका आफन्तको छ । थालासेमियाका बिरामीका लागि चाहिने रगत किन्न बेल्जियममा रहेका चितवनवासीको संस्था चितवन सहायता कोष (क्याट) बेल्जियमले २०६७ देखि बजेट दिँदै आएको छ । क्याटले भरतपुरमा बेलाबेलामा थालासेमियाका बिरामी र उनीहरूका अभिभावकको भेला राख्छ ।

आइतबार पनि भरतपुर अस्पतालमा त्यस्तै भेला भएको थियो । सुनीता घिमिरे थालासेमिया भएको दुई वर्षको सन्तान बोकेर भेलामा आइन् । ‘यी बालबच्चालाई १८ वर्षभन्दा बढी बचाउन सकिँदैन भनेर बस्ने कि, उपकरण र औषधि व्यवस्था गरेर उनीहरूको जीवन लम्ब्याउने काम गर्ने ?’ भावुक हुँदै उनले प्रश्न गरिन् । मेसिन किन्न सरकार अग्रसर होस् भन्ने माग उनले पटकपटक गरेकी छन् ।

भरतपुर अस्पतालका बालरोग विज्ञ डा. युवानिधि बसौलाका अनुसार अस्पतालको सम्पर्कमा रहेका ८१ जना बिरामीमध्ये आदिवासी थारू समुदायका बालबच्चा अत्यधिक छन् । सबैभन्दा धेरै ४८ जना थारू बालबालिका रहेको उनले जानकारी दिए । नवलपरासीभन्दा पश्चिम गएपछि थारू समुदायमा देखिने रोग सिकलसेलसँग थालासेमिया पनि मिल्दोजुल्दो छ । ‘सिकलसेललाई सरकारले हेरेको छ । त्यही समुदायभित्र सिकलसेल जस्तै थालासेमिया भएकाहरूलाई ध्यान दिएको छैन,’ उनले भने, ‘बिरामीको संख्या बढ्दै गएको छ, त्यसैले हेर्नुपर्छ ।’ रामकुमारी महतो रगत दिन सन्तानलाई भरतपुर अस्पताल ल्याइरहन्छिन् । ‘ब्लड लिन आउँदा अस्पतालमा भनेको समयमा बेड त पाइँदैन, अरू ठूला सुविधाको आशा के राख्नु,’ उनले निराशा पोखिन् । थालासेमिया वंशाणुगत समस्या हो । ‘बुबाआमालाई यो समस्या छ भने बच्चामा हुने सम्भावना ५० र बुबाआमामध्ये एक जनालाई छ भने बच्चामा हुने सम्भावना २५ प्रतिशत रहन्छ,’ डा. बसौलाले भने । त्यसैले थालासेमिया भएकाहरूले विवाह नगर्ने कि भन्ने बहस पनि छ । गर्भ रहेको १६ साताभित्र भ्रूणको परीक्षण गर्दा यो समस्या भए, नभएको पत्ता लाग्ने अवस्था पनि छ ।

देशभर थालासेमियाका १० हजार जना बिरामी भएको अनुमान छ तर पाँच सय जना मात्रै अस्पतालको सम्पर्कमा छन् । ‘पहिचान भएकाहरूले पनि राम्रो उपचार पाउन सकेका छैनन् । उनीहरूका अभिभावकले सहानुभूतिसम्म पाइन भन्नुभएको छ । अवस्था साह्रै नै दुःखद छ,’ डा.बसौलाले भने ।

के हो थालासेमिया ?

बालरोग विशेषज्ञ डा. युवानिधि बसौलाका अनुसार थालासेमिया वंशाणुगत समस्या हो । बाबु-आमालाई भए बच्चालाई पनि हुने सम्भावना बढी हुन्छ । ‘शरीरमा रातो रगत अर्थात् हेमोग्लोबिन नबन्ने समस्या थालासेमिया हो । पश्चिम नेपालतिर देखिएको सिकलसेल जस्तै समस्या हो,’ उनले भने । थालासेमियाको समस्या धेरैजसो थारू समुदायका बच्चाहरूमा छ ।

सिकलसेल पनि थारू समुदायमा धेरै छ । थालासेमिया भएका बच्चामा रक्त अल्पताको समस्या हुन्छ । कलेजो र फियो बढ्छ । ‘६ देखि १२ महिना कटेपछि बच्चाहरूमा यो समस्या देखा पर्छ । यो समस्याको उपचार भनेको हाम्रो देशमा अहिलेका लागि रातो रगत चढाउनु मात्रै हो । त्यसैले बिरामी बच्चाहरू ल्याएर अभिभावक अस्पताल आउने गर्छन्,’ डा. बसौलाले भने ।

रगत दिँदा जीवन लम्बिन्छ तर रगत दिँदै जाँदा आइरनको मात्रा फियो, कलेजो, मुटु र फोक्सोमा थुप्रिने गर्छ । आइरन धेरै भएर नै ज्यानै जान सक्ने सम्भावना पनि प्रबल हुन्छ । ‘त्यसैले प्रायः त्यस्तो समस्या भएका बालबालिका १४ वर्षको उमेर कटेपछि मृत्यु भएका घटना छन्,’ उनले भने । रगतमा बढी भएको आइरन तत्त्व निर्मूल गर्ने औषधि पनि छ तर त्यो महँगो र मुलुकमा सर्वसुलभ छैन । यसबाहेक बोनम्यारो प्रत्यारोपण अचुक विधि भएको डा. बसौलाले बताए । यसका लागि १० लाखभन्दा धेरै खर्च हुन्छ । नेपालमा सुरु भएको पनि छैन । ‘असिम भाइले भनेको जस्तो रगत लिनका लागि एउटा मेसिन चाहिन्छ,’ उनले भने, ‘त्यो मेसिनले फिल्टर गरेको रगत लिए बिरामीमा साइड इफेक्ट देखिँदैन । मेसिन किन्न लगभग डेढ/दुई करोड रुपैयाँ लाग्छ ।’ राम्रोसँग उपचार पाए थालासेमियाबाट तंग्रिएकाहरू ६० वर्षसम्म बाँच्ने उनले बताए ।

चितवनमा रोकिए महोत्सव

चितवन (कास)- कोरोना भाइरसको संक्रमणलाई ध्यान दिई चितवन जिल्ला प्रशासन कार्यालयले कुनै पनि सार्वजनिक कार्यक्रम नगर्न र सामूहिक रूपमा भेला हुन रोक लगाएपछि मेला-महोत्सव स्थगित भएका छन् । ‘विश्वको साझा चुनौतीका रूपमा देखा परेको कोरोना भाइरसको संक्रमणबाट सुरक्षित रहन स-साना पारिवारिक जमघटबाहेक अन्य कुनै पनि जात्रा, पर्व, मेला, महोत्सव वा यस्तै कुनै पनि कार्यक्रम सञ्चालन नगर्न अनुरोध छ,’ सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले जारी गरेको सूचनामा उल्लेख छ ।

केही दिनमा चितवनको लोथरमा परेवाकोट महोत्सव सुरु हुँदै थियो । त्यसैगरी भरतपुरमा सांस्कृतिक महोत्सव र मेघौलीमा पर्यटन महोत्सव सञ्चालन भइरहेको थियो । यी मेला महोत्सव पनि स्थगित गर्न प्रशासनले चेतावनी दिएको छ । सूचनाविपरीत यस्ता कार्यक्रम सञ्चालन गरे नियमअनुसार कारबाही गर्ने प्रशासनले जानकारी गराएको छ । प्रशासन कार्यालयले ठूलो संख्यामा फागु खेल्न पनि बन्देज लगाएको छ ।

कार्यालयले आउनै लागेको होली पर्वलाई कोरोना भाइरस (कोभिड-१९) विरुद्धको सचेतनाका रूपमा मनाउन सर्वसाधारणलाई अपिल गरेको छ । प्रशासनको सूचनापछि जिल्लामा हुँदै गरेका र हुन लागेका मेला-महोत्सव स्थगित भएका छन् ।

‘यो रोगबाट बच्न सचेतनामूलक सन्देशसहित फोन र सामाजिक सञ्जालबाट शुभकामना आदनप्रदान गर्न’ भन्दै चितवन जिल्ला प्रशासनले होलीका सन्दर्भमा मंगलबार साँझ सूचना जारी गरेको हो ।

यसैबीच, भरतपुर अस्पतालले बुधबार चिकित्सक तथा स्वास्थ्य प्राविधिकबीच कोरोनाविरुद्ध सचेतना कार्यक्रम गरेको छ । अस्पतालले महिना दिनअघि नै कोरोनाजोखिम विरुद्ध तयारी गरेको थियो । ‘कोभिड-१९ को संक्रमण रोक्न विभिन्न खाले तयारी भएका छन् । तर सधैं अब के हुन्छ भन्ने अवस्था छ, यो संक्रमण कहिले रोकिन्छ भन्ने ठोकुवा पनि गर्न सकिँदैन,’ भरतपुर अस्पतालका चिकित्सक कल्याण सापकोटाले भने । अस्पतालमा एक महिनाअघि पाँच शय्याको ‘आइसोलेसन वार्ड’ स्थापना भएको थियो । यसबीच शंकास्पद दुई जनाको परीक्षण भए पनि उनीहरूमा संक्रमण नदेखिएको उनले बताए ।

१४ शीर्षकमा जनप्रतिनिधिलाई सुविधा

सुवास विडारी (मकवानपुर)

सर्वोच्च अदालतले पारिश्रमिकको व्यवस्था खारेज गरेपछि वाग्मती प्रदेश सरकारले ऐन संशोधन विधेयक दर्ता गरेको छ

वाग्मती प्रदेश सरकारले स्थानीय तहका पदाधिकारीको सेवासुविधा यसअघि कायम भएको अंकबाट पनि बढ्ने गरी संशोधन विधेयक प्रस्ताव गरेको छ । यसअघि गाउँपालिका अध्यक्षले मासिक तलब ३० हजार रुपैयाँ पाउने गरी कानुन बनेको थियो । संशोधित विधेयकमा विभिन्न १४ शीर्षकमा सुविधा राखेर ३५ हजार पुऱ्याइने प्रस्ताव गरिएको छ । दैनिक भ्रमण भत्ता १८ सय र विदेश भ्रमण भत्ता ८० डलर प्रस्ताव गरिएको छ । यसअघि व्यवस्था नभएको सवारी सुविधा थप हुने संशोधित विधेयकमा उल्लेख छ । गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, नगर, उपमहानगर र महानगरका मेयर, उपमेयर र जिल्ला समन्वय समितिका प्रमुख र उपप्रमुखलाई सवारी सुविधाको प्रस्ताव गरिएको छ ।

सर्वोच्च अदालतले कात्तिक १ देखि पारिश्रमिक दिने व्यवस्था खारेज गरेपछि प्रदेशले ऐन संशोधन विधेयक प्रदेशसभामा दर्ता गरेको हो । यसअघि नगरपालिकाका मेयरले ३५ हजार रुपैयाँ मासिक पारिश्रमिक पाउने व्यवस्था भएकोमा संशोधित विधेयकमा ४० हजार रुपैयाँ प्रस्ताव गरिएको छ । उपमहानगरपालिकाका मेयरले ४० हजार पारिश्रमिक पाउने व्यवस्थामा संशोधन गर्दै ४३ हजार, महानगरपालिकाका मेयरले ४२ हजार रुपैयाँ पारिश्रमिक पाउने व्यवस्थामा संशोधन गर्दै ४५ हजार रुपैयाँ र जिल्ला समन्वय समितिका प्रमुखले ४२ हजार रुपैयाँ पाउने व्यवस्था संशोधन गर्दै ४५ हजार रुपैयाँ बराबरको सुविधा दिने प्रस्ताव गरिएको छ ।

भ्रमण भत्ता, डिजेल, पेट्रोल, मोबिल र बिमा सुविधाको पनि अलग्गै व्यवस्था प्रस्ताव गरिएको छ । जिल्ला समन्वय समितिका प्रमुखलाई आवासको समेत व्यवस्था गरिने प्रस्ताव संशोधित विधेयकमा उल्लेख छ । विधेयकमा बैठक भत्ता, टेलिफोन खर्च, खाजा खर्च, पुस्तक, पत्रपत्रिका, इन्टरनेट, समन्वय तथा अनुगमन भत्ता, खानेपानी, बिजुली शुल्क, सरसफाइ मर्मत र अतिथि सत्कारका लागि अलगअलग सुविधा प्रस्ताव गरिएको छ । प्रमुख, उपप्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्यलाई समेत सुविधा दिइने उल्लेख छ । यसअघि वडा सदस्यलाई यस्तो सुविधा थिएन । गाउँसभा, नगरसभा, उपमहानगरसभा र महानगरसभाका अध्यक्ष, उपाध्यक्ष र सदस्यका लागि बैठक भत्ता अलग्गै प्रस्ताव गरिएको छ ।

यसअघि न्यायिक समितिलाई इजलास भत्ता ५ सय रुपैयाँ दिइँदै आएकोमा संशोधित विधेयकले गाउँपालिकाको न्यायिक समिति अध्यक्षलाई १२ सय र सदस्यलाई एक हजार, नगरपालिकाका अध्यक्षलाई १४ सय र सदस्यलाई १२ सय, उपमहानगरपालिकाका अध्यक्षलाई १६ सय र सदस्यलाई १४ सय र महानगरपालिकाको न्यायिक समिति अध्यक्षलाई २ हजार र सदस्यलाई १६ सय रुपैयाँ भत्ता प्रस्ताव गरिएको थियो । समितिको बैठक प्रतिमहिना बढीमा चार वटा बस्न पाइने व्यवस्था अघिल्लो कानुनमा थियो भने अहिले यस्तो सीमा निर्धारण गरिएको छैन ।

अधिवक्ता लोकेन्द्रबहादुर वलीले यसअघि प्रदेशले संविधानविपरीत कानुन बनाएको भन्दै बदरको माग राखेर सर्वोच्चमा रिट दायर गरेका थिए । सर्वोच्चले उक्त प्रावधान कार्यान्वयन नगर्न आदेश दिएको थियो । यो विधेयक पारित भएमा स्थानीय तहका जनप्रतिनिधिले रोकिँदै आएको सुविधा पाउनेछन् ।



तपाईंको आज

मेष	शत्रु परास्त	तुला	भाग्य वृद्धि
वृष	आर्थिक लाभ	वृश्चिक	वैमनस्यता
मिथुन	प्रतिष्ठा प्राप्त	धनु	नयाँ कार्य आरम्भ
कर्कट	खर्च वृद्धि	मकर	रोग भय
सिंह	काम बन्ने	कुम्भ	अध्ययनमा सफल
कन्या	कर्म प्राप्ति	मीन	पारिवारिक चिन्ता

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल फाल्गुन २३ गते शुक्रबार तदनुरुप ६ मार्च २०२० फाल्गुन शुक्लपक्ष एकादशी तिथि प्रातः ६:१८ बजेसम्म उप्रान्त द्वादशी तिथि, पूनर्वसु नक्षत्र प्रातः ६:३९ बजेसम्म उप्रान्त तिष्य नक्षत्र, शोभन योग रात्रिको ९:३८ बजेसम्म उप्रान्त अतिगण्ड योग, भद्रा करण प्रातः ७:१८ बजेसम्म उप्रान्त बव करण, कर्कट राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	भजन
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	इदस माइ सो (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	फिल्म ठनिक (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	रजतपट (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	सरोकार (रिपिट)
१:३०	हियर्ज टु लाइफ (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	बलियो घर (रिपिट)
३:००	इदस माई सो (रिपिट)
४:००	कान्तिपुर समाचार
४:३०	रजतपट (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	सुमनस□ज (रिपिट)
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	हवाट द फ्लप
१०:००	सुमनस□ज (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपोटेड
१:००	कान्तिपुर न्युज रिपोटेड
१:३०	सुमनस□ज (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपिट ९)
२:३०	हिअर्ज टु लाईफ (रिपिट)
३:००	कल कान्तिपुर रिपोटेड
४:००	हवाट द फ्लप (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	भक्ति अनुष्ठान (अच्युत सुवेदी)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	शिक्षा संवाद (कमला)
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडमर्निङ शो (स्मीता)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	रेडियो टक (किरण)
१०:००	स्पोर्ट्स् डायरी
१०:०५	द लाइफ स्टाइल सो (साप्ताहिका)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	द लाइफ स्टाइल सो (साप्ताहिका)
१२:००	कान्तिपुर डायरी
१२:१०	हिट लिस्ट (शुभराज)
१३:००	डिस्ट्रिक डायरी
१३:०५	के छ नेपाल (निशान्त)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (निशान्त)
१५:००	कान्तिपुर डायरी
१५:१५	तमु चौतारी (सहज कु. घले)
१६:००	हेल्थ एन्ड एजुकेसन डायरी
१६:०५	बी-स्कोप
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	को भन्दा को कम (सञ्जोक बस्याल)
१८:००	मुक्तिको सन्देश
१८:३०	कान्तिपुर डायरी
१९:००	यो माया भन्ने चीज यस्तै हो (प्रियंका)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	हिप हप हसल (स्मीता)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेणी
२२:००	शब्द श्लाघा (भूपेन्द्र)
२३:००	सुनौलो यादहरू (दीपाञ्जली)
२४:००	हिट लिस्ट (रेमन)
०१:००	सफर (राजेश)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०४:००	भजनहरू लगातार

अस्पताल र विविध

रक्तसञ्चार केन्द्र	४२२५३४४
वीर अस्पताल	४२०१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
कान्ति बाल अस्पताल	४४१५४५०
प्रसूति गृह	४२५३०७६
ट्रेक्स अस्पताल	४२५३३९६
पाटन अस्पताल	५५२२७८८
शहीद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र	४३७१३२०/४३७१३७४
मानसिक अस्पताल	५५२१३३३
नेपाल आँखा बैंक	४४२३६८४
नेपाल आँखा अस्पताल	४२५०६१९
तिलगंगा आँखा अस्पताल	४४२३६८४
नेपाल अर्थोपेडिक अस्पताल	४१९१७२५
मरक्युर अस्पताल	६६५०६७६
नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल	४१९१००८
काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल	४४०६५५०
काठमाडौं मोडेल अस्पताल	४२४०८७५/६
नेपाल मेडिसिटी अस्पताल	९७३४/४२१७०६६/४२७६०५५
बी एण्ड बी अस्पताल	५५३३०८६
मेडीकेयर नेसनल अस्पताल	४४६०७६०
मेडीकेयर नेसनल अस्पताल (धनकुटा)	४४६०८६०
कान्तिपुर हरिपटल	४१९१९५७/८५८
७ हरिपटल एण्ड रिसर्च सेन्टर	४५०६२०५
नार्भिक, थापाथली	४२५८५५४
वयोधा अस्पताल (प्रा.) लि.	४२८६४७८/४२८१६६६
लाइफ केयर अस्पताल	४२२७०३५
मितेरी अस्पताल	६६३१०३६/६६३७०१६
क्यान्सिएल हरिपटल (प्रा.) लि.	४२४६०२२
मरक्युर रेडक्रस	६६१२२६६
नेसनल किड्नी सेन्टर	४३६३६५२/४३६०८८९
नेपाल मेडिसिटी	४२७५०५५/४२७६०६६
मानसिक अस्पताल	४४८०१७०
हृयात्स अस्पताल	४३७०४०८/४३७०६०८
ईशान बाल नर्सिङ होम तथा प्रसूति गृह	४३५४३७०/४३८९०६२
गोर्खा अस्पताल र रिसर्च इन्टिच्युट	४२५८५२०/४२५८५५१
मनमोहन मेमोरियल अस्पताल	४४१९६०५/४४२०८०३
मरोसा अस्पताल प्रा.लि.	४४७०२६८/४४८९८९१
सामुदायिक मानसिक स्वा. से. केन्द्र	०१ ६९२०१४४
जनमैत्री हरिपटल	४३६३३०९-०५
मध्यपुर अस्पताल	०१-५०२३३८८/५०२३३०५/५०२३३७२
विनायक अस्पताल तथा प्रसूति गृह	४३८३५२०/४३८०८८८
केन्द्रीय पशु चिकित्सालय	४२६१३८२/४२२९०६४/४२६८१९३
हेलिथ हेल्थ्स सामुदायिक अस्पताल	४४७३५९८/४४७०६५५
शहीद मेमोरियल अस्पताल	४४०२०३४/०५६२०८६०२
स्पार्क हेल्थ सोल अस्पताल	४२७३२०४/४२७०२२३
ओम समाज अस्पताल	४३९३५२२
स्टार अस्पताल	५५५०१९७/५५५०१९८/५५५२२२७
अल्का अस्पताल	५५५५५५५
नाजरिक सामुदायिक अस्पताल	६६३७०००/५६३९९८४
हिमाल अस्पताल/धनकुटा	४४१५०७६/४४१९६०२
एपाइल इन्जरी पुनस्थापना केन्द्र	०७१-६६०८४०/६६०८४८
काठमाडौं अस्पताल	४२२२२२२
अन्तराष्ट्रिय मेत्री बाल अस्पताल	४४१९९३४/४४१५४६१
बी.पी. ज्याति अस्पताल	४३८७०४/४३८०२०६
सुनेरु अस्पताल	५२७५३७०/५२७५०८८/९९
वेलकेयर हरिपटल	४४७६९३४/४४२६९८४
धनेरोष्ट हरिपटल	४७८९२७४/४७८३०२४
काठमाडौं नाक कान घाँटी अस्पताल	४२४५५५४/४२२६७३०
ग्रान्डी इन्टरनेशनल हरिपटल	५५४२२६६/५५४२२६७
ग्रिन सिटी हरिपटल	४३५२२४८/४३५०६५२
शुभेक्षा इन्टरनेशनल हरिपटल	४२८५४३७/४२८५४३४
कान्तिपुर जनरल हरिपटल	४३८५९७०/४३८५९९९
नि:शुल्क होमियो दातव्य	४२५५५४०/४२५५५१९
दीर्घायु गुरु हरिपटल	४४६२५२३/९८४४८५५५७
गणेशलाल सिंह मेमोरियल अस्पताल	०१-५५३०८८५/५५२३४२०, ५५४४२४४/५५५५८७४
७ समाज डेण्टल हरिपटल	०१-४४७३४४४/४४८०८८०

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६९२४४/४२६९७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२९२०६
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२९
आकस्मिक प्रहरी सेवा	४२२६२९९
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन	४४२८०३५
सु

हरायो मौलिकता, छैनन् बर्सादी

नेपालगन्जमा कुनै बेला बर्सादीको बेग्लै महत्व थियो, आधुनिक सहरभित्र आज यो गुमनाम छ । मुगल शैलीका घर पनि यहाँ हराइसके ।

मधु शाही र रूपा महतराज (बाँके)

नेपालगन्जको गगनगन्जमा रहेको परम्परागत जीर्ण घर (माथि) । त्रिभुवन चोकस्थित पुरानो घर, जहाँ मुगल कलामा सन् १९५० लेखिएको छ (तल बायाँ) र बर्सादीसहितको सय वर्षपहिलेको घर । *तस्बिर : मधु/कान्तिपुर*

कुनै समय नेपालगन्जवासीलाई छाताको आवश्यकतै पर्दैनथ्यो । चाहे त्यो मुसलधारे झरीको बेला होस् या टन्टलापुर घाम लाग्दा । उनीहरू घर-घरमै बनेका बर्सादीले छाताको आवश्यकता पूरा गर्थे । गगनगन्जका ६० वर्षीय राजेन्द्र शर्मा सानैमा स्कुल जाँदा बर्सादीमै ओत लाग्दै घर आउने गरेको सम्झन्छन् । उनले भने, 'अचेल सामान्य बिसौनीसमेत पाउन मुस्किल छ ।'

साहित्यकार एवं पूर्वप्राज्ञ सनत रेग्मी उतिबेला बडाहाकिम प्रकाशशमशेर राणाले बर्सादीसहितको घरको डिजाइन बनाउन लगाएको सम्झन्छन् । प्रकाशशमशेर लखनउ घुम्न गएका बेला यस्ता डिजाइनका घर देखे । पानीमा ओत लाग्ने र टाढाबाट आउने व्यापारीलाई आश्रयसमेत हुने देखेर उनले नेपालगन्जमा यस्तै शैलीका घर बनाउन आदेश दिएको रेग्मीले सुनाए । 'बर्सादीभित्र पसल हुन्थ्यो,' उनले भने, 'पहाडदेखि आउने हटारू हप्तौं त्यहीं बसेर व्यापार गर्थे ।'

अचेल नेपालगन्ज आधुनिक सभ्यतातिर लम्किएको छ । कच्ची सडक पिच भए । झुप्रा घर बिल्डिङमा परिणत भए तर बर्सादीको मौलिकता आधुनिक सहरभित्र गुमनाम छ । पुराना संरचनामा बनेका मुगल शैलीका घरसमेत हराउन थालेका छन् । संस्कृतविद् सच्चिदानन्द चौवेका विचारमा सहरको सभ्यता त्यहाँ बनेका प्राचीन भवनका शैलीले झल्काउँछ । मौलिकतालाई मासेर भन्दा पनि जोगाएर आधुनिक सहर बनाउनुपर्ने हो । जब सडक निर्माण गर्ने धुनमा नेपालगन्जको प्राचीन व्यापारिक बजार सदरलाइनका बर्सादी घर भताभुंग भए, त्यसपछि उनी मौन छन् । भारतको लखनउदेखि मुस्लिम मिस्त्री बोलाएर घर बनाउन लगाइन्थ्यो । त्यतिबेलाको मुगल शैलीका आकृति ऐतिहासिक थिए । यद्यपि, आधुनिक सहरभित्र केही प्राचीन भवन भने अझै बाँकी छन् ।

नेपालगन्जको अत्याधुनिक बजार त्रिभुवन चोकदेखि अलिकति भित्र जाने हो भने त्यहाँ तीनवटा प्राचीन घर छन् । घरका भित्ता मुगल शैलीका बुट्टाले सजिएका छन् । सन् १९५० मा बनेको यो पुरानो भवनले नेपालगन्जको प्राचीन अवशेष बाँकी रहेको महसुस गराउँछ । यस घरमा वृजराज गुप्ताको चार पुस्ता समेटिएको छ । ५२ वर्षे गुप्ताका अनुसार उनका जिजुबुबाले यही भवनमा कपडा पसल गर्थे । रुकुम, सल्यान, रोल्पा, दाङ, धनगढी, हुम्ला, जुम्ला, दैलेखदेखि खाद्यान्न लिएर बेच्न आउने हटारु यही बर्सादीमा बस्थे । हप्तौंसम्म बसेर पहाडबाट ल्याएको घिउ, मह, जडीबुटी साटेर कपडा र नुन लिएर जान्थे । चार पुस्ता पुरानो घर जोगाउन उनलाई अहिले हम्मेहम्मे भएको छ ।

बाँके सन् १८५७ मा भारतको लखनउमा भएको सैनिक विद्रोह दबाउन श्री ३ महाराज जंगबहादुर राणाले ब्रिटिसलाई सहयोग गरेपछि पाएको कोसेली स्वरूपको नयाँ मुलुक हो । नेपालको हुनुअघि यो ठाउँ भारतको उत्तर प्रदेशको तुलसीपुर र बलरामपुरअन्तर्गत थियो । अंग्रेजहरूको समयमा तुलसीपुर राज्य थियो । पछि रामपुर राज्य बन्यो । अड्डा कारिन्दा यहाँ आएर बस्थे । अहिले त्रिभुवन चोक जहाँ छ, त्यहाँ तुलसीपुर स्टेटको 'कोतवाली' थियो । गोलो परिधिमा जम्मा ६ वटा भवन थिए । साना दुई भवनमा पुलिस बस्थे । बजार थिएन । चौवेका अनुसार उतिबेला घर डिजाइनमा बर्सादी अनिवार्य थियो । अगाडिको भागमा पानी ओत लाग्ने बर्सादी बनाएर पछाडि घर निर्माण गरिन्थ्यो ।

विसं २००० तिर यहाँ तीन सयजति घर थियो । व्यापारका दृष्टिले त्रिभुवन चोकमात्रै थियो । अन्य ठाउँ पोखरी र तलाउले भरिएका थिए । मारवाडी समुदाय व्यापार गर्न आएपछि यहाँको बस्ती बढ्न थालेको संस्कृतिविद् चौवेले बताए ।

भारतले बाँके जिल्ला नेपाललाई फिर्ता गरिदिएपछि नेपालगन्जको मुख्य बजार नै त्रिभुवन चोक बन्यो । विसं १९९० मा यस चोकको नाम जुद्धशमशेर राखियो । जुद्धशमशेरकै अष्टधातुको सालिक निर्माण गरियो । २००७ को क्रान्तिताका आन्दोलनकारीले सालिक तोडफोड गरे । 'जुद्धशमशेरको सालिक भाँचिएर श्रीपेच भुइँमा खसेको थियो,' संस्कृतिविद् चौवेले भने, 'झन्डै सय तोला सुनजडित श्रीपेच केही दिन त्यहीं रह्यो, पछि त्यो कसले लग्यो लग्यो ।' त्यसपछि ट्राफिक चोक बनाइयो । पूर्णमान आजाद श्रेष्ठ मेयर भएका बेला त्रिभुवनको सालिक राखी त्रिभुवन चोक नाम राखियो । सशस्त्र द्वन्द्वका क्रममा त्रिभुवन चोक भत्काइयो । अहिले यो चोक सालिकविहीन छ ।

सालिकझैं नेपालगन्जका प्राचीन संरचना पनि गुम्दै गएकामा पाको पुस्ता चिन्तित छ । नेपालगन्ज उपमहानगरपालिका-४ गगनगन्जका राजेन्द्रकुमार शर्माले केही महिनाअघि पुर्ख्यौली घर भत्काए । घरको अघिल्लो भाग मुगल शैलीको थियो । मसिना बुट्टाले चिटिक्क सजिएको भित्ता फाल्न उनलाई मन थिएन । एकताका उनको त्यही घरको डिजाइन हेर्न पर्यटकको भीड लाग्थ्यो । 'बाजेले बनाएको घर, साह्रै ऐतिहासिक थियो,' उनले भने, 'दुरिस्टले फोटो खिचेर लान्थे ।' अहिले भत्काएर आधुनिक घर बनाएका छन् । पुरानो आवरण जोगाइराख्न मिहिनेत लाग्छ । पैसा पनि उत्तिकै खर्च हुन्छ । नगरपालिकालाई शर्माले सहरको सभ्यतासँग जोडिएकाले सहयोगको अपिलसमेत गरेका थिए । जवाफ सकारात्मक नपाएपछि बाध्य भएर पुर्ख्यौली घर भत्काउनुपरेको उनी सुनाउँछन् । 'रोम, रुस, इटालीजस्ता देशमा पुराना घरका संरचना सरकारले नै जोगाउँछ,' उनले भने, 'हामीकहाँ कसैलाई मतलब छैन ।' नेपालगन्जमा के हेर्न आउने भन्ने विषय बिस्तारै हराउँदै गएको राजेन्द्रकी छिमेकी सुनिता सुनारले बताइन् ।

उनको घर पनि अहिले जीर्ण छ । बाजेको पालामा बाटो हिँड्ने बटुवाले समेत फर्कीफर्की घरमा नजर लगाउँथे रे । त्यसको ठिक अगाडि डेढ सय वर्ष पुरानो घर छ, ढल्न लागेको । त्यो पनि उनकै हो । सुनिता अविवाहित हुन् । दाजुसँग अंशबण्डा गर्दा उनको भागमा बाबाको घर पऱ्यो । दुईतले पुर्ख्यौली घर उनी सम्हाल्न सक्दिनन् । छतका भित्ता उक्किएका छन् । नेपालगन्जको पुरानो टोल एकलैनीमा अझै पनि यस्ता सय वर्ष पुराना घरका अवशेष बाँकी नै छन् ।

जानकी गाउँपालिका, बनियाँगाउँमा विजय बर्माको सय वर्ष पुरानो पुर्ख्यौली घर छ । विसं १८६० मा बनेको यो घरमा बेखाबखत फिल्म सुटिङ हुने गर्थ्यो । अहिले यो जीर्ण छ । बर्माका अनुसार नेपालगन्जका प्राचीन घर भारतको मुगल कलाशैलीबाट प्रभावित छन् । नेपालगन्जको राज भवन, मेघालय, ओमजंग राणाहरूको कोठी, पुराना जमिनदारका केही मुगल शैलीमा बनेका हुन् । पहिलेका घरको संरचना देखाएरै पर्यटक भित्र्याउन सकिने बर्माको ठम्याइ छ । 'तर, सहरको मौलिकता गुम्दै छ,' उनले भने । ७८ वर्षे जगदीशप्रसाद शुक्लाका अनुसार नेपालकै पुरानो सहर नेपालगन्जमा एकातिर नेपालको मौलिकता छ भने अर्कोतर्फ भारतको लखनउ मुगल शैलीको प्रभाव । यी दुवै सभ्यता र संस्कार मिश्रित समाजलाई जोगाउन सके पर्यटकले हेर्नलायक प्रशस्त ठाउँ पाउने उनले बताए । 'पर्यटक आकर्षण गर्न यहाँको मौलिकता जोगाउनुपर्छ,' उनले भने, 'नभए के देखाउने पर्यटकलाई ?'

पूर्वप्राज्ञ सनत रेग्मीले आफ्नो पुस्तक 'सद् भावको नेपालगन्ज' मा समेत नेपालगन्जको मौलिकता हराउँदै गएकामा चिन्ता पोखेका छन् । उनका अनुसार आधुनिक सहरको विकाससँगै यहाँको मौलिकता अवशेषको रूपमा छ । अटोरिक्साको भीडमा फाट्टफुट्ट टाँगा चलेको देखिन्छ । खास गरी घुम्न आउने पर्यटक र भारतको सीमा रुपैडियातर्फ लाग्ने पहाडिया टाँगा चढ्छन् । त्यसो त कुनै बेला टाँगा नै यहाँको मुख्य यातायातका साधन थिए । नेपालगन्जदेखि रुपैडिया व्यापार गर्न टाँगा र एक्काको प्रयोग हुन्थ्यो । रेग्मीका अनुसार राणाकालीन समयमा वर्ग विशेष अनुकूल आकर्षक घोडा ल्याइन्थ्यो । बिस्तारै सडकको विकाससँगै एक्का र टाँगा संस्कृति लोप हुँदै छ । भेरी अस्पतालको छेउमा टाँगा स्टेसन नै छ । 'त्यहाँ अचेल रिक्साकै भरिभराउ देखिन्छ,' रेग्मीले भने, 'नेपालगन्ज चिनाउने टाँगा संस्कृति पनि हो । यसलाई जोगाउन सके पर्यटक केन्द्र बन्ने सम्भावना छ ।'

अवधी जीवनशैली

नेपालगन्जको जीवनशैली, रहनसहन, भाषा, भेषभूषा र सभ्यता मूलतः अवध संस्कृतिमा केन्द्रित छ । संस्कृतविद् चौवेका अनुसार अवध भनेको 'वध' नगर्नु हो । जहाँ हिंसा हुँदैन, त्यहाँको समाज अवध हो । माछामासु नखाने, धोती, कुर्ता, सारी लगाउने र कृषिमा आधारित जीवनशैली रहेको नेपालगन्ज बिस्तारै फेरिँदै छ । यहाँ बोलिने अवधि भाषामा समेत मिसावट देखिन थालेको उनले बताए । सयम परिवर्तनसँगै नेपालगन्ज व्यापारको केन्द्र बन्न पुग्यो । जहाँ मुस्लिम समुदाय, काठमाडौंका नेवार, सुदूरपश्चिमका पहाडिया सबै आएर बसोबास गर्न थाले । जसले गर्दा भाषासँगै जीवनशैलीमै परिवर्तन देखिएको छ । 'अब शुद्ध अवधी बोल्ने कमै भेटिन्छन्,' उनले भने, 'जुन जहाँबाट आए त्यही भाषा बोल्छन्, मिसमास भएको छ ।' उनलाई सम्झना भएसम्म बिहेमा चार दिनसम्म बरात चल्थ्यो । अहिले एकै दिनमा सकिन्छ । 'घर आँगनमा बिहे नगर्दासम्म पवित्र मानिँदैनथ्यो,' उनले भने, 'अचेल पार्टी प्यालेसको आकर्षण बढ्दैछ,' उनले भने, 'साउन महिनामा रुखभरि झुला (पिङ) हुन्थे । महिलाहरू पिङ खेल्थे भने पुरुष कुस्ती खेल्थे । ठूलठूला पीपलका रुखका सट्टा बिजुलीका पोलमात्रै देखिन्छन् ।'

जुँगे महादेवको आकर्षण

नेपालगन्ज घुम्न आउने जो कोहीका लागि बागेश्वरी मन्दिर पहिलो रोजाइमा पर्ने गर्छ । धार्मिक, सांस्कृतिक रूपमा मात्रै होइन, पर्यटकीय गन्तव्य नै बनेको छ बागेश्वरी मन्दिर । पहिला खरको झुप्रोमा थियो । विसं २०१८ सालमा यसलाई व्यवस्थित गरियो । पुरानोलाई भत्काएर तलैपिच्छे प्यागोडा शैलीमा बनाइयो ।

बागेश्वरी मन्दिर पश्चिम नेपालको प्रमुख शक्तिपीठमध्येमा पर्छ । मन्दिरका महन्त हरिहरनाथ योगीका अनुसार, यहाँ सतीको जिब्रो खसेकाले यो शक्तिपीठको नाम पहिला वाक्येश्वरी थियो । पछि अपभ्रंश हुँदै बागेश्वरी भएको हो । मन्दिर परिसर अगाडि ठूलो तलाउ छ । तलाउका बीच भागमा जुँगा भएको खड्गेश्वर महादेवको मूर्ति छ । जसलाई जुँगे महादेव भनिन्छ । बागेश्वरी सबैको विश्वास र आस्थाको धरोहर मानिन्छ । नेपालका मात्रै होइन, बर्सेनि ठूलो संख्याका भारतीयले मन्दिरमा पूजा गर्छन् । कतिपयले मन्दिरमा आएर जिब्रो चढाउँछन् । विशेष गरेर नवरात्रिमा नेपाल र भारतबाट आएका दर्जनौंले जिब्रो छेड्ने गर्छन् । नेपालगन्जका सूर्यलाल गुप्ता (फेटेरा) ले जिब्रो नै काटेर चढाएको महन्त योगीले सुनाए ।

बिरयानीको स्वाद

सीमासँग जोडिएको सहर भएर होला भारतीय परिकारको प्रभाव नेपालगन्जमा पनि देख्न पाइन्छ । बिरयानी नेपालगन्जको नाम चलेको परिकारमध्ये एक हो । मुस्लिमहरूको मुख्य परिकारको रूपमा चिनिने बिरयानी चामल र मासु मिसाएर बनाइन्छ । नेपालगन्जमा मुबारक बिरयानी चर्चित छ । बिरयानी धेरै ठाउँमा पाइने भए पनि पकाउने व्यक्तिको कौशलका आधारमा स्वाद फरक हुने गरेको छ । गत वर्ष नेपालका लागि अमेरिकी राजदूत च्यान्डी बेरी नेपालगन्ज आउँदा मुबारक बिरयानीको स्वाद लिएको विषयले निकै चर्चा पायो ।

'यो मेरो व्यवसाय मात्र होइन, नेपालगन्जलाई चिनाउने जिम्मेवारी पनि हो,' मुबारक बिरयानीका सञ्चालक मुबारक अलि अन्सारीले भने, 'स्वादको गुणस्तरमा कुनै कन्जुस्याइँ गर्दिनँ । तेलदेखि मासु होस् वा चामल, उच्च गुणस्तरकै हुन्छ ।'

रावडी

दूधबाट बनेको विशेष परिकार हो, रावडी । बिलकुलै प्राकृतिक तरिकाले यो परिकार बनाइन्छ । यहाँ तीन पुस्तादेखि रावडी बेच्दै आएको पाहुनाजीको पसल प्रख्यात छ । सदरलाइनको राधाकृष्ण मन्दिरमा सचिन हलवाई रावडी बेचिरहन्छन् । हिजो अनि आजको रावडीमा के फरक छ त ? उनले सहजै जवाफ दिए, 'हिजो पनि भैंसीकै दूधबाट बनाइन्थ्यो, आज पनि त्यही भैंसीकै दूधबाट रावडी बनाइन्छ । तर मान्छे बदलिएका छन् । लालची भएका छन् ।' उनका अनुसार व्यवसाय गर्नेले मिसावट गर्छन् । त्यसैले स्वादको भिन्नता छुट्याउन समय लाग्दैन । हजुरआमाले गरेको उनको कामलाई बुबाले पछ्याए । बुबा नसक्ने भएपछि सचिन त्यो बिँडो थाम्दै छन् । 'यो हाम्रा लागि व्यवसाय मात्र होइन, पारिवारिक काम हो,' उनले भने, 'यो पेसा हाम्रो प्रतिष्ठासँग जोडिएको छ । नेपालगन्जको पहिचानसँग जोडिएको छ ।' पहिला रावडी दुनामा बेचिन्थ्यो, अहिले प्लास्टिकको कचौरामा । 'पहिलोपटक नेपालगन्ज आएको मान्छे त्रिभुवन चोक पुगेकै हुन्छ,' त्रिभुवन चोकका रामलखन गुप्ताले भने, 'एक पटक रावडीको स्वाद लिएपछि जिब्रोले बिर्सिँदैन ।'

हलुवा-पराठा

नेपालगन्जको अर्को लोभ्याउने गुलियो परिकार हो, हलुवा । नेपालगन्ज आउनेहरू हलुवा-पराठाको स्वाद लिन नेपालगन्जको चौलिक्का चोक पुग्ने गर्छन् । हलुवा पराठाका कालिगढ हुन्, हारुन शेख । बम्बईबाट काम गर्न नेपालगन्ज आएका । जति ठूलो तावा त्यति नै राम्रो रोटी हुन्छ । एउटा तावामा डेढ किलो मैदाको रोटी पाक्छ । साथमा सुजीको हलुवा पकाइन्छ । बिस्तारै पकाउनुपर्छ । एक वर्ष उनले पकाउन मात्र सिके । यो अरबी परिकार भए पनि यहाँ यसको स्वाद लिनेको कमी छैन । बिहान ५ बजेदेखि साँझ ८ बजेसम्म पसलमा भीड लाग्ने गर्छ । कामदार रमजान अलिका अनुसार पहाडीहरू नै यसको स्वाद लिन आउँछन् । २५ रुपैयाँमा एक सय ग्राम हलुवा-पराठा खान पाइन्छ ।

जलिल अहमद ३३ वर्षदेखि हलुवा-पराठा बेचिरहेका छन् । उनी दैनिक १५ किलो हलुवा र पराठा बिक्री गर्छन् । अहिलेसम्म उनले नमिठो भयो भन्ने सुन्नुपरेको छैन । माग बढ्दै गएपछि हाल नेपालगन्जको त्रिवेणी मोड, बागेश्वरी मन्दिरको चोकमा समेत बेच्न सुरु गरिएको छ ।

चाट

नेपालगन्ज आएका, चाट खान त्रिभुवन चोक नपुग्ने कमै होलान् । के बूढा, के बच्चा सबैको रोजाइमा चाट पर्छ । नेपालगन्जमा धेरैथरीका चाटको स्वाद लिन सकिन्छ । चाट पसले धर्मेन्द्र लखेरका अनुसार चाटमा मसलाको जादु नै प्रमुख कुरा हो । कसले कुन मसलाको प्रयोग कसरी गर्छ भन्नेमा यसको स्वाद निर्भर हुने उनले बताए ।

उमालेको आलुको बोक्रा ताछेर हातले चेप्टो पारी टिकिया बनाइन्छ । अदुवा, हरियो खुर्सानी, सुकेको खुर्सानीको धूलो, जिरा पाउडर, चाट मसला पाउडर, हरियो धनिया, अमचुर पाउडर र नुन हालेर आलुको चाट बनाइन्छ । उनी आफूले प्रयोग गर्ने मसला आफैं सिलौटामा पिसेर बनाउँछन् । ग्राहकको मागअनुसार चाट खट्टो र मिठो बनाइन्छ ।

चाट खाएपछि पानीपुरी अधिकांशको रोजाइमा पर्छ । खट्टो, पिरो मन पराउनेको पहिलो रोजाइमा पर्ने पानीपुरी गहुँका स-साना पुरी बनाएर त्यसमा खट्टो, पिरो पानी हालेर बनाइन्छ । एउटा व्यक्तिले कम्तीमा १० वटा पानीपुरी खाने गर्छन् । त्रिभुवन चोक आसपासमा पानीपुरीको ठूलो व्यापार हुने गरेको छ ।

घमन्जा

यहाँको मुख्य परिकारमध्ये घमन्जा पनि एक हो । जिब्रोले छुँदै यसको स्वाद मन पराउँछ । ब्रेडको टिकिया, भेंडे खुर्सानी, आलु, केराउको तरकारी, काउलीको टिकियालगायत परिकार एउटै ठाउँमा राखेर खान दिइन्छ । २० रुपैयाँमा पेटभरि खान पाइन्छ । बिहानैदेखि यसको व्यापार हुने भएकाले मजदुरी गर्ने मात्र होइन, धनाढ्यको रोजाइ पनि घमन्जा हुने गरेको छ ।

लस्सी

मुलुकमै गर्मी हुने दोस्रो सहरको उपाधि पाएको नेपालगन्जको लस्सीले धेरै नै राहत दिन्छ । खासगरी दहीबाट र उखुको जुसबाट पनि लस्सी बनाइन्छ । नेपालगन्जका विभिन्न स्थानमा लस्सीको व्यापार भए पनि त्रिभुवन चोकको लस्सी विशेष मानिन्छ ।

पान

नेपालगन्जको पानको कथा पनि बेग्लै छ । यहाँ धेरै प्रकारका पानको स्वाद लिन पाइन्छ । १० रुपैयाँदेखि सय रुपैयाँसम्ममा खान पाइने भएकाले साँझ परेपछि पसलमा झुम्मिनेको छुट्टै रौनक हुन्छ । पानको विशेषता पनि आफ्नै छ । यसले पाचन शक्ति बढाउँछ । कब्जियत हुँदा पानको प्रयोग राम्रो मानिन्छ । पानका पारखी सकिल अहमद खान पान आफैंमा औषधिको रूप भएको मान्छन् । दिनमा चार पटक उनी पान खान्छन् ।

बस चढ्दा ज्वरो नाप्नुपर्ने

काठमाडौं (कास)- काठमाडौंमा सञ्चालित विद्युतीय बसमा ज्वरो नापेर मात्र यात्रा गर्नुपर्ने भएको छ । सुन्दर यातायात कम्पनीले बिहीबारदेखि ज्वरो नापेर मात्रै गाडीमा प्रवेश गराउने जनाएको छ । कोरोना भाइरस (कोभिड-१९) को सन्त्रास फैलिएसँगै कम्पनीले संक्रमणबाट जोगिन यस्तो निर्णय लिएको हो । कम्पनीका अध्यक्ष भेषबहादुर थापाले तापक्रम तथा ज्वरो जाँच्न चार वटा इन्फ्रारेड थर्मोमिटर ल्याइएको बताए । 'हाम्रा गाडी उत्पादक चिनियाँ कम्पनी बिएकेले थर्मोमिटर पठाएको छ,' उनले भने, 'उक्त कम्पनीले देशभरका बिजुली बस खरिदकर्तालाई पठाएको रहेछ ।' कम्पनीले दुई वटा विद्युतीय बस चक्रपथ सडकखण्डमा सञ्चालन गरिरहेको छ । उनका अनुसार ज्वरो जाँच्नका लागि प्रत्येक बसमा चालक र सहचालक बाहेक दुई जना कर्मचारी खटाइनेछ ।

'हामीसँग स्वास्थ्यसम्बन्धी पढेका दुई जना कर्मचारी छन्,' उनले भने, 'उनीहरूलाई एप्रोन, माक्ससहित सुरक्षित तरिकाले गाडीमा परिचालन गर्छौं ।' ज्वरो नाप्दा एक सयभन्दा बढी तापक्रम पाइएमा यात्रुलाई मास्क उपलब्ध गराइने र अस्पताल जान सुझाव दिइने उनले बताए । ज्वरो आएको देखिएमा त्यस्ता यात्रुहरू गाडीमा चढ्न नपाइने उनको भनाइ छ । कम्पनीले जिल्ला प्रशासन कार्यालय, यातायात व्यवस्था विभाग र सरुवा रोग नियन्त्रण महाशाखासँग छलफल गरेर नै यस्तो व्यवस्था लागू गर्ने भएको हो ।

पौडेल पक्षद्वारा उपसभापति भेला बहिष्कार

कान्तिपुर संवाददाता (काठमाडौं)

कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेल पक्षीय जिल्लाका उपसभापतिहरूले संस्थापन पक्षले बोलाएको बुधबारको भेला बहिष्कार गरेका छन् ।

पार्टीका केन्द्रीय उपसभापति विमलेन्द्र निधि संयोजक रहेको नीति, अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानले पार्टी प्रशिक्षणबारे छलफल गर्न काठमाडौंमा भेला डाकेको थियो । प्रतिष्ठानको संयोजकमा कांग्रेस उपसभापति र जिल्ला संयोजकमा जिल्ला उपसभापति रहने व्यवस्था छ ।

पार्टी सभापति शेरबहादुर देउवाले एकपक्षीय रूपमा पार्टीका विभाग गठन गर्नुका साथै केन्द्रीय सदस्य र आमन्त्रित सदस्य मनोनयन गरेपछि पौडेल पक्षले आफ्नो पक्षका उपसभापतिहरूलाई कार्यक्रममा नजान उर्दी जारी गरेको थियो ।

यसैबीच, कांग्रेस पूर्वमहामन्त्री प्रकाशमान सिंहको चाक्सीबारीस्थित निवासमा बुधबार बसेको पौडेल पक्षको बैठकले महाधिवेशनलाई प्रभावित पार्ने रणनीतिअनुसार देउवा पक्षले बोलाउने कुनै पनि कार्यक्रममा सहभागी नजनाउने निर्णयसमेत गरेको छ । महाधिवेशनलाई प्रभावित प्रकारका कार्यक्रममा उपसभापतिहरूलाई सहभागी नहुन भेलामा आग्रह गरिएको पौडेल पक्षीय केन्द्रीय सदस्य हृदयराम थानीले बताए ।

कांग्रेसका सभा, भेला स्थगित

कोरोना भाइरस (कोभिड-१९) को जोखिम बढ्न नदिन कांग्रेसले पार्टीका सबै कार्यक्रम स्थगन गरेको छ । पार्टी प्रवक्ता विश्वप्रकाश शर्माले पत्रकार सम्मेलनमार्फत पार्टी र पार्टीसँग आबद्ध संस्थाका सबै तहका ठूला भेला, सम्मेलन र सभालगायत कार्यक्रम अर्को सूचना प्रकाशित नभएसम्म स्थगन गरिएको जानकारी गराएका छन् ।

कांग्रेसले पार्टीको १४ औं महाधिवेशन तयारीको काम भने जारी रहने जनाएको छ । कोभिड संक्रमणबारे 'सहरदेखि गाउँसम्म र गाउँको टोल हुँदै घरघरसम्म' सतर्कता र चेतना अभियान अघि बढाउने निर्णयसमेत कांग्रेसको छ । 'विश्व स्वास्थ्य संगठनले नेपाललाई समेत उच्च जोखिम रहेको मुलुक भनेर सतर्क गराइसकेकाले हाम्रा सबै प्रयास जोखिम सामना गर्ने दिशामा सम्पूर्ण रूपले केन्द्रित गर्नुपर्ने भएको छ,' पत्रकार सम्मेलनमा वितरण गरिएको विज्ञप्तिमा भनिएको छ ।

कांग्रेसले सरकारी लापरवाही र ढिलासुस्तीका कारण कोभिड-१९ को संक्रमण भित्रिन या फैलिन सक्ने खतरा रहेको जनाएको छ । 'यसलाई गम्भीर रूपले लिएर सरकारलाई एकातर्फ हामी खबरदारी गरिरहेका छौं भने अर्कातर्फ यो जोखिम सामना गर्ने साझा राष्ट्रिय अभियानमा सरकारलाई कांग्रेसको सम्पूर्ण साथ रहनेछ,' कांग्रेसले विज्ञप्तिमा भनेको छ, 'सरकार र सम्बन्धित निकायले जोखिम सामना गर्न निर्माण गर्ने रणनीतिको पालना र कार्यान्वयनमा सबैलाई साझा दायित्वबोधका साथ आत्मसात् गर्न हामी अपिल गर्छौं ।'

कांग्रेसले त्रिभुवन विमानस्थल तथा अन्य नाकामार्फत संक्रमण प्रवेश हुन नदिन स्वास्थ्य जाँच भरपर्दो बनाउन सरकारसँग आग्रह गरेको छ ।

सम्पादकीय

संसद्‌मा गणपूरक संख्या : सांसदहरूको नैतिकताको प्रश्न

सांसदहरूको गणपूरक संख्या नपुगेर घरिघरि प्रतिनिधिसभा बैठक सञ्चालनमै कठिनाइ आउनु र त्यसबाट कानुन निर्माण प्रक्रिया प्रभावित हुनु समग्र सांसद गणलाई लाज लाग्नुपर्ने विषय हो । प्रतिनिधिसभामा २ सय ७५ सांसद छन्, गणपूरक संख्याका लागि एक चौथाइ अर्थात् ६९ जनामात्रै भए पुग्छ । तर, आवश्यक संख्या नपुगेकै कारण पछिल्लो एक सातामात्रै चारवटा बैठक स्थगित भए । यसको अर्थ हो, तीन चौथाइभन्दा बढी सांसदहरू ती दिनहरूमा आफ्नो संसदीय दायित्वप्रति जिम्मेवार बनेनन् । यसरी आवश्यक सांसद संख्या नपुगेर संसद्‌को कामकारबाही प्रभावित हुने प्रवृत्ति जस्तै बनिसकेको छ । संसद् र संसदीय कामकारबाहीप्रति सांसदहरू उत्तरदायी छैनन् भन्न सायद यसभन्दा अर्को आधार खोजिरहनु पर्दैन ।

राजनीतिक दलका शीर्षस्थ नेताहरूको प्राथमिकतामा संसद् बैठक कहिल्यै परेको छैन । खास परिस्थिति वा आफ्नो 'निजी सरोकार' पनि जोडिएका विषयमाथि छलफल हुने दिनमा बाहेक उनीहरू विरलै मात्र संसद्‌मा उपस्थित हुने गर्छन् । विडम्बना, अरू सांसदले पनि यस्तै सिको गर्न थालेका छन् । फरक, यी सांसदहरू संसद्‌मा पुगेर हाजिर गर्छन्, भत्ता सुनिश्चित गर्छन् तर बैठक कक्षबाट भने गायब हुन्छन् । शून्य र विशेष समयमा आफ्ना कुरा राख्न बैठकमा बस्नेहरू पनि संसद् नियमित कार्यसूचीमा प्रवेश गरेसँगै बेपत्ता हुन्छन् । यसरी हाजिर गरेर भत्ता बुझ्ने तर नियमित कार्यसूचीका काममा नबस्ने प्रवृत्तिले त्यसरी गयल हुने प्रतिनिधिसभा सदस्यहरूको नैतिकतामाथि नै ठूलो प्रश्न उब्जाएको छ । कतिसम्म भने, गत फागुन १३ गते १ सय ८१ सांसदले हाजिर गरेकामा गणपूरक संख्या यकिन गर्न घण्टी बजाउँदा ५८ जनामात्र उपस्थित भए । हाजिर गरेर बैठक छाडे पनि १ सय २३ जना ती सांसदले २ लाख ४६ हजार रुपैयाँ भत्ता भने बुझ्नेछन् । यहाँ सवाल रकम दुरुपयोगको मात्र होइन, सांसद पदको मर्यादा र समग्र संसद्‌कै गरिमाको हो ।

सांसदहरू मुलुक सञ्चालन गर्ने कानुन बनाउने, राष्ट्रिय प्राथमिकताका मुद्दा सदनमा उठाउने, सरकारी कामकारबाहीको अनुगमन गर्नेजस्ता महत्त्वपूर्ण जिम्मेवारीसहित जनताबाट चुनिएका हुन् । विधेयकमाथि छलफल गर्नु र पारित गराउनु उनीहरूको दायित्व हो । तर, चालु संसद् अधिवेशन सञ्चालन भएको अढाई महिना बिते पनि संसद्‌ले अधिकांश विधेयकलाई अन्तिम रूप दिन सकेको छैन । संसद्‌मा नियमित कार्यसूचीअन्तर्गत कुनै विषय निर्णयार्थ प्रस्तुत गरिँदा गणपूरक संख्या नपुगेर उक्त दिनको बाँकी कार्यक्रम कार्यसूचीबाट हटाइनुपर्ने अवस्था आउनु आफैंमा टीठलाग्दो छ । संसद्‌का नियमित कामकारबाहीप्रति सांसदहरूको निरन्तर देखिएको यस्तो अरुचिले नीति-निर्मातामै काम छल्ने संस्कृति हावी भएको देखाउँछ । यो हाम्रा सांसदहरू संसद्, संसदीय व्यवस्था र आफूले प्रतिनिधित्व गर्ने नागरिकप्रति जवाफदेही नभएको द्योतक हो ।

आफ्नो मूल जिम्मेवारीलाई नै बेवास्ता गर्दै सांसदहरू के कामका लागि संसद्‌मा अनुपस्थित हुन्छन् भन्ने कुरा पनि अनुसन्धान र विमर्शको विषय हो । कति सांसद 'जनताको कामका लागि' मन्त्रालय धाउनु परेको बनिबनाउ जवाफ दिन्छन् । तर, मन्त्रालय नधाई आफ्नो क्षेत्रमा योजना नपर्ने प्रचलन तोड्न पनि उनीहरूले संसद्‌मै भूमिका खेल्नुपर्छ । मुलुक विकासको व्यवस्थित प्रणाली बसाल्न सांसदहरूले संसद्‌बाटै सरकारलाई बाध्य बनाउन सक्नुपर्छ । त्यसो त, सांसदहरू संसद् बैठक छाडेर आफ्नो निजी काम तथा कुनै गैरसरकारी संस्थाको कार्यक्रममा उपस्थित हुने गरेको आरोप पनि उत्तिकै लाग्ने गरेको छ ।

सांसदहरूले मनन गर्नुपर्छ- संसद् बैठकमा गयल हुनु भनेको आ-आफ्नो उत्तरदायित्वबाट च्युत हुनु हो, राष्ट्रिय प्राथमिकताका मुद्दाहरूमा आफूलाई उदासीन राख्नु हो र प्रकारान्तरले विधायकको भूमिकामा आफू अयोग्य भएको प्रमाणित गर्नु हो । संसद् बैठक चलेका समयमा तीन चौथाइभन्दा बढी सांसद अन्यत्रै हुन्छन् भने मुलुकका खास मुद्दा तथा कानुन निर्माणमा उनीहरूको प्राथमिकता नभएको बुझ्न मुस्किल छैन । संसद्‌लाई 'बिजनेस' दिने र उसको काम निर्बाध सञ्चालन गर्ने प्रमुख दायित्व सरकारको हो । संसद्‌ले आवश्यक कानुन बनाएमात्रै सरकारले आफ्नो कामको रफ्तार बढाउने वातावरण पाउँछ । त्यसैले मुख्यगरी सत्तारूढ दलले नै यसप्रति गम्भीर बनी आफ्ना सांसदहरूलाई संसद्‌मा उपस्थित गराउन भूमिका खेल्नुपर्छ । साथै, संसद्‌को गरिमा कायम गर्ने दायित्व प्रतिपक्ष दलको पनि उत्तिकै हो, उसले पनि यसमा ध्यान पुऱ्याउनुपर्छ । सांसदहरूलाई निर्वाचन क्षेत्र जाने समय मिलाउन कठिन भएको हो भने वर्ष र हिउँदे अधिवेशन सुरु र सञ्चालन हुने पात्रो व्यवस्थित, वैज्ञानिक र पूर्वानुमानयोग्य बनाइनुपर्छ । सबैजसो सांसदलाई संसद् छल्ने कुनै पनि बहाना उपलब्ध गराइनु हुँदैन । निरन्तरजसो बैठक अवरुद्ध भएकाले संसद् चलुन्जेल सांसदहरूलाई कतै जान नपाउने नीति नै बनाउनुपर्ने आवाजसमेत उठ्न थालेको छ, यसतर्फ पनि संसद्‌ले विचार पुऱ्याउनुपर्छ ।

संकटग्रस्त उच्च शिक्षा

विश्वमान्यता विपरीत विश्वविद्यालयको स्थापना र सञ्चालन गर्दा देशबाहिर नेपालको प्रमाणपत्र अमान्य पनि हुन सक्छ ।



पराशर कोइराला

विश्वविद्यालय समस्याग्रस्त भएका समाचार पत्रपत्रिकामा बारम्बार आइरहेका छन् । यस्ता समाचार विश्वविद्यालयका आन्तरिक समस्याप्रति लक्षित नभए पनि उच्च शैक्षिक संस्थाको अवस्था सामान्य छैन । प्रत्येक निर्णय पद्धतिमा लक्षित वर्ग (विद्यार्थी) को हितमा नभई अप्राज्ञिक पक्षतिर ध्यान दिने गरिएकाले समस्या समाधानमा ढिलाइ भइरहेको छ । फलस्वरूप शैक्षिक स्तर झन्झन् खस्किइरहेको छ । कतिपय विद्यार्थी उच्च शैक्षिक डिग्री लुकाउनुपर्ने अवस्थामा पुगिसकेका छन् ।

लक्ष्य हराएको संस्थाजसरी सञ्चालित छन्, हाम्रा उच्च शिक्षाका केन्द्रहरू । उच्च शैक्षिक संस्थाको आदर्श र वास्तविकताबीच खाडल फराकिलो बन्दै गइरहेको छ । त्रिभुवन विश्वविद्यालय संयुक्त राज्य अमेरिकाको सन् १८६०-९० तिरको प्रोटोटाइप विश्वविद्यालयको हाराहारीमा छ भन्न पनि गाह्रो भइसकेको छ । नेपालमा उच्च शिक्षा सञ्चालन भएको एक शताब्दी नाघिसक्दा पनि हामीले यसको महत्त्व बुझ्न सकेका छैनौं । अन्य मुलुकमा विश्वविद्यालयलाई आर्थिक 'इन्क्युबेटर' का रूपमा व्यवहार गरिन्छ । संयुक्त राज्य अमेरिका, बेलायत, जर्मनी, जापान, रसियाजस्ता विकसित मुलुकको विकासको आधार नै स्तरीय उच्च शिक्षा हो । टर्की, क्रोएसिया र बेल्जियमले पनि उच्च शिक्षालाई आर्थिक विकासको कडीमा रूपान्तरण गर्न यथेष्ट लगानी गरेका छन् । छिमेकी भारतकै विकासको आधार विकसित मुलुकका उच्चस्तरीय प्राविधिक उच्च शैक्षिक संस्थासमान आईआईटी (इन्डियन इन्स्टिच्युट अफ टेक्नोलोजी) स्थापना र सञ्चालन गर्नु हो । उपर्युक्त देशहरूले उच्च शैक्षिक संस्थालाई राष्ट्रिय पहिचानको एक अंशका रूपमा लिएका छन् । उच्च शिक्षा सफलताको मापन शैक्षिक स्तर र क्षेत्रीय अर्थतन्त्रको सम्बन्धबारे अध्ययन र विश्लेषण गरी गरिन्छ । अर्थशास्त्री होवार्ड जे. वोनका अनुसार, सिक्नका लागि गरिएको लगानीबाट व्यक्ति मात्र नभई पूरै मानव समाज लाभान्वित हुन्छ ।

हामीले उच्च शैक्षिक संस्थालाई केवल प्रमाणपत्र दिने संस्थाका रूपमा लियौं । पञ्चायती शासनले संकायलाई शिक्षक र कर्मचारी भर्ना गरी सभा/दिवसको जुलुसमा सामेल गराउने एउटा अंगका रूपमा लियो; संयुक्त राज्य अमेरिकाको भूमि अनुदान कलेजजस्तै विकेन्द्रीकृत शैक्षिक प्रशासनद्वारा सञ्चालित सामुदायिक कलेजलाई विश्वविद्यालयको आंगिक क्याम्पसका रूपमा परिवर्तन गऱ्यो । अनि विश्वविद्यालयको केन्द्रीय शासन शैक्षिक स्तर उकास्नभन्दा शिक्षक, कर्मचारी र विद्यार्थीलाई नियन्त्रण गर्नतर्फ एकोहोरियो । शिक्षक-कर्मचारीहरू कलेजका नभई विश्वविद्यालयका हुन गएकाले कलेजप्रतिको पुरानो सम्बन्ध हटेर गयो । विश्वविद्यालय, कलेज र केन्द्रीय विभागको शैक्षिक गरिमा र अधिकार केन्द्रीय नेतृत्वको तर्जबिजमा सीमित भएकाले शैक्षिक नेतृत्व र अधिकारविनाका केन्द्रीय विभाग क्याम्पसमा गठन गरिएका विभागसरह भए । विदेशका उच्चस्तरीय संस्थासित राम्रो सम्बन्ध भएका केन्द्रीय विभागीय प्रमुखले उतैको सहयोगमा फ्याकल्टी डेभलपमेन्ट प्रोग्राम सञ्चालन गर्न सके त सके, नत्र त्यो सम्भव नहुने परम्परा बस्दै गयो । आर्थिक भार ब्यहोर्नुपर्ने शैक्षिक कार्यक्रम स्वीकृत गराउन प्रशासनका धेरै तह पार गर्नुपने भयो ।

यथास्थितिमा रहेको शैक्षिक प्रशासन संयन्त्र अझ बोझिलो हुँदै गइरहेको छ । सुनिन्छ, उच्च शिक्षा विधेयकको मस्यौदामा वर्तमान कुलपति पद्धतिमा विश्वविद्यालय सञ्चालन गर्ने व्यवस्थाको साटो प्रधानमन्त्रीको अध्यक्षतामा उच्च शिक्षा परिषद्‌को गठन र त्यस मातहत कार्यकारी समिति राख्ने व्यवस्था प्रस्ताव गरिएको छ । यो हेर्दा नयाँ परिवर्तनका माध्यमले उच्च शिक्षा परिषदले विश्वविद्यालयहरूमा स्तरीय अध्ययन-अध्यापनको उत्तरदायित्व लिन खोजे जस्तो देखिन्छ । तर, अधिकार मात्रका संरचना थप गर्नाले विश्वविद्यालयहरूमा अप्राज्ञिक विकृति मौलाउन सक्छ । वर्तमान प्रशासनमुखी शैक्षिक प्रशासनको जालो अझ मजबुत हुन्छ । दक्षिण एसियाली मुलुकहरूका कुनै पनि स्तरीय विश्वविद्यालयमा हाम्रा विश्वविद्यालयहरूको जस्तो संरचना र सञ्चालन पद्धति छैन । विश्वमान्यताले पातलो तथा प्रभावकारी संगठनात्मक संरचनाको परिकल्पना गर्छ । विश्वमान्यता विपरीत विश्वविद्यालयको स्थापना र सञ्चालन गर्दा ग्रेट ब्रेनरेसको पृष्ठभूमिमा विश्वविद्यालयको आकार फेरबदल गरिरहेका मुलुकहरूबाट नेपालको प्रमाणपत्र परोक्ष रूपमा अमान्य पनि हुन सक्छ ।

विश्वविद्यालयले विद्यार्थीहरूलाई प्राज्ञिक नागरिक बनाउन अनुकूल वातावरण सिर्जना गर्नुपर्छ । अनुकूल वातावरणको अभावमा विद्यार्थीहरूको मनोवृत्ति, मूल्यमान्यता र आचरणमा प्रतिकूल प्रभाव पर्छ । विद्यार्थी भर्नामा सहजता देखिए पनि विश्वविद्यालयहरूले उनीहरूलाई शालीन वयस्क नागरिकको जिम्मेवारीबोध गराउन सकेका छैनन् । विश्वविद्यालयको बेथितिको प्रत्यक्ष प्रभाव विद्यार्थी वर्गमा परेको छ । विश्वविद्यालय अनुदान आयोगका अनुसार, नेपालमा रहेका १,४२५ क्याम्पसमा ४,२३,९९६ विद्यार्थी छन् । त्रिभुवन विश्वविद्यालयका मात्र ६० आंगिक र १,०८० सम्बन्धनप्राप्त क्याम्पसमा ३,३५,१२६ भर्नारत विद्यार्थी छन् । विद्यमान स्थितिमा तीनवर्षे स्नातक पाठ्यक्रम पूरा गर्न तीन वर्ष छ महिना अथवा चार वर्षसम्म पनि लाग्न सक्छ । यस्तो ढिलाइबाट विद्यार्थी र अभिभावकहरू मर्माहत छन् । धेरै संख्यामा विद्यार्थी भर्ना गरी अध्यापन गराउने विश्वविद्यालयहरू संयुक्त राज्य अमेरिकामा पनि छन् । उदाहरणार्थ, स्टेट युनिभर्सिटी अफ न्युयोर्कका विभिन्न राज्यमा फैलिएका ६४ आंगिक कलेजमा ४ लाखभन्दा बढी विद्यार्थी अध्ययनरत छन् । सिटी युनिभर्सिटी अफ न्युयोर्कका १९ आंगिक कलेजमा २ लाखजति विद्यार्थी छन् । एडुकेसन पोलिसी रिसर्चका प्राध्यापक जोन आर. थेलिनको भनाइमा, 'सबैका लागि उच्च शिक्षा' नीति अपनाउनाले कलेज तथा विश्वविद्यालयमा योग्य फ्याकल्टी उत्पादन हुँदैन र उच्च शिक्षा समस्याग्रस्त हुन सक्छ । रोजगारको सीमित अवसर र उच्च शिक्षामा सहज पहुँचका कारण मध्यम आय भएका अभिभावक पनि आफ्ना सन्तानलाई विश्वविद्यालयको उच्च तहसम्मको औपचारिक शिक्षा अध्ययन गराउन बाध्य भएका छन् । अध्ययनका साथसाथै रोजगारीको अवसर पाइने आशाले नै त्यस्ता अभिभावकका सन्तान विदेसिने प्रवृत्ति बढेको हुनुपर्छ । शिक्षा मन्त्रालयका अनुसार, २०७६ साउनसम्म विदेशिने, भारतमा बाहेक, विद्यार्थीको संख्या ३,६२,००० पुगेको छ ।

> कक्षाकोठामा गई दैनिक मन्त्रोच्चारण मात्रै गर्ने तर अनुसन्धान सञ्चालन नगर्ने अध्यापक प्राध्यापक हुन सक्दैनन् । हाम्रा विश्वविद्यालयमा छलफल विधि पनि शून्यप्रायः छ । विषयगत सेमिनार गोष्ठी छँदै छैन । पुस्तकालय र प्रयोगशाला अद्यावधिक छैनन् ।

उच्च शिक्षा संस्थालाई सामाजिक बौद्धिक तयार केन्द्र (सेन्टर फर सोसियो-इन्टेलेक्चुअल प्रिपरेसन्स) का रूपमा हेरिन्छ । अब्राहम फ्लेक्सनरका अनुसार, उच्च शैक्षिक डिग्रीप्राप्त विद्यार्थीमा ज्ञान, संस्कारयुक्त संस्कृति, प्रखर अभिव्यक्ति कला, असल चरित्र, आफूमा भएका दुर्लभ गुणहरूको सन्तुलित तथा परिपक्व प्रयोग गर्दै आइपर्ने जिम्मेवारी गरिमापूर्ण ढंगले सक्षमताका साथ वहन गर्न सक्ने योग्यता हुनुपर्छ । तर, हाम्रा उच्च शैक्षिक संस्थाले विद्यार्थीलाई गहन अध्ययनका लागि उत्प्रेरित गर्न सकेका छैनन् । उच्च स्तरको पाठ्यक्रम र विविध अध्यापन विधि प्रयोगमा ल्याउँदा कक्षाकोठा चाखलाग्दो हुन सक्थ्यो । शिक्षकको अध्यापन र विद्यार्थीहरूको अध्ययन परीक्षाकेन्द्रित मात्रै भयो । उपलब्ध पुस्तक पनि परीक्षाकेन्द्रित हिसाबले मात्रै प्रकाशित भएका छन् । केन्द्रीय परीक्षा कार्यालयको सरोकारमा रहेका शिक्षकको माग निजी क्याम्पसमा पनि बढ्न थाल्यो । विद्यार्थीले आर्जन गरेका ज्ञान र उसका लागि खर्चिइएको धनराशिको विश्लेषण गर्ने एक मात्र आधार परीक्षा उत्तीर्ण प्रतिशत भइदिनाले उच्च शिक्षामा आन्तरिक विकृति मौलाउने अनुकूल वातावरण सिर्जना भयो । तीन वा चार वर्षमा पूरा हुनुपर्ने स्नातक तहको अध्ययन परीक्षाफल प्रकाशित हुन ६ महिनादेखि १ वर्षसम्म लाग्नाले अझ ढिलो सकिने र प्रमाणपत्रधारी विद्यार्थीको सापेक्ष आर्थिक मूल्य (रिलेटिभ इकोनोमिक भ्यालु) मा केही परिवर्तन नदेखाउने शिक्षालाई स्तरहीन भनिन्छ ।

विद्यार्थी युनियन गठन गर्दैमा अध्ययन-अध्यापनमा ह्रास आउने हुँदैन । युनियनका सिर्जनात्मक क्रियाकलापले विद्यार्थीमा भएका प्रतिभा उजागर नै गर्छन् । युनियनले प्रकाशित गरेका लेख, रचना र सम्झनाको सँगालोबाट विद्यार्थीको प्रतिभा उजागर गर्नुका साथै कक्षाकोठाको अध्यापनमा विविध परिमार्जन गर्न मद्दत पुग्ने हुन्छ । विद्यार्थीहरू सिर्जनशील हुन्छन् र उनीहरूको सोचाइमा विविधता हुन्छ । अनुकूल वातावरणले मात्र विद्यार्थीको प्रतिभा उजागर हुन्छ । शिक्षित बेरोजगारले चुलिएको रोजगार बजार र राजनीतिक भागबन्डाद्वारा अतिक्रमित रोजगारको अवसरले विद्यार्थीहरूलाई विभिन्न राजनीतिक कित्तामा उभिन बाध्य बनायो । विषम परिस्थितिमा विकसित उच्च शैक्षिक संस्था बौद्धिक तयारी केन्द्रमा रूपान्तरित हुन सकेनन् ।

विद्यार्थी भर्नाका आधारमा तेस्रो स्थान ओगटेका मानविकी तथा समाजशास्त्रका पाठ्यक्रम भविष्यका पेसातिर लक्षित गरी व्यावहारिक ज्ञानवर्द्धक विषयका रूपमा पुनर्जीवित भएका उदाहरण धेरै छन् । सम्बन्धित प्राध्यापकबाट मात्र यो सम्भव हुन सक्छ । प्राध्यापकलाई विषय विशेषज्ञ मानिन्छ । यो विश्वमान्यता हो । विशेषज्ञका रूपमा प्राध्यापक सम्बन्धित विषयगत राष्ट्रिय स्तरको जर्नल र संघ-संगठनमा सदस्य भई कार्यरत पनि हुन्छन् । विकसित राष्ट्रमा अनुसन्धान सञ्चालन नगरेका अध्यापकलाई प्राध्यापक नै मानिँदैनन् । अध्ययन-अध्यापन अनुसन्धानमुखी हुनुपर्छ । अनुसन्धानविनाको पाठ्यक्रम परिमार्जनले लक्षित उद्देश्य पूरा गर्न सक्दैन । बजेट अभावमा हाम्रा विश्वविद्यालयको प्राध्यापन विधि दैनिक मन्त्रोच्चारण (डेली रिसाइटेसन) मा आधारित छ । छलफल विधि शून्यप्रायः छ । विषयगत सेमिनार, गोष्ठी छँदै छैन । पुस्तकालय बजेट ज्यादै न्यून र प्रयोगशाला अद्यावधिक पार्ने नीति प्राथमिकतामै पर्दैन । कक्षाकोठाबाहिर अनौपचारिक अध्ययन-अध्यापनका लागि पुस्तक र अन्य सामग्री प्रचुर मात्रामा भएको पुस्तकालय र संग्रहालयका साथै अध्ययन (अब्जर्भेसन), फिल्डवर्क र अनुसन्धान अभियान (रिसर्च एक्सपिडिसन) जस्ता प्राध्यापन विधि सम्बन्धी बजेट कामचलाउ छ । उच्च तहका विद्यार्थीको सानो समूहले सम्बद्ध प्राध्यापक समक्ष मौलिक अनुसन्धानको विषयवस्तु र शीर्षकबारे गहन छलफल सम्बन्धी अध्ययनविधि गर्भावस्थामै छ । शिक्षण सहायक, सहायक प्राध्यापक, उपप्राध्यापक, सहप्राध्यापक तथा प्राध्यापकको अध्यापनविधि बजेटको अभावमा एकै हुन गएको अवस्थामा परीक्षाकेन्द्रित अध्यापन र पुस्तक प्रकाशित हुनु स्वाभाविक भइरहेको छ । अब्बल विद्यार्थीहरूका लागि पनि परीक्षाकेन्द्रित पाठ सम्झने कसरत गर्नुबाहेक अन्य विकल्प रहेन । उच्च अंकप्राप्तिका लागि विद्यार्थीद्वारा भए-गरेका दुर्व्यवहार यसैका नतिजा हुन् । लिखित अभिव्यक्तिद्वारा नै शैक्षिक स्तर सम्बन्धी छिनोफानो (निर्णय) केन्द्रीय परीक्षा प्रणालीमार्फत हुने भए र अध्ययन-अध्यापन यथास्थितिले निरन्तरता पाउने भए कोचिङ सेन्टर र परीक्षा केन्द्रीय कार्यालय भए पुग्नेछ । वर्तमान उच्च शिक्षाको अध्ययन-अध्यापन स्कुल शिक्षाको विस्तारित रूपमा मात्र देखिएको छ ।

कोइराला विश्वविद्यालय अनुदान आयोगका पूर्वअध्यक्ष हुन् ।

सम्पादकलाई चिठी

जातीय विभेदको जरा

सार्वजनिक स्थानमा जोकसैले जोकसैलाई पनि जातको आधारमा भेदभाव गर्न पाईंदैन भन्ने कानुनले भन्छ । कानुनले बन्देज गराए पनि समाजमा जातीय छुवाछूत हटेको छैन । यसैको उदाहरण 'दलित भन्दै डेरा छाड्न दबाब' समाचार हो । २१ औं शताब्दीको समाजमा जातीय छुवाछूतको समाचारले निकै दुःखी बनाएको छ । जातीय छुवाछूत सभ्य सामाजमा सुहाउने कुरा होइन । संविधानले छुवाछूत तथा भेदभाववविरुद्ध स्पष्ट व्यवस्था गरेको छ । तर यसको कार्यान्वयन हुनसकेको छैन । जातीय छुवाछूत विगतदेखिकै कुप्रथा हो । मान्छे सबै समान हुन् । जातीय भेदभाव गर्नु सामाजिक अपराध हो । सदियौंदेखि विद्यमान छुवाछूत रातारात हटन सक्दैन । तर हामी सबैले प्रयास गर्नुपर्छ ।

छुवाछूत र भेदभाव नहटेसम्म कसरी समाजको उन्नति र समृद्धि सम्भव छ ? शिक्षाबाट बञ्चित दलित समुदाय बढी जातीय विभेदबाट प्रताडित भएका छन् । सहरको तुलनामा ग्रामीण भेगका दलित समुदायले छुवाछूत सहेर बस्नुपर्ने बाध्यता छ । विभेदका कारण आफ्नो वास्तविक थर लुकाएर कोठाभाडामा बस्न बाध्य भएका छन् । कतिपय विद्यालयमा दलित बालबालिकाले आफ्नो वास्तविक थर ढाँटेर नाम लेखाउने गरेका छन् । अहिले स्थानीय निकायको सिफारिसमा जिल्ला प्रशासन कार्यालयले जातीय प्रमाणपत्र दिने व्यवस्था छ । तर थर नै लुकाउने गर्दा उनीहरूले निकै कम संख्यामा प्रमाणपत्र लिइराखेका छन् । थर लुकाउँदा राज्यबाट पाउने सुविधा नपाइरहेको अवस्था छ ।

– जानुका विक, *चौदन्डीगढी-९, उदयपुर*

सबै नेताले प्रधानमन्त्रीको सिको गरून्

प्रधानमन्त्री केपी शर्मा ओलीको मिर्गौला प्रत्यारोपण मुलुकमै भएको समाचारले खुसी तुल्यायो । अब उप्रान्त देशका अरू ठूला नेताहरूले मुलुकमा उपचार गर्नुपर्छ । सरकारी अस्पतालमा यसरी उपचार गर्दा चिकित्सा क्षेत्रको मनोबल बढ्छ । आम नागरिकजस्तै नेता पनि सरकारी अस्पतालमा उपचार गर्दा अस्पतालमा सुधार हुनसक्छ । त्यहाँको गुनासो र सरोकारका विषयमा पनि उपचार गर्ने क्रममा नेताहरूले जानकारी लिँदा राम्रो हुन्थ्यो । यसरी नै भोलि राष्ट्रपति वीर अस्पतालमा उपचार गर्ने, उपराष्ट्रपति पाटन अस्पताल जाने हो भने अस्पतालको स्तरोन्नति त्यसै हुन्छ ।

कुनै समय शिक्षण अस्पतालको नाम दक्षिण एसियामै चलेको थियो । जापान सरकारले दिएको भौतिक पूर्वाधारले अझैसम्म भरथेग गरेको छ । पछिल्लो समय सरुवा, बढुवा तथा अनेक सामान खरिद-बिक्री गर्दाको राजनीतिले यसको अवस्था बिगाऱ्यो ।

मुलुक संघीयतामा छ, स्थानीय तहका प्रमुख/उपप्रमुखले पनि स्थानीय तहभित्रका अस्पतालमा उपचार गनुपर्छ । ग्रामीण भेगका कतिपय ठाउँमा अस्पताल छन्, डाक्टर पनि होलान्, तर परीक्षण गर्ने भौतिक सामग्री अभाव छ । कति ठाउँमा त स्वास्थ्यचौकी पनि मुस्किलले चलेको छ ।

यस्तो अभियान सबै तहहरूमा गर्न पाए कमसेकम सरकारी अस्पतालको सेवाबाट नागरिक पनि लाभान्वित हुने थिए । जनतालाई न्यूनतम स्वास्थ्यसेवा निःशुल्क रूपमा सरकारी अस्पतालले प्रदान गरे त झन् राम्रो । निःशुल्क गर्न नसकेपनि कम खर्चमा देशभरिका सरकारी अस्पतालले उपचार गर्दिएमात्र पनि आम मानिसलाईनिकै फाइदा हुन्थ्यो ।

– श्रीकृष्ण राजवंशी, *सुनकोसी-३, सिन्धुली*

●●●

प्रधानमन्त्री ओली मिर्गौला प्रत्यारोपणका लागि शिक्षण अस्पताल महाराजगन्जमा छन् । ओलीले सरकारी अस्पतालको विश्वास गर्नुले जनमानसमा सकारात्मक सन्देश गएको छ । नेता तथा मन्त्रीहरूको उपचारमा मुलुकले करोडौं रुपैयाँ खर्च गरिरहेको छ । सर्वसाधारण जनतालाई भने सिटामोल खान पनि गाह्रो परिस्थिति छ । अब सबै ग्रामीण क्षेत्रका मानिसले सजिलोसँग उपचार पाउन सरकार र स्वास्थ्यमन्त्री लाग्नुपर्छ ।

– गोविन्द विक, *कपन, काठमाडौं*

●●●

सुविधा सम्पन्न अस्पताल बनाएर आम जनतालाई सस्तोमा सेवा दिनु आजको सरकारको नीति हुनुपर्छ । यो कुरा ओलीले महसुस गरेको जस्तो लाग्छ, तर सरकारको नीति नै यसतर्फ बढ्नुपर्छ । जनतालाई उपचारको महसुल तिर्न निकै गाह्रो छ । मिर्गौला पीडित बिरामीको मर्म झन् ओलीले बुझेको हुनुपर्छ । मिर्गौलाको उपचार निकै महँगो छ । यसलाई सुधार गर्न के कस्तो निर्णय गरिनुपर्ने हो, त्यसमा सरकारको ध्यान जाओस् । प्रधानमन्त्री आफै मिर्गौला पीडित भएको नाताले पनि सम्पूर्ण मिर्गौला पीडितको भावना र पीडा बुझ्दिनुहोस् ।

– समिता केसी, *काठमाडौं*

कोरोनालाई ख्यालठट्टा नसम्झौं

विश्व स्वास्थ्य संगठनले नेपाललाई उच्च जोखिमयुक्त क्षेत्र मानेको छ । अहिलेसम्म तीनहजारभन्दा बढीको ज्यान गइसकेको, चीन बाहिर विश्वभरि नै कोरोना फैलिरहेको छ । सर्वोच्च अदालतले कोरोनाको संक्रमितमुलुकबाट आउने-जाने सबै अन्तर्राष्ट्रिय उडान रोक्न सरकारका नाममा अन्तरिम आदेश जारी गरेको छ । आजभोलि राजधानीमा मानिसको जमघटमा कमी आएको छ । शिक्षण संस्थामा बढ्न सक्ने खतरामाथि पनि सबैको ध्यान पुग्न जरुरी छ । ७ वर्षमुनिका शिशुमा भाइरस संक्रमणको जोखिम अत्यधिक हुनसक्छ । ३-४ हप्ता मुलुकभर शिक्षण संस्था बन्द गर्न सकिन्छ ।

– भुवनेश्वर शर्मा, *चन्द्रागिरि-२, काठमाडौं*

●●●

कोरोनासम्बन्धी तथ्यांक अनुसार इरान, चीन, इटाली र कोरियामा कोरोना संक्रमितमध्ये क्रमशः ०.२२, ०.२७, ०.३९, ०.४४ र १.७१ प्रतिशतले मृत्यु भएको तथ्य छ । यसले कोरियमा मृत्युदर उच्च रहेको देखाउँछ । कोरियाले त्यहाँ कार्यरत नेपालीहरू लगायत सबै विदेशीलाई बाहिर हिँडडुल गर्न प्रतिबन्ध गरेको छ । कोरियामा नेपालीको स्थिति निकै जटिल छ । त्यसैले नेपाल सरकारले कोरियाली कामदारको सुरक्षा सम्बन्धमा आवश्यक र तत्काल कदम चाल्न जरुरी रहेको छ ।

– महेन्द्रसिंह बम, *टीकापुर- १, कैलाली*

●●●

कोरोना भाइरस तीव्रगतिमा संक्रमण फैलिरहेको छ । विभिन्न राष्ट्रहरू आ-आफ्नो स्रोत र साधनले भ्याएसम्म संक्रमण रोक्न तल्लिन छन् । हाम्रो सरकार भने भर्खरै बिउँझिएको छ । निर्णयमै भएपनि सरकार रोग नियन्त्रणमा लागिपरेको जस्तो देखिन्छ । कोरोना भाइरस अत्यन्तै संवेदनशील हुने स्वास्थ्यकर्मी बताउँछन् । हालसम्म कुनै खोप नभएका कारण बिरामीलाई सुविधा सम्पन्न बेडमा राखेर उपचार गर्नुपर्ने हुन्छ । नियमित गुणस्तरीय मास्कको प्रयोगले संक्रमण फैलन दिँदैन । तर विडम्बना, यहाँ संक्रमण छेक्ने मास्कमात्र होइन, सामान्य धुलो रोक्ने मास्कसमेत पाउन छाडिसकेको छ । यसतर्फ सरकार संवेदनशील हुनसकेको छैन । मास्क नै नपाइरहेको अवस्थामा संक्रमितलाई छुट्टै अस्पतालमा कसरी राख्ने ? चीनमा कोरोना फैलिएसँगै नेपालमा पनि यसैको जोखिम छ भनेर त्यतिनै बेला मास्कको जोहो गर्नुपर्थ्यो । संक्रमित राख्ने छुट्टै अस्पतालको व्यवस्थाको लागि ध्यान दिनुपर्थ्यो । मास्कको उत्पादनमा वृद्धि गर्न जरुरी छ अनि कम्तीमा पनि ५०० शैयाको अत्याधुनिक बेडको व्यवस्था गर्न ढिला भइसक्यो ।

– रामकृष्ण बराल, *जोरपाटी, काठमाडौं*

●●●

कोरोना भाइरसको बढ्दो संक्रमणलाई ध्यान दिएर अन्तर्राष्ट्रिय उडान रोक्न अदालतले दिएको आदेश उचित लागेन । आदेश दिएर हुँदैन । जनताको सुरक्षाको लागि वैकल्पिक व्यवस्था गर्नुपर्छ । त्यसका लागि जनताको सुरक्षाको भरपर्दो व्यवस्था गर्ने आदेश अदालतले दिने हो । अन्तर्राष्ट्रिय उडान नै रोकेपछि जनस्तरबाट हुने आवत-जावतमा यसको सोझो असर पर्छ । कति नेपाली श्रमिकहरू विदेशमा पुगेर काम गरिरहेका छन् । उनीहरूलाई फर्किन यसले समस्या पार्छ । यो अदालतबाट आएको अपरिपक्व निर्णय हो । यसमा पुनर्विचार गरियोस् ।

– रमेश भट्टराई, *बारा*

प्रहरीको घट्दो मनोबल

केही वर्षदेखि नेपाल प्रहरीको मनोबल गिराउने काम हुँदै आएको छ । प्रहरीको महाराजगन्जको तालिम केन्द्र कब्जा, प्रदेशमा प्रहरी अतिरिक्त महानिरीक्षकको दर्जा कटौती र अहिले प्रहरी नायव महानिरीक्षकहरूको दर्जा कटौती गर्ने विषय सम्वेदनशील हुन् । राष्ट्रिय प्रहरी प्रतिष्ठानलाई हटाउँदा प्रहरीको संगठनलाई आगामी दिनमा के-के कुरामा असर पुग सक्छ भनेर सूक्ष्म विश्लेषण गरिनुपर्थ्यो । यसतर्फ ध्यान पुऱ्याएन जरुरी छ । देश संघीयतामा गइसकेको अवस्थामा प्रदेशमा प्रहरी अतिरिक्त महानिरीक्षकको पद बहाली गरिनुपर्छ ।

– तीर्थ गुरुङ, *काठमाडौं*

टिपर चालकको लापरबाही

टिपर चालकलाई तालिमको व्यवस्था गरिनुपर्छ । टिपरको दुर्घटनाबाट धेरै नै क्षति भइरहेको अहिलेको

ओलीको दह्रो आत्मनिर्णय

किशोर नेपाल

नेपालको समाचार-संसार र सामाजिक सञ्जालको दृष्टि केही समययता सरकारमा, खास गरी प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीमा केन्द्रित छ। यो अनौठो कुरा होइन। प्रधानमन्त्री ओलीको शरीरमा नयाँ र जवान मिर्गौला प्रत्यारोपण गर्नु छ। बाह्र वर्षअघि नयाँ दिल्लीको अपोलो हस्पिटलमा प्रत्यारोपण गरिएको मिर्गौलाले काम गर्न छाडेको छ। प्रधानमन्त्री ओली यसबारे सचेत थिए। उनले नयाँ मिर्गौला प्रत्यारोपण अमेरिकाको अस्पतालमा गर्न खोजेका थिए। अमेरिकी अस्पतालको खोजीमा उनका निजी चिकित्सक र प्रमुख सल्लाहकार त्यता गए पनि। स्वास्थ्य उपचारको जिम्मेवारी राज्यले लिएको पदमा बस्ने मानिसको उपचार सामान्य अस्पतालमा गर्ने कुरा आएन। उसै पनि संसारको सर्वाधिक राम्रो मानिएको अस्पतालमा उपचार गराउनु नेपालका राजनीतिकर्मीहरूको आकांक्षा हो। प्रधानमन्त्री ओली उपचारका लागि दलबलसहित विदेश गएको देखेका छन्, नेपाली जनताले। यस पटक भने उनले मिर्गौला प्रत्यारोपण स्वदेशमै गर्ने निर्णय लिए। उनको यो दह्रो आत्मनिर्णयको मुक्तकण्ठले प्रशंसा गर्नैपर्छ। यति बेला उनी आफ्नै मामिलामा अपवाद साबित भएका छन्। यसका लागि नेपाली जनताले उनलाई धन्यवाद दिनैपर्छ। पूर्णकालीन राजनीतिमा लागेका सबै नेताका लागि प्रधानमन्त्री ओली उदाहरण बन्न सकून्। उनले स्थापित गरेको उदाहरण सबैले पछ्याऊन्।

संसदमा झन्डै दुईतिहाइ मत पाएर शक्तिशाली सरकार बनाउने नेकपाका अध्यक्ष तथा प्रधानमन्त्री ओलीलाई उनका कार्यकर्ता, समर्थक र शुभचिन्तकहरूले 'सुपरम्यान' का रूपमा हेरेका छन्। उनीहरूले प्रधानमन्त्री ओलीलाई सामान्य मानिसका रूपमा नभई 'चामत्कारिक' नायकका रूपमा हेरिरहेका छन्। प्रधानमन्त्री ओलीको शिरमा भारतले नेपालविरुद्ध गरेको नाकाबन्दीलाई निरस्त गरेको जस छ। यो जस कति सही हो र कति जायज हो ? यसको लेखाजोखा भएको छैन। भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँगको उनको मित्रता घनिष्ठ र प्रभावशाली छ। तर, यो प्रभावको राजनीतिक विस्तार हुन सकेको छैन। नेपाल र भारतका बीच लिपुलेकदेखि मानेभन्ज्याङसम्मका भूमिमा विवाद छरिएका छन्। यी विवादको समाधान अहिलेसम्म खोजिएको छैन। नेपालले आफ्नो स्वाधीन र स्वतन्त्र अस्तित्वका लागि अत्यधिक महत्त्व दिँदै आएको १९५० को नेपाल-भारत सन्धिको खारेजी पनि त्यत्तिकै अलपत्र परेको छ। आर्थिक विकासका क्षेत्रमा पनि नेपाल-भारत सम्बन्ध लरखरिएको छ। नेपालको टड्कारो आवश्यकताका रूपमा रहेको हुलाकी मार्गको निर्माणले गति लिएको छैन। यस्ता अनेक द्विपक्षीय विषय त्यत्तिकै लटकिएका छन्। भारतसँग सल्टाउनुपर्ने अरू पनि यस्ता धेरै विषय छन्, जसको अभिलेख परराष्ट्र मन्त्रालयले राखेको होला। नेपाल-भारत सम्बन्धमा 'ओली-मोदी' मित्रताको भरपर्दो योगदान केलाई मान्ने हो ? सम्भवतः परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीसँग यसको जवाफ होला।

प्रसंगमा, यो भन्नु समीचीन ठहरिनेछ– प्रधानमन्त्री ओलीले मोदीसँगको मित्रतालाई नेपाल-भारतबीच आर्थिक विकासका एजेन्डा तय गर्ने काममा प्रयोग गर्नुपर्छ। व्यक्तिगत सम्बन्धको घनिष्ठताले राष्ट्रिय स्वार्थको परिपूर्ति गर्न सक्यो भने त्यसले नेताको कीर्ति अक्षुण्ण राख्न पनि महत गर्नेछ। व्यक्तिगत सम्बन्ध जतिसुकै घनिष्ठ भए पनि नीति निरपेक्ष भयो भने त्यसले कुनै फल दिन सक्दैन। नेपालमा हुने राजनीतिक गतिविधिहरूलाई भारतले राजनीतिक तहमा होइन, सुरक्षा तहमा राखेर पर्यवेक्षण गर्ने गरेको छ। यसको जानकारी यहाँका प्रत्येक नेतालाई छ। तर पनि यो विसंगत अवस्था हटाउन नेपाल सरकारले कुनै प्रयास गरेको देखिएको छैन। आन्तरिक राजनीतिमा व्यस्त भएर होला, प्रधानमन्त्री ओलीको ध्यान यतातिर खिचिएको देखिँदैन। सरकारले भारतसँग राजनीतिक स्वार्थअनुकूल व्यवहार गर्न सकेको छैन। भारतमा अहिले भाजपाको सरकार छ, जसका नेताहरू नेपालबाट राजतन्त्रको उन्मूलन भएकामा प्रसन्न छैनन् भन्ने विश्वास गरिएको छ। भाजपा नेपाललाई धर्मनिरपेक्ष देश होइन, हिन्दु राष्ट्रका रूपमा हेर्न चाहन्छ भन्ने विश्वास स्थापित गर्न नेपालका राजनीतिकर्ताहरू नै लागेका छन्।



पूर्णकालीन राजनीतिमा लागेका सबै नेताका लागि प्रधानमन्त्री ओली उदाहरण बन्न सकून्। उनले स्थापित गरेको उदाहरण सबैले पछ्याऊन्।

संविधानसभाले एक दशकसम्म 'गहन' छलफल गरेर बनाएको तथा पारित गरेको संविधान संक्रमणमा पर्नु पक्कै पनि दुर्भाग्य हो। संविधानलाई संक्रमणबाट बाहिर ल्याउन नसक्नु राजनीतिक खेलाडीहरूको बौद्धिक दरिद्रता हो। यो दरिद्रताका कारण देशका कतिपय जाति र जनजाति संविधानमा समेटिएका छैनन्। संविधान जारी भएको दुई वर्ष पनि पूरा नहुँदै हिन्दु राज्यको कुरा उठ्न थालेको छ। छिमेकमा हिन्दुवादी दलको सत्ता हुनेबित्तिकै नेपालमा पनि त्यसको प्रभाव देखिनुपर्छ भन्ने मानसिकताले स्थितिलाई बिथोल्छ। भाजपाको मूल सिद्धान्त हिन्दुत्व हो भने नेपाल त्यसको अनुयायी कैलालीका थारुविरोधी मुद्दा टुंग्याइएको छैन। यो मुद्दा टुंग्याउँदा देशले फाइदा पाउँछ। थारु जाति नेपालको धरोहर हो। यो सत्यलाई सरकारले आत्मसात् गर्नुपर्छ।

निश्चय पनि प्रधानमन्त्री ओलीको दृढ आग्रहका कारण चीनका राष्ट्रपति सी चिनफिङले नेपालको भ्रमण गरे। यो एक किसिमको उपलब्धि थियो, नेपालका लागि। सीको भ्रमणले नेपालीहरूको आकांक्षाको नक्सामा धेरै ठूलो विस्तारको रेखा खिच्यो। चिनियाँ रेलले केरुङ बजारलाई विशाल चिनियाँ बजारको एक विन्दुका रूपमा स्थापित गर्नेबित्तिकै केरुङदेखि काठमाडौंसम्म र त्योभन्दा पर रेलको लिक बनाइदिने राष्ट्रपति सीको वचन यथासमय पूरा हुने नै छ। एक थरी नेपालीले भारतले नाकाबन्दी गरेका बेला पनि नेपालका लागि चीनको बजार खोलेकामा प्रसन्नता जनाएका छन्। उनीहरूले चीनलाई भारतको वैकल्पिक बजारका रूपमा हेरेका छन्। चीनको भ्रमण गरेर व्यापार र पारवहनको बाटो खोलेपछि प्रधानमन्त्री ओलीको लोकप्रियता बढेको हो। देशमा अहिले जुन पार्टीको शासन चलेको छ, त्यसमा नेतृत्वको हुनुपर्छ भन्ने केही छैन। सदा सनातनदेखि यो देशमा बहुसंख्यक हिन्दुहरूको बास छ। उनीहरू बडो संयमपूर्वक आफ्नो सनातन धर्मको पालना गरेर बसेका छन्। यसमा कसैको विमति नहोला। नेपाल धर्मनिरपेक्ष देश भएकै कारण यहाँ बुद्ध धर्मको उत्तिकै सम्मान छ। बुद्ध वा हिन्दुसँग जोडिएका स्थानीय धर्मको बाक्लो उपस्थिति छ, यो देशमा। 'होली वाइन' का समारोह पनि भएका छन्, यो देशमा। जनकपुरधाम र अयोध्याधामबीच सुसम्बन्ध अहिले पनि जारी छ। जसले जति कराए पनि नेपाल अहिले लोकतन्त्रको बाटामा एकाग्र हुन खोजिरहेको छ। तर, सरकारले स्थानीय तहमा अनावश्यक मुद्दामामिला बढाएको छ। उदाहरणका लागि, लोकप्रियता बढाउने काम पहिलो मानिन्छ। हामी नेपालीहरूले अहिलेसम्म ताली नै बजाएका छौं। किनभने हामी ताली बजाउन खप्पिस छौं। हो, चीनबाट केरुङको बाटो रेल आएपछि हाम्रा सन्तानले झन् ठूलो उत्साहका साथ त्यसको स्वागत गर्नेछन्।

प्रधानमन्त्री ओली अस्पतालको शय्यामा पल्टिएको अवस्थामा यस्ता विचार नपचाउने धेरै होलान्। तर, यसमा त्यस्तो विभेद केही गरिएको छैन। यो भन्नु कि 'सरकारले नारा बढी लगाएको र काम थोरै गरेको छ,' नारा होइन यथार्थ हो। जुन परिस्थितिमा लोकतान्त्रिक व्यवस्थाको परिचालन भएको छ, त्यसले सबै नेपालीको हुर्मत लिएको छ। राजनीतिक दलहरूबीच हरेक क्षेत्रमा भएका भागबन्डाले सबै सार्वजनिक संस्था निर्जीव भएका छन्। योग्यता, क्षमता र दायित्वबोध गर्न नसक्ने मानिसहरूको भीड लागेको छ, देशमा। अयोग्यको दबदबा छ। भ्रष्टाचार पाइला-पाइलामा भेटिएको छ। हामीले संघीय लोकतान्त्रिक गणतन्त्रलाई आफ्नो राज्य व्यवस्थाका रूपमा चुनेका छौं। तर, संघीय शासनलाई कमजोर बनाउने काम निरन्तर जारी छ।

यो परिस्थितिमा प्रधानमन्त्री ओली बडो उच्च मनोबलका साथ मुस्कुराउँदै अस्पताल छिरेका छन्। उनले अस्पताल पस्दापस्दै भनेका छन्, 'सपना अलपत्र पारेर म अलप हुन्नँ।' प्रधानमन्त्री ओलीका तर्फबाट यो जनतालाई दिइएको 'दिलासा' हो। सपना अलपत्र पारेर उनी अलप हुनेछैनन्। तर, सपना त सपना नै हुन्छ। अहिलेसम्म पनि अँध्यारोमा बस्न बाध्य भएको नेपाली समाजको रूपान्तरण गर्न उनको फूलजस्तो सुवासित सपनाले केही न केही काम त पक्कै गर्ला ! अपरेसन थिएटरबाट निस्किएका प्रधानमन्त्री ओलीलाई छिटो आराम होस्, शुभकामना !

महिनावारी बार्नु पनि महिला हिंसा

राधा पौडेल

विश्व स्वास्थ्य संगठनका अनुसार, युरोपमा ४०-५० प्रतिशत महिला यौन दुर्व्यवहारमा पर्छन्। हरेक तीन महिलामा एक जनाले शारीरिक, यौनिक वा हिंसा अनुभूति गर्ने गरेको संयुक्त राष्ट्रसंघ जनसंख्या कोषले उल्लेख गरेको छ। युनिसेफले हरेक दस मिनेटमा एक किशोरीको हिंसाका कारण मृत्यु हुने गरेको जनाएको छ। यी तथ्यांक समुद्रमा तैरिरहेको बरफको टुप्पो मात्र हुन्।

संसारमा महिनावारीसँग जोडिएको सोच, धारणा र व्यवहार समाजपिच्छे फरक-फरक छ। सन् २०१४ अघि विश्व मानव अधिकार र विकासको इतिहासमा महिनावारीले खासै महत्त्व पाएको थिएन। महिनावारी अज्ञानताको मौनताभित्र बन्धक भयो। समाजपिच्छे महिनावारीका कारण बालक र बालिकाबीच भिन्नता कतै पातलो, कतै बाक्लो हुन्छ। बालिकाले महिनावारी हुनुपूर्व नै घरमा आमालाई छुवाछूत गरेको व्यवहारबाट महिनावारीको अवस्था थाहा पाउँछन्। यसले बालिकामा यो अवस्था पाप वा अशुद्ध हो भन्ने धारणा बनाउँछ। बालिकामा आमाको अनुसरण गर्दै बार्नुपर्ने कुराहरू बार्दै जाने र सहने बानीको विकास हुन्छ। यस्तै सहने बानीका कारण बलात्कार वा अन्य कुनै हिंसाबाट पीडित बन्दा पनि महिलाहरू प्रायः मौन रहन्छन्।

सोही उमेरका बालकहरूमा भने आफू शुद्ध वा शक्तिशाली छु भन्ने अहं पैदा हुँदै जान्छ। कालान्तरमा यही शक्तिको दुरुपयोग गर्दै बलात्कारीसम्म बन्न सक्छन्। जन्मँदा बालक-बालिका दुवै मानव थिए, तर महिनावारीसँग जोडिएको सोच, धारणा र व्यवहारका कारण पीडित र पीडक बनाइए। महिलामाथि पुरुष हिंसा जैविक दोषभन्दा पनि सामाजिकीकरणको दोष हो। सजिलो भाषामा शक्ति निर्माण र दुरुपयोग घर, स्कुल, कार्यक्षेत्रबाट हुन्छ। अनुसन्धान अनुसार संसारभर महिनावारीलाई लाज, निषेध र भ्रमको मानिन्छ र महिलाहरू घर, स्कुल, कार्यक्षेत्र सबैतिर हिंसामा परेका छन्।

महिनावारीको समयमा कुनोमा वा छाउगोठमा बस्ने, खानेकुराबाट पनि वञ्चित रहने हुँदा मानसिक रूपमा हीनताबोध उत्पन्न हुन्छ। पौष्टिक खानेकुरा (दूध, माछामासु, फलफूल, तरकारी) को अभावमा प्रतिरक्षा शक्तिमा कमी भई कुपोषण लगायत विभिन्न रोग लाग्छन्। यो पनि महिला हिंसाको एउटा रूप हो। त्यसैगरी महिनावारीका बेला ठाउँ, मानिस, वनस्पति आदि छुन नदिँदा महिलाहरूको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, सहभागिता, स्वतन्त्रताको अधिकार हनन हुन्छ। महिनावारी भएका बेला घर, भान्सा, बैठक, समारोहमा सहभागी हुन नपाउनु पनि हिंसा हो। महिनावारीमा यस्ता हिंसाहरू खप्टिएका हुन्छन्।

महिनावारी बार्ने अभ्यासका कारण पढ्न नपाउने, स्कुल छोड्नुपर्ने, राम्रो जागिर नपाउने जस्ता असरहरू देखिन सक्छन्। महिनावारीका बारेमा सत्यतथ्य जानकारी नपाउनु समेत हिंसा हो। जानकारी नपाएकाले पाठेघर, मृगौलासँग सम्बन्धित रोग लाग्नु हिंसाकै अर्को पाटो हो। महिनावारी बार्ने अभ्यासले प्रत्यक्ष शारीरिक, मानसिक, राजनीतिक हिंसा गर्छ। अप्रत्यक्ष रूपमा पनि हिंसा गरिरहेको छ। पेटमा बच्चा भएदेखि मृत्युपर्यन्त पनि महिनावारी अभ्यासले हिंसा गरेको हुन्छ। मृत्यु संस्कारका बेला महिनावारी भएकी महिला सहभागी हुन त के, देखिन पनि हुन्न भन्ने मान्यताले यो कुरा प्रस्ट पार्छ। महिलामाथि कस्ता-कस्ता हिंसा भए, फेहरिस्त लामै छ।

नेपाली समाजमा महिला हिंसाको अदृश्य कारण महिनावारी सम्बन्धी अभ्यास हो। महिला हिंसाको न्यूनीकरणमा लागिरहेको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले महिनावारी बार्ने कुप्रथामा अन्तर्निहित हिंसाको पाटोमा ध्यान पुऱ्याउन आवश्यक छ।

बलात्कारमा पर्नु, श्रीमान्ले कुट्नु वा जलाउनु मात्रै महिला हिंसा हो भनेर बुझाउनु र बुझ्नु हाम्रो समाजको कमजोरी हो। संविधानको मौलिक हक सम्बन्धी धारा १६ मा सम्मानपूर्वक बाँच्न पाउने अधिकार छ। त्यस्तै संविधानका विभिन्न धारामा समानताको अधिकार, छुवाछूत तथा भेदभाव विरुद्धको हक, शोषण विरुद्धको अधिकार, स्वच्छ वातावरणको अधिकार, स्वास्थ्यको अधिकार, खाद्यको अधिकार, आवासको अधिकार, महिलाको हक र बालबालिकाको अधिकार सुनिश्चित गरेका छन्।

महिनावारी भएका बेला महिलामाथि असंख्य सामाजिक बन्देज लाद्ने गरिएको छ। के छुन हुने र के नहुने, कता जान हुने र नहुने जस्ता कुचलनले महिलालाई दीनहीन बनाइरहेका छन्। यस्ता रूढिका कारण महिलाहरू पलपल हीनताबोधले थिचिन बाध्य छन्।

घरेलु हिंसा कसुर ऐन-२०६६ ले पनि महिनावारीलाई हिंसाकै रूपमा परिभाषित गरेको छ। उक्त ऐनले भन्छ– कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको अर्को कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना .... हिंसा सम्झनुपर्छ।

के गाउँ के सहर, के स्वदेश के विदेश, के पढालेखा के अनपढ, सबैजसो नेपाली महिलाका लागि महिनावारी बार्नु आवश्यक ठानियो। कतिपय सन्दर्भमा धर्म, संस्कार र संस्कृतिका कारण यस्तो कुचलनले जरो गाड्दै गयो। तर, अब यसलाई जरैदेखि उखाल्न ढिलो भइसकेको छ। नत्र महिला हिंसा पनि घट्नुको साटो चुलिँदै जान्छ। महिला हिंसामुक्त नेपाली समाजका लागि महिनावारीलाई मर्यादित बनाउनुको विकल्प छैन।

विदेशियाहरूको बात

डेटलाइन तराई

चन्द्रकिशोर

उसको नाम विदेशिया हो। देहातातिर बस्छ। दस-बाह्र वर्षको विदेशियाको कामै आफ्नो घरपरिवारलाई सघाउनु हो। दिनचर्या उही– घाँस काट्नु, भैंसी चराउनु। तर ऊ जे काम पनि मन लगाएर गर्छ। तन्मयताले दूध दुहुँदा उसका औंलाहरू यति लयबद्ध हुन्छन् कि, हेर्नेहरू पनि छक्क पर्छन्। ऊ गफ पनि रमाइलो गर्छ। 'विदेशिया, तिमी स्कुल जाँदैनौ ?' भनी कसैले सोधे, ऊ तुरुन्त जवाफ दिन्छ, 'यो त अल्छीहरूको काम हो। जोसँग काम हुँदैन, उही स्कुल जान्छ।' उसले पक्कै घरमा यस्तो कुरा सुनेको हुनुपर्छ। ऊ आफू कमासुत (काम गर्ने) भएकामा दंग रहन्छ। त्यही प्रश्न उसका बुबालाई सोधियो भने सोझो जवाफ हुनसक्छ, 'स्कुल पठाएर के हुन्छ ? पढेर कसले रोजगारी पायो ? पाइयो भने पनि कति पैसा पाउला ?' थप कोट्याउनुभो भने उनले अगाडि थप्लान्, 'गुजारा गर्नको लागि जेजति सिक्नुपर्ने हो, त्यो त विदेशियाले घरगृहस्थीको कामबाटै सिकिहाल्छ।' तपाईंको अर्को जिज्ञासामा उनले भन्लान्, 'जुन पढाइ-लेखाइले पेट पाल्ने नौकरी दिन सक्दैन, त्यस्तो पढाइले बरु यस्तो रोजीरोटी चल्ने धन्दालाई हेला गर्न सिकाउँछ।' विदेशिया पढ्न थाल्यो भने पहिले उसले घरपरिवारमा गर्दै आएको धन्दालाई छाड्न सक्छ, त्यो काम गर्नुमा आफ्नो गरिमा हराएको ठान्न सक्छ र आफ्ना बुबालाई 'गँवार' ठान्न सक्छ !

गाउँ-देहातमा विदेशिया र उसका बुबाजस्तै मान्छेहरू कम छैनन्। कतिपय यस्ता विदेशियाहरू विदेसिएका पनि छन्। यो कथाले ठूलो आबादीको प्रतिनिधित्व पक्कै गर्छ, जसको जीवनचक्र, अस्तित्वरक्षाका लागि जारी जीवन संघर्ष र जिजीविषासँग जोडिएको उसको समझदारी अक्षर ज्ञानको आकांक्षी छैन। यो समूह प्रदेश वा समाजको आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक संरचना वा सञ्चालनका निम्ति एउटा अभिन्न साझेदार हो। अब यो आबादीले प्रश्न गर्दै छ– लेखपढ किन गर्ने ? यो आबादीलाई बाँच्नका निम्ति स्वयंको परिवार र जिन्दगीले जे सिकाउँछ, त्यो शिक्षाले दिन्छ भन्ने लाग्दैन। विदेशियाको कथा हाम्रो वर्तमानको त्रासदी हो, जसले एकै पटक कैयौं संकटतर्फ संकेत गर्छ। यसले साक्षर नेपालको संकल्पलाई समेत गिज्याउँछ।

तपाईंका वरिपरि विदेशिया जस्तै पल्टु, सोनफी, बटेसर, इस्माइल हुन सक्छन्, जो स्कुल जान पाएका छैनन्। विद्यालय समाजकै सानो रूप हो। त्यहाँ समाजको कुन तप्का पुगेको छ, कसरी पुगेको छन् वा त्यहाँ पुग्नुलाई कसरी लिइरहेको छ, यसले विद्यार्थी-विद्यालय सम्बन्धलाई देखाउँछ। स्कुल छेवैको बच्चाले पढ्न पाएको छैन, त्यसबाट लाभ लिन सकेको छैन वा पढाइको विरुद्धमा सोचाइ बनाएर बसेको छ भने त्यो कसको असफलता हो ? कुनै तप्काले स्कुल नगए पनि आफ्नो जिन्दगीको गाडी गुडेकै छ भन्ने ठान्नु र स्कुलबाट दूरी राख्न चाहनु त्यो तप्काको मात्र होइन, स्कुल र स्थानीय सरकारकै असफलता हो। स्कुल भनेको समाजसँग समुदायविशेषको अन्तरक्रिया पनि हो। स्कुलको अवस्था, त्यसबारे जनसामान्यको बुझाइले स्कुलको भूमिका निर्धारण हुन्छ। अब त यसले घरछेउको सरकारको अनुहारलाई समेत प्रस्ट्याउँछ।

भुइँतहमा व्याप्त यस्तै मनोविज्ञानले विदेशियाहरू वैदेशिक रोजगारीतर्फ धकेलिएका छन्। अभिभावकहरू उमेर बढाएर भए पनि बच्चालाई चाँडो कमाउन पठाउने ध्याउन्नमा हुन्छन्। अरूका त्यही उमेरका बच्चा स्कुल दौडिरहेका बेला आफ्ना बच्चा घरकै काममा लागिरहँदा वा अलि ठूलो भएपछि कमाउन बाहिरिँदा

कुनै तप्काले स्कुल नगए पनि आफ्नो जिन्दगीको गाडी गुडेकै छ भन्ने ठान्नु र स्कुलबाट दूरी राख्न चाहनु त्यो तप्काको मात्र होइन, स्कुल र स्थानीय सरकारकै असफलता हो।

अभिभावक दंग पर्ने मनोविज्ञानको विकास भयो कसरी ? आर्थिक अवस्था कमजोर भएकै कारण यस्तो तात्कालिक लाभको सोचाइ उब्जिएको हो ? तुरुन्त तृप्त हुने मनोविज्ञानका पछाडि कुन खालको आर्थिक-सामाजिक विन्यासले काम गरिरहेको छ ? भुइँतहमा व्याप्त यस्तो मनोविज्ञानका लागि दोषी को हो ? यस्ता प्रश्नहरूको उत्तर नखोजेसम्म स्कुलभित्र सिंगो समाजको प्रतिनिधित्व हुन पाउँदैन। एउटा तप्का स्कुलबाट टाढिइरहने परिस्थिति उब्जिरहन्छ।

विदेशिया जस्ताका बाबुको एउटा चिन्ता जायज देखिन्छ। त्यो हो– लेखपढ गर्न थालेपछि खेतीकिसानीलाई उपेक्षाको दृष्टिले हेरिनु; पढेपछि घरकै काममा सहयोग गर्न लाज मान्न थाल्नु र अहिलेको शिक्षाले रोजगारी दिन नसक्नु। यो अवस्था आयो कसरी ? कसले यसका बारे खोजीनिती गर्ने ? यस्ता बुझाइ रहेसम्म कृषिमा रूपान्तरणको कामलाई मूर्त रूप दिन सकिन्न। मान्छेले सधैं केही न केही सिकिरहेको हुन्छ, आजीविका चलाउन। यसले उसलाई बाँच्ने सामर्थ्य दिन्छ, साहस दिन्छ। हामी जसलाई लेखपढ गराउने भन्दै छौं, उसलाई पनि त्यसै अनुरूप ढाल्नुपर्छ, ताकि उसले त्यो आबादीलाई लेखपढ पनि आजीविकाका लागि जरुरी हुन्छ भन्ने अनुभूति गराउन सकोस्। जबसम्म यस्तो गरिँदैन, हाम्रो बाह्रखरीले त्यो आबादीलाई आकर्षित गर्दैन। साक्षरताको कार्यक्रमले त्यसलाई पहिचान र गरिमा दिन्छ। आफू सार्वभौम भएको अनुभूति दिलाउँछ। के बिर्सनु हुन्न भने, प्रत्येक आन्दोलन अधिकार र स्वतन्त्रतासँग अनिवार्य रूपमा जोडिएको हुन्छ। त्यस्तो अधिकार र स्वतन्त्रताप्राप्तिको सम्भावनाको ढोका खोल्ने अक्षरलाई त झन् जनआन्दोलनको विषय बनाउनुपर्छ।

स्वाधीनता र कल्पनाशीलताको सम्भावनाले नै अक्षरहरूलाई अक्षर वा अमर बनाउँछ। जब मान्छे स्वयं पढ्न-लेख्न थाल्छ, तब उसले सोच्न थाल्छ, निर्णय लिन थाल्छ, जुन मुक्तिको दिशामा, दिमागको स्वतन्त्रताको दिशामा ठूलो फड्को हुन्छ। पढाइ-लेखाइबिना पनि कसैले कमाइ त गर्न सक्छ, तर पढेपछि कमाइ थप सुरक्षित हुन्छ। घरकै कामकाजबाट आय आर्जन गर्न पनि पढ्नुपर्छ भन्ने बुझाइ भुइँतहमा विस्तार गर्न जरुरी छ। विदेशिया र उसका बाबुले विभेद र बन्धकीको अर्थ बुझ्छन् र पक्कै त्यसको जाँतोमा पिल्सिन चाहँदैन भने स्कुलसँग तिनको साइनो जोडिदिनैपर्छ। किनकि सामाजिक-आर्थिक अवस्था कमजोर भएकाहरू मात्रै स्कुलबाट टाढिएका छैनन्। कसैले लेखपढमाथि नै किन प्रश्न उठाउँछ भन्ने बुझ्न समग्रतामा यसको केस्रा-केस्रा केलाउनुपर्छ। सरकारले निरक्षरता उन्मूलन गर्न यस्ता भुइँ यथार्थबारे ध्यान दिनैपर्छ।

अर्को कोणबाट पनि हेरौं। निरक्षरता उन्मूलनका नाममा हामी तिनलाई लेखपढ गर्न सिकाउँदै छौं, जसले जीवनलाई हामीभन्दा बढी बुझेका छन्। जबसम्म स्थानीय ज्ञान, परम्परा र उत्पादनलाई सगोलमै राखेर अहिलेका सरकारी उपक्रम अगाडि बढ्दैनन्, तबसम्म ठूलठूला नाराहरूले सार्थकता पाउँदैनन्। सबै वर्ग र क्षेत्रका बालबालिकाको सामाजिक न्याय, पहुँच र सार्थक प्रतिनिधित्वका लागि समावेशी शिक्षा चाहिन्छ र त्यसको प्रत्याभूति गर्ने प्रारम्भिक जिम्मेवारी स्थानीय सरकारको हो। फरक क्षमता भएका बालबालिकालाई छेउकै स्कुलसँग कसरी जोड्ने र तिनमा हुर्किँदै गरेको भिन्न हुँ भन्ने बुझाइलाई कसरी हटाउने, त्यसतर्फ स्कुलहरूलाई अभिप्रेरित गराउन ढिलो हुँदै छ।

आफ्नै वरिपरि रोजगारी र उद्यमशीलताका अवसरहरू विकसित गर्न सके गाउँ रित्तिने अवस्थामा कमी आउँथ्यो। तर के भइरहेको छ भने, घरनजिकको सरकार रोजगारमूलक तालिमका नाममा स्थानीय आवश्यकता, माग र सम्भावनामाथि जोड दिनुको साटो कर्मकाण्डी तालिममा अल्झिएको छ। स्थानीय सरकारहरूको सफलता र सार्थकता रित्तिँदा गाउँमा जीवन फर्काउनुमा हुन्छ। अनि पो कृषि संस्कृतिसँग जोडिएको फागु पर्वका बेला खुसी र समृद्धिको कामनासाथ गाइने 'सदा आनन्द रहे एही दुआरे, मोहन खेले होरी हो' ले सही अर्थ पाउँथ्यो। अहिले त फागुका लागि भारत र खाडी मुलुकबाट घर फर्कंदै गरेका अनपढ विदेशियाहरू सामान्य लेखपढ गर्न नजानेकै कारण रोजगारी स्थलमा बेहोर्नुपरेका हैरानीका माझ गाइरहेका छन्–

भइवा रे, हमको मिला धक्का,
धक-धक धक्का
हम तनिको न घबराए,
न हुए हम हक्का-बक्का
जोगिडा साराराारा... ...

तालिवानमाथि आक्रमण

अमेरिका र तालिवान लडाकुद्वारा शान्तिसम्झौता उल्लंघन

वासिङ्टन (एजेन्सीहरू)- अमेरिकी सेनाले अफगानिस्तानको तालिवान लडाकुविरुद्ध हवाई आक्रमण गरेको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले समूहका नेतासँग 'धेरै राम्रो वार्ता भएको' बताएको केही घण्टापछि तालिवानविरुद्ध उक्त आक्रमण गरेको बीबीसीले जनाएको छ। अफगानिस्तानमा वर्षौंयता जारी युद्ध अन्त्यका लागि शनिबार अमेरिकाले तालिवानसँग एउटा महत्त्वपूर्ण सम्झौता गरेको थियो।

अमेरिकी सुरक्षा बलका प्रवक्ताले भने, 'हेलमन्ड प्रान्तमा अफगान सुरक्षा बल लक्षित तालिवानी लडाकुले आक्रमण गरेको जवाफमा बुधबार समूहविरुद्ध हवाई आक्रमण गरिएको हो।' यसबारे तालिवान पक्षबाट कुनै प्रतिक्रिया आएको छैन। अमेरिकी हवाई आक्रमणमा भएको जनधनको क्षतिबारे तत्कालै केही बताइएको छैन। दुई पक्षबीच शनिबार भएको सम्झौतामा एकअर्कामाथि आक्रमण नगर्ने उल्लेख छ। तर अमेरिकाले ११ दिनयता सम्झौतापछि पहिलोपटक तालिवानविरुद्ध आक्रमण गरेको छ। अफगानिस्तानमा अमेरिकी बलका प्रवक्ता कर्नेल सोन्नी लेगेटले ट्वीटमार्फत भनेका छन्, 'अफगान राष्ट्रिय सुरक्षा बलको जाँचचौकीमा भएको आक्रमणविरुद्ध 'रक्षात्मक जवाफी' कारबाही गरिएको हो।'

यसैबीच, चिनियाँ समाचार समिति 'सिन्हुवा' का अनुसार तालिवनी लडाकु समूहले अफगानिस्तानको दुइटा प्रान्तमा गरेको आक्रमणमा परी कम्तीमा १९ अफगान सैनिक मारिएका छन्।

अफगानिस्तानको कुन्दुजमा भएको आक्रमणमा परी १२ अफगान सैनिकको मृत्यु हुनुका साथै अन्य ४ जना घाइते भएका छन्। प्रान्तीय राजधानी कुन्दुज सहर बाहिर इलाकमा उत्तरी क्षेत्रमा रहेको बाघ ई सिर्कातस्थित सैनिक शिविरमा आक्रमण भएको प्रान्तीय परिषद्का फावजिया जवादले बताए।

उनका अनुसार मध्यरातबाट सुरु भएको आक्रमण र त्यसपछि दोहोरो झडपमा परी तालिवान आतंककारी समूहका कैयौं सदस्य मारिएका छन्। कुन्दुज सहरकै पूर्वी भागमा पर्ने इलाकामा तालिवानी लडाकु समूहले गरेको अर्को छुट्टै आक्रमणमा परी ४ जना स्थानीय प्रहरी मारिएका छन्। उक्त आक्रमणपछिको झडपका परी तालिवानी लडाकुका तीन सदस्य पनि मारिएका स्थानीय प्रहरीले बताए।

कुन्दुज प्रान्तको छिमेकमा पर्ने बाल्ख प्रान्तमा तालिवान लडाकुको आक्रमणमा परी अफगान स्थानीय प्रहरीका तीन सदस्य मारिएका छन्। बाल्ख प्रान्तको बाल्ख जिल्लाको समार्कानयान गाउँमा सो आक्रमण भएको थियो। अमेरिका र अफगानिस्तानको तालिवान समूहबीच गत शनिबार (फेब्रुअरी २९ मा) कतारको दोहामा शान्तिसम्झौतामा हस्ताक्षर भएको थियो।

सम्झौताका लागि अमेरिकाका तर्फबाट विदेशमन्त्री माइक पोम्पेओ र तालिवानी समूहका नेता कतारको राजधानीमा पुगेका थिए। सम्झौतापछि अमेरिका र उसका सहयोगी राष्ट्रद्वारा उत्तर एटलान्टिक सन्धि संगठन (नेटो) अन्तर्गत अफगानिस्तानमा कार्यरत सम्पूर्ण सैनिकलाई आगामी १४ महिनाभित्र फिर्ता लाने सहमति भएको छ। सम्झौतामा हस्ताक्षर भएपछि अफगानिस्तानमा तैनाथ ८ हजार ६ सय सैनिकलाई अगामी १ सय ३५ दिनभित्रमा पहिलो चरणमा फिर्ता लगिने छ भने अमेरिका र उसका सहयोगीले बाँकी सबै सैनिकलाई १४ महिनाभित्र फिर्ता गर्ने विज्ञप्तिमा उल्लेख छ।

सम्झौताअनुसार अफगानी विद्रोहीको प्रभाव क्षेत्रमा अल कायदा तथा अन्य अतिवादी इस्लामिक समूहका गतिविधि नियन्त्रणमा तालिवान समूहले सरकारलाई सहयोग गर्ने छ। दोहा सम्झौताले विगत १८ वर्षदेखि अफगानिस्तानमा तैनाथ भई लड्दै आएका हजारौं अमेरिकी सेनालाई फिर्ता हुने वातावरण मिलेको भए पनि आक्रमणले सम्झौतामाथि प्रश्नचिह्न खडा गरिदिएको छ।

इरानमा ५४००० कैदी मुक्त

२३ इरानी सांसद कोभिड-१९ बाट संक्रमित

इरानको राजधानी तेहरानस्थित भूमिगत रेलमा कोरोना भाइरस संक्रमण रोक्न औषधि छर्कदै कर्मचारी। *तस्बिर : एपी*

तेहरान, इरान (एजेन्सीहरू)- कोराना भाइरस (कोभिड-१९) फैलिएपछि इरानले ५४ हजार कैदीलाई अस्थायी रूपमा कारागार मुक्त गरेको छ। न्यायिक प्रवक्ता गुलाम हुसेन इस्माइलका अनुसार भाइरस संक्रमण फैलिन नदिन सरकारले उक्त निर्णय गरेको हो। कारागारमा केही कैदीको स्वास्थ्य परीक्षण गर्दा संक्रमित भएको भेटिएपछि थपमा फैलिनबाट रोक्न उनीहरूलाई रिहा गरिएको हो।

इस्लाइलले भने, 'इरानी करागारमा कैदीहरू धेरै छन्, संक्रमितबाट भाइरस फैलिन सक्छ। त्यसैले पछिल्लो निर्णय गरिएको हो।' सरकारले संक्रमण फैलिन नदिन इरानले हजारौं स्वास्थ्यकर्मी परिचालन गरेको छ। इरानको सरकारी सञ्चारमाध्यमका अनुसार मुलुकमा कोभिड-१९ बाट मृत्यु भएको संख्या बुधबार ९२ पुगेको छ। इरानमा ५ सय ८६ जना नयाँ संक्रमितसहित संख्या २ हजार ९ सय २२ पुगेको छ। इरानी सहर क्वामस्थित विभिन्न पवित्र धार्मिक स्थलमा अत्यधिक भीडभाडका कारण कोरोना भाइरस फैलिएपछि इरान सरकारमाथि दबाब परेको छ।

उक्त क्षेत्रमा इराक, कुवेत, संयुक्त राज्य इमिरेट्स र बहराइनका धर्मावलम्बीसमेत आएको बताइएको छ। इरानी अधिकारीहरूले सुरुमा आफ्ना नागरिकलाई भाइरस नियन्त्रणमा आउने आश्वस्त परे पनि २३ सांसद संक्रमित भएपछि सुरक्षाको उपाय अप्नाउन सरकार बाध्य भएको हो। इरानको २ सय ९० सदस्यीय संसद्मा २३ सांसद (८ प्रतिशत) संक्रिमत छन्। कम्तीमा ७ जना सरकारी अधिकारीको कोभिड-१९ बाट मृत्यु भइसकेको छ। तीमध्ये इरानी सर्वोच्च नेता आयोतोल्ला अलि खमेनीका एक जना सल्लाहकारको सोमबार मृत्यु भएको थियो।

चिनियाँ मूलका विद्यार्थीमाथि आक्रमण

चिनियाँ मूलका सिंगापुरका एक विद्यार्थीमाथि बेलायतको राजधानी लन्डनमा आक्रमण भएको छ। कोरोना भाइरस (कोभिड-१९) लाई जातीयतासँग जोडेर भइरहेको आक्रमणको पछिल्लो तारो ती विद्यार्थी बनेका हुन्। लन्डनमा पढ्दै आएका २३ वर्षीय जोनाथन मोकमाथि आक्रमण भएको हो। उनले फेसबुकमार्फत लन्डनको अति व्यस्त मानिने अक्सफोर्ड स्ट्रिटमा एउटा समूहले गरेको आफूमाथि आक्रमण गरेको जनाएका छन्। गत फेब्रुअरी २४ मा भएको उक्त आक्रमणबारे उनले आफ्नो स्टाटसमा विस्तृत रूपमा लेखेका छन्।

मोकले लेखेका छन्, 'मलाई एक जनाले मुक्का हान्दै 'तेरो कोरोना भाइरस मेरो देशमा भित्रियोस् भन्ने चाहन्नँ' भन्दै फेरि मेरो नाकमा मुक्का बजारेर रगताम्मे बनाए।'

पछिल्लो समय कोभिड-१९ को संक्रमण र पूर्वी एसियाका नागरिकलाई जोडेर हेर्ने र उनीहरूलाई निसाना बनाउने गतिविधि बेलायत र पश्चिमा मुलुकमा बढिरहेको छ। लन्डनको महानगरीय प्रहरीले मोकमाथि भएको आक्रमण जातीयताको घृणाले ग्रसित भएको जनाएको छ। प्रहरीका अनुसार सीसीटीभी क्यामेराको सहयोगमा दोषीको खोजी भइरहेको छ।

मोकले आफूमाथि यसअघि पनि नश्लीय आक्रमण भएको बताए। 'दुई वर्षयता म लन्डनमा छु। धेरैपटक ममाथि नश्लीय आधारमा घृणा मिश्रित टिप्पणी र व्यवहार गरिएका छन्,' उनले भने, 'लन्डन नश्लीय छैन भन्नेलाई यसबारे एकपटक सोच्न आग्रह गर्छु।'

गत डिसेम्बरमा चीनको वुहानबाट सुरु कोभिड-१९ को संक्रमण विश्वव्यापी फैलिँदै गएपछि चिनियाँ नागरिक र पूर्वी एसियाका नागरिकमाथि जातिवादी आक्रमणका घटना भइरहेका छन्। 'स्टप हेट यूके' का अनुसार पछिल्लो समय जातिवादी टिप्पणी, भेदभाव र गालीगलौजका घटनाबारेमा जानकारी आइरहेको छ। त्यस्तै, अमेरिकामा पनि रंगभेदी व्यवहारका घटनामा वृद्धि भएको छ।

वुहानबाट सुरु कोभिड-१९ ले बुधबार दिउँसोसम्म ३ हजार २ सय ४ जनाको मृत्यु भएको छ भने ९३ हजारभन्दा बढीमा संक्रमण देखिएको छ। बुधवारसम्म चीनमा मात्रै २ हजार ९ सय ८१ जनाको मृत्यु भएको छ। ८० हजार २ सय ८२ जनामा संक्रमण देखिएको छ।

चीनबाहिर सबैभन्दा बढी इटालीमा ७९ जनाको मृत्यु भएको छ। इटालीमा २ हजार ५ सय २ जनामा संक्रमण देखिएको छ। त्यस्तै, इरानमा ७७ जनाको मृत्यु भएको छ भने २ हजार ३ सय ३६ जनामा संक्रमण देखिएको छ। यसैगरी, दक्षिण कोरियामा ५ हजार ६ सय २१ जनामा संक्रमण देखिएको छ भने ३३ जनाको मृत्यु भएको छ। त्यस्तै बुधबार दिउँसोसम्म अमेरिकामा ९, जापानमा १२, फ्रान्समा ४, हङकङमा २ तथा स्पेन, थाइल्यान्ड, अस्ट्रेलिया, ताइवान, इराक, सान मारिनो तथा फिलिपिन्समा एक-एक जनाको मृत्यु भएको छ।

भारतमा संक्रमितको संख्या २८

भारतमा 'कोभिड-१९' बाट संक्रमितको संख्या २८ पुगेको छ। भारतीय स्वास्थ्यमन्त्री हर्षवर्धनका अनुसार बुधबार २२ जना तपिएकै संक्रमितको संख्या २८ पुगेको हो। उनले भने, 'तीमध्ये केरला राज्यका ३ जना संक्रमित निको भई घर फर्किसकेका छन्।' नयाँ संक्रमितमध्ये १६ जना राजस्थानस्थित जयपुरमा हुन्। तीमध्ये १५ जना इटालेली र एक भारतीय छन्।

उक्त समूह छुट्टी मनाउन भारत आएको र संक्रमित भारतीय बस चालक रहेको स्वास्थ्यमन्त्री हर्षवर्धनले जनाए। अन्य ६ जना नयाँदिल्लीका एकै परिवारका हुन्। भारतीय स्वास्थ्य मन्त्रालयका अनुसार कोरोनाको आशंकामा ६६ जनाको स्वास्थ्य परीक्षण गरिएको छ। उनीहरू सबैलाई नयाँदिल्लीस्थित सफदरजङ अस्पतालको आइसोलेसनमा राखिएको छ।

यसैबीच, इराकमा संक्रमणबाट एक जनाको मृत्यु भएको छ। इरानी स्वास्थ्य मन्त्रालयका अनुसार ६३ वर्षीय वृद्धको कोरोना संक्रमणबाट मृत्यु भएको हो। इराकमा ३२ जनामा कोभिड-१९ को संक्रमण देखिएको छ। इराकको राजधानी बग्दादका सबै विद्यालय र विश्वविद्यालय १० दिनका लागि बन्द गरिएका छन्।

सिंगापुरबाट फर्केकी महिलामा संक्रमण

सिंगापुरबाट न्युजिल्यान्डको अक्ल्यान्ड पुगेकी एक महिला यात्रुमा बुधबार कोरोना भाइरसको संक्रमण देखिएको छ। अधिकारीहरूका अनुसार न्युजिल्यान्डमा कोभिड-१९ बाट संक्रमित भएका उनी दोस्रो व्यक्ति हुन्। संक्रमित हुनुअघि ती यात्रु इटालीको भ्रमण गरेकी थिइन्। तिनी गत फेब्रुअरी २५ मा सिंगापुरबाट 'एनजेट २८३' विमानबाट अक्ल्यान्ड पुगेकी थिइन्। अखबार 'द न्युजिल्यान्ड हेराल्ड' का अनुसार ती महिलालाई उनकै घरमा आइसोलेसनमा राखिएको छ।

Expression of Interest (EOI)

UNICEF Nepal invites expression of interest from firms or groups with verifiable track records in **Professional accounting and audit services** to participate in a pre-bid meeting that is scheduled for 11:30 AM on Wednesday, 11 March 2020 at the UN House, UNICEF Conference Hall, Annex Building.

Interested companies to participate must submit the following documentations along with a representative name to attend this meeting:

1. Cover letter
2. Evidence of Registration and license to operate in Nepal
3. A copy of company profile

The above documents shall be sent via email with EOI-NEP-2020-002 as a subject to **nepalsupply@unicef.org** not later than 11 AM of Tuesday, 10th March 2020 .

Special Notes:
UNICEF does not require a financial proposal at this stage of the process.
Only one representative shall be nominated by the firm.
Email attachments shall not exceeds 5MB.
If you have any queries, please send an e-mail to **nepalsupply@unicef.org**

UNICEF Nepal reserves the rights to reject any/all proposals without assigning any reasons whatsoever.

unicef

AL FALAH SECURITY SERVICES

SECURITY GUARD हरूलाई रोजगारीको अवसर

AL FALAH SECURITY SERVICES, UAE

पुर्व स्वीकृती मिति: 2019/02/13 चलानी नं: 60137279 LT: 217385 पुन विज्ञापन स्वीकृती मिति: 2020/03/04 चलानी नं: 849

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	Security Guard	95	स.काममा दक्ष	2000	६३,४९०	क.नि अनुसार	८ घण्टा	६ दिन	छ	छ	२ वर्ष

स्वदेशमा गरिने मेडिकलको शुल्क कति लाग्ने र कसले व्यहोर्ने	विदेशमा गर्ने मेडिकलको खर्च कसले व्यहोर्ने	स्वदेशमा गरिने म्यादि जिवन बिमा खर्च व्यहोर्ने/ कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने	कामदारलाई हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	कल्यानकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क
कामदारले तिर्ने	रोजगारदाता कम्पनीले व्यहोर्ने	कामदार आफैले	बिमा हुने/प्रिमियम रोजगारदाताले	रोजगारदाताले दिने	रोजगारदाताले व्यहोर्ने	कामदार आफैले	रु ७००/- कामदारले तिर्ने	रु १५००/- कामदारले तिर्ने	नि:शुल्क

⇨ SLC Pass अनिवार्य, उमेर २२ - ३८ वर्ष सम्मको उचाई कम्तीमा ५ फिट ७ ईन्च हुनुपर्नेछ।
⇨ Civil Security Guard को हकमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्नेछ।

नोट: BASIC SALARY 2000 भएतापनि OT सहित २६ दिनको AED 2770 को ग्यारेन्टी गरिन्छ।

मेनपावर कार्यालय सामाखुसी, काठमाण्डौमा २०७६ फाल्गुन २९, ३० र चैत्र १ गते (12th 13th & 14th March) हुदैछ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्य रुपमा लिनुहोला। २) आफ् काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौता पत्र मा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफ्नसाग सुरक्षित राख्नुहोला। ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग, ताहाचलमा सम्पर्क राख्नुहोला।

FUTURE STAR MANPOWER PVT. LTD.

फ्यूचर स्टार म्यानपावर प्रा. लि.

ठाउनप्लानिङ (स्विमिङपुल), सामाखुसी, ईजाजत पत्र नं. ३९७/०६०/०६१

Contact: 01-4360576, 4350719, 9810101810, 9851126652

यस प्रा. लि. को लागि **MANAGER-2 (M/F), RECEPTIONIST-2 (F)** र **PRO-5 (M/F)** आवश्यक भएको हुनाले ईच्छुक व्यक्तिहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला। कार्यालय शनिबार पनि खुल्ला रहनेछ।

शून्य लागतमा
दुबईमा फ्रि भिषा !! फ्रि टिकट !!
सहित नि:शुल्क बैदेशिक रोजगार

EMRILL SERVICES LLC Dubai, United Arab Emirates

पूर्व स्विकृति मिति : २०७६।०२।२९, पुन: विज्ञापन स्विकृति मिति: २०७६।११।२१ चलानी नं.:६०१४०९०७ र ८४८ LT No. 220470

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने.रु.	ओभर टाइम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	बार्षिक बिदा	खाना/ बस्ने सुविधा	करार अवधि
१	CLEANER	१००	१००	१० कक्षा उत्तिर्ण	900	२७,५००	कम्पनी नियम अनुसार	८ घण्टा	६ दिन	कम्पनी नियम अनुसार	छ	२ बर्ष

स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	विदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने	भिषा स्ट्याम्पिङ्ग शुल्क	हवाई टिकट कसले दिने कति लाग्ने	भिषा शुल्क कसले दिने कति लाग्ने	कल्याणकारी कोष	अभिमुखिकरण शुल्क	सेवा शुल्क
कामदारले	रोजगारदाता कम्पनीले	कामदारले	हुने/ रोजगारदाताले	नि:शुल्क	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु १५०० कामदार	रु ७०० कामदार	नि:शुल्क

- Candidates should be High School Passed, fluency in English, Smart & Good looking, age 20 – 33.
- Pre-interview is GOING ON. HURRY UP !! Report with complete CV, copy of certificates (with originals), original passport and 2 copies of color photos directly to the office at Maharajgunj.
- Final Interview will be held on 19 & 20 March 2020 (6 & 7 Chaitra 2076) at Maharajgunj Office..

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी : (१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्य लिनु होला। (२) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठीनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। (३) यस बिज्ञापनमा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। (४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनु होला। (५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला। सोको एक प्रति आफूसंग राख्नु होला। (६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला अन्यथा ठगिने सम्भावना हुन्छ। (७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग बुद्धनगर सम्पर्क राख्नु होला। (८) छनौट भई भिसा प्राप्त गरिसकेको व्यक्तिले उक्त रोजगारमा जान नचाहेमा यस संस्थालाई भिसा बापत लागेको शुल्क क्षतिपूर्ति दिनुपर्नेछ।

अल-आसमाक्स कम्पनी प्रा. लि.

महाराजगञ्ज, चक्रपथ, सल्लाघारी, काठमाण्डौ, नेपाल
फोन: ०१-४६५०४७०, ४६५०४७१, ४६५०४७२
E-mail : recruitment@asmacs.com.np

श्रम ईजाजत पत्र नं. ७४८/०६४/०६५

www.jobs4hunt.com is the road to your succes in your carrer

यशोदा फुड्सको अत्यन्त जरूरी सूचना

फेसबुकमा केही पेजका माध्यमबाट भाइरल भइरहेको कोरोना भाइरस र हाम्रो कम्पनीको नयाँ उत्पादन **Current Hot 'n' Spicy** सम्बन्धी भ्रमपूर्ण विज्ञापन निराधार रहेको र यसको सम्प्रेषणमा हामी यशोदा फुड्स प्रा.लि. जिम्मेवार नरहेको जानकारी गराउँदछौं ।

विश्वभर तीव्र रुपमा फैलिरहेको कोरोना भाइरसले निम्त्याएको जोखिमबारे हामी लगायत सम्पूर्ण देशवासी चिन्तित छौं र यस विपत्तिसँगको लडाईमा हामी यशोदा फुड्स परिवार पनि साथ छौं ।

सङ्कटमय यस अवस्थामा यस्ता गम्भीर विषयबारे गलत जानकारीको प्रचारप्रसारलाई बढावा नदिन सबैलाई हार्दिक अनुरोध गर्न चाहन्छौं ।

साथै, कोरोना भाइरस प्रभावित सम्पूर्ण महानुभावको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।

Yashoda FOODS **यशोदा फुड्स प्रा.लि.**

"मानव सेवा नै सर्वोत्तम सेवा हो"

के तपाईलाई मधुमेह छ ?

अब चिन्ता नलिनुहोस !!!

"मधुमेह मुक्त समाज हाम्रो अभियान"

STOP Diabites

यस परामर्श सेवाको सदस्यता प्राप्त गर्नुहोस निम्न बमोजिमका सेवाहरू नि:शुल्क प्राप्त गर्नुहोस ।

१) तपाईलाई मधुमेह नियन्त्रण नभए सम्म मधुमेह नियन्त्रण सम्बन्धी विभिन्न प्रकारको अन्तर्राष्ट्रिय प्रचलनमा आएका महत्वपूर्ण सुझाव तथा सल्लाहहरु तपाईको मोबाईलमा SMS तथा फोन मार्फत जानकारी गराइनेछ ।
२) विभिन्न स्वास्थ्यसम्बन्धी मासिक पत्रिका तपाईलाई मधुमेह नियन्त्रण नभएसम्म नि:शुल्क उपलब्ध गराइनेछ ।
३) मधुमेहको व्यवस्थापन सम्बन्धमा अन्तर्राष्ट्रिय प्रचलनमा आएका मधुमेह नियन्त्रणका महत्वपूर्ण उपायहरुलाई समेटिएर तयार पारेको बुकलेट (Booklet) नि:शुल्क उपलब्ध गराइनेछ ।
४) महिनाको एक पटक डाक्टरहरु सित भेटेर मधुमेहलाई नियन्त्रण गर्ने सम्बन्धमा महत्वपूर्ण सल्लाह सुझावहरु नि:शुल्क प्रदान गरिनेछ ।
५) मधुमेहलाई चाँडो व्यवस्थापन गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्यातिप्राप्त डाक्टरहरुद्वारा दिइएको सल्लाह सुझाव भिडियो मार्फत देखाइनेछ । जसले गर्दा चाँडो भन्दा चाँडो तपाईको मधुमेह नियन्त्रण गर्न मद्दत पुग्नेछ ।
६) नेपाल सरकारबाट मान्यता प्राप्त विभिन्न दुर्लभ जडिबुटीको मिश्रणबाट तयार पारिएको कुनै पनि साइड इफेक्ट नभएको १००% आयुर्वेदिक औषधी प्रत्येक बिरामीलाई रु. ७७०/-को औषधी नि:शुल्क उपलब्ध गराइनेछ ।
७) यी औषधीका उपलब्धिहरु निम्न प्रकारका छन ।
   - मधुमेहलाई नियन्त्रण गर्दछ ।
   - कब्जियतबाट मुक्ति दिलाउँछ ।
   - यौन दुर्बलताबाट मुक्ति दिलाउँछ ।
८) तपाईलाई मधुमेह १००% नियन्त्रणमा नआएसम्म महिनाको एक पटक Blood Suger Test नि:शुल्क गराइनेछ ।
९) सदस्यता शुल्क रु. ५००/- मात्र (एक पटक)

विस्तृत जानकारीको लागी

नेपाल मधुमेह निवारण परामर्श सेवा

नेपाल मधुमेह निवारण परामर्श सेवा

पो.ब.नं. १५३५०, महाराजगंज, काठमाण्डौ, नेपाल
(टिचिङ्ग हस्पिटलको मेन गेटबाट १०० मि. उत्तर पट्टि मेनरोडमा)
सम्पर्क फोन नं. : ०१-४७२०७५१, ५८१०२६५४४५, जनकपुर फोन नं. : ५८००८८२५८८, ५८००८८२५६६

पहिला हाम्रो सेवा लिनुहोस्, त्यस्पछि विश्वास गर्नुहोस्।

डेमोक्र्याट बाइडेनलाई अग्रता



'कुनै गल्ती नगरौं, ट्रम्प अब बिदा हुने छन्'

वासिङ्टन, अमेरिका (एएफपी)- डेमोक्रेटिक पार्टीको 'प्राइमरी' चुनावमा पूर्वउपराष्ट्रपति जो बाइडेनले फराकिलो अग्रता प्राप्त गरेका छन्। राष्ट्रपतिकी आकांक्षी सिनेटर एलिजाबेथ वारेनलाई आफ्नै गृहराज्य म्यासाचुसेट्समा बाइडेनले पराजित गर्दै अग्रता हासिल गरेका हुन्।

अमेरिकी समकालीन राजनीतिमा सिनेटर बर्नी स्यान्डर्स र वारेन दुवैले समाजवादी प्रगतिशील धारको प्रतिनिधित्व गरिरहेका छन्। आगामी जुलाईमा हुने डेमोक्रेटिक पार्टीको सम्मेलनका लागि म्यासाचुसेट्स राज्यबाट ९१ जना प्रतिनिधि सहभागी हुन पाउने व्यवस्था छ। आफ्नै गृहराज्यबाट पराजित भएसँगै वारेनको चुनावी दौड समाप्त हुने अड्कलबाजी गरिएको छ।

पूर्वउपराष्ट्रपति बाइडेनले मंगलबार १४ वटा राज्यमा सम्पन्न चुनावमध्ये ८ वटामा विजयी हासिल गरिसकेका छन्। डेमोक्रेटिक पार्टीको अन्तिम सम्मेलनबाट चुनिने व्यक्तिले अमेरिकी राष्ट्रपतिको आगामी नोभेम्बरमा हुने चुनावमा पार्टीका तर्फबाट प्रतिस्पर्धा गर्न पाउने छन्। अर्का प्रतिस्पर्धी स्यान्डर्सले भने तीनवटा राज्यमा मात्र विजय हासिल गरेका छन्।

पछिल्लो मतपरिणामअनुसार बाइडेनले म्यासाचुसेट्ससहित अलाबामा, अर्कान्सा, मिनेसोटा, ओक्लाहोमा, नर्थ क्यारोलिना, टेनेसी र भर्जिनिया तथा स्यान्डर्सले भर्मन्ट, कोलोराडो र उटाहामा विजयी भए।

सन् २०१६ मा सम्पन्न 'प्राइमरी' चुनावमा स्यान्डर्सले हिलारी क्लिन्टनलाई मिनेसोटा र ओक्लाहोमामा परास्त गरेका थिए। तर यसपटक उनी यी दुई राज्यमा पराजित भएको सञ्चारमाध्यमहरूले जनाएका छन्। तेलको धनी राज्य क्यालिफोर्निया र टेक्सासको चुनावी नतिजा आउन बाँकी छ। यी राज्यमा स्यान्डर्सको उपस्थिति बलियो रहेको मानिन्छ।

मंगलबारको यस प्राइमरीमा कूल १ हजार ३ सय ५७ जना पार्टी प्रतिनिधिले मतदान गरेका थिए। देशका कूल पार्टी प्रतिनिधिमध्ये यो संख्या करिब एकतिहाइ हो। पूर्वउपराष्ट्रपति बाइडेनलाई डेमोक्रेटिक पार्टीका वरिष्ठ नेताले समर्थन जनाएका छन्। उनलाई चुनावी प्रतिस्पर्धामा रहेका एमी क्लोबुचार र पिट बुटिजिजले पनि समर्थन गरेका छन्। दुवैले चुनावी प्रतिस्पर्धाबाट हटेका छन्।

धेरैवटा राज्यमा चुनावी नतिजा आफ्नो पक्षमा पार्न नसकेका कारण स्यान्डर्सको उम्मेदवारीमाथि प्रश्नचिह्न लागेको छ। तर उनले क्यालिफोर्नियामा आफ्ना उत्साही समर्थकलाई सम्बोधन गर्दै अमेरिकाको इतिहासमा सर्वाधिक खतरा ठानिएका ट्रम्पलाई हराउन आफूमात्र सक्षम रहेको दाबी गरे। 'पुरानै शैली, व्यवहार र एजेन्डाका आधारमा ट्रम्पलाई हराउन सकिन्न भन्ने कुरा सबैले बुझ्नुपर्छ,' स्यान्डर्सले भने।

लस एन्जलसमा समर्थकलाई सम्बोधन गर्दै बाइडेनले आफ्नो चुनावी यात्रा निकै जीवन्त रहेको प्रतिक्रिया दिएका छन्। 'कुनै गल्ती नगरौं, अबको चुनावबाट डोनाल्ड ट्रम्प बिदा भएरै छाड्ने छन्,' उनले भने।

राष्ट्रपतिको उम्मेदवार हुन चाहने मुख्य चारै जना प्रतिस्पर्धी :- बाइडेन, स्यान्डर्स, एलिजाबेथ वारेन र माइकल ब्लुमबर्गले क्यालिफोर्नियाको चुनावी नतिजा पर्खिरहेका छन्। अर्बपति व्यापारी एवं न्युयोर्कका पूर्वमेयर माइकल ब्लुमबर्गले चुनावका लागि करोडौं डलर खर्च गरे पनि उनी समोआ द्वीपवाहेक कुनै पनि स्थानमा विजयी प्राप्त गर्न सकेनन्।

चुनावी नतिजा टेलिभिजनमा हेरेका अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले डेमोक्रेटिक पार्टीका उम्मेदवारप्रति विगतमा झैं व्यंग्यपूर्ण ट्वीट गरेका छन्। यसको प्रत्युत्तरमा बाइडेनले 'नोभेम्बरमा भेटौंला, हामी तपाईलाई अवश्य हराउने छौं' भन्दै ट्वीट गरेका छन्।

कोरोनाको असर हलमा

बुधबार क्याम्ब्रिज पब्लिक हाई स्कुलले फिल्म 'सेन्टी भाइरस' सो कुमारी हलमा बुक गरेको थियो । तर, कोरोना डरका कारण सो नै रद्द गरियो ।

रीना मोक्तान (काठमाडौं)



राजधानीको क्यूएफएक्स हलमा सरसफाइ गरिँदै । *तस्बिर सौजन्य : क्यूएफएक्स*

काठमाडौं- कोरोना भाइरसले फिल्म हललाई पनि प्रभावित तुल्याएको छ । बुधबारबाट राजधानीको मल्टिप्लेक्स क्यूएफएक्सले कोरोना भाइरस (कोभिड-१९) विरुद्ध सतर्कता अपनाउन सुरु गरेको छ । दर्शकको भीड हुने ठाउँ भएकोले हलमा स्यानिटाइजर अनि विभिन्न स्प्रेको प्रयोग गर्न थालेको क्यूएफएक्सका प्रमुख कार्यकारी अधिकृत रोशन अडिगाले बताए ।

दर्शकको हात पर्ने विभिन्न स्थानमा स्यानिटाइजर प्रयोग गरेको उनले बताए । 'हाम्रो दायित्व त पूरा गर्नुपऱ्यो नि । हामीले टिकट, सोधपुछ काउन्टर अनि शौचालयमा हुयान्ड स्यानिटाइजर राख्न थालेका छौं । हुन त हामी पहिले पनि सरसफाइमा ध्यान दिन्थ्यौं । अहिले थप सरसफाइमा ध्यान दिन थालेका हौं,' उनले भने, 'ढोका समात्ने ठाउँ दर्शकको जता धेरै पर्छ त्यताचाहिँ स्प्रेको प्रयोग गरेका छौं । फिल्म सकिनेबित्तिकै हात राख्ने ठाउँमा स्प्रे गर्न थालेका छौं ।'

दर्शक नडराऊन् भन्ने हेतुले यस्तो सतर्कता अपनाएको उनी दाबी गर्छन् । 'हामीले कोरोनालाई बेवास्ता गरेका छैनौं । हाम्रा हलमा आउने दर्शक नडराऊन् भनेर नै यो सतकर्ता अपनाएका हौं । हामीले त रोकथामको बाटो न अपनाउने हो,' उनले सुनाए । दर्शकमध्ये कसैले हाच्छिउँ गऱ्यो भने त्यस व्यक्तिको स्वाथ्यबारे सोधखोज गर्ने अभ्यास थालिसकेको पनि अडिगा बताउँछन् । उनका अनुसार १ हप्ताका लागि क्यूएफएक्सले स्यानिटाइजर अनि स्प्रेको व्यवस्था गरेको छ । 'तर मास्क जस्तै अबका दिनका लागि बजारमा स्यानिटाइजर पाइन छोडेपछि तनाव बढेको छ,' उनले थपे ।

मानिसको भीड हुने ठाउँ भएकाले फिल्म हल पनि बन्द गरिनुपर्ने चर्चा चल्न थालेको छ । नेपाल चलचित्र संघका अध्यक्ष मधुसूदन प्रधानले भने हल बन्द गर्ने या नगर्ने विषय छलफल गरेर छिट्टै निचोड निकाल्ने बताए । कलाकार दीपकराज गिरी भने हल मात्रै बन्द गर्न नहुने तर्क गर्छन् । 'स्कुल, कलेज, सेमिनार, सभा, जुलुसजस्ता बृहत् भेला बन्द हुन्छन् भने सिनेमा पनि अवश्य बन्द हुनुपर्छ,' दीपकले भने, 'यदि होसियारीपूर्वक सबै कुरा नियमित ढंगबाटै चल्छ भने सिनेमा हल मात्रै किन बन्द हुनु ? तर दर्शकसँगै हल सञ्चालक भने सचेत हुनुपऱ्यो ।' कोरोनाको त्रास देखिए पनि फिल्म हेर्न आउने दर्शकको संख्यामा खासै असर नपरेको अडिगाले दाबी गरे ।

उता क्यूज सिनेमाजका सञ्चालक सुमित मैनालीले २ साताअघि नै स्यानिटाइजर विभिन्न प्रवेशद्वारमा राखेर सतर्कता अपनाउन थालेको बताउँछन् । कोरोनाको त्रास फैलिएसँगै प्रदर्शनरत फिल्मको व्यापारमा पनि यसको प्रभाव देखिन थालेको छ । बुधबार क्याम्ब्रिज पब्लिक हाई स्कुलले फिल्म 'सेन्टी भाइरस' को ९ बजेको सो कुमारी हलमा बुक गरेको थियो । तर, कोरोना डरका कारण सो नै रद्द गरियो । 'उहाँहरूले रंगशाला सहयोगार्थ भनेर उक्त सो बुक गर्नुभएको थियो । विद्यालयका विद्यार्थीसहित परिवारले यो फिल्म हेर्ने तयारी थियो,' सीताराम कट्टेल (धुर्मुस) ले सुनाए, 'कोरोनाकै डरले विद्यालयले बिहानै सो क्यान्सिल गर्ने निर्णय गऱ्यो । तर उहाँहरूले सहयोग रकम फाउन्डेसनलाई दिने वाचा गर्नुभा छ ।'

प्रदर्शनको तयारीमा रहेका फिल्मलाई समेत यो त्रासले असर गर्ने देखिएको छ । केही फिल्मकर्मी फिल्मको प्रदर्शन नै सार्ने तयारीमा थालेको चर्चा छ । विश्वका ठूला फिल्म उद्योग पनि कोरोना त्रासको चपेटामा परेका छन् । चीनको फिल्म बजार कोरोनाले ठप्प नै बनाएको छ । यसको प्रभाव इटालीमा पनि देखिएको छ । चीनको फिल्म हल बन्द हुँदा हलिउड फिल्मको समेत विश्वव्यापी कमाइमा ठूलो असर परेको छ । यसको प्रभाव प्रदर्शनको तयारीमा रहेको ठूला फिल्म 'मुलान', 'फास्ट एन्ड फ्युरियस', 'नो टाइम टु डाई' मा देखिने भएको छ ।

थप्पड : एक विद्रोह

गोकर्ण गौतम (काठमाडौं)

करिब डेढ सय वर्षअगाडि बेलायती दार्शनिक जोन मिलले भनेका थिए, 'विवाह कानुनद्वारा अनुमतिप्राप्त दासत्वको एक मात्र रूप हो ।'

मात्रा थोरै होला तर आज पनि विवाह नामक सम्बन्धबाट दासत्व हराएको छैन । हाम्रो सामाजिक संचरनाले पुरुषलाई ज्यादा अधिकार दिएको छ, सोही कारण शिक्षित र आधुनिक भनिएका पुरुष पनि पति बनेपछि पत्नीलाई मनोवैज्ञानिक र व्यावहारिक रूपमा समान ठान्दैनन् । फरक कति मात्र भने पहिले महिला आफूमाथिको थिचोमिचो सहन बाध्य थिए, आज प्रतिवाद गर्ने ल्याकत राख्दै छन् । यही यथार्थको प्रतिविम्ब हो, हिन्दी फिल्म 'थप्पड' । यो महिलावादी फिल्म हो तर यसले पुरुषलाई 'भिलेन' बनाएको छैन । सिर्फ पुरुषप्रधान सोचमाथि सवाल गरेको छ ।

'थप्पड' लाई अनुभव सिन्हाले निर्देशन गरेका हुन् । कथा, पात्र र पात्र बाँचिरहेको समयप्रति सिन्हा संवेदनशील छन् । उनले सिर्जेका दृश्य न अतिरञ्जित लाग्छ, न सतही नै । त्यसैले त पात्र र दर्शकबीच सामीप्यता प्रकट हुन्छ । अभिनेत्री तापसी पन्नु यसपटक पनि प्रभावशाली भूमिकामा छिन् । उनको चरित्रले घरेलु हिंसालाई नयाँ शिराबाट सोच्न प्रेरित गर्छ ।

अमृता (तामसी पन्नु) को पूरै समय पति विक्रम (पवैल गुलाटी) को रेखदेखमा बित्छ । असली पत्नी र गृहणी हुन कुनै कसर बाँकी राख्दिनन् । विक्रमलाई अफिसको कामबाट कहिल्यै फुर्सद हुन्न । दिन रमाइलोसँग बितिरहेका हुन्छन् । एक दिन सामूहिक जमघटका दौरान विक्रमले अमृतालाई एक थप्पड हान्छन् । जब कि अमृताको गल्ती नै हुन्न । अफिसको रिस उनलाई पोखेका हुन्छन् । सामान्य लाग्ने यो एक थप्पडपछि अमृतामा आउने बदलावमा केन्द्रित छ फिल्म । 'थप्पड' को कथामा खास उतारचढाव छैन । न झस्काउने 'ट्विस्ट' नै छ । पात्र सरल छन्, दैनिकी सरल र शान्त । एक्सन, कमेडी र रोनाधानावाला मसला छैन । तर पनि यसले दर्शक बाँधिराख्छ । एउटै कारण हो, सिनेमा जीवनसँग नजिक हुनु । हामीले दैनिक जीवनमा भोगिराखेको तर नजरअन्दाज गरेका भोगाइ सूक्ष्म शैलीमा बुनिएको छ । जसले हामीलाई आफ्नै सोच र व्यवहारमाथि पुनर्विचार गर्न बाध्य पार्छ । अर्थात्, 'थप्पड' मा केही नभनेझैं गरेर निर्देशक सिन्हाले धेरै कुरा भनेका छन् । पुरुषभित्रको अहंकारलाई उदांगो पारेका छन् ।

विषयवस्तुअनुरूप फरक पृष्ठभूमिका पात्र चयन गरिएको छ । फिल्ममा अमृता एक थप्पडपछि स्वाभिमानको खोजमा लाग्छिन् तर उनको घरकी सहयोगी महिला पतिबाट रोजै पिटाइ खान्छिन् तर पनि कहिल्यै प्रतिरोध गर्दिनन्/गर्न सक्दिनन् । मिठो सम्बन्ध नभएपछि अमृताकी सासु पतिबाट अलग्गै कान्छो छोरासँग बस्छिन् । उनको चरित्रले पतिको हैकमको 'मौन विरोध' गरेको छ । छोराछोरी र पतिको सेवामै मस्त छिन्, अमृताकी आमा । उनलाई लाग्छ, परिवार टिकाउन महिलाले आफूमाथिको विभेद थाहा नपाएझैं गर्नुपर्छ । कथा कसिलो बनाउन अमृताकी छिमेकी शिवानी (दिया मिर्जा) को पनि भूमिका छ, जो सम्बन्धविच्छेद गरेर सानी छोरीसँग खुसीसाथ जीवन बिताइरहेकी छन् । अनि, महिला अधिकारका लागि लड्ने वकिल, जो आफैंचाहिँ पतिको दुर्व्यहारलाई सहिरहेकी हुन्छिन् । यस्ता पात्रमार्फत महिलामाथिको विभेद र हिंसालाई अनेक कोणबाट पटाक्षेप गरिएको छ । हरेक पात्र हाम्रै वरपर देखेझैं लाग्छ ।

महिला सशक्तीकरणको वकालत गर्ने प्रायः सिनेमामा पुरुषलाई एकोहोरो नकारात्मक र हिंस्रक देखाइएको हुन्छ । 'थप्पड' ले यो मान्यतालाई अनुशरण त गरेको छैन नै, बरु पुरुषमा अहंकार र मपाईंत्व जन्मनुमा यही सामाजिक संरचना र सोचलाई कारक मानेको छ ।

पत्नीलाई थप्पड हानेकामा विक्रममा हिनताबोध हुन्न, क्षमा माग्दैन । अमृतालाई माया त गर्छ तर आफ्नो हर्कतले अमृताको अन्तरमनमा परेको चोटको ख्यालै गर्दैन किनभने विक्रम यस्तो माहोलमा हुर्किएो, जहाँ पत्नीलाई नाथे एक थप्पड हान्नु पश्चताप र लज्जाबोधको विषय होइन । हरेक पुरुषमा व्याप्त यही सोचमाथि निर्देशकले तिखो प्रहार गरेका छन्, अमृतामार्फत ।

अमृता र विक्रमको प्रेम दर्साउन अनि अन्य पात्रलाई स्थापित गर्न पर्याप्त समय खर्चिएको छ । यसले सुरुवातमा कथा अघि बढ्दै-नबढेको भान हुन्छ । उस्तै आशय भएका दृश्यलाई महत्त्व दिँदा पक्कै पनि फिल्मको गति धीमा भएको छ । थप्पड हानिसकेपछि पनि अपेक्षाकृत गति लिन्न तर अमृताको सोचाइ र व्यवहारमा आउने परिवर्तनले दर्शक तान्दै लान्छ । पत्नी बन्नकै लागि क्षमता हुँदाहुँदै आफ्नो सपनालाई बलिदानी दिएका तर पनि आत्मसम्मानका साथ बाँच्न नपाएका महिलाले अमृतामा पूरापुर आफूमा पाउँछन् । सासुसँगको अमृताको सम्बन्धमार्फत निर्देशकले सुझबुझ भएका दुई फरक पुस्ताको मनोविज्ञान प्रस्ट्याउने प्रयास गरिएको छ ।

दाम्पत्य जीवन टिकाउने र परिवारको इज्जत जोगाउने नाममा महिला हिंसाको प्रतिवाद गर्दैनन्, एकपछि अर्को सम्झौता गरिरहेका हुन्छन्, जसले उनीहरूलाई वैयक्तिक रूपमा दिनानुदिन शिथिल बनाइरहेको हुन्छ तर विभेदले सीमा नाघेपछि एउटी महिलामा कुन तहको आक्रोश जन्मन्छ ? 'थप्पड' ले जवाफ दिन्छ ।

यसले पुरुषको अहं र आजका नारीमा बढ्दो विद्रोही भावको वस्तुगत चित्रण गरेको छ । एकअर्काप्रतिको सम्मानको सन्तुलन नमिल्दा उब्जने समस्या सतहमा ल्याएको छ तर आम सिनेमाले झैं समाधानको तौरतरिकाचाहिँ दिँदैन । हरेक पात्र र उनीहरूको जीवन दर्शनलाई दर्शकले आफूअनुकूल व्याख्या गर्न सक्छन् । 'थप्पड' को सुन्दर पक्ष हो यो ।

तापसी पन्नुको चरित्र प्रेरणादायी र अभिनय विश्वसनीय छ । हिन्दी फिल्ममा नारी चरित्र र हिरोइनप्रतिको आमधारणा बदल्न तापसी अग्रसर छिन् । घरेलु हिंसाको डटेर सामना गर्ने अमृता त्यही अभियानको निरन्तरताझैं लाग्छ । डेब्यु अभिनेता पवैल गुलाटीले दरिलो सम्भावना देखाएका छन् । प्रेम र घमण्ड मिसिएको चरित्रमा उनी निपुर्ण छन् । दिया मिर्जा, कुमुद मिश्रा, रत्ना पाठक शाहजस्ता सहायक कलाकार पनि जीवन्त लाग्छन् । अनि, बलिउडमा जुन कोटिका फिल्मको बाहुल्य छ, त्यो हुलमा 'थप्पड' आफैंमा विद्रोह हो । र, यो विद्रोहलाई निर्देशक सिन्हाले तार्किक र प्रभावशाली बनाउनु थप प्रशंसनीय छ । 'मुल्क' र 'आर्टिकल १५' बाट उनले निर्माण गरेको सामाजिक चेतको विरासतलाई यसले पछ्याएको छ ।

तपाईं सिनेमा कोरा मनोरञ्जन मात्र होइन, यसमा समाज हुनुपर्छ, र यसले सवाल खडा गर्नुपर्छ भन्ने ठान्नुहुन्छ भने 'थप्पड' तपाईंका लागि हो ।

फिल्म समीक्षा

थप्पड

लेखक/निर्देशक : अनुभव सिन्हा

कलाकार : तापसी पन्नु, पवैल गुलाटी, कुमुद मिश्रा, दिया मिर्जा, रत्ना पाठक शाह आदि ।



'बर्मा गए भाषासँगै'

दीपक परियार (पोखरा)

उखानै छ 'बर्मा गए कर्मसँगै, नेपाल गए कपाल सँगै' । नेपालीभाषी बर्मेली युवा यो उखान फेर्न उद्यत छन्, बर्मा (म्यान्मार) मा नेपाली भाषा, साहित्य र संस्कृतिको विकासमार्फत ।

धनगढीमा भएको विश्व नेपाली साहित्य महोत्सवमा सहभागी भएर बर्मेली नेपालीको टोली सोमबार पोखरा आयो । उनीहरू च्यान्डम रिडर्स सोसाइटीले गरेको अन्तरसंवादमा जुटे । बर्मेली कवि, साहित्यकार, संस्कृतिकर्मी र नागरिक अभियन्ताले नेपाली भाषा साहित्यप्रतिको लगाव खुलस्त राखे । भाषा जोगाउन भएका प्रयत्न दुरुस्त सुनाए । परदेशबाट घर फिरेका सन्तानले बाबुआमालाई सुनाएका कहरजस्तै उनीहरू ठाउँठाउँमा पोखिए । साहित्यकार अश्विनी कोइरालासँगको अन्तरसंवादमा उनीहरूले पितृभूमिप्रतिको माया दर्साए ।

झन्डै डेढ सय वर्षअघि धेरै नेपाली विविध कारणले बर्मा प्रवासिए । बर्माका साहित्यकार भागवत बस्नेतका अनुसार राणाको छिचोमिचो, शोषण र दुःखले नेपाली बर्मा भासिए । 'दोस्रो विश्वयुद्धमा भारतीय सेना हुँदै बेलायती सेना भएर पनि बर्मामा धेरै नेपाली पुगे,' बर्मेली जनजीवनको इतिहास उल्लेख गर्दै उनले भने, 'व्यापार र तीर्थयात्राको सिलसिलामा पनि नेपाली बर्मा पसे ।'

बर्मामा डेढदेखि २ लाख नेपालीभाषी रहेको तथ्यांक छ । राजा महेन्द्रले नेपालमै बर्मेली टोल बनाएर देश फर्किन आह्वान गरेदेखि उता जाने घटेका छन् । प्रत्येक बर्मेली नेपालीले आफ्नो पुर्खा बसेको ठाउँ हेर्न चाहेको बस्नेत बताउँछन् । नेपाली भाषा, साहित्य र संस्कृति बर्मेली नेपालीबीच नङ र मासुजस्तै गाँसिएको उनी भन्छन् । पितृभूमिप्रतिको मोह उनले कवितामा सुनाए ।

प्रत्येक वर्षामा पहिरो जाने
हामीभित्र पनि एउटा कृष्ण भीर छ
फरक यत्ति हो
तिम्रो डाँडापाखामा पहिरो जान्छ
हाम्रो छातीमा पहिरो जान्छ

बर्माका ९० प्रतिशत बर्मेली नेपालीले नेपाली भाषा बोल्छन् । सैनिक शासनकै बीच नेपाली भाषा मर्न नदिन बर्मेली नेपालीले गरेको संघर्ष भीमलाल पाण्डेले रोचकरूपमा सुनाए । भारतको उडिसाबाट जानेको भाषा लोप हुँदा संस्कृति लोप भएको उनले देखेका छन् । बर्माको राजनीतिक अप्ठेरोमा पनि नेपालीभाषी अभियन्ता ठाकुरप्रसाद गुरागाईंलगायतले आन्दोलन छेडे । नेपाली भाषा, साहित्य र संस्कृति जोगाउन मन्दिरहरूमा लुकाइछिपाई रामायण र महाभारत पुऱ्याए । गुरागाईंले हातैले लेखेर मन्दिरसम्म नेपाल भाषाका किताब पठाए । मठमन्दिरबाट नेपाली भाषाको पढाइ सुरु भयो । नयाँ पुस्तालाई नेपाली भाषा सिकाउन त्यो अभियान सहयोगी बन्यो ।

पाण्डेका अनुसार व्यवस्था केही खुकुलो भएपछि विद्यालयमै नेपाली भाषा पढाउन थालियो । हरेक वर्ष 'वसन्त बिदाइ' मा हुने दुईमहिने छुट्टीको उपयोग गर्दै विद्यार्थीलाई नेपाली भाषा पढाउन थालियो । हाल वर्माका २ सय २७ विद्यालयमा नेपाली भाषाको पढाइ हुन्छ । ४ स्थानसम्म नेपाली भाषामा डिप्लोमा पढाइन्छ । ३ वटा ठूला संस्कृत पाठशाला छन् । अहिले त्यहींका बर्मेलीलाई नेपालीभाषीले नेपाली भाषा र गीत सिकाउन थालेको उनले सुनाए ।

साहित्यकार सीमा साँवा गीताका श्लोक कण्ठस्थ सुनाउँछिन् । उनका हजुरबुवा १३ वर्षको छँदा नेपालबाट बर्मा पसेको हो उनको पुर्खा । ५ सयभन्दा बढी नेपाली भाषीको मात्रै घरधुरी भएको बर्मेली सहर मिचिनामा उनी बस्छिन् । नेपाली भाषामा कलम चलाउँछिन् । लिम्बू भाषा पनि धेरथोर बोल्छिन् । बर्माबाट प्रकाशित हुने ऐरावती साहित्यिक पत्रिकाकी सहसम्पादक मधु घर्ती क्षेत्रीले नेपाली सिक्न बुबाको निकै जोड गरेको स्मरण गर्छिन् । नेपाली सिक्न २-३ महिनामा एकपल्ट पुग्ने नेपाली फिल्मको डीभीडी १०/१० पल्टसम्म हेरेको अनुभव उनीसँग छ । 'बर्मेली नेपाली भाषा शिक्षक राजन ढकालले विद्यार्थीले बुझ्ने गरी नेपाली सिकाउन मिहिनेत गरेको उल्लेख गरे । रिता लामा कार्कीले छोरा र छोरीबीच हुने भेद, जातिप्रथा, संस्कार नेपालमै जस्तो भएको सुनाइन् ।

बर्मेली नेपाली कवि, साहित्यकार, संस्कृतिकर्मी एवं नागरिक अभियन्तासँग पोखरामा सोमबार गरिएको अन्तरसंवादमा सहभागी । *तस्बिर : दीपक/कान्तिपुर*

प्लास्टिक सर्जरीको तनाव

खासगरी सेलिब्रेटीमाझ सौदर्न्यतालाई लिएर प्लास्टिक सर्जरी निकै चर्चित छ । कृत्रिम उपायबाट शारीरिक बनावट नै फेरबदल गरी सुन्दर देखाउन अधिकांश नायिकाहरू प्लास्टिक सर्जरीको सहारा लिइरहेका हुन्छन् । तर यसलाई खुलेआम स्वीकार गर्न भने हिच्किचाउने गर्छन् । तर बलिउड नायिका श्रुति हसनले भने आफूले प्लास्टिक सर्जरी गरेको खुलेआम स्वीकार गरेर अन्य नायिकाहरूलाई चुनौती थपिदिएकी छन् ।

बलिउडमा मात्रै प्लास्टिक सर्जरी गरेको दाबीसहित कैयौं नायिकाहरूको नाम आइसकेको छ । यस्तोमा बलिउडदेखि हलिउडसम्म आफ्नो चर्चा फैलाउन सफल नायिका प्रियंका चोपडा अगाडि छन् । उनले प्लास्टिक सर्जरीमार्फत अनुहारको बनावट नै बदलेको दाबी गरिन्छ । तर चोपडाले भने उक्त कुरालाई स्वीकार गरेकी भने छैनन् । खासगरी नायिका सर्जरीको सहारामा नाकको कोण ठीक पार्नेदेखि मुस्कानलाई सच्याउने बढिरहेको दाबी आउने गर्छ । सन् २०१८ मा 'धडक' मार्फत बलिउडमा डेब्यु गरेकी श्रीदेवी पुत्री जान्हवी कपुरले पनि लिप फिलर्समार्फत ओठको आकार बढाएको बताइन्छ भने अर्की नायिका अनुष्का शर्माको प्लास्टिक सर्जरीकै कारण बिग्रिएको ओठले निकै चर्चा पाएको थियो । त्यसो त बलिउडमा सुन्दर तथा फिट नायिकाका रूपमा चिनिने शिल्पा सेट्टीलाई समेत प्लास्टिक सर्जरी गरेको आरोप लाग्ने गर्छ । तर स्वयं सेट्टीले भने आफूले त्यस्तो कुनै सर्जरी नगरेको र यसको पक्षमा पनि नरहेको जिकिर गर्दै आइरहेकी छन् ।

आयशा टाकियाले पनि प्लास्टिक सर्जरी गरी आफ्नो रूप बदलेको चर्चा निकै चल्यो । उनको फेरिएको नयाँ मुहारलाई धेरैले रुचाएनन् र भने, 'बरु पहिलेकै आयशा धेरै राम्री ।' मोडलबाट नायिका भएकी गौहार खानलाई पनि ओठ मिलाएको आरोप लाग्यो । सर्जरीपछि आफ्नो फेरिएको रूपमा चित्त नबुझेकै कारण खान मिडिया फेस गर्न डराइरहेको समेत टिप्पणी चल्यो । यतिसम्म कि उनले यसैका कारण आफ्नो रियालिटी टीभी सो 'खान सिस्टर्स' को सुटिङ नै रद्द गरिदिएको चर्चा पनि चल्यो ।

यसरी सुन्दर देखिन प्लास्टिक सर्जरीको सहारा लिने बलिउड नायिकाहरूमा करिना कपुरदेखि कंगना रनावत, मिनिशा लाम्बा, राखी सावन्तलगायतको नाम अग्रपंक्तिमा छ । श्रुति हसनले आफूले नाकको प्लास्टिक सर्जरी गरेको जानकारी दिँदै भनेकी छन्, 'हो मैले सर्जरी गरेकी हुँ । सुन्दरता बढाउन हैन । मेरो नाक सामान्य नै थियो । दुई पटक चोट लागेको कारण नाक नराम्रो देखिएपछि सर्जरी गराएकी हुँ । - *एजेन्सी*

कुडा कर्णालीमा राउटे

चाँदनी कठायत (वीरेन्द्रनगर)

कर्णाली प्रदेशमा १० जिल्ला छन् । बुधबार सुर्खेतको बुलबुले उद्यानमा भने 'कर्णालीको ११ औं जिल्ला' बारे बहस भयो । त्यो जिल्ला थियो- राउटे समुदाय । नागरिकता नभएका र कर्णाली प्रदेशका विभिन्न ठाउँमा घुमन्ते जीवन बिताउने उक्त समुदायका महामुखिया महिनबहादुर शाही निकै उत्साहका साथ सहभागी भए । 'मकन (मलाई) राउटे बनाएर लेख्दिनुपऱ्यो भनेर हामी भन्न सक्दैन,' कुराकानीको सुरुमै उनले भने, 'सप्पैले सहरमा बस्न मन पराउँदैन, म एक्लै क्या गर्ने ?'

'कुडा कर्णालीका' मूलनारासहित वीरेन्द्रनगरमा आयोजित कर्णाली उत्सवको तेस्रो दिन राउटेबारे बहस भएको थियो । राउटेहरू अहिले वीरेन्द्रनगर-१३ को करेखोला र बराहतालमा बस्दै आएका छन् । उनीहरूलाई दैलेखको गुराँस गाउँपालिकाले २०७५ असारमा फोटोसहितको परिचयपत्र दिएको थियो । 'गुराँस त हाम्रो बाबुमताली जस्तो भैगो,' महामुखिया शाही भन्छन्, 'हामी जाँ गए पनि हामीलाई भत्ता दिएको छ, चामल पठाइदिन्छ ।' चिसो मौसम सुरु भएपछि तल झरेको भन्दै पुनः गुराँसमै गएर बस्ने उनले बताए ।

राउटे समुदायको यो सेसन निकै रोचक बन्यो । एक सहभागीले सोधे, 'तपाईंहरू रक्सी किन खानुहुन्छ ? महामुखिया शाहीको जवाफमा निकै दम थियो । उनले भने, 'रक्सी भन्या राउटेलाई थाहै हुन्थेन, नेपाली जनताले खान सिकाएको माल छोड्न सकिएन, कोही त पापी रैछन् ।' उनले सहरका मानिसले नराम्रो काम सिकाएको बताए । 'हामीले रक्सी खान्छौं मात्रै, बनाउँदैनौं,' उनले भने, 'सहरका मान्छे रक्सी आफै बनाएर खान्छन्, हामीलाई पनि नराम्रो सिकाए ।'

कार्यक्रममा गुराँस गाउँपालिका अध्यक्ष खेमराज वलीले राउटेको शिक्षा, स्वास्थ्य, रोजगारका लागि विभिन्न कामहरू भइरहेको बताए । उनले अहिले राउटेका १४ जना बालबालिका पढ्न पनि थालेको जनाए । उनका अनुसार उनका अनुसार हाल राउटको संख्या १ सय ५१ जना छ । राउटे समुदायको जीवन सहजीकरणमा सक्रिय सत्यदेवी अधिकारीले राउटेहरूमा चेतनाको स्तर वृद्धि गर्न सके चाँडै समाजमा घुलमिल गराउन सकिने बताइन् । राउटेहरूको चिनारी, सीप नमेटिने गरी उनीहरूको बस्ती विकासतर्फ जोड दिनुपर्ने उनको भनाइ छ ।

२. दिपेश कुँवरको नाममा मालपोत कार्यालय ललितपुर एकलौटी दर्ता श्रेस्ता कायम रहेको ललितपुर जिल्ला सुनाकोठी वडा नं. ९/क कि.नं. ५२८ र ६१४ क्षेत्रफल ०-८-३-० र १-२-०-० घर जग्गा र सो घर जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत १
३. ऋणी टप नच प्रोपर्टिज प्रा.लि.को स्वामीत्वमा रहेको चालु सम्पत्ति तथा हाईपोथिकेशन सुरक्षण.....१

पुनश्चः
१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम **बैंकको प्रधान कार्यालय,बबरमहल, काठमाण्डौ** बाट प्राप्त गर्न सकिनेछ।
२. सम्पत्ति दाखेल खारेज नामसारी गर्दा नेपाल सरकारले तोकेक बमोजिम लाग्ने राजश्व लगायतका सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली बिभागमा** सम्पर्क राख्न सकिनेछ ।

prabhu bank
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालय: बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-४७८८५००, फ्याक्स नं. ०१-४७८०५८८

डा. केसी डडेलधुरा अस्पतालका स्वयंसेवक

दुई महिना निःशुल्क सेवा गर्न आएका उनलाई भेट्दा बिरामी खुसी

डीआर पन्त (डडेलधुरा)

चिकित्सा क्षेत्र सुधारका अभियन्ता डा. गोविन्द केसी मंगलबार डडेलधुरा आइपुगेको खवर सुन्नेवित्तिकै सदरमुकामका व्यवसायी, सामाजिक अगुवा र सञ्चारकर्मी भेट्न डडेलधुरा अस्पताल पुगे। गत कात्तिकमा डडेलधुरा अस्पतालनजिकै नौ दिनसम्म अनशन बसेका डा. केसीको यस पटक पनि त्यस्तै केही योजना हुनुपर्छ भन्ने उनीहरूको अनुमान थियो।

पटक-पटक सत्याग्रह गर्दै आएका प्रा.डा. केसीलाई भेटेपछि सबैका अनुमान फेल खाए। उनले यस पटक आफू सर्वसाधारणको स्वास्थ्योपचारको सेवामा सघाउन आइपुगेको बताए। 'म यस पटक निःशुल्क उपचार सेवा दिन आएको हुँ,' उनले भने, 'दुई महिनासम्म डडेलधुरा अस्पतालमा वसेर विरामीको निःशुल्क सेवा गर्छु।'

कुनै पनि प्रकारको सुविधा नलिई अस्पतालमा स्वयंसेवकका रूपमा काम गर्ने उनले बताए। सरकारी सेवाबाट निवृत्त भएपछि पहिलो पटक डडेलधुरा अस्पतालमार्फत यस क्षेत्रका सर्वसाधारणलाई स्वास्थ्य सेवा प्रदान गर्न आएको सुनाएका उनले काम थालिसकेका छन्।

'म भाग्यमानी हुँ, अस्पताल पुग्नेवित्तिकै विशेषज्ञ डा. गोविन्द केसीबाट उपचार पाएँ,' उपचारका लागि वैतडीको तल्लो स्वराडबाट डडेलधुरा अस्पताल आइपुगेका हरिसिंह ऐडीले भने, 'सधैंभरि यसरी नै विशेषज्ञ चिकित्सकबाट डडेलधुरामै उपचार पाउने दिन कहिले आउला ?' डडेलधुरामा प्रारम्भिक जाँचपछि थप उपचार गर्न जिल्ला बाहिर जान हिँडेका ऐडी डा. केसीबाट जाँच गराएपछि घर फर्किए। उनले भने, 'सामान्य जाँच गरेर अस्पतालका डाक्टरले धनगढी रिफर गर्ने गरेका थिए, योपल्ट भने त्यसो भएन।' ऐडी मात्र होइन मंगलबार र बुधबार अस्पताल आएका धेरै विरामीले डा. केसीबाट आफ्नो स्वास्थ्य जाँच गराएका छन्।

डडेलधुरा अस्पतालमा बुधबार बिरामीको जाँच गर्दै डा. गोविन्द केसी। *तस्बिर : डीआर/कान्तिपुर*

आइपुगेकै दिनदेखि अस्पतालमा हाडजोर्नी विशेषज्ञ डा. योगेश आमात्यसँगै मिलेर सेवा दिन सुरु गरेका केसीलाई भेट्दा विरामी खुसी छन्। केसीले गत कात्तिक १८ गतेदेखि नौ दिनसम्म अस्पताल नजिकै एउटा कोठा भाडामा लिएर चिकित्सा क्षेत्र सुधारका माग राख्दै १७ औं अनशन गरेका थिए। लिम्पियाधुरा र कालापानीमा भारतले भूभाग मिचेको समस्याले ठूलो रूप लिएपछि माग सुनुवाइ नहुँदै उनले त्यसबेला स्थगित गरेका थिए। सुदूरपश्चिमका सात पहाडी जिल्लाका स्वास्थ्य संस्थामा सामान्य उपचार सेवासमेत नभएको उनले गुनासो गरेका थिए। यस पटक पनि उनी अस्पताल नजिकै कोठा भाडामा लिएर बसेका छन्।

डा. केसीले यस पटक भने पुनः अनशन बस्ने/नबस्ने विषयमा खुलेर बोल्न चाहेनन्। 'अनशन बस्ने/नबस्ने विषयमा पछि कुरा गरुँला। अहिले उपचारका लागि मात्र आएको हुँ,' उनले भने, 'यदि अर्को अनशन सुरु भयो भने डडेलधुराबाटै हुन सक्छ।' डा. केसी उपचार सेवा दिन डडेलधुरा आइपुगेको खबर पाएपछि बुधबारदेखि डडेलधुरा अस्पतालमा बिरामी आउने क्रम बढेको छ। डडेलधुरा, वैतडी, डोटी, बझाङ र दार्चुलाबाट बिरामी आउन थालेको स्वास्थ्यकर्मीहरूले बताएका छन्।

डा. केसीलाई नियमित उपचार गर्न बेग्लै कक्ष भने उपलब्ध गराइएको छैन। 'उहाँले हाम्रा हाडजोर्नीका चिकित्सक डा. योगेशसँगै मिलेर सेवा सुरु गर्नु भएको छ,' अस्पतालका प्रमुख डा. जगदीशचन्द्र बिष्टले भने, 'उपचार सेवा दिन डा. केसीलाई कुनै समस्या हुँदैन।' हाडजोर्नीका धेरै बिरामी आइपुग्ने अस्पतालमा स्वयंसेवाका लागि कुनै चिकित्सक इच्छाएर आउनुलाई स्वागत गरिएको उनले बताए।

जहिले पनि चिकित्सकको अभाव हुने डडेलधुरा अस्पतालमा पछिल्लो समय भने केही विशेषज्ञ चिकित्सकले सेवा दिइरहेका छन्। आठ जना विशेषज्ञ र तीन जना मेडिकल अधिकृत गरी ११ जना चिकित्सक छन्। ४० जना चिकित्सकको दरबन्दी भए पनि तोकिएको संख्या भने अझै संख्या पुगेको छैन। सय शय्याको सेवा प्रदान गरिरहेको अस्पताल तीन सय शय्याको प्रक्रियामा गइसकेको उनले बताए।

सरकारले घोषणा गरेको देशका पाँचवटा सुविधासम्पन्न अस्पतालमध्ये डडेलधुरा अस्पताल पनि पर्छ। सात वर्षअघि टिम अस्पताल र जिल्ला अस्पताल गाभेर उपक्षेत्रीय अस्पताल घोषणा भएको थियो। अस्पतालमा पछिल्लो समय भने सेवा प्रवाहको स्तरमा सुधार आएको छ।

जन्ती बस दुर्घटनामा ३ को मृत्यु, ४९ घाइते

हेटौंडा अस्पतालमा बुधबार बेलुकी उपचाररत घाइते। *तस्बिर : सुवास विडारी/कान्तिपुर*

मकवानपुर (कास)- जन्ती सवार बस दुर्घटना हुँदा तीन जनाको घटनास्थलमै मृत्यु भएको छ भने ४९ जना घाइते भएका छन्। बुधबार साँझ कान्ति लोकपथअन्तर्गत मकवानपुर गढीगाउँपालिका-२ स्थित शिखरकटेरीको ओरालो घुम्तीमा ब्रेक नलागदा बस पहरामा ठोक्किएको हो।

मृत्यु हुनेमा गढी-७ का २९ वर्षीय टोमबहादुर मोक्तान र ३५ वर्षीय सोम रुम्बा छन्, अर्का एकको सनाखत हुन बाँकी रहेको प्रहरीले जनाएको छ। उक्त गाउँपालिकाका अध्यक्ष विदुर हुमागाईंका अनुसार बकैया-११ घट्टेबाट दुलही लिएर गढी-७ कन्यातर्फ आउँदै गरेको ना३ख ३५५६ नम्बरको बस दुर्घटना भएको हो। घाइतेमध्ये १२ जनाको अवस्था गम्भीर छ। सामान्य घाइते २९ जनाको हेटौंडा अस्पताल र २० जनाको चुरेहिल अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ। मृतकको शव हेटौंडा ल्याइएको छ। दुर्घटनामा दुलही फूलमाया लामा पनि घाइते छिन्।

ओरालो घुम्तीमा बस पहरामा ठोक्किएको प्रहरी निरीक्षक सुरेन्द्र श्रेष्ठले बताए। 'करिब ६० जना यात्रु सवार रहेको बुझिएको छ,' उनले भने, 'क्षमताभन्दा दोब्बर त भयो, चालकले गति नियन्त्रण गर्न नसकेको अवस्था भन्ने बुझियो।' बसमा यात्रु उभिएर र छतमा पनि बसेर यात्रा गरेको खुलेको उनले बताए। घटनालगत्तै फरार चालकको खोजी भइरहेको प्रहरीले जनाएको छ।

बन्दाबन्दै खस्यो पुल

गोरखा (कास)- तनहुँको भानु नगरपालिका-३ तुरतुरे र गोरखाको पालुङटार नगरपालिका-५ हवाईग्राउन्ड जोड्ने मर्स्याङदी नदीमाथि निर्माणाधीन मोटरेबल पुलको फर्मा खसेको छ। ८६ मिटर लामो पुलको ४३ मिटरमा राखिएका झन्डै तीन हजार फलामे टेकासँगै फर्मा मंगलबार खसेको स्थानीयले बताए।

फर्मा खस्दा तीन कामदार घाइते भएका छन्। घाइतेमध्ये बर्दियाका २२ वर्षीय सुनील चौधरीको अवस्था गम्भीर छ। उनको काठमाडौंस्थित न्युरो अस्पतालमा उपचार भइरहेको डीएसपी वासुदेव खतिवडाले बताए। बर्दिया घर भएका राज चौधरी र सन्दीप चौधरीको अवस्था सामान्य छ। पालुङटार नगरपालिकाका मेयर दीपकबाबु कँडेलले पुल निर्माणका क्रममा लापरबाही गरिएको बताए। 'वर्कम्यानसिपको कमजोरी देखियो,' उनले भने, 'पूरै फर्मा झरेका छन्।'

स्थानीय केशरकुमार श्रेष्ठका अनुसार खसेको फर्मा हटाउन कामदार खटाइएको छ। 'फर्मा बिछ्याएर रड भरिँदै रहेछ, टेकाले धान्न नसकेर सबै फर्मा ढलेर लडेका छन्,' उनले भने। पालुङटार-तुरतुरे सडक खण्ड अन्तर्गतको बेलिब्रिज विस्थापित गर्न २०७२ असार २५ देखि मोटरेबल पुल निर्माण थालिएको हो। २०७५ सार २५ सम्म निर्माण सक्ने गरी ठेक्का पाएको गौरी पार्वती निर्माण सेवाले समयमै काम सकेको छैन। पछिल्लो पटक २०७६ असार २५ सम्मका लागि कम्पनीको म्याद थप गरिसकिएको छ।

सडक विभागअन्तर्गतको पुल योजना कार्यालय पाल्पाका योजना प्रमुख भीमार्जुन कँडेलले पुलको फर्मा खस्नु सामान्य भएको बताएका छन्। 'सटिङ लगाउँदा लगाउँदै ढलेको हो, बनिसकेपछि होइन, साधारण कुरो हो। फेरि काम सुरु गरिहाल्छौं,' उनले भने।

VACANCY

EURO SCHOOL, KATHMANDU is a progressive school and believes in experiential learning and setting standards in academic excellence. The school is constantly upgrading itself and its staff to benchmark international standards. We offer excellent opportunities for development and a progressive career path for all our staff members.

Position	Qualification	Experience
Grade Teachers – Grade 2 & 4 (Female only) – Maths & Science	Bachelor	Minimum 3-4 Yrs.
Lower Secondary Teachers – (Computer/Maths/ Social/Science/Nepali)	Bachelor	Minimum 3-4 Yrs.
STEM & ROBOTICS Teacher	Masters	Minimum 3-4 Yrs.
ECA Teachers (Vocal/Guitar/Keybord/Violin/ Drum/Dance /Theatre/Art & Craft)	-	Minimum 2-3 Yrs.
Sports Teacher – PE Teacher/Basketball/Futsal/ Cricket/Karate/Skating/Chess	-	Minimum 3-4 Yrs.
Front Desk Officer (Female only)	+2/Bachelor	Freshers are also encouraged to apply
Kitchen Supervisor (Female only)	+2/Bachelor	Minimum 1-2 Yrs.
Transport Incharge	Bachelor	Minimum 1-2 Yrs.

- **Requirements : Excellent verbal, written communication skills in English, IT skills and should have a pleasant personality.**
- **SALARY : VERY ATTRACTIVE SALARY & OUR REMUNERATION IS THE BEST IN THE INDUSTRY.**

Kindly mention the post you have applied in the application.
Please send your resume to:
info@euroschool.edu.np
by **15th Mar, 2020**
www.euroschool.edu.np

EURO SCHOOL
Learning Unlike Any Other
Hatigaunda, Kathmandu

CAREER OPPORTUNITY AT COLLEGE

We are looking for young, dynamic, energetic, motivated and strong candidates for the following posts. Interested persons can send their applications within **5 days** with CVs to **universalbbabbs@gmail.com** or drop personally at the college reception.

Ser.	Position	Qualification	Remarks
1.	**Co-ordinator** (BBS,BASW,BA)	Master Level	Experience in an asset
2.	**Co-ordinator** (+2 Program)	Master Level	Experience in an asset
3.	College Secretary	Bachelor Level	Smart in computer work
4.	Counsellor	Bachelor Level	Experience in an asset
5.	Store-Keeper	Class X	Experience in an asset

UNIVERSAL College.
Shantinagar, Kathmandu, Tel: **4620522/23/24**

WANTED

A reputed secondary boarding school in Kathmandu (nearby New Baneshwor) is seeking to appoint

1. **Academic In-Charge**
2. **Montessori Asst. Coordinator**
3. **Receptionist**

- The requirement for **Academic In-charge** is at least two years experience in Progressive School with Master Degree.
- **Montessori Asst. Coordinator** should be Montessori trained and should have skills of handling Pre-primary Level.
- **Receptionist** should have English language command and computer literate with Nepali & English typing skill.

If you are interested, please email your application with your updated CV & expected salary via **educationfornepal2020@gmail.com** within 7 days.

Vacancy Announcement

Disability Inclusion Adviser

ICRC

The International Committee of the Red Cross (ICRC) is seeking for a qualified candidate for the position of Disability and Inclusion Adviser to manage the Physical Rehabilitation Program for Nepal with the following qualification.

- Bachelor's in public health with Diploma in Physiotherapy
- Minimum three years of working experience in a physical rehabilitation center

Qualified applicants are requested to submit their application letter, comprehensive CV on e-mail ID "amaharjan@icrc.org" by 11 March,2020. For detailed information - Please refer to https://blogs.icrc.org/new-delhi/2020/03/04/vacancy-announcement-nepal-disability-inclusion-adviser/

VACANCY ANOUNCEMENT

A reputed school located at Samakhushi is seeking for Qualified, Self motivated, and Career oriented professionals for the following posts:

S.N	Level	Post Vacant	Nos.	Qualifications
1	Pre-primary	Pre-primary Teachers	6	-Minimum +2 Passed -Montessori Trained
2	Class I-III	Grade Teachers	4	-Minimum Bachelor's Degree -Minimum 2 years experience
3	Basic Level (III-VIII)	All Subjects	6	- Bachelor's Degree in related subject -Minimum 3 years experience
4	Secondary	All Subjects	6	- Masters 's Degree in related subject -Minimum 3 years experience
5	ECA In-charge / Hostel Warden		1/1	-Minimum Bachelor's Degree and experienced in related field.

Interested candidates having excellent command over English and Nepali languages may apply with their handwritten application along with CV within 1st Chaitra, 2076.

Note: Only short listed Candidates will be called for an interview.

Salary: Negotiable.

Contact: 9869128691 / 9818295099
Email: kalyan1978sharma@gmail.com

कर्मचारीको आवश्यकता

World Vision

वर्ल्ड भिजन इन्टरनेशनल नेपाल (World Vision International Nepal - WVIN) बालबालिका, तिनका परिवार र समुदायहरुलाई गरिबी र अन्यायबाट मुक्त हुनका लागि सघाउ प्रतिबद्ध एक इसाइ, राहत, विकास र पैरवीमा काम गर्ने संस्था हो। यस संस्थाले तपसिलका पदपूर्तिको लागि योग्यता पुगेका स्थानीय नेपाली नागरिकहरुबाट निवेदनको लागि आव्हान गरेको छ।

पद : सवारी चालक (Driver)
पद संख्या : १ (एक)
कार्य स्थान : पश्चिम फिल्ड कार्यलय – धनगढी
पदको उद्देश्य : विभिन्न समुदायका र भाषा/भाषिका मानिसहरुसंग घुलमिल भई काम गर्नुपर्ने भएकाले सेवामा लक्षित भइ, पूर्ण जिम्मेवारी बहन गर्दै सम्बन्धित अधिकार प्राप्त व्यक्तिको तथा सुपरभाईजरको मातहतमा रही संस्थाको सम्पूर्ण नीति नियमहरु पालना गर्दै संस्थाको उद्धेश्य र लक्ष्य प्राप्तिका लागि प्रभावकारी र मितव्यीता ढंगले कर्मचारीहरुलाई सुरक्षित र भरपर्दो यातायात सेवा प्रदान गर्नु पर्नेछ।

प्रमुख काम र जिम्मेवारी :

- भरपर्दो र सुरक्षित यातायातको अनुभुती गराउने तथा सवारी साधनको सही सदुपयोग गरी साधारण मर्मत सम्भारको काम गर्नुपर्ने।
- सवारी साधनको सधै सरसफाई सुनिश्चित गर्ने र हरेक समयमा गाडी चल्ने अवस्थामा राख्ने, जस्तै गाडीको दिनहूँ मर्मत, सम्भार, तेल, पानी, ब्याट्री, ब्रेक, टायर आदिको जाँच तथा मर्मत सुनिश्चित गर्ने।
- प्रचलित सवारी नियम कानुनको पालनागरि सवारी साधन चलाउने र सधै स्तरीय सेवा दिने, सवारीको विवरण भर्नुपर्ने (लगबुक अनिवार्य भर्नुपर्ने)।
- कार्यलयको प्रशासनिक कामहरुमा सहायता गर्नुपर्ने जस्तै, बैंकको काम, चिठीपत्रहरु लाने, ल्याउने, फोटोकपी गर्ने, कार्यलयको विभिन्न सेवाको बिल भुक्तान गर्न जाने, कार्यालयको सामानहरु ओसारपसार गर्न सहायता गर्ने आदि।
- सवारी साधनको आवश्यक कागजातहरुहरुको नविकरण गराउने जस्तै, सवारी कर ब्लुबुक नविकरण, बिमा आदि।
- कुनै पनि सवारी दुर्घटना भएमा कानुनी र संस्थाको प्रक्रियाहरु पुर्याउन सबै विवरण दिन मुख्य भूमिका निभाउनुपर्ने र सवारी दुर्घटना भएको २४ घण्टाभित्र विवरण पेश गनुपर्ने।

पदको लागि आवश्यक पर्ने ज्ञान, सीप र दक्षताहरु:

- कम्तीमा कक्षा दश (१०) पास वा सो भन्दा माथि हुनुपर्ने, कम्प्यूटर सम्बन्धी सामान्य ज्ञान।
- अनिवार्य रूपमा दुई पाङग्रे र चार पाङग्रे सावारी चालकको अनुमति पत्र हुनुपर्ने।
- नेपाली र अंग्रेजीमा सूचना आदनप्रदान प्रभावकारी तवरले गर्न सक्नुपर्ने, गुणस्तरीय सेवा र विवरण प्रवाह गर्ने, जवाफदेही र ईमानदार हुनुपर्ने।
- कम्तीमा चार वर्ष वा सो भन्दा माथिको सम्बन्धित क्षेत्रमा अनुभव भएको।

माथि उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यही **२०७६ चैत्र २ गते (15 March, 2020) अपरान्ह ५:०० बजे** सम्ममा आइपुग्ने गरी तल उल्लेखित ठेगानामा आफ्नो व्यक्तिगत विवरणका साथ आवेदन पठाउनु हुन सम्बन्धित सबैमा जानकारी गराइएको छ। धनगढी जिल्ला र यसको छिमेकी जिल्लाहरुमा स्थानीय बसोबास गर्ने उमेद्धवारहरुलाई प्राथामिकता दिइनेछ।

छानिएका उम्मेदवारहरुलाई मात्र छनौट प्रक्रियमा बोलाईने छ। प्राप्त आवेदनहरुको छनौट प्रक्रियाको सम्पूर्ण अधिकार वर्ल्ड भिजन इन्टरनेसनल नेपालमा रहने छ। आवेदन र व्यक्तिगत विवरण सोझै तलको ठेगानामा पनि पेश गर्न पनि सकिनेछ।

वर्ल्ड भिजन इन्टरनेसनल नेपाल
World Vision International Nepal
People & Culture Department
Email: NPL-Vacancy@wvi.org

वर्ल्ड भिजन इन्टरनेसनल नेपालको
धनगढी – ५, हसन्पुर
(नेपाल राष्ट्र बैंक नजिक)
कार्यलयमा बुझाउन सकिनेछ।

उकालो लाग्दै...

काठमाडौंको तापक्रम सन् २०१० मार्च २४ मा ३३ डिग्रीसम्म रेकर्ड भएको छ भने सन् १९८९ मे ७ मा ३६.६ डिग्रीसम्म थियो ।

मौसमविद् पौडेलका अनुसार पोखरामा पनि मार्चमा तापक्रम अधिक रेकर्ड हुने गरेको देखिन्छ । सन् २०१३ मार्चमा त्यहाँको तापक्रम ३८.५ डिग्रीसम्म पुगेको थियो । सन् १९९२ मार्चमा पोखराको तापक्रम ३५ डिग्री थियो ।

नेपालगन्जमा मार्च र अप्रिल महिनाको तापक्रम करिब ४० डिग्री हाराहारी रेकर्ड हुने गरेको छ । सन् २००४ मार्च २३ मा नेपालगन्जको तापक्रम ३९.८ डिग्री रेकर्ड भएको थियो भने डडेलधुरामा सन् २०१२ मार्चमा ३४.३ डिग्रीसम्म तापक्रम पुगेको देखिन्छ ।

महाशाखाका अनुसार धनगढीमा मार्च, अप्रिल र जुनमा ४० डिग्री हाराहारी तापक्रम रेकर्ड हुने गरेको छ । सन् १९९५ मार्च ५ मा त्यहाँको तापक्रम ४६.४ डिग्रीसम्म रेकर्ड भएको छ । विराटनगर, जनकपुर, धनकुटालगायत क्षेत्रको तापक्रम पनि मार्चदेखि उकालो लाग्ने गरेको छ । सन् १९८६ मार्च ३० मा विराटनगरको तापक्रम ३९.२ डिग्रीसम्म रेकर्ड भएको थियो ।

नयाँ प्रणाली भित्रिँदै

महाशाखाका अनुसार भूमध्यसागरबाट इरान हुँदै बिहीबारसम्म नेपालको पश्चिम भागमा नयाँ मौसमी प्रणाली भित्रिँदै छ ।

उक्त प्रणाली बुधबार इरान, अफगानिस्तान, पाकिस्तान हुँदै भारतीय वायुमण्डलसम्म आइपुगेको छ । त्यो प्रणाली बिहीबार मुलुकको पश्चिमी भागमा प्रवेश हुने महाशाखाले उल्लेख गरेको छ ।

उक्त प्रणालीका कारण आंशिकदेखि सामान्य बदली रही थोरै स्थानमा मेघगर्जन हुने, चट्याङ पर्ने, हावाहुरी चल्ने र असिनासहित वर्षा हुने महाशाखाले प्रक्षेपण गरेको छ । हिमाली भागमा हिमपातको समेत सम्भावना छ । आइतबारदेखि देशभरको मौसममा सुधार आउनेछ ।

शुक्लाफाँटा राष्ट्रिय निकुञ्जको प्रचारप्रसारका लागि कञ्चनपुरमा आयोजित कार्यक्रममा छोकरा नृत्य देखाउँदै थारू समुदाय । *तस्बिर : भवानी भट्ट/कान्तिपुर*

मणिपुरबाट २२ नेपाली फर्काइँदै

जनकराज सापकोटा (काठमाडौं)

संगठित मानव तस्करको गिरोहले भारतको मणिपुर हुँदै म्यानमार लैजान खोज्दा उद्धार गरिएका २२ जना नेपालीलाई नेपाल ल्याउने तयारी गरिएको छ । दिल्लीस्थित नेपाली दूतावासमा कार्यरत एसएसपी प्रकाश अधिकारीका अनुसार फरक-फरक समयमा उद्धार गरिएका उनीहरूमध्ये धेरैजसो महिला रहेको र तिनीहरू मानव तस्करको फन्दामा परेर अवैध बाटो हुँदै वैदेशिक रोजगारीका निम्ति जान लागेका थिए । अधिकांशलाई खाडीका विभिन्न देशमा घरेलु कामदारका रूपमा लैजान लागिएको थियो ।

२०७२ वैशाखमा घरेलु कामदार पठाउनेसम्बन्धी निर्देशिका जारी गर्दै सरकारले साउदी अरब, कतार, कुवेत, यूएई, ओमान र बहराइन, लेवनान र मलेसियामा घरेलु महिला कामदार पठाउन प्रतिबन्ध लगाएको थियो । सरकारी प्रतिबन्धपछि महिलालाई भारतीय बाटो हुँदै अवैध रूपमा तेस्रो देश लैजाने काममा संगठित मानव तस्करहरू सक्रिय देखिन्छन् । मणिपुर हुँदै अवैध रूपमा म्यानमार छिराएर खाडी र इराकजस्ता देशमा घरेलु कामदारको तस्करी नयाँ घटना होइन । २०७५ फागुन ७ मा पनि मणिपुरबाट भारतीय प्रहरीले अवैध बाटोबाट घरेलु कामदारका रूपमा मुख्यत: इराक र कुवेत जान हिँडेका १ सय ७९ जनाको उद्धार गरेको थियो । जसमा १ सय ४७ जना महिला थिए । प्रहरीको मानव तस्कर नियन्त्रण ब्युरोका अनुसार गत वर्षको फागुनयता संगठित मानव तस्करको सम्पर्कबाट अवैध रूपमा विभिन्न देशको श्रम बजारमा प्रवेश गर्न खोज्ने २ सय ७२ जनाको उद्धार भएको छ ।

ब्युरोका प्रवक्ता एसपी गोविन्द थपलियाले उद्धार भएकालाई सरकारी प्रक्रिया पूरा गरेरै नेपाल फर्काउने तयारी भइरहेको बताए । उनले उद्धार भएकाबारे भारतीय प्रहरीले पनि अनुसन्धान गरेको उल्लेख गर्दै भने, 'नेपाली, भारतीय र खाडीका विभिन्न देशका एजेन्ट मिलेर तस्करीको यस्तो रुट चलाएको देखिन्छ ।' एसपी थपलियाको बुझाइमा दिल्लीस्थित विमानस्थल हुँदै तेस्रो मुलुक जानका लागि 'नो अब्जेक्सन सर्टिफिकेट' अनिवार्य गरिएपछि मणिपुर हुँदै अवैध रूपमा म्यानमार छिराउने रुट सक्रिय भएको देखिन्छ ।

गत वैशाख २६ मा पनि पूर्वोत्तर भारतको मिजोरमबाट अवैध रूपमा खाडीका विभिन्न देशमा घरेलु कामदारका रूपमा लैजान लागिएका २३ महिलाको उद्धार गरिएको थियो । मिजोरमको प्रान्तीय राजधानी आइजोलबाट करिब १ सय ८८ किलोमिटरको दूरी छिचोलेपछि चम्फाइ बजार पुगिन्छ । छिमेकी म्यानमारको सिमानामा रहेको यो बजारको पारिपट्टि जोखोथार बजार छ । तेस्रो देशका नागरिकलाई पारिको बजार जान भिसा लिनु अनिवार्य छ तर संगठित मानव तस्करका गिरोहले अध्यागमनका कर्मचारी र प्रहरीलाई प्रलोभनमा पारेर यही बजार हुँदै वा मणिपुरको मोरो भन्ने ठाउँ हुँदै अवैध रूपमा म्यानमार छिराउने गरेको देखिन्छ ।

खाद्य वस्तु...

'मंगलबार मुख्य सचिव लोकदर्शन रेग्मीको संयोजकत्वमा निजी क्षेत्रका प्रतिनिधिमूलक संस्था उद्योग वाणिज्य महासंघ, चेम्बर अफ कमर्स र उद्योग परिसंघका प्रतिनिधिहरूसँग छलफल भयो,' उनले भने, 'चामल, दाल, तेल, घिउलगायत वस्तुको मौज्दात पर्याप्त छ । अभाव हुन दिँदैनौं ।' महानिर्देशक सुवेदीले आपूर्ति सहज बनाउन बुधबार विभागमा पनि छलफल भएको बताए ।

उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष शेखर गोल्छाले खाद्यवस्तु आपूर्ति सहज बनाउन निजी क्षेत्रको सहयोग रहने बताए । 'चीनबाट मुख्यत: फलफूल आयात हुन्छ । खाद्यान्न भारतबाटै आउने हो । संकटको समयमा अनावश्यक रूपमा नाफा नहोस्, अत्यावश्यक वस्तुको आपूर्तिमा सुधार होस् भनेर छलफल गरेका छौं,' उनले भने, 'खाद्यवस्तुमा अभाव हुँदैन ।' चेम्बर अफ कर्मसका अध्यक्ष राजेशकाजी श्रेष्ठले पनि खाद्यवस्तुमा कुनै समस्या नभएको बताए ।

खुद्रा व्यापार संघ अध्यक्ष राजकुमार श्रेष्ठले खाद्यको बजार मूल्य नबढेको बताए । 'करिब ३ महिनालाई पुग्ने खाद्यवस्तु मौज्दात छ, तर उपभोक्ताको सञ्चय गर्ने प्रवृत्तिले केही समस्या हुन सक्छ ।' कृत्रिम अभाव गराई फाइदा लिन खोज्ने प्रवृत्तिमा सरकार सचेत हुनुपर्ने उनले बताए । होलसेल व्यवसायीको छाता संगठन खाद्य किराना संघका अध्यक्ष देवेन्द्रभक्त श्रेष्ठले पनि मास्कमा केही समस्या देखिएको तर खाद्यवस्तुमा चिन्ता नभएको बताए । त्रास फैलिँदै गए खाद्यवस्तुको अभाव हुन सक्ने भएकाले सरकारले अनुगमन तीव्र बनाउनुपर्ने उनले भने ।

व्यवसायीहरूले चीनबाट आयात हुने प्याज-लसुन तथा विभिन्न कच्चा पदार्थका विषयमा भने सरकार सजग हुनुपर्ने बताए । चामल, गहुँ भारतबाट आयात हुन्छ । तेल सिंगापुर, मलेसियाबाट आयात भइरहेको छ । दाल बर्माबाट, गेडागुडी तेस्रो मुलुकबाट आयात भइरहेको छ ।

नेपाल वितरक संघका पूर्वअध्यक्ष दुर्गाराज श्रेष्ठले चीनबाट आयात हुने कस्मेटिक सामग्री र कपडामा केही समस्या देखिएको बताए । '१० दिनयता कस्मेटिक सामग्री आयात भएको छैन । पुराना मौज्दात सकिँदै गएका छन्,' उनले भने, 'अधिकांश कपडा चीनबाटै आउने हुँदा यही अवस्था रहे २/३ महिनापछि कपडामा समस्या हुन्छ ।'

उपभोक्ताले खाना पकाउने ग्यासमा समेत स्टक राख्ने प्रवृत्ति बढेको उपभोक्ताकर्मीको भनाइ छ । नेपाल आयल निगमले भने आयात पर्याप्त भएकाले ग्यासमा आत्तिनुपर्ने अवस्था नभएको जनाएको छ । 'ग्यासको मासिक आयात कोटा ४० हजार टन हो,' निगमका कार्यकारी निर्देशक सुरेन्द्र पौडेलले भने ।

थर्मोमिटर पनि अभाव

बजारमा सेनिटाइजर र नन कन्ट्याक्ट थर्मोमिटर (इन्फारेड थर्मोमिटर) अभाव हुन थालेको छ । हिमालयन सर्जिकल हाउसका सञ्चालक युवराज बेलबासे मागअनुसार सेनिटाइजर र इन्फारेड थर्मोमिटर दिन नसकिएको बताए । 'टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा चार जनालाई आइसोलेसनमा राखेलगत्तै बजारमा सेनिटाइजर र थर्मोमिटरको माग बढ्यो,' उनले भने ।

व्यवसायीका अनुसार 'एन-९५' मास्क फागुनदेखि नै अभाव छ । खिचापोखरी निवासी रोश्नी गुरुङले मंगलबार त्रिपुरेश्वरका सर्जिकल स्टोरमा ह्यान्ड सेनिटाइजर खोज्दा कत्तै नपाएको सुनाइन् । व्यवसायीका अनुसार कोभिड-१९ को समाचार फैलिएलगत्तै सर्जिकल पसलमा भीड बढ्दो छ । माग बढेपछि व्यवसायीले कालोबजारी गरेर पनि सामान बेचिरहेका छन् । ८ रुपैयाँ पर्ने मास्क ३० रुपैयाँमा बिक्री भइरहेको छ ।

व्यवसायीका अनुसार सेनिटाइजर एमएल हेरी ५५ रुपैयाँदेखि ४ सय रुपैयाँसम्म बिक्री भइरहेको छ । त्रिपुरेश्वरको महालक्ष्मी इसान इन्टरप्राइजेजका सञ्चालक उमेश कार्कीले आफूसँग रहेको सेनिटाइजर ३/४ दिनमा सकिएको बताए । चीनमा संक्रमण फैलिएलगत्तै चिनियाँले यहाँबाट सर्जिकल सामान किनेर लगेका थिए ।

व्यवसायीका अनुसार डिजिटल थर्मोमिटरभन्दा नन कन्ट्याक्ट थर्मोमिटर सुरक्षित हुन्छ । केमिकल एन्ड मेडिकल एसोसिएनका अध्यक्ष सुरेश घिमिरेले भने सरकारले सहयोग गरे थर्मोमिटर र सेनिटाइजरको अभाव नहुने बताए । 'आयात गर्दा भारतको भन्सारले रोकेन भने अभाव हुँदैन,' उनले भने, 'त्यसैले सरकारसँग कुरा गरिरहेका छौं ।'

व्यापारीलाई चेतावनी

जिल्ला प्रशासन कार्यालय काठमाडौंले दैनिक उपभोग्य वस्तु र कोभिड-१९ रोकथामका लागि प्रयोग हुने मास्क, सेनिटाइजरलगायत सामानमा कृत्रिम अभाव देखाउने तथा बढी मूल्य लिने व्यापारीलाई पक्राउ गर्ने चेतावनी दिएको छ ।

काठमाडौंका प्रमुख जिल्ला अधिकारी जनकराज दाहालले काठमाडौं उद्योग वाणिज्य संघ, खुद्रा व्यापार संघ काठमाडौंका पदाधिकारीसहितको बैठक उपभोग्य र सरसफाइजन्य वस्तुमा कालोबजारी गर्नेमाथि पक्राउ गर्ने बताएका हुन् । 'व्यापारीले कृत्रिम अभाव देखाउँदै उपभोग्य वस्तुमा कालोबजारी गर्नु भनै ठूलो अपराध हो, यसप्रति प्रशासन गम्भीर बनेको छ,' काठमाडौंका सहायक प्रजिअ जीवन आचार्यले भने ।

करेलीकाँडामा थप चिकित्सक पुगे

रुकुम पश्चिम (कास)- डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका-१ करेलीकाँडामा फैलिएको अज्ञात रोग नियन्त्रणमा आउन नसकेपछि चिकित्सक टोली पुगेको छ । बुधबार बिहान हेलिकप्टरमार्फत औषधि र उपकरणसहित पुगेका चिकित्सक तथा स्वास्थ्यकर्मीले घरघरमा गई उपचार थालेका छन् ।

रोग नियन्त्रणका लागि सुर्खेतबाट ल्याब टेक्निसियन तथा चिकित्सकको टोली डोल्पा पठाइएको हो । जिल्ला अस्पतालका चिकित्सक पनि करेलीकाँडा पुगेका छन् । रोग पत्ता लगाउनुपर्ने भएकाले ल्याब टेक्निसियनमार्फत नमुना संकलन गरी सुर्खेत पठाइएको प्रमुख जिल्ला अधिकारी सुरेश सुनारले बताए । यसअघि स्थानीय स्वास्थ्यकर्मीले मात्रै गाउँलेको उपचार गरिरहेका थिए । ५० भन्दा बढी स्थानीयवासीमा एकैखाले लक्षण देखिएको थियो ।

उनीहरूमा ज्वरो आउने, टाउको दुख्ने, खोकी लाग्ने, रिंगटा लाग्ने, हातखुट्टा दुख्नेलगायत लक्षण देखिएका छन् । प्रमुख जिल्ला अधिकारी सुनारका अनुसार रोग पहिचान नभएपछि उक्त क्षेत्रका विद्यालय अनिश्चितकालका लागि बन्द गरिएको छ ।

राधाराधेति संगीतं राधाराधकमव्ययम् ।
राधामनोरमं वन्दे राधाराहृतमानसम् ॥

हार्दिक श्रद्धाञ्जली

जन्म
२०२२ वैशाख ७ गते

ॐ

महाप्रस्थान
२०७६ माघ ८ गते

स्व. लक्ष्मी भट्टराई ओझा

हाम्री प्रिय **लक्ष्मी भट्टराई ओझा**को असामयिक निधन भएको ४५औं दिनको पुण्य तिथिमा सायुज्य मुक्ति र वैकुण्ठबासको कामनासहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं ।
साथै यस घडीमा प्रत्यक्ष भेट र विभिन्न माध्यमबाट हामीलाई समवेदना व्यक्त गर्नुहुने सम्पूर्ण महानुभावहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

सासु : कृष्णदेवी ओझा
पति : राम प्रसाद ओझा
छोरा/बुहारी : अनुप/मारिया पिया ओझा
अनुपम/रोशिका ओझा र अनुराग ओझा
नाति : आयन ओझा
विराटनगर ११, मोरङ

भावपुर्ण श्रद्धाञ्जली

अनित्या वत संस्कारा उत्पादव्ययधर्मिण: ।
उत्पद्य च निरुध्यन्ति तषां व्युपशम: सुख: ॥

जन्म: १९९२

स्वर्गारोहण: २०७६

स्व. कृष्ण बहादुर थापा

हाम्री परमपूज्या गुरुआमा जेचुन्मा नीरु राणाका पिता स्व. कृष्ण बहादुर थापाको मिति २०७६ फाल्गुन १० गते चौरासी वर्षको उमेरमा देहपरित्याग भएकोले उहाँको चित्तसन्ततिको सुखावतीप्राप्तिको कामनाका साथ उहाँका शोकापन्न सम्पूर्ण परिवारजनमा समवेदना प्रकट गर्दै उहाँहरुको अनित्यबोधको सामर्थ्यले सहजता र धैर्य कायम रहोस् भन्ने कामना गर्दछौं ।

व्योमकुसुमा बुद्धधर्म सङ्घ परिवार

बर्गिकृत डिस्प्ले

BUILDING FOR SALE
3 Storied Building in Kamaladi
Area : 5 Anna 1 Paisa 3 Daam
Location : Between Ghantagar and Kamaladi Ganeshthan adjoining Kamaladi Main Road
Contact Mr. Lama Mob: 9841225299

जग्गा बिक्रीमा
महाराजगंज निर्मल निवास पछाडी पूर्व मोहडा भएको १४ फिटे पिचबाटो भिआईपी एरीयामा ५ आना जग्गा प्रति आना ५० लाख उक्त जग्गामा घरको नक्सा तयार छ ।
सम्पर्क: ९८०३२६७५७९

होटल एण्ड लज बिक्रीमा
विदेश जानुपर्ने भएकोले राम्रो चलिरहेको चरिकोट सातदोबाटो चोकैको होटल एण्ड लज बिक्रीमा ।
सम्पर्क: ९८५१२४१८८३

जग्गा बिक्रीमा
भक्तपुर बागेश्वरीमा १७ आना २ पैसा बाटो १० मिटर, काभ्रे भकुण्डेबेसीमा १ रोपनी बाटो ८५ फिट (२५ मिटर) तथा थानकोट चेकपोष्टबाट ३०० मि. भित्र बाटो ४ मिटरमा ८ आना जग्गा बिक्रीमा मुल्य आपसी सहमतीमा ।
सम्पर्क: ९८४१४८९५३५

यौन शक्ति
यौन शक्ति बढाउने, पुरुषलाई देखापर्ने सम्पूर्ण यौन समस्या र दुर्बलताहरुको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्ट
जॉड-रक्सी, गाँजा, चुरोट जस्ता अन्य कुलत छुटाउन
हाईट बढाउन · चाँयापोतो, डण्डीफोर चाउरीपना हटाउन
महिलाको पेट तथा छात्तिमा देखिने सैतो धर्सा हटाउने · मोटोपना बढाउन/घटाउन
हिपथाई बढाउन/घटाउन
स्तन बढाउन/घटाउन/टाईट पार्न
नेपालभरी फ्रि-होम डेलिभरी
Global Fitness Shop
9851057631, 014461711, 9803464971, 9851057632
चावहिल (मेडिकेयर अगाडी)
Not For Medicinal Use

त्रिशुली नदीको ढुंगा, गिट्टी वालुवा (क्रसर तथा बालुवा उद्योगलाई उपयुक्त)
सम्पर्क:
98018-20504
98011-81369
98067-19035

आकर्षक घडेरी बिक्रिमा
मृगौलिया-९ (क), सलकपुर, मोरङ

फाइनान्सको पनि व्यवस्था छ ।
सम्पर्क:
98170-90198, 98163-07952
98011-81369, 98510-81369

जग्गा बिक्रीमा
निजगढ द्रुतमार्गको प्रस्थान बिन्दु नजिक छम्पी हाईटमा एकमुष्ठ २२ रोपनी ७ आना जग्गा बिक्रीमा ।
होटल, रिसोर्ट, गुम्बा तथा Housing लाई अति उपयुक्त
सम्पर्क:
९८४१३७११२८
९८५१९५३८७०

फ्रि-होम डेलिभरी यौन-शक्ति
यौन सम्बन्धी सम्पूर्ण समस्याहरुको लागि विश्वस्तरीय हर्बल सप्लिमेन्टहरु
जाँड-रक्सी, चुरोट, ड्रग्स जस्ता अन्य कुलत थाहि नदिई छुटाउन
चाँयापोतो डण्डीफोर चाउरीपना हटाउन · STEP-UP हाईट बढाउन
महिलाको स्तन बढाउन, घटाउन र योनी टाईट पार्न
मोटोपना · SEX-TOYS
घटाउन-बढाउन · पनि पाईन्छ
कपाल झर्न रोकी पुन: उमार्न-Hair Building Fiber
हेलो शप नेपाल
कोटेश्वर City-Tower
9808650895, 9868200286
Note: This is Food Supplement Products, Not For Medicinal Use

७५ कर्मचारी अर्जेन्ट
No Interview / Direct Job
इच्छुक हुँदा काम आजैबाट गर्नसकिने
तलब: 24,000/- 48,500/-
योग्यता: पढेनपढेका दुवै Test/SEE +2Above
समय: 9am-5pm Parttime
सुविधा: महिलापुरुष विद्यार्थीगृहिणी १६वर्ष६०वर्षसम्मका जोकोहीले गर्नमिल्ने
गोपीकृष्णहल
01-4820559
9810342257,9849159679

33 कर्मचारी अर्जेन्ट
काम: अफिसमित्रै
No Interview, 100% Job
योग्यता: Test, SEE, +2 above देखि साधारण लेखपढ भएकालाई जोकोहीले पनि पूर्ण सकिने
तलब: 18,500/-देखि 23,500/-सम्म
सुविधा: खाजा खर्च १०० + बसभाडा १००
समय: 9:00 AM- 5:00 PM
Parttime/Fulltime परिमार्ग मिल्ने
ग्वार्कोचोकैमा
9808728580
9846599866

मुक्तिनाथ मनकामना दर्शन टुर
जान आउन आराम दाइ गाडी बाट सेवा उपलब्ध छ
मानसरोवर ट्राभल्स एण्ड टुर्स प्रा.लि.
नयाँबसपार्क, काठमाण्डौ
9851051659, 9856034631
01-4353998, 4365807

WANTED
होटलको लागि स्टाफ तु आवश्यकता काममा अनुभव भएको र तत्काल डिउटी गर्न सक्नेले मात्र सम्पर्क गर्नु होला ।

क्र.स.	पद	खाना बस्न सुविधा	न्यूनतम योग्यता	तलब
१.	वईटर	छ	SEE पास /+2	10000 देखि 12000
२.	वईटर रेसिप्सन काम गर्न सक्ने	छ	SEE पास /+2	12000 देखि 15000
३	रेसिप्सनिस्ट	छ	+2	12000 देखि 15000

Contact: 9849230766

कर्मचारीहरु अर्जेन्ट
बेरोजगारलाई आजैबाट रोजगार ।
काम: अफिसमित्रै+घरैमा लगी गर्नमिल्ने
No Interview 100% Job
योग्यता: साधारण लेखपढगर्न जान्ने/नजान्ने देखि Test SEE,+2 above महिला पुरुष गृहिणी विद्यार्थी सबैले गर्न मिल्ने
सुविधा: खाजा खर्च गाडीभाडा १००/१००।-
तलब: पार्टटाइम: 20,000-25,000/- फुलटाइम: 25,000-30,000/-
Shift: Morning/Day/Evening/Night
नयाँ बसपार्क गोगबुचोक 01-4363058 9813005009
कालिमाटी बिष्णुमतिपुलको मुखैमा 9813586522 9845279763
महिला गृहिणी विद्यार्थीलाई काम घरैमा ।

CAT 21 Ton
NEXT GENERATION एक्सामेटर, १५% सम्म डिजलको बचत, मेकानिकल पम्प जडित

(२१ टनको मेशिन)
फाईनान्स सुविधा सहित
Kathmandu: 9802311673, 9802311675, 9802311679, 9802311685, 9802311672
Pokhara: 9802311681, 9802311694 | Hetauda: 9802311687 | Butwol: 9802311683 | Kohalpur: 9802311678 | Itahari: 9802311677

ब्याङ्क्वेट बिक्रिमा
काठमाडौं त्रिपुरेश्वर स्थित ८०० जनासम्म पार्टी गर्न सकिने तथा सभा सम्मेलन गर्न विषेश उपयुक्त हल भएको, प्रयाप्त पार्किङ सहितको चालू अवस्थाको पार्टी प्यालेस तुरून्त बिक्रिमा ।
सम्पर्क :
९६१६४१११११

आकर्षक घडेरी बिक्रीमा
बारा जिल्ला कोल्वी नगरपालिका-१ मा २२ कठ्ठा जग्गा, प्रति कठ्ठा रू. २५००,०००।- पच्चीस लाख मात्र ।
१) टुक्रा पनि गर्न मिल्ने
२) प्रस्तावित बसपार्क,
फास्टट्र्याक, सशस्त्र गुल्म नजिक
३) भारत जाने ठूलो हाइवे नजिक
९८६४९२८७१९,
९८५१९८८५०९

जग्गा बिक्रीमा
चितवन को भरतपुर महानगरपालिका अर्न्तगत को, पुर्व पश्चिम राजमार्ग सगै
आस्था चोक (६ कठ्ठा)र नारायणगढ, बेलचोक को मुल बाटोको घडेरी समेत बिक्रिमा
साथै अन्य क्षेत्र हरुमा रत्ननगर टाडी, गैडाकोट को घडेरि हरु धमाधम बिक्रिमा रहेका छन्
९८५५०५९८५३
९८४५०५३९३३
email - gicngh@gmail.com

घडेरी योग्य धान खेत तु: बिक्रिमा
जिल्ला सुनसरी इनरुवा-७, मधेशा स्कुल भन्दा २.५ कि.मी.को दुरीमा रहेको १३ कठ्ठा २ धुर जग्गा तु. बिक्रिमा
नोट: बाटोले छोएको साथै ८०-१०० फिट मुख भएको
(प्रति कठ्ठा ३ लाख २० हजार मात्र)
9842098808, 9811024253

WANTED
A reputed school in Koteshwor is in need of secondary level
- Maths cum Science Teacher -1
- Social Study Teacher -1
- Primary Level Teacher -1

Experienced Teachers will be given priority.
Please email cv at newtulipsschool@gmail.com
Contact No.: 9849303754

नेपाल सरकारबाट मान्यता प्राप्त ८५ कर्मचारीहरु अर्जेन्ट
काम: अफिसमित्रै
No interview, 100% Job
योग्यता: Test, SEE, +2 साधारण लेखपढ गर्न जान्ने/नजान्ने
सुविधा: गाडीभाडा:-१००।- खाजा:-१००।-
काम: कम्प्यूटर/उत्पादन सेक्टर
तलब: Parttime: 24,500/- Fulltime: 48,500/-
समय: 12 to 4PM/9 to 5PM
चावहिलचोक
इजिलिंक नेपाल प्रा.लि.
9803434644, 014483414
9866446837

Commercial land For sale
Prime commercial land at East Gyaneshwor, Pashupati Road, Kathmandu
Contact-9843522575
(No Broker Please)

घर बिक्रीमा
द्वारिका होटल पछाडी सूर्य विक्रम ज्ञवाली मार्गमा रहेको मासिक १ लाख ३० हजार भाडा आइरहेको साढे ७ आना जग्गामा बनेको २ वटा पक्की घर ।
सम्पर्क
९८४३३८५७४७

लाजिम्पाटमा Hotel Malaya बिक्रीमा
Shangri-La Hotel अगाडि चलिरहेको, 9 आना जग्गामा फैलिएको Resurant-1 Deluxe Room-12, Cafe-1, Underground Parking सहित
सम्पर्क: 9860576477

VACANCY ANNOUNCEMENT
A logistics company invites applicants for the post of *Land Sea* officer.
Interested candidate are required to submit an application on the given email address.
E-mail:-
vvacancy3@gmail.com

आवश्यकता
प्रतिष्ठित कम्पनीको नयाँ ब्रान्च विस्तारकोलागि थप ११ कर्मचारी तु. आवश्यकता ।
योग्यता: Test, SEE +2 above
समय: 11am - 5 pm
तलब: 15,500/- upto
सुविधा: गाडीभाडा
चावहिल प्लाजा नजिकै
९८०३८४२५५०, ९८४७३००७००
नोट: पहिला आउनेलाई विशेष प्राथमिकता

घर सहितको टहरा बिक्रीमा
सिन्धुपाल्चोक जिल्लाको प्रसिद्ध मन्दिर गौराती भिमसेन मन्दिर सँगै २२ आना कम्पाउण्ड भएको जग्गामा बनेको ढलाने घर सहित टहरा बिक्रीमा
सम्पर्क नं. :
९८१८०८७६३७

घर बिक्रीमा
सितापाइला रामकोटमा कोलनी भित्र रहेको ३ आना ३ पैसामा बनेको 2.5 तले फिनिसीङ हुदै गरेको घर बिक्रीमा ।
जग्गा सग पनि साट्न सकिने ।
सम्पर्क:
९८५१०४०३५१

WANTED
- Pharmacist (B.pharm) -2
- Pharmacy Assistant (D.pharm)-2

Contact :
Three S. Pharmacy Pvt. Ltd.
Maharajgunj, Kathmandu
Ph : 01-4650440, 9845327804
Email:3spharmacy19@gmail.com

बर्गिकृत डिस्प्ले
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*

अब मल्टिकलरमा पनि छाप्न सकिने

घर बिक्रिमा

गाडि बिक्रिमा

जग्गा बिक्रिमा

* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

खेलकुद

सफल शिवराम

गल्फर शिवराम श्रेष्ठले पाइलट गल्फर्स एनपीजीए क्लासिकको उपाधि जितेका छन् । आरएनजीसीमा बुधबार सम्पन्न प्रतियोगितामा शिवरामले निकट प्रतिद्वन्द्वी शुक्रबहादुर राईविरुद्ध तीन स्ट्रोकका अग्रतामा करिअरको ४६ औं उपाधि जिते ।

एपीएफविरुद्ध पुलिस हाबी

छैटौं प्रधानमन्त्री कप महिला भलिबलको उपाधिका साथ नेपाल पुलिस टिम । *तस्बिर : रुपा/कान्तिपुर*

रूपा गहतराज (नेपालगन्ज)

विभागीय टिमबीचको फाइनल भिडन्तमा नेपाल एपीएफ क्लबलाई पराजित गर्दै नेपाल पुलिस क्लबले छैटौं प्रधानमन्त्री कप आमन्त्रण महिला भलिबलको ट्रफी उचालेको छ । यो जितबाट पुलिसले एपीएफसँगको लगातारको हार शृंखला तोडेको छ ।

नेपालगन्जस्थित कभर्डहलमा बुधबार फाइनलमा पुलिसले ३-० को सोझो सेटमा सफलता पाएको हो । मुख्य स्पाइकर सरस्वती चौधरी र ओपन स्पाइकर नेबिका चौधरीको अभावमा एपीएफले गतिलो प्रदर्शन गर्न सकेन । दुवै चोटका कारण प्रतियोगितामा सहभागी थिएनन् । खेलका क्रममा एपीएफकी कप्तान विनीता बुढाथोकी पनि घाइते भएकी थिइन् । उनीहरूको अनुपस्थितिमा अनुमान गरिएभन्दा फरक पुलिसले एकपक्षीय रूपमा खेल जितेको थियो । सुरुदेखि नै अग्रता लिएको पुलिसले पहिलो सेट २५-१६ ले आफ्नो पक्षमा पाऱ्यो । १९-१६ को अवस्थामा पुलिसले लगातार ७ अंक जोड्दै सेटमा अग्रता लियो । दोस्रो सेटमा सुरुमा पछि परे पनि पुलिसले उत्कृष्ट प्रदर्शन गर्दै २५-१७ ले आफ्नो पक्षमा ल्यायो । बराबरीकै अवस्थामा पुलिसले १८-१६ को अवस्थाबाट लगातार ६ अंक जोडेको थियो । अन्तिम सेटमा पछि परेको स्थिति तोड्दै पुलिसले २५-१८ सेटसँगै खेल जितेको थियो । गत वर्ष न्यु डायमन्ड स्पोर्ट्स क्लबलाई पराजीत गर्दै एपीएफले उपाधि जितेको थियो । एपीएफका प्रशिक्षक विजय केसीले खेलाडी अभावकै कारण राम्रो खेल प्रदर्शन गर्न नसकेको स्विकारे । 'पुलिसले राम्रो खेल खेलेको हो,' उनले भने, 'मुख्य स्पाइर सरस्वती र ओपन स्पाइकर नेबिकाको अभाव खट्किएकै हो ।'

पुलिसले २ लाख र एपीएफले १ लाख रुपैयाँ पुरस्कार पाए । बुधबारै त्रिभुवन आर्मी क्लबले न्यु डायमन्डलाई ३-० को सोझो सेटले हराएर तेस्रो स्थान हात पाऱ्यो । आर्मीले ५० हजार रुपैयाँ पायो ।

पुलिसकी उषा भण्डारी सर्वोत्कृष्ट खेलाडी घोषित भइन् । उनले १० हजार पाइन् । स्पाइकरमा एपीएफकी निरुता ठगुन्ना, सर्भरमा पुलिसकी मनीषा चौधरी र सेटरमा पुलिसकी कमला पुन, ब्लकरमा आर्मीकी संगम महतो उत्कृष्ट घोषित भए । न्यु डायमन्डकी सलिना श्रेष्ठ उत्कृष्ट लिबरो चुनिँदा पुलिसका रुपेश विष्ट उत्कृष्ट प्रशिक्षक चुनिए । सबैले ५-५ हजार रुपैयाँ हात पारे ।

लिभरपुलको अर्को हार

लिभरपुलविरुद्ध जित पाएपछि आफ्ना खेलाडीसँग खुसी साट्दै चेल्सीका प्रशिक्षक फ्रान्क लाम्पार्ड (दायाँ) । *तस्बिर : एपी*

लन्डन (एएफपी)- पछिल्ला चार खेलमा तेस्रो असफलताका रूपमा मंगलबार राति चेल्सीसँग २-० ले पराजित हुँदै एफए कपबाट बाहिरिनुका बावजुद प्रशिक्षक योर्गन क्लोपले लिभरपुलको यस सिजनको प्रदर्शनलाई सर्वश्रेष्ठ करार गरेका छन् ।

क्लोपले प्रिमियर लिगको ४५ औं खेलमा शनिबार पहिलोपल्ट हारे बेहोरेको टिमबाट सात परिवर्तन गरेका थिए । तर उनले टिमलाई अन्य युवा टोलीको तुलनामा उत्कृष्ट दाबी गरे । लिभरपुलको युवा टोली एभरटन र श्रेसवरीलाई पराजित गरी एफए कपको पाँचौं चरण पुगेको थियो । तर विलियन र रस बार्कलीको गोलमा फ्रान्क लाम्पार्डको चेल्सीले स्टामफोर्ड ब्रिजमा अत्यावश्यक जित पायो ।

'२-० ले पराजित हुनु पक्कै राम्रो होइन । तर, यसलाई वृहत कोणबाट हेर्दा राम्रो हुन्छ । हामीले गोलको उत्कृष्ट अवसर खेर फाल्यौं,' हारपछि क्लोपले भने । ३० वर्षमा पहिलोपल्ट प्रिमियर लिगको उपाधि जित्ने अभियानमा रहेको लिभरपुल २२ अंकको अग्रतासहित शीर्षस्थानमा आरामको स्थितिमा छ । तर च्याम्पियन्स लिगको उपाधि रक्षा गर्ने लक्ष्यमा एक खुट्किलो अगाडि बढ्न अर्को साता हुने प्रिक्वाटरफाइनल दोस्रो लेगमा एट्लेटिको म्याड्रिडको १-० को अग्रता उल्टाउनुपर्नेछ ।

'पछिल्लो ३ साता हाम्रो यो सिजनकै खराब समय रह्यो । तर अबका तीन साता सिजनकै सानदार समय बनाउने अवसर छ र यही अनुसारको योजना बनाएका छौं,' क्लोपले भने ।

प्रिमियर लिगका पछिल्ला १६ खेलमा ५ जित तथा च्याम्पियन्स लिगको प्रिक्वाटरफाइनलको पहिलो लेग बार्यन म्युनिखसँग ३-० ले गुमाएपछि सिजनमा कम्तीमा एउटा उपाधि आशा जीवित राख्न चेल्सीका लागि यो खेल जित्नैपर्ने थियो । 'हामी इडेन हाजार्ड र डिएगो कोस्टा तथा जोन टेरी र डिडियर ड्रोग्बाका समयको चेल्सी रहेनौं । हामीसँग युवा खेलाडीको वर्चस्व छ र खराब समयबाट मुक्ति पाउने प्रयासमा छौं,' चेल्सीकै पूर्व खेलाडी लाम्पार्डले भनेका छन् ।

मंगलबार न्युकासल र सेफिल्ड युनाइटेडले पनि क्वाटरफाइनलमा स्थान सुरक्षित गरेका छन् । मिगुल अल्मिरोनको दुई गोल सहयोगमा न्युकासलले वेस्टहयामलाई ३-२ ले पराजित गर्दै १४ वर्षमा पहिलोपल्ट एफए कपको अन्तिम ८ को यात्रा तय गरेको हो ।

विल्ली सार्पको निर्णायक गोलमा सेफिल्डले रिडिङलाई अतिरिक्त समयमा २-१ गोलले हराउँदै क्वाटरफाइनल पुगेको हो ।

सकियो छनोट सम्भावना

कान्तिपुर संवाददाता (काठमाडौं)

इस्टर्न रिजन क्रिकेटमा बुधबार थाइल्यान्डसँग बलिडपछि नेपालका सन्दीप लामिछानेसहित अन्य खेलाडी । *तस्बिर सौजन्य : क्रिकेटिङनेपाल*

नेपाली क्रिकेट टोली एसीसी एसिया कप छनोटको प्रारम्भिक चरण पार गर्न असफल भएको छ । एसीसी इस्टर्न रिजन ट्वान्टी-२० कपमा मलेसिया र हङकङसँग पराजित भएपछि कठिन स्थितिमा पुगेको नेपालले बुधबार घरेलु टोली थाइल्यान्डलाई ९ विकेटले हराए पनि फाइनल पुग्न नसक्ने निश्चित भएको छ ।

इस्टर्न रिजनका फाइनलिस्ट टोलीले अगस्टमा एसिया कप छनोट खेल्न पाउनेछन् । जहाँ वेस्टर्न रिजनका फाइनलिस्ट टोलीसँग राउन्ड रोबिन प्रणालीमा प्रतिस्पर्धा हुनेछ । त्यो प्रतियोगिता विजेताले सेप्टेम्बरमा टेस्ट मान्यताप्राप्त ५ राष्ट्रसँग एसिया कप ट्वान्टी-२० खेल्ने अवसर पाउनेछ । नेपालले अहिलेसम्म एसिया कप खेलेको छैन ।

सुरुआती दुई खेल मलेसियासँग २२ र हङकङसँग ४३ रनले पराजित भएपछि नेपालले फाइनल पुग्नका लागि बाँकी २ खेल ठूलो अन्तरमा जित्ने र अन्य टिमको नतिजा आफूअनुकूल हुनुपर्ने समीकरण बनेको थियो । त्यसअनुसार बुधबार नेपालले थाइल्यान्डमाथि ठूलो अन्तरको जित निकाल्यो । तर दिनको दोस्रो खेलमा सिंगापुरले हङकङलाई १६ रनले पराजित गरेपछि नेपाल सिंगापुरसँग खेल्नुअगावै फाइनल नपुग्ने निश्चित भएको हो । लगातार तीन जितपछि सिंगापुर फाइनलमा पुगेको छ । अब मलेसिया र हङकङबीचको विजेताले फाइनलमा स्थान बनाउन छ । दुवैको तीन खेलबाट २ जितसहित ४-४ अंक बनाएका छन् ।

बैंककको ट्रेडथाई क्रिकेट मैदानमा घरेलु टोलीले दिएको ६७ रनको लक्ष्य नेपालले ५.३ ओभरमै १ विकेट क्षतिमा भेट्टायो । ब्याटिङलाइन परिवर्तन गरेको नेपालले थाइल्यान्डसँग पूर्व कप्तान पारस खड्का र कुशल मल्ललाई ओपनिङ पठाएको थियो । खराब लयबाट गुज्रिइरहेका पारस ९ रनको स्कोरमा आउट भए पनि त्यसपछि आएका पवन सर्राफले कुशलसँग ५८ रनको अविजित साझेदारी गर्दै खेल जिताए । कुशलले १८ बल खेलेर २ छक्का र ५ चौका सहयोगमा ३६ रन बनाए । छक्का प्रहार गर्दै टिमलाई जित दिलाएका पवनले १० बलमा ३ छक्का र २ चौकासहित २७ रन जोडे ।

त्यसअघि टस जितेको थाइल्यान्डले अन्तिम बलमा अलआउट हुनुअघि न्युन योगफल बनाउँदा दुई ब्याट्समयानले मात्र दोहोरो अंकमा रन बटुल्न सके । तेस्रो नम्बरमा ब्याटिङ गरेका हेन्नो जोर्डनले १६ र नवौं नम्बरका फिरियापोङ सुआनचुआईले अविजित १३ रन बनाए ।

थाई इनिङ्स ध्वस्त पार्न करण केसीले ३ विकेट लिए । उनले ४ ओभरमा २ मेडन राख्दै १२ रन खर्चिए । ४ ओभरमा २३ रन खर्चिएका अविनाश बोहराले २ विकेट लिए । सन्दीप लामिछानेले १ र ट्वान्टी-२० अन्तर्राष्ट्रियमा डेब्यु गरेका भुवन कार्कीले १ विकेट लिए । भुवनले उत्कृष्ट बलिङ गर्दै ४ ओभरमा १ मेडनसहित ६ रनमात्र खर्चिए ।

सन्दीपले आफ्नो स्पेलमा २ मेडन राख्दै ९ रन खर्चिएका थिए । त्यसक्रममा २४ मध्ये २२ बलमा उनले रन दिएनन् । बाँकी २ बलमा ३ रन खर्चिएका उनको ६ रन वाइड बलिङबाट गएको हो । दुईपल्ट वाइड फाल्दा एउटा बल चौका भएको थियो । डट बलमा यो उनको सबैभन्दा उत्कृष्ट प्रदर्शन हो । सन्दीपले यसै प्रतियोगिताबाट ट्वान्टी-२० क्रिकेटमा १ सय विकेट पूरा गरेका थिए । यस प्रतियोगितामा अहिलेसम्म उनले ५ विकेट लिइसकेका छन् । समग्रमा उनको ट्वान्टी-२० विकेट १ सय ४ पुगेको छ ।

मछिन्द्र फाइनलमा

कान्तिपुर संवाददाता (इलाम)

विष्णव भट्टराई

सहिद स्मारक 'ए' डिभिजन लिग विजेता मछिन्द्र क्लब बुधबार इलाममा जारी छैटौं माईभ्याली गोल्डकप फुटबलको फाइनलमा पुगेको छ । दार्जिलिङको मानेभन्ज्याङ फुटबल क्लबलाई ३-० ले पराजित गर्दै मछिन्द्र उपाधि नजिक पुगेको हो ।

मछिन्द्रबाट दुई गोल रेजिन सुब्बाले गरेका थिए । अर्को गोल एडिलाजा सोमिडेको नाममा रह्यो । पहिलो हाफको १९ औं मिनेटमा मछिन्द्रका रन्जित धिमालले दिएको पासमा पेनाल्टी क्षेत्र नजिकैबाट रेजिनले आकर्षक गोल गरेका हुन् । त्यसको दुई मिनेटभित्र रन्जितको कर्नरमा एडिलाजाले हेडमार्फत दोस्रो गोल गरेका थिए ।

मछिन्द्रले नियन्त्रणमा लिएको खेलमा ८६ औं मिनेटमा रेजिनले वान भर्सेस वानको अवस्थामा गोल गर्दै अग्रता बढाए । खेलमा मछिन्द्रका देवेन्द्र तामाङ म्यान अफ द म्याच घोषित भए ।

मानेभन्ज्याङको हारसँगै भारतका चारै टिम बाहिरिएका छन् । कोलकाताको मोहम्मडन, सिक्किमको ग्यान्टोक सिटी र नागाल्यान्डको कोहिमा इगल फुटबल क्लब पहिलो चरणबाटै बाहिरिए ।

मछिन्द्रले खेल अवधिभर नै मानेभन्ज्याङलाई दबाबमा राख्यो । अनुभवी खेलाडीले भरिएको मछिन्द्रका लागि विमल घर्तीमगरले पाएका केही अवसर गोलमा परिणत गर्न सकेनन् । तीन अफ्रिकन खेलाडीसहित मैदान उत्रिएको मछिन्द्रले पहिलो खेलमा भन्दा सुधारिएको प्रदर्शन गरेको थियो । 'विपक्षी टिमको कमजोरीको पर्याप्त फाइदा उठायौं,' मछिन्द्रका प्रशिक्षक प्रवेश कटुवालले भने, 'पहिलो हाफमा नै दुई गोल निकाल्न सफल भएकाले सहज भयो ।'

मानेभन्ज्याङका प्रशिक्षक रिवाङ भुटियाले खेलाडीले राम्रो प्रदर्शन गरे पनि जित निकाल्न नसकेको बताए । 'अर्को वर्ष बलियो टिमका साथ सहभागी हुनेछौं,' उनले भने । बुधबार आयोजक माईभ्याली फुटबल क्लब र त्रिभुवन आर्मी क्लबबीच दोस्रो सेमिफाइनल हुनेछ ।

मकवानपुर गोल्डकप सच्यो

मकवानपुर (कास)- हेटौंडामा हुने तेस्रो मकवानपुर गोल्डकप फुटबल प्रतियोगिता एक महिना पछाडि सरेको छ । मकवानपुर जिल्ला फुटबल संघले फागुन २९ देखि हुनुपर्ने प्रतियोगिता तयारी र प्राविधिक कारणले एक महिना पछाडि सार्नुपरेको जनाएको छ । प्रतियोगिता चैत २९ देखि हुनेछ । यसअघि अखिल नेपाल फुटबल संघ (एन्फा) ले फागुन २९ देखि खेल आयोजना गर्न अनुमति दिएकोमा विभिन्न ठाउँमा भइरहेको गोल्डकपको मिति जुधेकाले आयोजकले एक महिनापछिको मिति मागेको थियो । गत वर्ष मकवानपुर गोल्डकपको नाममा भएको प्रतियोगिता यसपालिदेखि 'स्थानीय तह तेस्रो राष्ट्रिय फुटबल प्रतियोगिता मकवानपुर गोल्डकप' हुनेछ । प्रतियोगिताका लागि जिल्लाका स्थानीय तहले ६५ लाख रुपैयाँ सहयोग गर्ने भएको छ । यसवर्ष विजेताले १० र उपविजेताले ५ लाख पाउनेछन् ।

छोटकरी

राजर्षि जनक कप आजदेखि



ओमप्रकाश ठाकुर

सर्लाही (कास)- प्रदेश-२ को सर्वाधिक धनराशिको चौथो राजर्षि जनक कप राष्ट्रिय फुटबल प्रतियोगिता बिहीबार वाग्मतीको मैदानमा सुरु हुँदै छ । उद्घाटन खेलमा आयोजक वाग्मती युवा क्लब (नीलो) र व्वाइज युनियन क्लब काठमाडौंबीच प्रतिस्पर्धा हुनेछ । चैत १ सम्म चल्ने प्रतियोगिता विजेताले १० लाख र उपविजेताले ५ लाख रुपैयाँ पुरस्कार जित्नेछन् । आयोजक क्लबका अध्यक्ष किस्मत मैनालीले प्रदेश २ कै ठूलो धनराशिको फुटबल प्रतियोगिता भएको बताए । सन्तोष श्रेष्ठ स्मृति खेल मैदानमा हुने प्रतियोगितामा दुई विदेशीसहित १२ टिमले भाग लिनेछन् । विधागत उत्कृष्टले जनही २० हजार तथा म्यान अफ द म्याच हुनेले १० हजार रुपैयाँ पाउनेछन् । सर्वाधिक गोलकर्ताले ५१ हजार र सर्लाहीका एक खेलाडीलाई 'वाग्मती राइजिङ अफ द इयर प्लेयर' घोषणासहित मोटरसाइकल दिइने जनाइएको छ ।

खेलकुद विधेयक पारित

काठमाडौं (कास)- समयानुकूल हुने गरी ल्याइएको खेलकुदको विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक-२०७५ संसद्को तल्लो सदन प्रतिनिधिसभाबाट बुधबार पारित भएको छ । राष्ट्रिय सभाबाट उत्पत्ति भएकाले यो विधेयक पुनः राष्ट्रिय सभामै पेश हुनेछ । त्यहाँबाट पारित भएपछि राष्ट्रपतिबाट प्रमाणीकरण गरिनेछ । भदौ १ मा प्रतिनिधिसभाको समितिमा पेश भएको थियो । प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य र खेलकुद समितिले ६ महिना लगाएर माघ २७ गते केही संशोधनसहित पास गरेको थियो । २०७५ फागुन ५ मा खेलकुदमन्त्री जगतबहादुर विश्वकर्माले पहिलोपल्ट विधेयक राष्ट्रिय सभामा दर्ता गरेका थिए ।

राष्ट्रिय स्क्वास शुक्रबारदेखि

काठमाडौं (कास)- नेपाल स्क्वास च्याकेट्स संघको आयोजनामा खुला स्क्वास प्रतियोगिता शुक्रबार सुरु हुनेछ । ५ दिन चल्ने प्रतियोगिता सातदोबाटोस्थित स्क्वास एकेडेमीमा हुनेछ । पारवाहन कम्पनी पशुपति रोड क्यारियर नेपालको मुख्य प्रायोजन रहने प्रतियोगिता पहिलोपल्ट हुन लागेको हो । खुला पुरुष, महिला र मास्टर ४५ वर्षमाथि गरी तीन विधामा प्रतिस्पर्धा हुने बुधबार पत्रकार सम्मेलनमा संघका महासचिव सुरेश गुरुङले बताए । ब्रिटिस गोर्खा आर्मीका १० समेत गरी ६० भन्दा बढी खेलाडीको सहभागिता रहने जनाइएको छ । ब्रिटिस गोर्खाको टिम काठमाडौं आइसकेको छ । स्पर्धामा १३ औं सागका कांस्य विजेता नेपाली खेलाडी सहभागी पनि सहभागी छन् ।

राइनोज र शंकरनगर भिड्ने

भैरहवा (कास)- भैरहवामा भइरहेको एसियन च्यालेन्जर ट्रफी क्रिकेट प्रतियोगिताको फाइनलमा राइनोज क्रिकेट क्लब काठमाडौं र शंकरनगर क्रिकेट कलब रूपन्देही भिड्ने भएका छन् । सिद्धार्थ रंगशालामा बुधबार सेमिफाइनलमा राइनोजले अर्सक क्रिकेट क्लब बंगलादेशलाई ९ विकेट र शंकरनगरले वेस्टर्न क्रिकेट क्लब बुटवललाई ४४ रनले हराएका थिए । फाइनल बिहीबार हुनेछ ।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुधीर शर्मा**

प्लास्टिक सर्जरीमा रमाउँदै । ९

करण केसीको प्रभावशाली बलिङ । १५

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २८ अंक १६ विराटनगर | २२ फागुन २०७६ बिहीबार फाल्गुण शुक्लपक्ष दशमी | नेपाल संवत् ११४० | प्रदेश १ संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, March 5, 2020 | पृष्ठ १२+४ | १० रुपैयाँ

प्रत्यारोपित मिर्गौंलाले काम थाल्यो

अतुल मिश्र (काठमाडौं)

प्रधानमन्त्री केपी शर्मा ओलीको बुधबार त्रिवि शिक्षण अस्पतालमा प्रत्यारोपण गरिएको मिर्गौंलाले काम गर्न सुरु गरेको छ । प्रत्यारोपणपछि आईसीयूमा सारिएका ओलीको स्वास्थ्य सूचक राम्रो रहेको अस्पतालका कार्यकारी निर्देशक प्रा.डा. प्रेमकृष्ण खड्गाले बताए । उनका अनुसार मिर्गौंला दिएकी उनकी भान्जीको अवस्था सामान्य छ ।

शल्यक्रियापछि होस खुले पनि उच्च मात्रामा दुखाइ कम गर्ने औषधिहरू दिइएकाले ओली बुधबार राति निद्राको स्थितिमा थिए । मिर्गौंला प्रत्यारोपणमा संलग्न टिमका एक चिकित्सकका अनुसार ओलीको प्रत्यारोपित मिर्गौंला वरिपरि राखिएको पाइपलाई पेट बाहिर निकालिएको छ । रक्तस्राव भए वा पिसाब चुहिए पेटभित्र जम्मा हुन नदिन राखिएको पाइप सुधारको अवस्था हेरेर तीन-चार दिनमा निकालिने उनले बताए ।

'अबको २४ घण्टामा साधारणतया प्रत्यारोपण गरिएको नयाँ मिर्गौंलाले ५ देखि १० लिटरसम्म पिसाब निकाल्न सक्छ,' बुधबार साँझ उनले भने, 'पिसाब राम्ररी निस्किनुपर्‍यो, त्यसपछि विस्तारै पिसाबको मात्रा दिनहुँ ३-४ लिटरसम्म झर्न सक्छ ।' नयाँ मिर्गौंलाले काम गर्न थालिसकेको उनले बताए । 'हामीले अहिले शरीरको प्रतिरोधात्मक शक्तिलाई शिथिल पार्ने (इम्युनो सप्रेसेन्ट) औषधिको मात्रा पहिलेभन्दा बढाएका छौं,' उनले भने । **बाँकी पृष्ठ २**

प्रधानमन्त्रीको मिर्गौंला प्रत्यारोपण सफल भएपछि बुधबार त्रिवि शिक्षण अस्पतालमा प्रा.डा. प्रेम ज्ञवालीलगायतको चिकित्सा टोली । *तस्बिर : कविन अधिकारी/कान्तिपुर*

'चार-पाँच दिनमै डिस्चार्ज हुन सक्छ'

प्रधानमन्त्रीको मिर्गौंला प्रत्यारोपणमा नेतृत्वदायी भूमिका निर्वाह गरेका **प्रा.डा. प्रेम ज्ञवाली**सँग कान्तिपुरका **स्वरूप आचार्य**ले गरेको कुराकानी :

शल्यक्रियापछि प्रधानमन्त्रीको अवस्था अहिले कस्तो छ ?

उहाँको अवस्था अहिले सामान्य छ । होस आइसकेको छ । कुरा गर्न सक्नुहुन्छ । तर आरामका लागि हामीले उहाँसँग कुराकानी गरेका छैनौं । उहाँ चिकित्सकहरूको निगरानीमा हुनुहुन्छ । सबै भाइटल्स ठीक छन् । प्रेसर र अक्सिजनको मात्रा ठीक छ । प्रत्यारोपित मिर्गौंलाबाट पिसाब पनि भइरहेको छ ।

यही रफ्तारमा रिकभरी भए उहाँ कति दिनमा डिस्चार्ज हुन सक्नुहुन्छ ?

सबै कुरा सामान्य रहेर यही रफ्तारमा रिकभरी भयो र बीचमा केही जटिलता आएन भने हामी उहाँलाई आइतबार वा सोमबारसम्ममा डिस्चार्ज गर्न सक्छौं ।

दातालाई कहिले डिस्चार्ज गर्नुहुन्छ ?

अवस्था सामान्य रहे दातालाई पनि शनिबार/आइतबार डिस्चार्ज गर्छौं ।

प्रत्यारोपण गर्दा मुख्य डर के थियो ?

हामीले प्रत्यारोपण गरेको मिर्गौंलामा रक्तसञ्चार भइसकेपछि त्यसले काम गर्छ कि गर्दैन भन्ने थियो । अहिले पूर्ण रूपमा काम गरेर पछि त्यो बन्द पनि हुन सक्छ । तर अहिलेलाई त्यो डर हटेको छ । बिहानीले दिन कस्तो हुन्छ भन्ने संकेत गर्छ भनेझैं सबै राम्रो हुन्छ भन्नेमा हामी आशावादी छौं ।

दाताबाट झिकिएको मिर्गौंला प्रधानमन्त्रीको शरीरमा जोड्न कति समय लाग्यो ?

हामीले मुख्य नसाहरू (आर्टरी र भेन) जोड्ने काम ३९ मिनेटमा सक्यौं । त्यसपछिको कार्य भनेको समय लिएर गर्न मिल्ने कुरा हो ।

दाताबाट मिर्गौंला कसरी झिक्नुभयो ?

हामीले दाताको ल्याप्रोस्कोपिक विधिबाट शल्यक्रिया गरेर मिर्गौंला झिकेका हौं । **बाँकी पृष्ठ २**

भित्र

समाचार । २

कोभिड-१९ रोक्न नाकामा निगरानी कमजोर

समाचार । ३

खाली दरबन्दी समेटेर प्रहरीमा समायोजन

अर्थ वाणिज्य । ११

सरकारले अब सेक्युरिटी प्रेस प्रतिस्पर्धाबाट खरिद गर्ने

गजब छ बा ! अविन

मन्त्रीज्यू 'भूतपूर्व' हुनुभो भन्ठान्या त 'अभूतपूर्व' पो हुनु भ' र'छ !

हामी देख्छौं अपार संभावना
NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि

खाद्य वस्तु छ

स्वास्थ्य सामग्रीमा अनुगमन भएन

राजु चौधरी
नुमा थाम्सुहाङ (काठमाडौं)

बजारमा मास्क, सेनिटाइजर र औषधिजन्य सामग्रीको मूल्यवृद्धि र अभाव भइरहेका बेला सरकारी टोलीले बुधबार सिनेमा हलको अनुगमन गऱ्यो । अनुचित व्यापारिक कारोबार गरेको भन्दै बिग मुभिजलाई वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको टोलीले २ लाख ५० हजार रुपैयाँ जरिवाना तिरायो । 'सिनेमा हल अनुगमन गर्नैपर्ने क्षेत्र हो तर हिजोआजको प्राथमिकता त्यो हैन,' विभागकै एक अधिकारीले भने ।

ती अधिकारीले भनेजस्तै हिजोआज अनुगमन गर्नुपर्ने क्षेत्र मेडिकल तथा दैनिक उपभोग्य सामग्रीको बजारमै हो । कोरोना भाइरस (कोभिड-१९) ले आपूर्ति प्रणालीमा असन्तुलन ल्याउने सम्भावना देखेर व्यापारीले मेडिकलजन्य सामग्रीको मूल्यवृद्धि र अभाव सिर्जना गर्न थाले पनि त्यसलाई रोक्न सरकारले पहल गरेको देखिएको छैन । अभाव, मूल्यवृद्धि र कालोबजारी गर्नेलाई कारबाही गर्ने चेतावनी दिए पनि अनुगमन गरिएको छैन ।

बजारमा मास्क, सेनिटाइजरलगायत सर्जिकल वस्तु पाइन छाडेका छन् । कतिपय व्यवसायीले कालोबजारी गरिरहेको आशंका छ । 'मुख्य तीन वस्तु (मास्क, सेनिटाइजर र औषधि) मा कालोबजारी सुरु भइसकेको छ । खाद्यवस्तुमा पनि त्यही अवस्था सिर्जना हुन बेर छैन,' उपभोक्ता हित संरक्षण मञ्चका अध्यक्ष ज्योति बानियाँले भने, 'तर सरकार चुप लागेर बसेको देखिन्छ ।' उनले यतिबेला अनुगमनकारी तथा नियामक निकायमा सरकारी कर्मचारी बढाई बजारमा उपस्थिति बलियो बनाउनुपर्ने बताए ।

बजार अनुगमन तथा मूल्य नियमनको दायित्व वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको हो । विभागले दिनहुँ अनुगमन गरेको दावी गर्दै आएको छ । तर गरिएको अनुगमन परम्परागत पाराकै छ । सर्जिकल/औषधि पसलमा एक/दुई टोली खटाउनु र फिल्म हलतिर अनुगमन गर्नुले पनि सरकारी निकायले कसरी काम गरिरहेको छ भन्ने प्रस्ट्याउने उपभोक्ताकर्मीहरूले बताए । 'स्वास्थ्य क्षेत्रमा केही तयारी गरे पनि आर्थिक क्षेत्रमा ध्यानै दिइएन,' राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले भने, 'आपूर्ति प्रणालीमा ध्यान पुगेको छैन ।' उनले उपभोक्तालाई अनावश्यक मौज्दात रोक्ने विषयमा सचेत गराउनु आवश्यक रहेको बताए ।

> मास्क, सेनिटाइजर, औषधिजन्य सामग्रीको मूल्यवृद्धि नियन्त्रणमा सरकारले काम नगरेको उपभोक्ताको गुनासो

उद्योग, वाणिज्य तथा आपूर्ति राज्यमन्त्री मोतीलाल दुगडले व्यवसायीबाट कालोबजारी नभएको दावी गरे । मास्कमा भने केही समस्या भएको उनले स्वीकार गरे । 'मास्क ५० रुपैयाँमा आयात गरी २ सय ५० रुपैयाँसम्म बिक्री भइरहेको छ । अहिले पैसाभन्दा ज्यान ठूलो हो,' उनले भने, 'मास्क बजारमा तत्काल केही गर्दैनौं ।'

खाद्यवस्तुमा सरकारको ध्यान गएको उनको दावी छ । निजी क्षेत्र र सरकारी अधिकारीहरूका अनुसार दैनिक उपभोग्य सामग्री र खाद्यान्नमा समस्या छैन । करिब ३ महिनालाई पुग्ने खाद्यान्न मौज्दात छ । मौज्दात पर्याप्त हुँदाहुँदै उपभोक्ताले 'स्टक' राख्न थालेकाले त्यसो नगर्न सरकारले अनुरोध गर्दै आएको छ । 'साल्ट ट्रेडिङ कर्पोरेसन्सलाई नुन पर्याप्त मौज्दात राख्न भनेका छौं । खाद्य व्यवस्था कम्पनीले दुर्गम र पहाडमा मौज्दात बढाएको छ,' राज्यमन्त्री दुगडले भने । विभागका महानिर्देशक नेत्र सुवेदीले आपूर्ति सहज बनाउन सरोकारवाला निकायसँग छलफल भइरहेको बताए । **बाँकी पृष्ठ १४**

उकालो लाग्दै तापक्रम

अब्दुल्लाह मियाँ (काठमाडौं)

काठमाडौंसहित देशभर तापक्रम उकालो लाग्न थालेको छ । बुधबार काठमाडौंमा अधिकतम तापक्रम २३.५ डिग्री सेल्सियस रेकर्ड भएको छ । काठमाडौंमा आइतबार तापक्रम बढ्न सुरु भएको हो । बुधबार धनगढीमा २९, दिपायलमा २७.२, वीरेन्द्रनगरमा २५.८, नेपालगन्जमा २८.६, दाङमा २५.७, पोखरामा २४.५, भैरहवामा २८.७, सिमरामा २९ र विराटनगरमा २८.६ डिग्री रेकर्ड भएको जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाका वरिष्ठ मौसमविद् बरुण पौडेलका अनुसार मुलुकभरि नै न्यूनतम र अधिकतम तापक्रम बढ्दै गएको छ । १ मार्च (फागुन १८) देखि देशैभर तापक्रम बढेको हो । जानकारहरूका अनुसार ४ देखि १० डिग्रीसम्म तापक्रम भएको क्षेत्रमा कुनै पनि भाइरस लामो समयसम्म बाँच्न सक्छ । ३० डिग्री हाराहारी तापक्रम पुगेपछि त्यस्ता भाइरस आफैं निष्क्रिय हुँदै जान्छन् । उच्च आर्द्रतालाई भाइरसले मन पराउँदैन ।



विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) ले पनि उच्च तापक्रम भएको क्षेत्रमा भाइरस लामो समय बाँच्न नसक्ने उल्लेख गरेको छ । मार्च, अप्रिल, मे र जुन तापक्रम बढी हुने महिना हुन् । मार्चमा काठमाडौंमा औसत २५ देखि ३३ डिग्रीसम्म तापक्रम रेकर्ड हुने गरेको देखिन्छ । **बाँकी पृष्ठ १४**

छोटकरी

टिपरको ठक्करले दुईको मृत्यु

विराटनगर (कास)- विराटनगर महानगरपालिका १९ मिलनचोकमा टिपरको ठक्करले मंगलबार राति दुई जनाको मृत्यु भएको छ। पुष्पलाल चोक-विराटचोक सडकको मिलनचोकमा टिपरले ठक्कर दिँदा टेम्पो चालक र उनकी नातिनीको मृत्यु भएको हो। मृत्यु हुनेमा टेम्पो चालक मोरङको ग्रामथानका बाबुराम सरदार र उनकी ६ वर्षीया नातिनी सविता रहेको प्रहरीले जनाएको छ। घटनापछि ठक्कर दिने को१ख २९१७ नम्बरको टिपरलाई आक्रोशित स्थानीयले आगजनी गरेका थिए। टिपर चालक सुनसरीको रामधुनीका हरेराम चौधरीलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

रवीन्द्र स्मृति पार्क बनाइँदै

ताप्लेजुङ (कास)- हेलिकप्टर दुर्घटनामा ज्यान गुमाएका तत्कालीन पर्यटनमन्त्री रवीन्द्र अधिकारीको स्मृतिमा पार्क बनाइने भएको छ। गत वर्ष फागुन १५ गते पाथीभरा क्षेत्रमा हेलिकप्टर दुर्घटनामा परी उनको मृत्यु भएको थियो। पार्क निर्माणका लागि प्रदेश १ सरकारले विस्तृत परियोजना प्रतिवेदन बनाउन सुरु गरेको जनाएको छ। सखुवा कन्सल्टेन्ट कम्पनीलाई यसको जिम्मेवारी दिइएको छ। फुङलिङ नगरपालिका १० फुरुम्बुको गोरुजुरे क्षेत्र पार्क निर्माणस्थल रोजिएको छ। पार्कमा अधिकारीसँगै दुर्घटनामा ज्यान गुमाएका अरू ६ जनाको सालिक बनाइनेछ।

लागूपदार्थसहित ६ पक्राउ

विराटनगर (कास)- प्रहरीले लागूऔषधसहित ६ जनालाई पक्राउ गरेको छ। झापाको अर्जुनधारास्थित एक होटलबाट ब्राउन सुगर नामको लागूपदार्थसहित उनीहरू पक्राउ परेका हुन्। प्रहरीका अनुसार पक्राउ पर्ने पाँचथर, फाल्गुनन्दका विवेक तामाङ, समीर लिम्बू, सन्जु चेम्जोङ, दिपेन नेम्वाङ, अर्जुनधाराका रोशन गुरुङ र इलामका सन्तोष तामाङ छन्। उनीहरूको साथबाट ३९ ग्रामभन्दा बढी परिमाण ब्राउन सुगर बरामद भएको प्रहरीले जनायो।

गुराँसभूमि संरक्षण क्षेत्र बन्ने

तेह्रथुम (कास)- ताप्लेजुङ, संखुवासभा र तेह्रथुमका १३ स्थानीय तहमा काम गर्ने गरी तीन वर्षका लागि वन्यजन्तु कोषको कार्यक्षेत्र बढाइने भएको छ। कार्यक्षेत्र बढाएर गुराँस क्षेत्रलाई फरक मोडलको संरक्षण क्षेत्र घोषणा गर्ने तयारी गरिएको छ। कोषको नेपालस्थित कार्यालयले संरक्षणको जिम्मा लिएको तीनजुरे, मिल्के, जलजले (टिएमजे) क्षेत्रलाई अन्यत्र भन्दा फरक मोडलको संरक्षण क्षेत्र बनाइने भएको हो। वन मन्त्रालयले कार्यदल बनाएर टिएमजे क्षेत्रमा नयाँ मोडलको संरक्षण क्षेत्रको खाका तयार गरेको छ। वन्यजन्तु कोषको कार्यक्षेत्र बढाएर फरक र नयाँ मोडलको संरक्षण क्षेत्र घोषणा गर्ने गरी काम भइरहेको वन मन्त्रालयका सहसचिव महेश्वर ढकालले बताए।

मागसँगै महँगियो अम्रिसो

- भारतबाट माग उच्च
- पोहोर प्रतिकिलो ८० रूपैयाँ रहेकामा यसपालि ११०

झापाको धुलाबारीस्थित बरबोटे कृषि प्रशोधन केन्द्रमा अम्रिसो (कुचो) सुकाइँदै। तस्विर : अर्जुन/कान्तिपुर

अर्जुन राजवंशी (बिर्तामोड)

पूर्वी पहाडी जिल्लाको नगदे बाली अम्रिसो (कुचो) को माग भारतमा बढेपछि मूल्य पनि वृद्धि भएको छ। पहिलेभन्दा गुणस्तर सुधारिएकाले भारतमा यसको माग उच्च रहेको व्यवसायीले बताएका छन्।

भारतीय व्यापारीले यो वर्ष प्रतिकेजी नेपाली १ सय १० रुपैयाँसम्ममा अम्रिसो किनिरहेका छन्। यही सिजनमा गत वर्ष ८० रुपैयाँमा किनबेच भएको थियो। पोहोर कम मूल्य भएकाले समस्या परे पनि यसपालि बढेको व्यवसायी पदमप्रसाद पौडेलले बताए।

'यो वर्ष किसानबाट ८५ रुपैयाँ प्रतिकेजीका दरले किनिरहेका छौं,' पौडेलले भने, 'गत वर्ष किसानले प्रतिकेजी नेपाली ५० रुपैयाँ पाउन गाह्रो थियो। यसपालि मूल्य राम्रो पाएपछि किसान उत्साहित छन्।'

नेपाली अम्रिसोको प्रमुख बजार भारत हो। भारतको असाममा पनि अम्रिसो उत्पादन हुन्छ। तर, यो वर्ष नेपाली अम्रिसोमा खराबी नभएको, निर्यात गर्नुअघि व्यापारीले राम्ररी सुकाउने गरेको, ग्रेडिङ गर्ने गरेकाले भारतीय व्यवसायीको रोजाइमा परेको पौडेलले बताए।

अम्रिसो सुकाउन मौसमले पनि राम्रो साथ दिएकोले सिजनमै भारत निर्यात गर्न पाएको उनको भनाइ छ। पौडेल एक सिजनमा १३ हजार केजीभन्दा बढी अम्रिसो भारत निर्यात गर्छन्।

अम्रिसोको व्यापार माघ र फागुनमा बढी चल्छ। समयमै अम्रिसो थुतेर सुकाउन पाएमा वैशाखसम्म निर्यात गर्न मिल्छ। झापाको धुलाबारी अम्रिसोको कारोबार बढी हुने बजार हो। धुलाबारीमा मात्र अम्रिसोका १५ वटा प्रशोधन केन्द्र छन्। जिल्लाको बिर्तामोड, शनिश्चरे, दमक र मोरङको लटाङमा पनि प्रशोधन केन्द्र छन्। 'यो वर्ष सबै कुराले साथ दिएको छ। मौसम पनि राम्रो छ। मूल्य पनि राम्रो छ,' व्यापारी रामबाबु साहले भने। विगतमा मौसम राम्रो नहुँदा लाखौं मूल्य बराबरको अम्रिसो सुकाउन नपाउँदा बिग्रिएर नष्ट भएको उनले बताए।

'यो वर्ष किसानले पनि फुलाङ्गे (बोटमा बढी नफक्रिएको अवस्था) हुनुभन्दा अघि नै अम्रिसो थुतेका छन्। प्रशोधन केन्द्रमा सुकाउन र ग्रेडिङ गर्न मौसमले राम्रो साथ दिएको छ,' साहले भने।

अम्रिसो थुतेको दुई दिनभित्रमा सुकाउनुपर्छ। बढीमा दुई दिन सुकाएपछि ग्रेडिङ गरेर निर्यातका लागि प्याकिङ गर्न मिल्छ। नेपाली अम्रिसो भारतको पश्चिम बंगाल, गुजरात, राजस्थान, पञ्जाब, बेंगलोर, दिल्ली, आन्द्र प्रदेशलगायत राज्यहरूमा जाने गरेको छ। आर्थिक वर्ष ०७४/७५ मा पूर्वी नाका हुँदै ४२ करोड २६ लाख ५६ हजार रुपैयाँको १३ हजार २०८ टन अम्रिसो निर्यात भएको थियो।

०७३/७४ मा ३९ करोड ८० लाख ८० हजार रुपैयाँ मूल्य बराबरको १२ हजार ४४० टन अम्रिसो निर्यात भएको प्लान्ट क्वारेन्टाइन कार्यालय काँकडभिट्टाको तथ्यांकमा उल्लेख छ।

पूर्वी पहाडका इलाम, पाँचथर, ताप्लेजुङ, संखुवासभालगायत जिल्लामा अम्रिसो उत्पादन हुने गरेको छ। झापामा ठूलो परिमाणमा अम्रिसोको व्यापार गर्ने करिब ५० व्यवसायी छन्। मंसिरदेखि चैत महिनासम्मलाई अम्रिसोको सिजन मानिन्छ।

थोरै ऋण, कडा मिहिनेत अनि उन्नति

सुम्निमा वाम्लिङ (इटहरी)

कामको खोजीमा तेह्रथुमकी ३७ वर्षीया कविता सुब्बा १९ वर्षअघि धरान झरेकी थिइन्। श्रीमान् र उनी काखे छोरीसाथ कोठा भाडामा लिएर बसे। श्रीमान् कक्षा १२ मा अध्ययन गर्थे। अलि पछि उनी चाहिँ एक मार्केटिङ कम्पनीमा काम गर्न थालिन्।

मुस्किलले परिवारको खर्च चलेको थियो। व्यवसाय गर्ने सोच थियो। पैसा थिएन। सुरुका दिनमा आफन्तले ऋण पनि पत्याएनन्। त्यसैबेला छिमेक लघुवित्त नामको संस्थाले महिलालाई उद्यमशील बनाउन बिनाधितो ऋण दिने थाहा पाइन्।

संस्थाबाट सुरुमा उनले १० हजार रुपैयाँ लिइन्। २७ धुर जग्गा भाडामा लिएर सयवटा बोइलर कुखुरा र ४ वटा बंगुर पाल्न थालिन्। दुई घण्टा जति मात्र सुतेर बाँकी समय त्यसैमा खटेको उनले सुनाइन्। मिहिनेत गरेअनुसार व्यवसाय फस्टाउँदै गयो। यति कडा मिहिनेतले उनलाई फाइदा नहुने कुनै भएन। अहिले उनको फार्ममा २५ वटा उन्नत जातका खसीबोका र ६० वटा बंगुर छन्। ती बिक्रीका लागि तयारी अवस्थामा छन्। माउ बंगुर र बाख्रा पनि छन्। बंगुरबाट मात्रै उनको वार्षिक कमाइ ६ लाख रुपैयाँभन्दा बढी रहेछ।

बाख्राबाट वार्षिक ५ लाख रुपैयाँ नाफा भइरहेको कविताले सुनाइन्। 'कुनै समय १० हजार रुपैयाँ सापटी पनि पाएको थिइनँ,' उनले भनिन्, 'अब भने सबै गरेर करोड बराबरको पुँजी जुटाउन सफल भएकी छु।'

यही कामको कमाइले जग्गा किनेर त्यसैमा फार्म चलाएकी छन्। घडेरी पनि जोडेकी छन्। 'संस्थाले ऋण नदिएको भए गरिखान सजिलो थिएन,' कविताले भनिन्, 'ऋण राम्रोसँग उपयोग गर्न सके किस्ता तिर्न पनि गाह्रो नहुने रहेछ।' धरानमा रहेको खाली जग्गा लिजमा लिएर बाख्राका लागि घाँस लगाएकी छन्। उनका अनुसार बाख्रा बेच्न लायक बनाउन मिहिनेत लाग्छ र ढिलै भए पनि आम्दानी राम्रो हुन्छ। १३ वर्षयताको उनको अनुभव अरूका लागि पनि काम लाग्न थालेको छ। उनी आफूआबद्ध समूहका सदस्यलाई लघुवित्तबारे बुझाउँदै पेसा व्यवसाय गरी जीवनस्तर उकास्न सकिने भन्दै उत्साहित गराउन थालेकी छन्।

धरानको भानुचोकस्थित पूजा स्टोरकी सञ्चालिका गीता कामत। तस्विर : सुम्निमा/कान्तिपुर

धरानकी ३५ वर्षीया गीता कामत पनि लघुवित्तमार्फत उन्नति गर्ने महिलामा पर्छिन्। ८ वर्षअघि फरवार्ड नामक वित्तीय संस्थामा आबद्ध भएकी थिइन्। श्रीमान्को मदिरा सेवन गर्ने बानी भएकाले सुरुमा चलाएको तयारी कपडा पसलबाट नोक्सानी भएको सुनाइन्।

दुई छोरा र छोरी सानै थिए। सन्तानको पढाई र घर खर्च जुटाउन निकै मुस्किल थियो। व्यवसाय गर्ने अठोट भने उनमा रहेछ तर साथमा पुँजी थिएन। साहु र आफन्तले सापट दिएनन्। एकजना साथीबाट संस्थाले बिनाधितो ऋण दिने थाहा पाइछिन्। अनि संस्थाको सदस्य बनेर सुरुमा २० हजार रुपैयाँ ऋण लिइन्। त्यसबाट भानुचोकमा पूजा स्टोर नाम राखेर जुत्ता पसल खोलिन्। व्यवसाय राम्रो फस्टायो। सम्झाइ बुझाइ गरेपछि श्रीमान् पनि सुधिए। दुवैको सहकार्यमा व्यवसाय फस्टायो। हाल उनको पुँजी १५ लाख पुगेको छ।

एकजना कर्मचारीको पारिश्रमिक र कोठा भाडा कटाएर राम्रै नाफा भइरहेको उनले सुनाइन्। उनीहरूले सुनसरीको भण्टाबारीमा कपडा पसल विस्तार गरेका छन्। व्यवसायकै कमाइले छोरालाई डाक्टर र छोरीलाई निजी विद्यालय पढाउन पुगिरहेको गीताले बताइन्।

उनीहरू जस्तै इन्दु लिम्बु पनि लघुवित्त संस्थाबाट ऋण लिएर व्यवसाय गरिरहेकी छन्। ७ वर्षदेखि ब्युटीपार्लर चलाउँदै आएकी उनी चार वर्षअघि स्वदेशी लघुवित्त संस्थामा आबद्ध भएकी हुन्।

बिनाधितो एकमुष्ट लगानी गर्ने भएकाले व्यवसाय विस्तार गर्न सजिलो भएको उनको अनुभव छ। 'सामानहरू थपेर लगानी गर्न पाएकी छु' उनले भनिन्, 'यसैको कमाइले मासिक किस्ता तिर्छु।'

जनप्रतिनिधि आफैं लिन्छन् कृषिका योजना

खोटाङ (कास)- खोटेहाङ गाउँपालिकाले कृषिमा छुट्याएको योजना जनप्रतिनिधि आफैंले लिएका छन्। बङ्गुर, बाख्रा पालनलगायतमा राखिएको बजेट आफ्नै लागि छुट्याएपछि यसको विरोध भएको छ।

स्थानीयका अनुसार खोटेहाङ गाउँपालिका-४ बडाकादियालेका वडा सदस्य प्रदीप आचार्यले चालु आर्थिक वर्षमा बोयर बोका खरिद योजना आफैंले पारेका छन्। यसमा ५० हजार रुपैयाँ छुट्याइएको छ। त्यस रकमबाट बोका र पाठी खरिद गरेको र यसको ढुवानी खर्च गाउँपालिकालाई बेहोर्न लगाइएको स्थानीयको गुनासो छ। उनले चितवनबाट बोका र बाख्रा ल्याएका हुन्।

आचार्यले गत आर्थिक वर्ष पनि बोयर बोका खरिद गर्न ५० हजार रुपैयाँ लिएका थिए। गत वर्षको बोयर मरेको भन्दै यो वर्ष पनि आफैंले योजना पारेको स्थानीयको भनाइ छ। यसबाहेक गत वर्ष नमुना खोर निर्माणका लागि आचार्यले ९० हजार रुपैयाँको योजना पारेका थिए। यो वर्षगाउँपालिकाले बोका खरिदका लागि पाँच लाख ५० हजार बजेट विनियोजन गरेको थियो।

खोटेहाङ गाउँपालिका-६ इन्द्राणीपोखरीका वडा सदस्य रुद्रकुमार बुढाथोकीले यो वर्षको नमुना बाख्राखोर निर्माणको योजना पारेका छन्। यसबापत ९० हजार रुपैयाँको योजना आफैंले पारेका हुन्।

गत आर्थिक वर्ष वडा ६ का अध्यक्ष देविन्द्र राईलगायतले नमूना बङ्गुर खोर निर्माणका लागि ६० हजार रुपैयाँ लिएका थिए। उक्त योजनाअन्तर्गत बनेको भनिएको खोरमा अहिले एउटा पनि बङ्गुर छैन। वडाअध्यक्ष राई, मणिकला राई र उदय राईले संयुक्त रुपमा सञ्चालन गरेको साकेला बङ्गुर फारमले उक्त रकम लिएको हो। उक्त रकम उदय राईको नाममा निकालिएको स्वीकार्दै वडाध्यक्ष राईले 'बङ्गुर मरेर सकिएको' बताए।

गाउँपालिका अध्यक्ष प्रदीप राईले कृषिका योजना छनोट र वितरणमा 'केही कमजोरी भएको' भन्दै यसलाई सच्याउने बताए।

आन्दोलनले पढाइ ठप्प

भोजपुर (कास)- भोजपुर बहुमुखी क्याम्पसको आंशिक शिक्षक संघआबद्ध शिक्षक आन्दोलनमा उत्रेपछि पढाइ ठप्प भएको छ। त्रिभुवन विश्वविद्यालयको रिक्त दरबन्दीमा करार नियुक्ति पाउन माग राख्दै उनीहरूले फागुन १६ बाट आन्दोलन थालेपछि पढाइ प्रभावित भएको हो।

करार दरबन्दी रिक्त भएको अवस्थामा आंशिक शिक्षकलाई करारमा लगेर पढाइ सञ्चालन गर्न माग गर्दा बेवास्ता गरिएको उनीहरूको भनाइ छ। फागुन ११ गते आफ्ना माग समेटेर ध्यानकर्षण पत्र बुझाएको तर सुनुवाइ नभएको भन्दै उनीहरूले १६ गतेबाट 'पेन डाउन' गरेर पठनपाठन ठप्प पारेका हुन्।

आन्दोलनरत शिक्षक संघका प्रवक्ता पदम कार्कीले आफूहरू दैनिक ज्यालादारीमा काम गरिरहेको उल्लेख गर्दै क्याम्पसमा करारका पदहरू रिक्त भएकाले ज्यालादारीका शिक्षकलाई करारमा लैजान माग गरेको बताए। आफ्ना मागमा क्याम्पस प्रशासनले बेवास्ता गरेकाले आन्दोलन गर्नुपरेको उनको भनाइ छ।

शिक्षकहरूले राखेको मागको विषयमा माथिल्लो निकायसंग पहल भइरहेको क्याम्पस प्रशासनले जनाएको छ। शिक्षकहरूको आन्दोलनले पढाइ प्रभावित भएको भन्दै स्वतन्त्र विद्यार्थी युनियनले विज्ञप्ति निकालेर विरोध गरेका छन्। आन्दोलनका कारण पढाइ ठप्प भएको शिक्षा संकाय दोस्रो वर्षकी छात्रा सावित्रा तामाङले बताइन्। क्याम्पसमा ६ सयभन्दा बढी विद्यार्थी छन्।

आन्दोलनरत पक्ष र प्रशासनले विवाद मिलाएर पढाइ सञ्चालन नगरे आफूहरू पनि आन्दोलनमा उत्रने स्वतन्त्र विद्यार्थी युनियनका सभापति प्रकाशसिं राईले बताए।



तपाईंको आज

मेष	शत्रु परास्त	तुला	भाग्य वृद्धि
वृष	आर्थिक लाभ	वृश्चिक	वैमनस्यता
मिथुन	प्रतिष्ठा प्राप्त	धनु	नयाँ कार्य आरम्भ
कर्कट	खर्च वृद्धि	मकर	रोग भय
सिंह	काम बन्ने	कुम्भ	अध्ययनमा सफल
कन्या	कर्म प्राप्ति	मीन	पारिवारिक चिन्ता

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल फाल्गुन २३ गते शुक्रबार तदनुरुप ६ मार्च २०२० फाल्गुन शुक्लपक्ष एकादशी तिथि प्रात: ७:१८ बजेसम्म उप्रान्त द्वादशी तिथि, पूनर्वसु नक्षत्र प्रात: ६:३२ बजेसम्म उप्रान्त तिष्य नक्षत्र, शोभन योग प्रात:काे ९:३८ बजेसम्म उप्रान्त अतिगण्ड योग, भद्रा करण प्रात: ७:१८ बजेसम्म उप्रान्त बव करण, कर्कट राशिमा चन्द्रमा।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	भजन
७:००	कान्तिपुर समाचार
७:३०	गुडमर्निङ नेपाल
८:००	कान्तिपुर न्युज
८:३०	इट्स माइ सो (रिपिट)
९:००	कान्तिपुर समाचार
१०:००	कान्तिपुर न्युज
१०:३०	फिल्म ठनिक (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	रजतपट (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	सरोकार (रिपिट)
१:३०	हियर्ज टु लाइफ (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	बलियो घर (रिपिट)
३:००	इट्स माई सो (रिपिट)
४:००	कान्तिपुर समाचार
४:३०	रजतपट (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	सुमनसँग (रिपिट)
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	हवाट द फ्लप
१०:००	सुमनसँग (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्युज रिपीटेड
१:३०	सुमनसँग (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपिट ९)
२:३०	हिअर्ज टू लाईफ (रिपिट)
३:००	कल कान्तिपुर रिपीटेड
४:००	हवाट द फ्लप (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	भक्ति अनुष्ठान (अच्युत सुवेदी)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	शिक्षा संवाद (कमला)
०८:००	डेमलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडमर्निङ शो (स्मीता)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	रेडियो टक (किरण)
१०:००	स्पोर्ट्स् डायरी
१०:०५	द लाइफ स्टाइल सो (साप्ताहिका)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	द लाइफ स्टाइल सो (साप्ताहिका)
१२:००	कान्तिपुर डायरी
१२:१०	हिट लिस्ट (शुभराज)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	के छ नेपाल (निशान्त)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (निशान्त)
१५:००	कान्तिपुर डायरी
१५:१५	तमु चौतारी (सहज कु. घले)
१६:००	हेल्थ एन्ड इजुकेसन डायरी
१६:०५	बी-स्कोप
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	को मान्दा को कल (सञ्जोक बस्याल)
१८:००	मृक्तिको सन्देश
१८:३०	कान्तिपुर डायरी
१९:००	यो माया भन्ने चीज यस्तै हो (प्रियंका)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	हिप हप हसल (स्मीता)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	शब्द श्लाघा (भूपेन्द्र)
२३:००	सुनौलो चादहरू (दीपाञ्जली)
२४:००	हिट लिस्ट (रेमन)
०१:००	सफर (राजेश)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०४:००	भजनहरू लगातार

अस्पताल र विविध

दमकल

विराटनगर	०२१-४२००००
इटहरी	०२५-५८०१०१
धरान	०२५-५२०१९९
इनरुवा	०२५-५६०१०१
दमक	०२३-५८०१०१
भद्रपुर	०२३-५१०१०१
धनकुटा	०२५२०६९२०१
कोशी अञ्चल अस्पताल विराटनगर	५३०१०३/५२४२३८
मेची अञ्चल अस्पताल, भद्रपुर	०२३-५२०००४
बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान	०२५-५२५५५५
रक्तसञ्चार केन्द्र, विराटनगर	०२१-५२३३०६
विराटनगर आँखा अस्पताल	०२१-४३६३६०
रक्तसञ्चार केन्द्र, धरान	०२५-५२००६८

एम्बुलेन्स

विराटनगर सेन्ट्रल	०२१-५३७००१
लाइफ्गार्ड अस्पताल, विराटनगर	९७४२०४२३३३
दुनबी जेसिज, सुनसरी	०२५-५४०४३५
शव बाहन, विराटनगर	०२१-५२५८७४

प्रहरी

जिल्ला प्रहरी कार्यालय, मोरङ	१००/९८५२०२६७५०
इलाका प्रहरी कार्यालय, उर्लाबारी	५४०२९०/९८५२०२०१३६
इलाका प्रहरी कार्यालय, रंगेली	५८०१३०/९८५२०२०१४४
क्षेत्रीय ट्राफिक कार्यालय, इटहरी	०२५-५८०१०५/९८५२०२०५६१/१०३

काठमाडौंका महत्त्वपूर्ण नम्बर

वीर अस्पताल	४२२१९८८
त्रिवि शिक्षण अस्पताल	४४१२६०७०
प्रसूति गृह	४२५३२७६६
टेकु अस्पताल	४२५३३०९६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६०६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	४४१४७९८/४४२७४५२
नेपाल मेडिसिटी अस्पताल	११३४, ४२१७०६६६, ४२१७०५५
काठमाडौं मोडेल अस्पताल	४२४०८०५/६
बी एण्ड बी अस्पताल	५५३३२०६

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१०४५/४२६१७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन	४४२८०३५
सुमेरु एम्बुलेन्स सेवा	०१ ५५५५५०,९७५१०४४५४०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४१२२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०२६
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्निबाल सेवा केन्द्र	४४२४८७५

शवबाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२९९२
देव कर्नर नि:शुल्क सवबाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	५०४/४२२६००६
नेपाल मिटर दयावसी संघ	४२२४३७४

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि ९६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)

प्लास्टिक सर्जरीमा रमाउँदै । ९

करण केसीको प्रभावशाली बलिङ । १५

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २८ अंक १६ जनकपुर | २२ फागुन २०७६ बिहीबार फाल्गुण शुक्लपक्ष दशमी | नेपाल संवत् ११४० | प्रदेश २ संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, March 5, 2020 | पृष्ठ १२+४ | १० रुपैयाँ

प्रत्यारोपित मिर्गौंलाले काम थाल्यो

अतुल मिश्र (काठमाडौं)

प्रधानमन्त्री केपी शर्मा ओलीको बुधबार त्रिवि शिक्षण अस्पतालमा प्रत्यारोपण गरिएको मिर्गौंलाले काम गर्न सुरु गरेको छ । प्रत्यारोपणपछि आईसीयूमा सारिएका ओलीको स्वास्थ्य सूचक राम्रो रहेको अस्पतालका कार्यकारी निर्देशक प्रा.डा. प्रेमकृष्ण खड्गाले बताए । उनका अनुसार मिर्गौंला दिएकी उनकी भान्जीको अवस्था सामान्य छ ।

शल्यक्रियापछि होस खुले पनि उच्च मात्रामा दुखाइ कम गर्ने औषधिहरू दिइएकाले ओली बुधबार राति निद्राको स्थितिमा थिए । मिर्गौंला प्रत्यारोपणमा संलग्न टिमका एक चिकित्सकका अनुसार ओलीको प्रत्यारोपित मिर्गौंला वरिपरि राखिएको पाइपलाई पेट बाहिर निकालिएको छ । रक्तस्राव भए वा पिसाब चुहिए पेटभित्र जम्मा हुन नदिन राखिएको पाइप सुधारको अवस्था हेरेर तीन-चार दिनमा निकालिने उनले बताए ।

'अबको २४ घण्टामा साधारणतया प्रत्यारोपण गरिएको नयाँ मिर्गौंलाले ५ देखि १० लिटरसम्म पिसाब निकाल्न सक्छ,' बुधबार साँझ उनले भने, 'पिसाब राम्ररी निस्किनुपर्‍यो, त्यसपछि विस्तारै पिसाबको मात्रा दिनहुँ ३-४ लिटरसम्म झर्न सक्छ ।' नयाँ मिर्गौंलाले काम गर्न थालिसकेको उनले बताए । 'हामीले अहिले शरीरको प्रतिरोधात्मक शक्तिलाई शिथिल पार्ने (इम्युनो सप्रेसेन्ट) औषधिको मात्रा पहिलेभन्दा बढाएका छौं,' उनले भने । **बाँकी पृष्ठ २**

प्रधानमन्त्रीको मिर्गौंला प्रत्यारोपण सफल भएपछि बुधबार त्रिवि शिक्षण अस्पतालमा प्रा.डा. प्रेम ज्ञवालीलगायतको चिकित्सा टोली । *तस्बिर : कविन अधिकारी/कान्तिपुर*

'चार-पाँच दिनमै डिस्चार्ज हुन सक्छ'

प्रधानमन्त्रीको मिर्गौंला प्रत्यारोपणमा नेतृत्वदायी भूमिका निर्वाह गरेका **प्रा.डा. प्रेम ज्ञवाली**सँग कान्तिपुरका **स्वरूप आचार्य**ले गरेको कुराकानी :

शल्यक्रियापछि प्रधानमन्त्रीको अवस्था अहिले कस्तो छ ?

उहाँको अवस्था अहिले सामान्य छ । होस आइसकेको छ । कुरा गर्न सक्नुहुन्छ । तर आरामका लागि हामीले उहाँसँग कुराकानी गरेका छैनौं । उहाँ चिकित्सकहरूको निगरानीमा हुनुहुन्छ । सबै भाइटल्स ठीक छन् । प्रेसर र अक्सिजनको मात्रा ठीक छ । प्रत्यारोपित मिर्गौंलाबाट पिसाब पनि भइरहेको छ ।

यही रफ्तारमा रिकभरी भए उहाँ कति दिनमा डिस्चार्ज हुन सक्नुहुन्छ ?

सबै कुरा सामान्य रहेर यही रफ्तारमा रिकभरी भयो र बीचमा केही जटिलता आएन भने हामी उहाँलाई आइतबार वा सोमबारसम्ममा डिस्चार्ज गर्न सक्छौं ।

दातालाई कहिले डिस्चार्ज गर्नुहुन्छ ?

अवस्था सामान्य रहे दातालाई पनि शनिबार/आइतबार डिस्चार्ज गर्छौं ।

प्रत्यारोपण गर्दा मुख्य डर के थियो ?

हामीले प्रत्यारोपण गरेको मिर्गौंलामा रक्तसञ्चार भइसकेपछि त्यसले काम गर्छ कि गर्दैन भन्ने थियो । अहिले पूर्ण रूपमा काम गरेर पछि त्यो बन्द पनि हुन सक्छ । तर अहिलेलाई त्यो डर हटेको छ । बिहानीले दिन कस्तो हुन्छ भन्ने संकेत गर्छ भनेझैं सबै राम्रो हुन्छ भन्नेमा हामी आशावादी छौं ।

दाताबाट झिकिएको मिर्गौंला प्रधानमन्त्रीको शरीरमा जोड्न कति समय लाग्यो ?

हामीले मुख्य नसाहरू (आर्टरी र भेन) जोड्ने काम ३९ मिनेटमा सक्यौं । त्यसपछिको कार्य भनेको समय लिएर गर्न मिल्ने कुरा हो ।

दाताबाट मिर्गौंला कसरी झिक्नुभयो ?

हामीले दाताको ल्याप्रोस्कोपिक विधिबाट शल्यक्रिया गरेर मिर्गौंला झिकेका हौं । **बाँकी पृष्ठ २**

मित्र

समाचार । २

कोभिड-१९ रोक्न नाकामा निगरानी कमजोर

समाचार । ३

खाली दरबन्दी समेटेर प्रहरीमा समायोजन

अर्थ वाणिज्य । ११

सरकारले अब सेक्युरिटी प्रेस प्रतिस्पर्धाबाट खरिद गर्ने

गजब छ बा ! अविन

मन्त्रीज्यू 'भूतपूर्व' हुनुभो भन्ठान्या त 'अभूतपूर्व' पो हुनु भ' र'छ !

हामी देख्छौं अपार संभावना

NMB BANK एनएमबि बैंक

समृद्ध नेपालको लागि

खाद्य वस्तु छ

स्वास्थ्य सामग्रीमा अनुगमन भएन

राजु चौधरी
नुमा थाम्सुहाङ (काठमाडौं)

बजारमा मास्क, सेनिटाइजर र औषधिजन्य सामग्रीको मूल्यवृद्धि र अभाव भइरहेका बेला सरकारी टोलीले बुधबार सिनेमा हलको अनुगमन गऱ्यो । अनुचित व्यापारिक कारोबार गरेको भन्दै बिग मुभिजलाई वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको टोलीले २ लाख ५० हजार रुपैयाँ जरिवाना तिरायो । 'सिनेमा हल अनुगमन गर्नैपर्ने क्षेत्र हो तर हिजोआजको प्राथमिकता त्यो हैन,' विभागकै एक अधिकारीले भने ।

ती अधिकारीले भनेजस्तै हिजोआज अनुगमन गर्नुपर्ने क्षेत्र मेडिकल तथा दैनिक उपभोग्य सामग्रीको बजारमै हो । कोरोना भाइरस (कोभिड-१९) ले आपूर्ति प्रणालीमा असन्तुलन ल्याउने सम्भावना देखेर व्यापारीले मेडिकलजन्य सामग्रीको मूल्यवृद्धि र अभाव सिर्जना गर्न थाले पनि त्यसलाई रोक्न सरकारले पहल गरेको देखिएको छैन । अभाव, मूल्यवृद्धि र कालोबजारी गर्नेलाई कारबाही गर्ने चेतावनी दिए पनि अनुगमन गरिएको छैन ।

बजारमा मास्क, सेनिटाइजरलगायत सर्जिकल वस्तु पाइन छाडेका छन् । कतिपय व्यवसायीले कालोबजारी गरिरहेको आशंका छ । 'मुख्य तीन वस्तु (मास्क, सेनिटाइजर र औषधि) मा कालोबजारी सुरु भइसकेको छ । खाद्यवस्तुमा पनि त्यही अवस्था सिर्जना हुन बेर छैन,' उपभोक्ता हित संरक्षण मञ्चका अध्यक्ष ज्योति बानियाँले भने, 'तर सरकार चुप लागेर बसेको देखिन्छ ।' उनले यतिबेला अनुगमनकारी तथा नियामक निकायमा सरकारी कर्मचारी बढाई बजारमा उपस्थिति बलियो बनाउनुपर्ने बताए ।

बजार अनुगमन तथा मूल्य नियमनको दायित्व वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको हो । विभागले दिनहुँ अनुगमन गरेको दावी गर्दै आएको छ । तर गरिएको अनुगमन परम्परागत पाराकै छ । सर्जिकल/औषधि पसलमा एक/दुई टोली खटाउनु र फिल्म हलतिर अनुगमन गर्नुले पनि सरकारी निकायले कसरी काम गरिरहेको छ भन्ने प्रस्ट्याउने उपभोक्ताकर्मीहरूले बताए । 'स्वास्थ्य क्षेत्रमा केही तयारी गरे पनि आर्थिक क्षेत्रमा ध्यानै दिइएन,' राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले भने, 'आपूर्ति प्रणालीमा ध्यान पुगेको छैन ।' उनले उपभोक्तालाई अनावश्यक मौज्दात रोक्ने विषयमा सचेत गराउनु आवश्यक रहेको बताए ।

> मास्क, सेनिटाइजर, औषधिजन्य सामग्रीको मूल्यवृद्धि नियन्त्रणमा सरकारले काम नगरेको उपभोक्ताको गुनासो

उद्योग, वाणिज्य तथा आपूर्ति राज्यमन्त्री मोतीलाल दुगडले व्यवसायीबाट कालोबजारी नभएको दावी गरे । मास्कमा भने केही समस्या भएको उनले स्वीकार गरे । 'मास्क ५० रुपैयाँमा आयात गरी २ सय ५० रुपैयाँसम्म बिक्री भइरहेको छ । अहिले पैसाभन्दा ज्यान ठूलो हो,' उनले भने, 'मास्क बजारमा तत्काल केही गर्दैनौं ।'

खाद्यवस्तुमा सरकारको ध्यान गएको उनको दावी छ । निजी क्षेत्र र सरकारी अधिकारीहरूका अनुसार दैनिक उपभोग्य सामग्री र खाद्यान्नमा समस्या छैन । करिब ३ महिनालाई पुग्ने खाद्यान्न मौज्दात छ । मौज्दात पर्याप्त हुँदाहुँदै उपभोक्ताले 'स्टक' राख्न थालेकाले त्यसो नगर्न सरकारले अनुरोध गर्दै आएको छ । 'साल्ट ट्रेडिङ कर्पोरेसन्सलाई नुन पर्याप्त मौज्दात राख्न भनेका छौं । खाद्य व्यवस्था कम्पनीले दुर्गम र पहाडमा मौज्दात बढाएको छ,' राज्यमन्त्री दुगडले भने । विभागका महानिर्देशक नेत्र सुवेदीले आपूर्ति सहज बनाउन सरोकारवाला निकायसँग छलफल भइरहेको बताए । **बाँकी पृष्ठ १४**

उकालो लाग्दै तापक्रम

अब्दुल्लाह मियाँ (काठमाडौं)

काठमाडौंसहित देशभर तापक्रम उकालो लाग्न थालेको छ । बुधबार काठमाडौंमा अधिकतम तापक्रम २३.५ डिग्री सेल्सियस रेकर्ड भएको छ । काठमाडौंमा आइतबार तापक्रम बढ्न सुरु भएको हो । बुधबार धनगढीमा २९, दिपायलमा २७.२, वीरेन्द्रनगरमा २५.८, नेपालगन्जमा २८.६, दाङमा २५.७, पोखरामा २४.५, भैरहवामा २८.७, सिमरामा २९ र विराटनगरमा २८.६ डिग्री रेकर्ड भएको जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाका वरिष्ठ मौसमविद् बरुण पौडेलका अनुसार मुलुकभरि नै न्यूनतम र अधिकतम तापक्रम बढ्दै गएको छ । १ मार्च (फागुन १८) देखि देशैभर तापक्रम बढेको हो । जानकारहरूका अनुसार ४ देखि १० डिग्रीसम्म तापक्रम भएको क्षेत्रमा कुनै पनि भाइरस लामो समयसम्म बाँच्न सक्छ । ३० डिग्री हाराहारी तापक्रम पुगेपछि त्यस्ता भाइरस आफैं निष्क्रिय हुँदै जान्छन् । उच्च आर्द्रतालाई भाइरसले मन पराउँदैन ।



विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) ले पनि उच्च तापक्रम भएको क्षेत्रमा भाइरस लामो समय बाँच्न नसक्ने उल्लेख गरेको छ । मार्च, अप्रिल, मे र जुन तापक्रम बढी हुने महिना हुन् । मार्चमा काठमाडौंमा औसत २५ देखि ३३ डिग्रीसम्म तापक्रम रेकर्ड हुने गरेको देखिन्छ । **बाँकी पृष्ठ १४**

छोटकरी

चर्को आवाजमा बाजा बजाउन रोक

सिरहा (कास)- विवाह, ब्रतवन्ध, छेका, केशमुण्डन, घरसारलगायत शुभकार्यमा चर्को ध्वनिमा डिजेसहितका बाजागाजा बजाउन रोक लगाइएको छ । विद्यार्थीको पठनपाठन र छरछिमेकको शान्तिपूर्ण वातावरण विथोलिएको भन्दै जिल्ला प्रशासन कार्यालय सिरहाले यस्तो कार्य गर्न रोक लगाएको हो । प्रशासनले चर्को ध्वनिमा बाजागाजा बजाएको भेटेमा कारबाही स्वरुप त्यस्ता सामग्री जफतसमेत गर्न थालेको छ । प्रशासनले मठ, मन्दिर, देवालय, मस्जिद लगायत धार्मिक स्थलहरूमा पनि अरुलाई असर पर्ने गरी माइक नबजाउन भनेको छ । 'डिजे बाजा वा चर्को आवाजमा बाजागाजा बजाएर अरुलाई असर पुऱ्याइएको पाइएमा त्यस्ता सामग्री जफत गर्छौं,' सिरहाका प्रमुख जिल्ला अधिकारी गोपाल कुमार अधिकारीले भने, 'अवज्ञा गरे सामग्री जफतसँगै कानुन बमोजिम कारबाही पनि गर्छौं ।' यसअघि जिल्लाका स्थानीय तहले पटक-पटक चर्को ध्वनिमा डिजे बाजा बजाउन रोक लगाए पनि कार्यान्वयन हुन सकेको थिएन ।

चार ब्रेथलाइजर बेकामे

पर्सा (कास)- जिल्ला ट्राफिक प्रहरी कार्यालयसँग मौज्दात रहेका नौमध्ये चारवटा ब्रेथलाइजर (मापसे जाँच गर्ने) मेसिन काम नलाग्ने भएका छन् । जिल्लाभर हाल पाँचवटा ब्रेथलाइजरको भरमा मापसे परीक्षण गरिँदै आएको कार्यालयले जनाएको छ । वीरगन्ज महानगरको मुख्य सडकमै प्रहरीहरू सवारी चालकको मुख सुँघेरै मापसे परीक्षण गरिरहेको देखिन्छ । कोरोना भाइरसको त्रासका बीच यसरी मुख सुँघेर गरिने मापसे परीक्षण प्रहरी र सवारी चालक दुबैका लागि जोखिमपूर्ण छ । नेपाल प्रहरी आफैले पनि सवारी चालकको मुख सुँघेर मापसे परीक्षण गर्न बुधबारदेखि नै रोक लगाएको छ । जिल्ला ट्राफिक प्रहरी प्रमुख प्रहरी निरीक्षक कमलराज पण्डित सिमित ब्रेथलाइजरको भरमा मापसे परीक्षण गर्न समस्या भइरहेको बताउँछन् ।

सुल्झिएन भुक्तानी विवाद

● कर्मचारीले भुक्तानी नदिए धर्नामा बस्छु : मुख्यमन्त्री ● म बाधक होइन : आर्थिक मामिला मन्त्री ● कर्मचारीले कहाँ असहयोग गरे मुख्यमन्त्री र मन्त्रीहरूले भन्नुपर्छ : प्रमुख सचिव

अजित तिवारी (जनकपुर)

गत आर्थिक वर्षको ८६ करोड रुपैयाँ भुक्तानी मामिलामा मन्त्री-सचिवको 'स्वार्थ' नमिलेपछि प्रदेश २ सरकार समस्यामा फसेको छ । गत आवमा प्रदेश २ सरकारका पाँच वटा विकासे मन्त्रालयले उपभोक्ता समितिमार्फत सम्पन्न गरेका आठ सय १४ योजनाको भुक्तानी रोकिएको छ । साउनयताका सात महिना प्रदेश सरकार र प्रदेशसभा दुवैले भुक्तानी झमेला सल्ट्याउन प्रयास गरे पनि सम्भव हुन सकेको छैन । भुक्तानी गरे अख्तियार दुरुपयोग अनुसन्धान आयोगको छानबिनमा तानिने सचिवहरूको डर र भुक्तानी नगरे मुख्यमन्त्री लालबाबु राउतसहित सम्बन्धित मन्त्रीहरू विवादित बन्ने भएपछि भुक्तानी विवाद थप गिजोलिएको हो ।

मुख्यमन्त्री राउतसँगै प्रदेश सरकारका मन्त्रीहरूले कर्मचारीको असहयोगका कारण भुक्तानी हुन नसकेको बताए पनि यसमा 'राजनीति स्वार्थ' पनि मिसिएको स्रोत बताउँछ । 'भुक्तानीमा कर्मचारीको असहयोग त छँदै छ । तर, त्यो असहयोगलाई प्रदेश सरकारकै केही मन्त्रीले मलजल गरेका छन्,' एक प्रदेश मन्त्रीले भने, 'भुक्तानीमा राजनीति घुसेपछि झन् विवादित बनेको हो ।' राउतले भने भुक्तानी गर्न कर्मचारी बाधक बनेको भन्दै त्यसका विरुद्ध धर्नामा बस्ने चेतावनीसमेत दिएका छन् । उनले संघ सरकारको उक्साहटमा प्रदेश सरकारका उपल्ला तहका कर्मचारीहरूले भुक्तानी गर्न नदिएको आरोप लगाए । 'भुक्तानी गर्न भन्दा उपल्ला कर्मचारी भागि-भागि हिँड्छन्,' मुख्यमन्त्री राउतले मंगलबार कान्तिपुरसँग भने, 'भुक्तानी नहुँदा प्रदेशसभा चल्न सकेको छैन । उपभोक्ताको पैसा दिउँ भन्दा कर्मचारी मान्दैनन् । अब पनि भुक्तानी नगरे म आफैं धर्नामा बस्छु ।' संघीय सरकारले भुक्तानी नगर्न भनेको भन्दै प्रदेशका कर्मचारीहरू पन्छिने गरेको बताउँदै उनले थपे, 'ओली सरकारले भनेकै कर्मचारीले मान्ने हो भने प्रदेश सरकार पनि संघले नै चलाए भइगो नि ।'

भुक्तानीमा सहयोग नगरेको आक्षेप लागेपछि आर्थिक मामिला तथा योजना मन्त्री विजय यादवले फागुन ५ मा पत्रकार सम्मेलन गर्दै आफ्नो कारण भुक्तानी नरोकिएको प्रष्टीकरण दिए । 'मिडियामा अर्थमन्त्रीको कारण भुक्तानी रोकिएको कुरा आयो । तर, म प्रष्ट भन्छु भुक्तानीमा म बाधक होइन । यसका लागि मन्त्रालयहरूलाई स्रोत सुनिश्चितताका लागि पत्र पठाइसकेको छु,' मन्त्री यादवले पत्रकार सम्मेलनमा भनेका थिए, 'मन्त्रालयहरूले कार्यक्रम स्वीकृत गरेर नदिने अनि आर्थिक मन्त्रीले भुक्तानी रोक्यो भनेर हल्ला गर्नु गलत हो ।' प्रदेश २ का प्रमुख सचिव रामकृष्ण सुवेदी भने भुक्तानी मामिलामा बोल्नै चाहँदैनन् । उनले भुक्तानीमा कर्मचारीले असहयोग गरेको ठाउँ मुख्यमन्त्री र मन्त्रीहरूले भन्नुपर्ने माग गरे । 'म सरकारको प्रवक्ता होइन, बोल्न मिल्दैन,' सुवेदीले कान्तिपुरसँग भने, 'भुक्तानीबारे मन्त्रालयका सचिवहरूसित नै सोध्नुस् ।'

भौतिक पूर्वाधार तथा विकास मन्त्रालयका सचिव राजेन्द्र खनालका अनुसार अवन्डा

मुख्यमन्त्री लालबाबु राउत

(कार्यक्रम नछुट्टयाई एकैठाउँमा संकलन गरिएको) रकमबाट भुक्तानी गर्ने मन्त्रीहरूको नीतिगत निर्णयले समस्या आएको स्पष्ट पारे । उनले भने, 'प्रकृया पुऱ्याएर मेरो टेबलमा फाइल आए पाँच मिनेटमै स्वीकृत गरिदिन्छु । कर्मचारीको कारण भुक्तानी रोकिएकै होइन ।'

आर्थिक मामिला र अन्य मन्त्रालयसँग अवन्डा शीर्षकमा रहेको रकम आवश्यकता परेका बेला कार्यक्रम बनाएर खर्च गरिन्छ । भुक्तानी हुन बाँकी गत वर्षका योजनालाई चालु आवको कार्यक्रम बनाएर भुक्तानी दिनुपर्ने मन्त्रीहरूको निर्देशन सचिवले टेरेका छैनन् । अख्तियारले भुक्तानी बाँकी योजनाको फाइल झिकाएर अनुसन्धान थालेपछि कार्यक्रम स्वीकृत गर्दा फसिने सचिवहरूमा डर छ । असार अन्तिम समयमा योजना सम्पन्नको फाइल आए पनि मूल्याकंन गरेर चेक बनाउन नभ्याउँदा गत वर्षको भुक्तानी रोकिएको थियो । प्रदेश सांसदहरूले कमिशन नदिएको कारण भुक्तानी नगरेको आरोप लगाउँदै प्रदेशसभा बैठकमा आवाज उठाएपछि भुक्तानी विवाद सतहमा आएको थियो ।

प्रदेशको नाम र राजधानी टुंग्याउन प्रदेशसभाको बैठक आउँदो बिहीबार र शुक्रबारका लागि डाकिएको थियो । तर, भुक्तानी नपाएका उपभोक्ता समितिले प्रदेशसभाको बैठकमा अवरोध गर्ने चेतावनी दिएपछि बैठक फागुन ३० मा सारिएको छ । भुक्तानी झमेलाकै कारण प्रदेशसभाको बैठक पुसयता बस्न सकेको छैन ।

भुक्तानीको प्रयास

प्रदेश सरकारले गत वर्षका योजनाको रकम भुक्तानीका लागि विभिन्न उपाय निकाले पनि नीतिनियमसँग बाझिँदा प्रकृया लम्बिएको हो । प्रदेशसभाबाटै योजनाको छानबिन गरेर भुक्तानीका लागि सरकारलाई संसद्ले नै निर्देशन दिए पनि कर्मचारीले यसमा सहमति जनाएका छैनन् । मन्त्रिपरिषद्ले पनि पाँचपटक भुक्तानी गर्ने निर्णय गरे पनि प्रकृया लम्बिएपछि मुख्यमन्त्री राउत कर्मचारीसँग खनिएका हुन् । गत वर्षको भुक्तानी रोकिए दुई विकल्पबाट रकम फछ्र्यौट गर्न सकिने प्रावधान छ ।

काम गरे पनि रकम नहुँदा '१८ नम्बर फारम भरेर' भुक्तानी गर्न मिल्छ । तर, प्रदेश सरकारको बजेट गत आवमा सबै खर्च हुन नसकेर फ्रिज भएकाले यो विकल्प प्रयोग गर्न मिल्दैन । अर्कोतर्फ अन्य अवस्थामा भुक्तानी गर्नुपर्दा कार्यक्रम स्वीकृत गर्नुपर्छ । प्रदेश सरकारले यही दोस्रो उपायमा टेकेर गत वर्षको भुक्तानी गर्न प्रकृया थालेको छ । आर्थिक मामिला मन्त्रालयले कार्यक्रम स्वीकृत गर्दा मन्त्रीस्तरीय निर्णय गरेर कार्यक्रम स्वीकृत गर्नुपर्ने र पीएलएमबीआइएस (बजेट सूचना प्रणाली) मा इन्ट्री गर्नुपर्ने सर्त राखेको छ । आर्थिक मामिला मन्त्रालयका यी सर्त अन्य मन्त्री र सचिवले मानेका छैनन् ।

'भुक्तानीका लागि स्रोत सुनिश्चित गरेर मन्त्रालयहरूलाई कार्यक्रम स्वीकृतिका लागि पत्र पठाइसकिएको छ,' आर्थिक मामिला मन्त्रालयका प्रवक्ता अर्जुन न्यौपानेले भने, 'मन्त्रालयहरूले अहिलेसम्म कार्यक्रम स्वीकृति र इन्ट्री नगर्दा भुक्तानी लम्बिएको हो ।'

सचिव नै आएनन्

झन्डै एक महिनाअघि मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा सरुवा भए पनि सहसचिव नारायण प्रसाद शर्मा दुवाडी हाजिर हुन आएका छैनन् । सामान्य प्रशासन मन्त्रालयले सहसचिव दुवाडीलाई मुख्यमन्त्री कार्यालयको प्रशासन सचिवका रुपमा माघ २९ मा सरुवा गरेको हो । अहिलेसम्म मुख्यमन्त्री कार्यालयलाई कुनै खबरै नगरी दुवाडी सम्पर्कविहीन छन् । मुख्यमन्त्री कार्यालयमै प्रशासन सचिव नहुँदा प्रदेश सरकारका कामकारबाहीमा समस्या भइरहेको मुख्यमन्त्री राउतले बताए ।

हरिपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

हरिपुर, सलाही

प्रदेश नं. २, नेपाल

सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०७६।११।२२

यस हरिपुर न.पा. अन्तर्गत हरिपुर प्राथमिक स्वास्थ्य केन्द्रको लागि तपशिल बमोजिमको पदमा करार कर्मचारी नियुक्ति गर्नुपर्ने भएकोले निम्न बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र यस कार्यालयमा दरखास्त आव्हान गरिन्छ ।

तपशिल

विज्ञापन नं. १ /०७६ /०७७

क.स.	पद /तह	सेवा	समूह	परिक्षाको किसिम	माग पद संख्या
१	मे.अ.	स्वास्थ्य	चिकित्सा	तोकिए बमोजिम	१

आवश्यक न्युनतम शैक्षिक योग्यता :

मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्सा शास्त्र वा सो सरहको विश्व विद्यालयबाट एम.बि.बि.एस. कोर्ष उत्तीर्ण ।

आवश्यक कागजात : नेपाली नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र, (नेपाल बाहिरको प्रमाणपत्र भए नेपालको विश्वविद्यालयबाट equivalence गरिएको प्रमाणपत्र, नेपाल मेडिकल काउन्सिलमा दर्ता र नवीकरण भएको ।

दरखास्त दस्तुर : रु. १०००।००

सेवा सुविधा : करार सम्झौतामा उल्लेख भए बमोजिम ।

उमेर : दरखास्त दिने अन्तिम मितिसम्म २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।

द्रष्टव्य : म्याद नाघि आएका दरखास्त उपर कुनै कारवाही गरिने छैन ।

- उम्मेदवार स्वयंले लोकसेवा आयोगको दरखास्त फाराम भरि निज वा निजको प्रतिनिधिले नगर कार्यपालिकाको कार्यालयमा कार्यालय समयभित्र दरखास्त फाराम बुझाउनु पर्नेछ ।
- अन्य जानकारीको लागि हरिपुर नगरपालिका कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

छनौट प्रक्रिया देहाय बमोजिम हुने छ ।

क. शैक्षिक योग्यता बापत ६० (साठी) अंक - विशिष्ट श्रेणी बापत ६०, प्रथम श्रेणी बापत ५५, द्वितीय श्रेणी बापत ५०, तृतीय श्रेणी बापत ४५, (त्रिभुवन विश्व विद्यालयको अंक गणनाको आधारमा)

ख. कार्य अनुभव बापत : १० (दश) अंक - प्रति वर्ष २ अंकको दरले, प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने ।

ग. स्थानीय बासिन्दालाई देहाय बमोजिम १० - (दश) अंक

१. हरिपुर नगरपालिकाको बासिन्दा भएमा १० - (दश) अंक

२. सर्लाही जिल्लाको बासिन्दा भएमा ५ (पाँच)

घ. २० अंकको अर्न्तवार्ता हुनेछ ।

उदय प्रसाद देवकोटा

प्रमुख प्रशासकीय अधिकृत

बालविवाहविरुद्ध घुर्नी

चार बालविवाह रोकिए

भरत जर्घामगर (सिरहा)

चौध वर्षको उमेरमै उनको विवाह भयो । माइतीघर सप्तरी हरिपुरबाट घलेटोल अन्माएर पठाउँदा उनलाई दुलही बनेको हेक्कै भएन । अर्काको घरमा कलिलै उमेरमा जब बुहार्तन सहनुपऱ्यो, बल्ल थाहा भयो विवाह भनेको के रहेछ भन्ने । जनवन (ज्याला मजदुरी) मा खटिनु, घरधन्दा अनि पति, सासु, जेठाजुको खटपटनमा बस्नुपर्दा निरक्षर उनलाई समस्या भयो ।

लहान नगरपालिका-१३ घलेटोलकी घुर्नी मण्डल खत्वे १५ वर्षको उमेरमै आमा बनिन् । छोरी मञ्जुलाई लहान अस्पतालमा जन्माउँदाको पीडा उनी अहिले पनि भुल्न सक्दिनन् । छोरी जन्मिएसँगै छारे रोगले पनि उनलाई गाज्यो । तीन वर्षपछि छोरा कौशल जन्माइन् ।

तिनै घुर्नी मण्डल अहिले आफ्नो क्षेत्रमा बालविवाहविरुद्धको अभियानमा खटिएकी छन् । मधेसी समाज, घरको बुहार्तन र गरिबीको कारण चाहेर पनि पहिला उनी स्वतन्त्र रुपमा हिँडडुल गर्न सक्दिनथिइन् । तर, जब उनी आफ्नै गाउँमा गठित महिला अधिकार मञ्चको सदस्य बनिन्, त्यसपछि बालविवाहविरुद्ध सक्रिय हुन थालिन् । 'सुरुमा दलित जनकल्याण युवा क्लबद्वारा सञ्चालित रिफ्लेक्ट कक्षामा सहभागी भएँ,' उनले भनिन् 'त्यहाँ अक्षर चिन्न र महिला अधिकार, बालविवाहका बारेमा जानकारी भएपछि साहस बढ्यो ।' आफ्नो दुःखपूर्ण विगतले पनि महिला अधिकारका लागि लड्ने प्रेरणा मिलेको उनले बताइन् ।

उनकै पहलमा महिला टोलीले ७ वटा बालविवाह रोक्न सफल भइसकेको छ । सुरुमा एक्लै अभियानमा सक्रिय घुर्नीसँगै रिक्मा विक, कुमारी मण्डल, राजो, सुनिता, कौशिल्या, रतन, देवकुमारी मण्डल लगायत १६ महिला सहभागी छन् । 'सुरुमा घरको सासु, जेठाजु र पति रामलखनले तालिम, भेलामा जान रोक्थे, तर विस्तारै सम्झाउँदै गएपछि कुरा बुझ्न थाले । अहिले गाउँ टोलदेखि बाहिरी जिल्लाहरू जानु पर्दा समेत कसैले रोक्दैनन् ।' उनले आफ्नी छोरी मञ्जुको विवाह पनि २२

बालविवाहविरुद्ध अभियानमा सक्रिय सिरहाकी घुर्नीदेवी मण्डल । *तस्बिर : भरत/कान्तिपुर*

वर्षको उमेरमा गरिदिएको बताइन् । बालविवाह रोक्दा अभिभावक रिसाए पनि छोरीचेली खुसी भएको देखेर चित्त बुझाउने गरेको उनले सुनाइन् ।

महिला टोलीले गाउँ-गाँउमा संयुक्त लालपुर्जा सम्बन्धी अभिमुखीकरण कार्यक्रम समेत चलाएको छ । सम्पत्तिमा पतिपत्नी दुवैको अधिकार हुनुपर्ने भन्दै टोलीले २० जोडीको संयुक्त लालपुर्जा बनाउन सफल भएको घुर्नीले बताइन् । उनी अहिले जिल्ला महिला अधिकार मञ्च, सिरहाको सदस्य छिन् ।

सिरहा (कास)- प्रदेश २ सरकारले 'बेटी बचाउ, बेटी पढाउ' अभियानलाई सघाउँदै सिरहा प्रहरीले कानुनविपरीत हुन लागेका बालविवाह रोक्न थालेको छ ।

फागुन १८ मा कल्याणपुर नगरपालिका-१ का सुरेन्द्र मण्डलकी १८ वर्षीय छोरीको विवाह प्रहरीले रोक्यो । माघ २९ मा मिर्चैया नगरपालिका-१ का १८ वर्षीय सुरेश कुमार महरालाई पनि विवाह नगर्न भनियो ।

प्रहरीले बालविवाहको घटना न्यूनीकरण गर्न भन्दै सुरेशका अभिभावकलाई सचेत गराई विवाह रोकेको थियो । प्रहरी सक्रियतामा पछिल्लो दुई महिनामा सिरहाका कर्जन्हा, मिर्चैया र कल्याणपुर नगरपालिका क्षेत्रमा हुन लागेका चारवटा बालविवाह रोकिएका छन् ।

बालविवाह रोकिनेमा कर्जन्हा नगरपालिका-६, बेतहाका रिझन मुखियाकी १५ वर्षीया छोरी रन्जु र मिर्चैया-५ का बोहरा मण्डलकी छोरीसमेत छिन् । रन्जुको धनुषा यदुकुहा नगरपालिका सिमराढीका अजय मुखियासँग विवाह हुन लागेको थियो । २० वर्ष उमेर नपुगी विवाह भइरहेको स्थानीयबाट जानकारी पाएपछि विवाह गर्न रोक लगाएको प्रहरीले जनाएको छ । सिरहा प्रहरीले माघ र फागुनमा मात्र सातवटा बालविवाह रोकेको छ । प्रहरीले दुलाहा-दुलहीका अभिभावकलाई बालविवाह कानुनी रुपमा अपराध भएको र गराए कानुनी कारबाही हुने भन्दै सचेत गराएपछि विवाह रोक्न उनीहरू सहमत भएका थिए ।

२ नम्बर प्रदेश प्रहरी कार्यालय जनकपुरको तथ्यांकअनुसार आर्थिक वर्ष २०७३/०७४ मा सिरहामा १, महोत्तरीमा ३, बारा, रौतहट र धनुषामा १/१ वटा बालविवाहका घटना भएका थिए । त्यसैगरी आव २०७४/०७५ मा पर्सामा ४, सप्तरीमा २, महोत्तरी, धनुषा र सिरहामा १/१ गरी ७ बालविवाह भए । यो क्रम बढेर गत आवमा ती जिल्लामा २७ बालविवाहका घटना भए । जसमध्ये सबैभन्दा बढी सिरहामा १०, धनुषामा ६, महोत्तरीमा ४, बारा, सप्तरीमा २/२, पर्सा, रौतहट, सर्लाहीमा १/१ वटा बालविवाह भए ।

मुलुकी देवानी (संहिता) ऐन, २०७४ ले केटाकेटीको विवाह गर्ने उमेर २० वर्ष तोकेको छ । २० वर्ष नपुगी विवाह गरेमा कसुर गर्ने व्यक्तिलाई तीन वर्षसम्म कैद र ३० हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ । सोही ऐनले मन्जुरीविना विवाह गरे वा गराएमा विवाह स्वत : बदर हुने र त्यस्तो विवाह गर्ने र गराउनेलाई दुई वर्ष कैद र २० हजार रुपैयाँ जरिवाना तोकिएको छ ।







तपाईंको आज

मेष	शत्रु परास्त	तुला	भाग्य वृद्धि
वृष	आर्थिक लाभ	वृश्चिक	वैमनस्यता
मिथुन	प्रतिष्ठा प्राप्त	धनु	नयाँ कार्य आरम्भ
कर्कट	खर्च वृद्धि	मकर	रोग भय
सिंह	काम बन्ने	कुम्भ	अध्ययनमा सफल
कन्या	कर्म प्राप्ति	मीन	पारिवारिक चिन्ता

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल फागुन २३ गते शुक्रबार तदनुरुप ६ मार्च २०२० फाल्गुन शुक्लपक्ष एकादशी तिथि प्रात: ७:१८ बजेसम्म उप्रान्त द्वादशी तिथि, पुनर्वसु नक्षत्र प्रात: ६:३२ बजेसम्म उप्रान्त तिष्य नक्षत्र, शोभन योग रात्रिको १:३८ बजेसम्म उप्रान्त अतिगण्ड योग, भद्रा करण प्रात: ७:१८ बजेसम्म उप्रान्त बव करण, कर्कट राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	भजन
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	इट्स माइ सो (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	फिल्म टनिक (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	रजतपट (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	सरोकार (रिपिट)
१:३०	हियर्ज दु लाइफ (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	बलियो घर (रिपिट)
३:००	इट्स माई सो (रिपिट)
४:००	कान्तिपुर समाचार
४:३०	रजतपट (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	सुमनस□ग (रिपिट)
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	हवाट द फ्लप
१०:००	सुमनस□ग (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्युज रिपीटेड
१:३०	सुमनस□ग (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट १)
२:३०	हिअर्ज दु लाईफ (रिपिट)
३:००	कल कान्तिपुर रिपीटेड
४:००	हवाट द फ्लप (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	भक्ति अनुष्ठान (अच्युत सुवेदी)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	शिक्षा संवाद (कमला)
०८:००	हेल्थलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडमर्निङ शो (रस्मीता)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	रेडियो टक (किरण)
१०:००	स्पोर्टस् डायरी
१०:०५	द लाइफ स्टाइल सो (साझारिका)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	द लाइफ स्टाइल सो (साझारिका)
१२:००	कान्तिपुर डायरी
१२:१०	हिट लिस्ट (शुभराज)
१३:००	डिस्ट्रिक डायरी
१३:०५	के छ नेपाल (निशान्त)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (निशान्त)
१५:००	कान्तिपुर डायरी
१५:१५	तमु चौतारी (सहज कु. घले)
१६:००	हेल्थ एन्ड इजुकेसन डायरी
१६:०५	बी-स्कोप
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	को भन्दा को कम (सञ्जोक बस्याल)
१८:००	मृक्तिको सन्देस
१८:३०	कान्तिपुर डायरी
१९:००	यो माया भन्ने चीज यस्तै हो (प्रियंका)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	हिप हप हसल (रस्मीता)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	शब्द रुलाया (भूपेन्द्र)
२३:००	सुनौलो यादहरु (दीपाञ्जली)
२४:००	हिट लिस्ट (रेमन)
०१:००	सफर (राजेश)
०२:००	नेपाली गीतहरु लगातार
०३:००	हिन्दी गीतहरु लगातार
०४:००	भजनहरु लगातार

अस्पताल र विविध

धनुषा

प्रहरी	०४१५२४१००
एम्बुलेन्स रेडक्रस	१००
बारुण चन्त्र	५२००११
जनकपुर अञ्चल अस्पताल	५२६२३८
एम्बुलेन्स मसावीर चुवा कमिटी	५२५१८०
एम्बुलेन्स मारवाडी सेवा समिति	५२१७८४
रक्त सञ्चार रेडक्रस	५२०८७०
धनुषा अस्पताल	५२५८००
केयर मेडिकल सेन्टर	५२०२३०
जानकी आँखा अस्पताल	५२०३९७
जानकी हेल्थ केयर सेन्टर	५२५३४१
अञ्चल प्रहरी कार्यालय	५२०३६४
एयरपोर्ट	५२००४४
बुद्ध एयर	५२५०२२
याति एयरलाइन्स	५२४४६०
जानकी मन्दिर	५२०१७६
राष्ट्रिय मानव अधिकार आयोग	०४१-५२७८१२/५२७८१९

महोत्तरी

जिल्ला अस्पताल	५२००७०
बारुण चन्त्र	५२००९७
प्रहरी	५२०९२२
प्रहरी	५२००८९
रेडक्रस एम्बुलेन्स	५२०१००
बन्दना हरिपटल प्रा.लि. गौशाला	९८५४०२५५२७/९८५४०२३५२७
विद्युत फ्युज शाखा	५२००६६
जलेश्वर अस्पताल	५२००७०
ईलाका हेल्थ पोष्ट बलवा एम्बुलेन्स	९८४४२७१७७७
छिन्नमस्ता गाण	५२०६९२
ई.पु.का. बर्दिबास	५५५००६
जिल्ला प्रहरी कार्यालय	५२०१२२
प्रहरी कन्ट्रोल	५२००८२
जिल्ला अस्पताल	५२००७०
ईलाका प्रहरी कार्यालय जौशाला	५५१००/६२२०७२

काठमाडौंका महत्वपूर्ण टेलिफोन

दमकल	१०१
रक्तसञ्चार केन्द्र	४२२५३४४
नेपाल आँखा बैंक	४४२३६८४
नेपाल आँखा अस्पताल	४२५०६२१
तिलगंगा आँखा अस्पताल	४४२३६८४
वीर अस्पताल	४२२९८८८
त्रिवि शिक्षण अस्पताल	४४१२७०७
प्रसुति गृह	४२५३२७६
टेकु अस्पताल	४२५३३०६
पाटन अस्पताल	५५२२२७८
भक्तपुर अस्पताल	६६१०६७६
मानसिक अस्पताल	५५२१३३३
कान्ति बाल अस्पताल	४४१६७९८/४४२७४५२
काठमाडौं मोडेल अस्पताल	४२४०८०५/६
बी एण्ड बी अस्पताल	५५३३२०६
नेपाल मेडिसिटी अस्पताल	९७३४, ४२१७०७६६, ४२९७७५५
मेडीकेयर नेशनल अस्पताल	४४६०८६७
मेडीकेयर नेशनल अस्पताल (एम्बुलेन्स)	४४६०८६७
प्रेमडस आफ शान्ता भवन	४४६०९८१
नेपाल आर्थोपेडिक अस्पताल	४४२३७२५
कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज	४३७१६०३
कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने	४१११२५७/८५८

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६९२४५/४२६१७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०६
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शवबाहन	४४९८०३५
सुशेरु एम्बुलेन्स सेवा	०१ ५५५५५०,९७५१०४६५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४१२२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०२४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५४४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शवबाहन र विविध

नेपाल चेम्बर आफ कमर्स	४२३०२१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२९९२
देव कर्जन नि:शुल्क सवबाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्

प्लास्टिक सर्जरीमा रमाउँदै । ९

करण केसीको प्रभावशाली बलिङ । १५

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २८ अंक १६ पोखरा | २२ फागुन २०७६ बिहीबार फाल्गुण शुक्लपक्ष दशमी | नेपाल संवत् ११४० | गण्डकी प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, March 5, 2020 | पृष्ठ १२+४ | १० रुपैयाँ

प्रत्यारोपित मिर्गौंलाले काम थाल्यो

अतुल मिश्र (काठमाडौं)

प्रधानमन्त्री केपी शर्मा ओलीको बुधबार त्रिवि शिक्षण अस्पतालमा प्रत्यारोपण गरिएको मिर्गौंलाले काम गर्न सुरु गरेको छ । प्रत्यारोपणपछि आईसीयूमा सारिएका ओलीको स्वास्थ्य सूचक राम्रो रहेको अस्पतालका कार्यकारी निर्देशक प्रा.डा. प्रेमकृष्ण खड्गाले बताए । उनका अनुसार मिर्गौंला दिएकी उनकी भान्जीको अवस्था सामान्य छ ।

शल्यक्रियापछि होस खुले पनि उच्च मात्रामा दुखाइ कम गर्ने औषधिहरू दिइएकाले ओली बुधबार राति निद्राको स्थितिमा थिए । मिर्गौंला प्रत्यारोपणमा संलग्न टिमका एक चिकित्सकका अनुसार ओलीको प्रत्यारोपित मिर्गौंला वरिपरि राखिएको पाइपलाई पेट बाहिर निकालिएको छ । रक्तस्राव भए वा पिसाब चुहिए पेटभित्र जम्मा हुन नदिन राखिएको पाइप सुधारको अवस्था हेरेर तीन-चार दिनमा निकालिने उनले बताए ।

'अबको २४ घण्टामा साधारणतया प्रत्यारोपण गरिएको नयाँ मिर्गौंलाले ५ देखि १० लिटरसम्म पिसाब निकाल्न सक्छ,' बुधबार साँझ उनले भने, 'पिसाब राम्ररी निस्किनुपर्‍यो, त्यसपछि विस्तारै पिसाबको मात्रा दिनहुँ ३-४ लिटरसम्म झर्न सक्छ ।' नयाँ मिर्गौंलाले काम गर्न थालिसकेको उनले बताए । 'हामीले अहिले शरीरको प्रतिरोधात्मक शक्तिलाई शिथिल पार्ने (इम्युनो सप्रेसेन्ट) औषधिको मात्रा पहिलेभन्दा बढाएका छौं,' उनले भने । **बाँकी पृष्ठ २**

प्रधानमन्त्रीको मिर्गौंला प्रत्यारोपण सफल भएपछि बुधबार त्रिवि शिक्षण अस्पतालमा प्रा.डा. प्रेम ज्ञवालीलगायतको चिकित्सा टोली । *तस्बिर : कविन अधिकारी/कान्तिपुर*

'चार-पाँच दिनमै डिस्चार्ज हुन सक्छ'

प्रधानमन्त्रीको मिर्गौंला प्रत्यारोपणमा नेतृत्वदायी भूमिका निर्वाह गरेका **प्रा.डा. प्रेम ज्ञवाली**सँग कान्तिपुरका **स्वरूप आचार्य**ले गरेको कुराकानी :

शल्यक्रियापछि प्रधानमन्त्रीको अवस्था अहिले कस्तो छ ?

उहाँको अवस्था अहिले सामान्य छ । होस आइसकेको छ । कुरा गर्न सक्नुहुन्छ । तर आरामका लागि हामीले उहाँसँग कुराकानी गरेका छैनौं । उहाँ चिकित्सकहरूको निगरानीमा हुनुहुन्छ । सबै भाइटल्स ठीक छन् । प्रेसर र अक्सिजनको मात्रा ठीक छ । प्रत्यारोपित मिर्गौंलाबाट पिसाब पनि भइरहेको छ ।

यही रफ्तारमा रिकभरी भए उहाँ कति दिनमा डिस्चार्ज हुन सक्नुहुन्छ ?

सबै कुरा सामान्य रहेर यही रफ्तारमा रिकभरी भयो र बीचमा केही जटिलता आएन भने हामी उहाँलाई आइतबार वा सोमबारसम्ममा डिस्चार्ज गर्न सक्छौं ।

दातालाई कहिले डिस्चार्ज गर्नुहुन्छ ?

अवस्था सामान्य रहे दातालाई पनि शनिबार/आइतबार डिस्चार्ज गर्छौं ।

प्रत्यारोपण गर्दा मुख्य डर के थियो ?

हामीले प्रत्यारोपण गरेको मिर्गौंलामा रक्तसञ्चार भइसकेपछि त्यसले काम गर्छ कि गर्दैन भन्ने थियो । अहिले पूर्ण रूपमा काम गरेर पछि त्यो बन्द पनि हुन सक्छ । तर अहिलेलाई त्यो डर हटेको छ । बिहानीले दिन कस्तो हुन्छ भन्ने संकेत गर्छ भनेझैं सबै राम्रो हुन्छ भन्नेमा हामी आशावादी छौं ।

दाताबाट झिकिएको मिर्गौंला प्रधानमन्त्रीको शरीरमा जोड्न कति समय लाग्यो ?

हामीले मुख्य नसाहरू (आर्टरी र भेन) जोड्ने काम ३९ मिनेटमा सक्यौं । त्यसपछिको कार्य भनेको समय लिएर गर्न मिल्ने कुरा हो ।

दाताबाट मिर्गौंला कसरी झिक्नुभयो ?

हामीले दाताको ल्याप्रोस्कोपिक विधिबाट शल्यक्रिया गरेर मिर्गौंला झिकेका हौं । **बाँकी पृष्ठ २**

भित्र

समाचार । २

कोभिड-१९ रोक्न नाकामा निगरानी कमजोर

समाचार । ३

खाली दरबन्दी समेटेर प्रहरीमा समायोजन

अर्थ वाणिज्य । ११

सरकारले अब सेक्युरिटी प्रेस प्रतिस्पर्धाबाट खरिद गर्ने

गजब छ बा ! अविन

मन्त्रीज्यू 'भूतपूर्व' हुनुभो भन्ठान्या त 'अभूतपूर्व' पो हुनु भ' र'छ !

हामी देख्छौं अपार संभावना
NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि

खाद्य वस्तु छ

स्वास्थ्य सामग्रीमा अनुगमन भएन

राजु चौधरी
नुमा थाम्सुहाङ (काठमाडौं)

बजारमा मास्क, सेनिटाइजर र औषधिजन्य सामग्रीको मूल्यवृद्धि र अभाव भइरहेका बेला सरकारी टोलीले बुधबार सिनेमा हलको अनुगमन गऱ्यो । अनुचित व्यापारिक कारोबार गरेको भन्दै बिग मुभिजलाई वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको टोलीले २ लाख ५० हजार रुपैयाँ जरिवाना तिरायो । 'सिनेमा हल अनुगमन गर्नैपर्ने क्षेत्र हो तर हिजोआजको प्राथमिकता त्यो हैन,' विभागकै एक अधिकारीले भने ।

ती अधिकारीले भनेजस्तै हिजोआज अनुगमन गर्नुपर्ने क्षेत्र मेडिकल तथा दैनिक उपभोग्य सामग्रीको बजारमै हो । कोरोना भाइरस (कोभिड-१९) ले आपूर्ति प्रणालीमा असन्तुलन ल्याउने सम्भावना देखेर व्यापारीले मेडिकलजन्य सामग्रीको मूल्यवृद्धि र अभाव सिर्जना गर्न थाले पनि त्यसलाई रोक्न सरकारले पहल गरेको देखिएको छैन । अभाव, मूल्यवृद्धि र कालोबजारी गर्नेलाई कारबाही गर्ने चेतावनी दिए पनि अनुगमन गरिएको छैन ।

बजारमा मास्क, सेनिटाइजरलगायत सर्जिकल वस्तु पाइन छाडेका छन् । कतिपय व्यवसायीले कालोबजारी गरिरहेको आशंका छ । 'मुख्य तीन वस्तु (मास्क, सेनिटाइजर र औषधि) मा कालोबजारी सुरु भइसकेको छ । खाद्यवस्तुमा पनि त्यही अवस्था सिर्जना हुन बेर छैन,' उपभोक्ता हित संरक्षण मञ्चका अध्यक्ष ज्योति बानियाँले भने, 'तर सरकार चुप लागेर बसेको देखिन्छ ।' उनले यतिबेला अनुगमनकारी तथा नियामक निकायमा सरकारी कर्मचारी बढाई बजारमा उपस्थिति बलियो बनाउनुपर्ने बताए ।

बजार अनुगमन तथा मूल्य नियमनको दायित्व वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको हो । विभागले दिनहुँ अनुगमन गरेको दावी गर्दै आएको छ । तर गरिएको अनुगमन परम्परागत पाराकै छ । सर्जिकल/औषधि पसलमा एक/दुई टोली खटाउनु र फिल्म हलतिर अनुगमन गर्नुले पनि सरकारी निकायले कसरी काम गरिरहेको छ भन्ने प्रस्ट्याउने उपभोक्ताकर्मीहरूले बताए । 'स्वास्थ्य क्षेत्रमा केही तयारी गरे पनि आर्थिक क्षेत्रमा ध्यानै दिइएन,' राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले भने, 'आपूर्ति प्रणालीमा ध्यान पुगेको छैन ।' उनले उपभोक्तालाई अनावश्यक मौज्दात रोक्ने विषयमा सचेत गराउनु आवश्यक रहेको बताए ।

> मास्क, सेनिटाइजर, औषधिजन्य सामग्रीको मूल्यवृद्धि नियन्त्रणमा सरकारले काम नगरेको उपभोक्ताको गुनासो

उद्योग, वाणिज्य तथा आपूर्ति राज्यमन्त्री मोतीलाल दुगडले व्यवसायीबाट कालोबजारी नभएको दावी गरे । मास्कमा भने केही समस्या भएको उनले स्वीकार गरे । 'मास्क ५० रुपैयाँमा आयात गरी २ सय ५० रुपैयाँसम्म बिक्री भइरहेको छ । अहिले पैसाभन्दा ज्यान ठूलो हो,' उनले भने, 'मास्क बजारमा तत्काल केही गर्दैनौं ।'

खाद्यवस्तुमा सरकारको ध्यान गएको उनको दावी छ । निजी क्षेत्र र सरकारी अधिकारीहरूका अनुसार दैनिक उपभोग्य सामग्री र खाद्यान्नमा समस्या छैन । करिब ३ महिनालाई पुग्ने खाद्यान्न मौज्दात छ । मौज्दात पर्याप्त हुँदाहुँदै उपभोक्ताले 'स्टक' राख्न थालेकाले त्यसो नगर्न सरकारले अनुरोध गर्दै आएको छ । 'साल्ट ट्रेडिङ कर्पोरेसन्सलाई नुन पर्याप्त मौज्दात राख्न भनेका छौं । खाद्य व्यवस्था कम्पनीले दुर्गम र पहाडमा मौज्दात बढाएको छ,' राज्यमन्त्री दुगडले भने । विभागका महानिर्देशक नेत्र सुवेदीले आपूर्ति सहज बनाउन सरोकारवाला निकायसँग छलफल भइरहेको बताए । **बाँकी पृष्ठ १४**

उकालो लाग्दै तापक्रम

अब्दुल्लाह मियाँ (काठमाडौं)

काठमाडौंसहित देशभर तापक्रम उकालो लाग्न थालेको छ । बुधबार काठमाडौंमा अधिकतम तापक्रम २३.५ डिग्री सेल्सियस रेकर्ड भएको छ । काठमाडौंमा आइतबार तापक्रम बढ्न सुरु भएको हो । बुधबार धनगढीमा २९, दिपायलमा २७.२, वीरेन्द्रनगरमा २५.८, नेपालगन्जमा २८.६, दाङमा २५.७, पोखरामा २४.५, भैरहवामा २८.७, सिमरामा २९ र विराटनगरमा २८.६ डिग्री रेकर्ड भएको जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाका वरिष्ठ मौसमविद् बरुण पौडेलका अनुसार मुलुकभरि नै न्यूनतम र अधिकतम तापक्रम बढ्दै गएको छ । १ मार्च (फागुन १८) देखि देशैभर तापक्रम बढेको हो । जानकारहरूका अनुसार ४ देखि १० डिग्रीसम्म तापक्रम भएको क्षेत्रमा कुनै पनि भाइरस लामो समयसम्म बाँच्न सक्छ । ३० डिग्री हाराहारी तापक्रम पुगेपछि त्यस्ता भाइरस आफैं निष्क्रिय हुँदै जान्छन् । उच्च आर्द्रतालाई भाइरसले मन पराउँदैन ।



विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) ले पनि उच्च तापक्रम भएको क्षेत्रमा भाइरस लामो समय बाँच्न नसक्ने उल्लेख गरेको छ । मार्च, अप्रिल, मे र जुन तापक्रम बढी हुने महिना हुन् । मार्चमा काठमाडौंमा औसत २५ देखि ३३ डिग्रीसम्म तापक्रम रेकर्ड हुने गरेको देखिन्छ । **बाँकी पृष्ठ १४**

कलिलैमा गर्भपतन

गण्डकी (कास)- कानुनले २० वर्ष नपुगेसम्म विवाह गर्न बन्देज लगाएको छ । तर, यहाँ विवाहको उमेर नपुग्दै गर्भपतन गराउनेहरूकै संख्या निकै पाइएको छ ।

प्रदेश स्वास्थ्य निर्देशनालयको तथ्यांकले यस्तो औल्याएको हो । निर्देशनालयका अनुसार गत वर्ष प्रदेशभर ११ हजार ३ सय ५९ जनाले सुरक्षित गर्भपतन गराएका थिए । २०७४/०७५ मा १३ हजार ५८ र २०७३/७४ मा ११ हजार ९ सय ९४ जनाले गर्भपतन गराएको अभिलेख छ । त्यसमा ०७५/७६ मा ५.३०, ०७४/७५ मा ७.८३ र ०७३/७४ मा ९.१२ प्रतिशत २० वर्षभन्दा कम उमेरका थिए ।

नेपालमा प्रतिवर्ष करिब ३ लाख २३ हजारले गर्भपतन गराउँछन् । तीमध्ये ५८ प्रतिशतले असुरक्षित तरिका अपनाउँछन् । प्रतिघण्टा २१ जना, प्रतिदिन ५२०, प्रतिमहिना १५ हजार ५ सय १२ र प्रतिवर्ष १ लाख ८६ हजार १ सय ४४ ले असुरक्षित गर्भपतन गराउने यहाँ आयोजित कार्यक्रममा जनाइयो ।

गण्डकी प्रदेशभरि गर्भपतनका लागि सूचीकृत भएका संस्थाको संख्या म्याग्दीमा १९, पर्वतमा १५, स्याङ्जामा २०, गोरखामा २८, बाग्लुङमा १९, कास्कीमा ३९, तनहुँमा २१, नवलपुरमा ९, लमजुङमा १३, मनाङ र मुस्ताङमा १ छ । अन्य ३ सरकारी संस्था पनि रहेको निर्देशनालयले जनाएको छ । प्रदेश स्वास्थ्य निर्देशक डा. विनोदविन्दु शर्माले सुरक्षित गर्भपतनसँगै आमा बचाउने अभियान सञ्चालन भइरहेको बताए । गर्भवतीको मञ्जुरीले १२ सातासम्मको गर्भपतन गराउन पाउने कानुनी व्यवस्था छ । गर्भवतीको ज्यान खतरामा परे, अपांग बच्चा जन्मिने जोखिम रहे, जबर्जस्ती वा हाडनाता करणीबाट रहन गएको गर्भ (२८ सातासम्मको) पतन गराउन पाउने कानुनी मान्यता छ । एचआईभी वा अन्य निको नहुने रोग लागेको, भ्रूणमा कमीकमजोरी भएको अवस्थामा पनि गर्भपतन गराउन पाइन्छ ।

कोरोनाले कार्यक्रम स्थगित

स्याङ्जा (कास)- कोरोना भाइरस संक्रमणको जोखिमलाई ध्यानमा राखी जिल्ला प्रशासन कार्यालय स्याङ्जाले जिल्लाभित्र आयोजना गरिएका सबै कार्यक्रम स्थगित गर्न भनेको छ । विपद् व्यवस्थापन समितिको बुधबारको बैठकले जिल्लाभर आयोजना गरिएका सभा, सम्मेलन, भेला, मेला, महोत्सव तत्काललाई रोक्न भनेको प्रमुख जिल्ला अधिकारी रामबहादुर कुरुम्बाङले बताए ।

जिल्ला अस्पताल, स्वास्थ्य कार्यालय, जिल्लाका ११ वटै स्थानीय तहलाई कोरोनाको पूर्वतयारीका लागि सचेतना कार्यक्रम गर्नसमेत प्रशासनले आग्रह गरेको छ । स्वास्थ्य मन्त्रालयले भीडभाडमा संक्रमण बढ्न सक्ने बताएसँगै अर्को व्यवस्था नभएसम्मका लागि यस्ता कार्यक्रममा रोक लगाइएको उनले बताए ।

यस्तै जिल्ला प्रशासन कास्कीले पनि बुधबार सूचना प्रकाशन गरी सार्वजनिक स्थानमा भेला, मेला, भेटघाट, जमघट समारोह नगर्न अनुरोध गरेको छ । कोरोना भाइरस संक्रमणको जोखिम कम गर्न सजगता अपनाउनुपरेको प्रकाशित सूचनामा उल्लेख छ । जिल्लामा धेरै भीडभाड हुने गरी सार्वजनिक स्थानमा कार्यक्रम नगर्न कार्यालयले आग्रह गरेको छ । जनस्वास्थ्य तथा अन्य सतर्कता अवलम्बन गर्न सरोकारवालासँग कार्यालयले अनुरोध गरेको छ ।

पोखराको लेकसाइडमा बुधबार अन्तर्राष्ट्रिय सांस्कृतिक महोत्सवमा सहभागी विदेशी कलाकार । भ्रमण वर्ष २०२० को प्रदेश समितिले आयोजना गरेको महोत्सवमा नेपालसहित विभिन्न ११ देशका कलाकारले आफ्नो संस्कृति प्रदर्शन गरेका थिए । *तस्बिर : लालप्रसाद शर्मा/कान्तिपुर*

सहुलियतकै चामल महँगो

मूल्य घटाउँदा पनि बजारकै चामल सस्तो भएपछि खाद्यको चामल बिक्न छाड्यो

हरिराम उप्रेती (गोरखा)

सस्तो दरमा अरू नै चामल ढुवानी हुन थालेपछि खाद्य कम्पनीको चामल बिक्री हुन छाडेको छ । कम्पनीले प्रतिकिलो २ रुपैयाँसम्म मूल्य घटाउँदा पनि अन्य चामलभन्दा महँगो पर्ने गरेको छ ।

यस्तो समस्या खास गरी जिल्लाको माछाखोलास्थित डिपोमा देखिन्छ । यहाँ कम्पनीले गत वर्ष ढुवानी गरेकै चामल नबिकेर थन्किएको छ । चामल मौज्दात बसेपछि खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले यहाँ मूल्य घटाउन निर्देशन दिएको थियो ।

प्रतिकेजी ४७ रुपैयाँ तोकिएको सोना मन्सुली ४५ र ४५ रुपैयाँको जापानिज चामलको मूल्य ४३ रुपैयाँमा झारिएको छ । यसो गर्दा पनि खाद्यको भन्दा बजारकै चामल सस्तो पर्ने स्थानीयको भनाइ छ । खाद्यमा ३० केजीको एक बोरा खरिद गर्दा १ सय ६० रुपैयाँ महँगो पर्ने धनबहादुर गुरुङले बताए । 'सोना मन्सुली बजारमा ११ सय ९० मा पाइन्छ, खाद्यमा गए त्यही चामल १३ सय ५० पर्ने भयो,' उनले भने, 'एक किलोमा १०-१२ रुपैयाँ घटाएको भए केही सहुलियत हुन्थ्यो ।' मूल्य घटे पनि चामल किन्न स्थानीय नआएपछि अन्योल भएको कम्पनीका गोरखा शाखाका प्रमुख नवीन बस्नेतले बताए । गत वर्षदेखि माछाखोला डिपोमा थन्किएको ३९० क्विन्टल चामल बिक्री नभएको उनले जानकारी दिए । नबिकेकैले चालू वर्ष चामलको कोटा दुईपटक घटाइएको छ । 'गत वर्ष २५ सय क्विन्टलको कोटा थियो, घटाएर १८ सय क्विन्टलमा झार्‍यौं,' उनले भने, 'त्यही पनि बिक्री नहुने देखेपछि फेरि घटाएर ८ सय क्विन्टल मात्र ढुवानी गर्ने लक्ष्य राखेका छौं ।'



तिब्बत सीमा लार्के जोड्न सडक ट्रयाक खोल्ने क्रममा माछाखोलासम्म गाडी गुड्न थालेपछि यहाँ चामलसँगै उपभोग्य सामग्रीको भाउ घटेको छ । पहिले केरौंजा, उहिया, काशीगाउँ, लापु, गुम्दा र लाप्राकका स्थानीयले डिपोबाट चामल खरिद गर्दै आएका थिए ।

सिर्दिवास डिपोमा भने चामल बिक्रीको समस्या नरहेको बस्नेतले बताए । गत वर्ष सोना मन्सुली चामल मात्र बेचिएको सिर्दिवासमा यस वर्ष ५५७ क्विन्टल जिरा मसिनो चामल पनि पठाइएको छ । यहाँबाट ल्हो, बिही, प्रोक, छेकम्पार, चुम्चेत र सामागाउँसम्मका बासिन्दालाई सहुलियत दरको चामल बिक्री हुँदै आएको छ । छेकम्पार र सामागाउँका बासिन्दा २ दिन हिँडेर चामल किन्न आउँछन् । चुमनुब्री गाउँपालिका-३ प्रोकको नामरुङमा अर्को डिपो राख्न स्थानीयले माग गर्दै आएका छन् । २०७४ पुस १९ मा जिल्ला खाद्य व्यवस्था समितिको बैठकले प्रोकको नामरुङमा थप डिपो स्थापनाका लागि तत्कालीन नेपाल खाद्य संस्थानलाई प्रस्ताव गरे पनि कुनै निर्णय भएको छैन ।

स्थानीय तहका जनप्रतिनिधिको सिफारिसमा उक्त क्षेत्रका बासिन्दालाई चामल उपलब्ध गराउने प्रावधान छ । उत्तरी गोरखामा खेती हुने मुख्य खाद्य बाली गहुँ, जौ र आलु हुन् । ती क्षेत्रमा धान खेती नहुँदा तल्लो क्षेत्रबाट चामल ढुवानी गर्नुपर्छ ।

खर्च भएन विकास बजेट

लमजुङ (कास)- स्थानीय तहले भौतिक पूर्वाधारलगायत क्षेत्रमा विनियोजन गरेको बजेट खर्चको स्थिति कमजोर देखिएको छ । चालू आर्थिक वर्षको दोस्रो चौमासिक पूरा हुनै लाग्दा पुँजीगत बजेट एक तिहाइ पनि खर्च हुन सकेको छैन ।

पुँजीगत भनेको नागरिकसँग प्रत्यक्ष सरोकार राख्ने विकासे बजेट हो । पालिकाहरूले चालु खर्चमा समेत उल्लेख्य प्रगति गर्न सकेका छैनन् । दोर्दी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत शमशेरबहादुर गुरुङका अनुसार ४५ करोड ८१ लाख बजेट रहेकोमा माघ मसान्तसम्म १२ करोड १६ लाख खर्च भएको छ । पुँजीगत १५ करोडमध्ये २ करोड ३५ लाख र चालू ३० करोड ८१ लाख बजेटमा ९ करोड ८१ लाख मात्र सकिएको छ । मर्स्याङ्दी गाउँपालिकाको कुल ४१ करोड ४४ लाख ९६ हजार बजेटमध्ये माघ मसान्तसम्म १२ करोड ५७ लाख ४२ हजार ८ सय ४ रुपैयाँ खर्च भएको छ । चालूतर्फ २४ करोड ५६ लाख २८ हजार रहेकोमा १० करोड ७६ लाख ४० हजार २ सय ५० रुपैयाँ खर्चिइएको छ । पुँजीगततर्फ १७ करोड ४२ लाख ९१ हजार रहेकोमा १०.३९ प्रतिशत खर्च भएको छ ।

गाउँपालिका अध्यक्ष अर्जुन गुरुङले ठूला आयोजनाको भुक्तानी बाँकी रहेकाले पुँजीगत बजेट खर्चमा प्रगति नदेखिएको बताए । फागुनको उत्तरार्धमा आउँदा त्यसमा सुधार देखिएको उनको दाबी छ । 'अहिले हाम्रा केही योजना मात्रै सम्झौता हुन बाँकी छ । सम्झौता भएका अधिकांश योजना सकिएका छन् । अहिले पुँजीगत बजेट २० प्रतिशत जति खर्च भइसकेको छ,' उनले भने । क्व्होलासोंथर गाउँपालिकाको २६ करोड १७ लाख ४५ हजार ८ सय १७ रुपैयाँमा ७ करोड ६ लाख ४ हजार ४ सय ४३ रुपैयाँ खर्च भएको छ । चालूतर्फको १९ करोड ५ लाख ८८ हजार १ सय ३७ रुपैयाँमध्ये ५ करोड ७९ लाख ६७ हजार ५ सय ५७ र पुँजीगततर्फको ७ करोड ११ लाख ५७ हजार ६ सय ८० रुपैयाँमध्ये १ करोड २६ लाख ३६ हजार ८ सय ८६ रुपैयाँ खर्च भएको छ ।

दूधपोखरी गाउँपालिकाको २८ करोड ७७ लाख ९७ हजार ९ सय ८० रुपैयाँ रहेकोमा ७ करोड ४१ लाख ८३ हजार ७ सय २७ रुपैयाँ खर्च भएको छ । अध्यक्ष छुपीमाया गुरुङले पुँजीगत खर्चमा उल्लेख्य प्रगति भएको दाबी गरिन् । उनका अनुसार २ महिनाअघि प्रमुख प्रशासकीय अधिकृतले कार्यालय छोड्दा पुँजीगत बजेट प्रगति निकै कमजोर थियो । 'फागुन पहिलो सातासम्म पुँजीगत बजेटमा खासै प्रगति भएको थिएन । अहिले राम्रो छ । गाउँपालिकामा भुक्तानी लिन आउने उपभोक्ता धेरै छन्,' उनले भनिन् । उनले केही योजना मात्रै सम्झौता गर्न बाँकी रहेको बताइन् ।

समान मुआब्जा मागदै प्रभावित प्रशासनमा

बूढीगण्डकी आयोजना

गोरखा (कास)- बूढीगण्डकी जलविद्युत् आयोजनाका प्रभावितलाई मुआब्जा वितरण थालिएको तीन वर्ष भयो । जग्गाको रकम पाइसके पनि अझै थुप्रैले घरगोठ लगायत संरचनाको मुआब्जा पाएका छैनन् ।

यस्तोमा उनीहरू घर छाडेर हिँड्न सकेका छैनन् । न त पुनर्वास हुने ठाउँ टुंगो लागेको छ ।

घरगोठ, बोटबिरुवा र अन्य संरचनाको मुआब्जा दिन बाँकी रहेको गण्डकी-५ दर्बुङ फाँटका धनञ्जय पन्तले बताए । 'घरको पैसा आएन,' उनले भने, 'घर छाडेपछि हामीलाई लगेर राख्ने ठाउँको पनि अहिलेसम्म टुंगो छैन ।'

जग्गाको मुआब्जा वितरणपछि सुकुम्बासी बन्ने खतरा बढेको दर्बुङकै भरतकुमार श्रेष्ठ बताउँछन् । 'जग्गाको मुआब्जा पायौ, अब उठ भन्लान् । कहाँ बस्ने, खेती गर्ने ठाउँ खै, बस्तुभाउ कसरी राख्ने ?,' उनले भने, 'तीन-चार आना जग्गामा व्यापार चलाएर बसेकाले मुआब्जा कति पाएका छन्, उनीहरूको अवस्था के हुन्छ ?'

जिल्ला प्रशासन कार्यालय गोरखामा भेला भएका बूढीगण्डकी प्रभावित । *तस्बिर : हरिराम उप्रेती/कान्तिपुर*

जग्गाको मुआब्जामा पनि विभेद भएको प्रभावितको गुनासो छ । बुधबार जिल्ला प्रशासन कार्यालयमा भेला भएका उनीहरूले आफ्ना गुनासा सम्बोधन गरेर मात्र आयोजनाको निर्माण थाल्न माग गरे । घरको मुआब्जा वितरणअघि नै पुनःस्थापनाको ग्यारेन्टी हुनुपर्ने श्रेष्ठ बताउँछन् । घर र गोठको मुआब्जा दिँदा ह्रास कट्टी गरिए मान्य नहुने उनको भनाइ छ । घरगोठ, अन्य संरचना र बोटबिरुवाको लगत संकलन गरी प्रत्येक घरपरिवारलाई जानकारी गराउनुपर्ने प्रभावितहरू बताउँछन् । 'जग्गाको मुआब्जा बुझिहाले, घर गोठको अलिअलि दिएर हटाउने भन्ने कुरा मान्दैनौं,' दर्बुङकी कल्पना खनालले भनिन्, 'जग्गाभन्दा हामीलाई घरको माया छ, मर्का नपर्ने गरी मुआब्जा दिइयोस् ।' गत जेठमा बजारबाहेक तल्लो क्षेत्रमा लगत संकलन भए पनि मुआब्जा वितरण हुन सकेको छैन ।

एकै किसिमका जग्गामा मुआब्जा फरकफरक रहेकाले सच्याउनुपर्ने बोर्लाङका हरेराम ढकालले बताए । ५ रोपनीभन्दा कम र ५ देखि १० रोपनीसम्म हुनेलाई मुआब्जा समितिको निर्णयअनुसार क्रमशः १५ र १० प्रतिशत मुआब्जा थप गरिदिनुपर्ने उनको भनाइ छ । दर्ता छुट भएका जग्गासँगै ऐलानी र पर्ती जग्गामा बसोबास गरिरहेकालाई पनि निश्चित मापदण्ड बनाई मुआब्जा र क्षतिपूर्ति दिनुपर्नेमा स्थानीयको जोड छ । 'आयोजना नबन्ने खेलमा गयो,' ढकालले भने, 'पीडितलाई अन्यायमा पार्ने, आयोजना पनि नबनाउने हो भने जग्गा फिर्ता गर्दा हुन्छ ।' आयोजनाको राष्ट्रिय सरोकार समितिले बुधबार प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र पनि बुझाएको छ । मुआब्जा वितरणलगायत काममा हालसम्म २९ अर्ब खर्च भइसकेको छ । 'अब पछाडि फर्कने ठाउँ छैन, आयोजना बन्दैन भनेर शंका नगरौं,' प्रजिअ सुरेन्द्र पौडेलले भने । प्रभावितलाई अन्यायमा नपारिने उनले बताए ।



तपाईको आज

मेष	शत्रु परास्त	तुला	भाग्य वृद्धि
वृष	आर्थिक लाभ	वृश्चिक	वैमनस्यता
मिथुन	प्रतिष्ठा प्राप्त	धनु	नयाँ कार्य आरम्भ
कर्कट	खर्च वृद्धि	मकर	रोग भय
सिंह	काम बन्ने	कुम्भ	अध्ययनमा सफल
कन्या	कर्म प्राप्ति	मीन	पारिवारिक चिन्ता

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल फागुन २३ गते शुक्रबार तदनुरुप ६ मार्च २०२० फाल्गुन शुक्लपक्ष एकादशी तिथि प्रातः ७:१८ बजेसम्म उप्रान्त द्वादशी तिथि, पूर्नवर्सु नक्षत्र प्रातः ६:३२ बजेसम्म उप्रान्त तिष्य नक्षत्र, शोभन योग रात्रिको ९:३८ बजेसम्म उप्रान्त अतिगण्ड योग, भद्रा करण प्रातः ७:१८ बजेसम्म उप्रान्त बब करण, कर्कट राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	भजन
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	इट्स माइ सो (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	फिल्म टनिक (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	रजतपट (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	सरोकार (रिपिट)
१:३०	हियर्ज द लाइफ (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	बलियो घर (रिपिट)
३:००	इट्स माई सो (रिपिट)
४:००	कान्तिपुर समाचार
४:३०	रजतपट (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	सुमनसँग (रिपिट)
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	हुवाट द फ्लप
१०:००	सुमनसँग (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्युज रिपीटेड
१:३०	सुमनसँग (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ९)
२:३०	हिअर्ज द लाईफ (रिपिट)
३:००	कल कान्तिपुर रिपीटेड
४:००	हुवाट द फ्लप (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	भक्ति अनुष्ठान (अच्यूत सुवेदी)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	शिक्षा संवाद (कमला)
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडमर्निङ शो (स्मीता)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	रेडियो ठक (किरण)
१०:००	स्पोर्ट्स् डायरी
१०:०५	द लाइफ स्टाइल सो (साप्ताहिक)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	द लाइफ स्टाइल सो (साप्ताहिक)
१२:००	कान्तिपुर डायरी
१२:१०	हिट लिस्ट (शुभराज)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	के छ नेपाल (निशान्त)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (निशान्त)
१५:००	कान्तिपुर डायरी
१५:१५	तमु चौतारी (सहज कु. घले)
१६:००	हेल्थ एन्ड इन्जुकेसन डायरी
१६:०५	बी-स्कोप
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	को भन्दा को कम (सञ्जोक बस्याल)
१८:००	मृक्तिको सन्देश
१८:३०	कान्तिपुर डायरी
१९:००	यो माया भन्ने चीज यस्तै हो (प्रियंका)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	हिप हप हसला (स्मीता)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	शब्द श्लाघा (भूपेन्द्र)
२३:००	सुनौलो याद्हरू (दीपाञ्जली)
२४:००	हिट लिस्ट (रेमन)
०१:००	सफर (राजेश)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०४:००	भजनहरू लगातार

अस्पताल र विविध

पोखराका महत्त्वपूर्ण नम्बरहरू

रक्त सञ्चार सेवा केन्द्र/एम्बुलेन्स रेस्क्रस	०६१-५२१०२१
कास्की रेस्क्रस	०६१-५२०३४०
दमकल सेवा	०६१-५२०२२२
शव बाहन सेवा (सिद्धार्थ क्लब)	०६१-५३०२००
पश्चिमाञ्चल क्षेत्रीय अस्पताल	०६१-५२००६६/६०
मनिपाल शिक्षण अस्पताल	०६१-५२६४१६/१०/१८
गण्डकी मेडिकल कलेज	०६१-५५०२५३
हिमालय आँखा अस्पताल	०६१-४६२१६८
पोखरा विश्वविद्यालय, लेखनाथ	०६१-५६१०४६/५६१५४६
क्षेत्रीय प्रशासन कार्यालय	टोल फ्रि १९१९/०६१-४६४८१९
क्षेत्रीय प्रहरी कार्यालय	०६१-४६२४००/९८५६०२८३३
जिल्ला प्रहरी कार्यालय	०६१-५२००३३/९८५६०३५९९
जिल्ला ट्राफिक प्रहरी	१०३/०६१-५२०४१२
सशस्त्र प्रहरी बल (कालिका गण)	०६१-५४१०८८/९८५१२७२०४६

बागलुङ

धौलागिरि अञ्चल अस्पताल	०६८ ५२०१८८/५२०२८८
रक्तसञ्चार केन्द्र	०६८ ५२०२७३
कालिका मगावती गुप्ती एम्बुलेन्स	९८४६९१७५५००
गोरखा अस्पताल	०६४ ४२०२०८
स्याङ्जा जिल्ला अस्पताल	०६३ ४२०२३९
स्याङ्जा रेस्क्रस एम्बुलेन्स	०६३ ४२०११४
पर्वत जिल्ला अस्पताल	०६७ ४२०११९/४२०१४३
पर्वत रेस्क्रस एम्बुलेन्स	०६७ ४२०१६९
पर्वत प्रहरी/वारुणयन्त्र	०६७ ४२०१००/४२०१९९
लमजुङ जिल्ला अस्पताल	०६६ ५२०१५४/५२०५४७
लमजुङ सामुदायिक अस्पताल	०६६ ५२०१९३
म्याग्दी जिल्ला अस्पताल	०६९ ५२०१०८
दमौली अस्पताल	०६५ ५६०२०३
नवलपरासी जिल्ला अस्पताल	०७८ ५२०५०३
स्याङ्जा बारुणयन्त्र	०६३ ४२०४०२
जिल्ला प्रहरी बाग्लुङ	०६८ ५२०१९९ र ५२०२९९
जिल्ला प्रहरी गोरखा	०६४ ४२०२३७
जिल्ला प्रहरी लमजुङ	०६६ ५२०१९८ र ५२०१९९
जिल्ला प्रहरी मनाङ	०६६ ४४०१९९
जिल्ला प्रहरी मुस्ताङ	०६९ ४४०१९६ र ४४००९८
जिल्ला प्रहरी म्याग्दी	०६९ ५२०१९९ र ५२०२९९
जिल्ला प्रहरी पर्वत	०६७ ४२०१९९
जिल्ला प्रहरी स्याङ्जा	०६३ ४२०१००/४२०१९९/४२०२८
जिल्ला प्रहरी तनहुँ	०६५ ५६०१९९
इपका आँबुखैरेनी	०६५ ५४००९९
जिल्ला प्रहरी नवलपरासी	०७८ ५४०१००
लुम्बिनी अञ्चल अस्पताल बुटवल	०७१५४०२००
बुद्ध सामुदायीक मृदु अस्पताल	०७१५६१९७७
महिला तथा बाल अस्पताल-आनदा	०७१५४४४५०
चुनिमर्सल कलेज अफ मेडिकल साचलेसेस मैरहवा	०७१५०६०३०
मीम अस्पताल मैरहवा	०७१५२०१९३
पृथ्वी चन्द्र अस्पताल परासी	०७८५२०१८८
अर्याघाची जिल्ला अस्पताल	०७७४२०२५७
गुल्मी जिल्ला अस्पताल	०७५२०१९८८
कपिलवस्तु जिल्ला अस्पताल	०७६५४८२००
रेडक्रस एम्बुलेन्स मैरहवा	०७१-५२०२६३, ९७४७२१५५७०
रेडक्रस, रक्त संचार मैरहवा	०७१-५२०२६३, ९८४७२१५५७०
रेडक्रस, रक्त संचार, बुटवल	०७१-५४१००४

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१२४५/४२६१७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शवबाहन	४४९८०३५
सुशेक एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९७५१०४६५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२६४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०२४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शवबाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२९३
शुशुपति आर्यघाट सेवा केन्द्र	४४२२९९९
देव कर्नर नि:शुल्क सवबाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	१०४/४२४००६
नेपाल मिटर दआवरसी संघ	४२२४३७४

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६४०-०१-२२२२२ (NTC) ९८०१-५०-२२२२ (Ncell)

प्लास्टिक सर्जरीमा रमाउँदै । ९

करण केसीको प्रभावशाली बलिङ । १५

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २८ अंक १६ बुटवल | २२ फागुन २०७६ बिहीबार फाल्गुण शुक्लपक्ष दशमी | नेपाल संवत् ११४० | प्रदेश ५ संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, March 5, 2020 | पृष्ठ १२+४ | १० रुपैयाँ

प्रत्यारोपित मिर्गौंलाले काम थाल्यो

अतुल मिश्र (काठमाडौं)

प्रधानमन्त्री केपी शर्मा ओलीको बुधबार त्रिवि शिक्षण अस्पतालमा प्रत्यारोपण गरिएको मिर्गौंलाले काम गर्न सुरु गरेको छ । प्रत्यारोपणपछि आईसीयूमा सारिएका ओलीको स्वास्थ्य सूचक राम्रो रहेको अस्पतालका कार्यकारी निर्देशक प्रा.डा. प्रेमकृष्ण खड्गाले बताए । उनका अनुसार मिर्गौंला दिएकी उनकी भान्जीको अवस्था सामान्य छ ।

शल्यक्रियापछि होस खुले पनि उच्च मात्रामा दुखाइ कम गर्ने औषधिहरू दिइएकाले ओली बुधबार राति निद्राको स्थितिमा थिए । मिर्गौंला प्रत्यारोपणमा संलग्न टिमका एक चिकित्सकका अनुसार ओलीको प्रत्यारोपित मिर्गौंला वरिपरि राखिएको पाइपलाई पेट बाहिर निकालिएको छ । रक्तस्राव भए वा पिसाब चुहिए पेटभित्र जम्मा हुन नदिन राखिएको पाइप सुधारको अवस्था हेरेर तीन-चार दिनमा निकालिने उनले बताए ।

'अबको २४ घण्टामा साधारणतया प्रत्यारोपण गरिएको नयाँ मिर्गौंलाले ५ देखि १० लिटरसम्म पिसाब निकाल्न सक्छ,' बुधबार साँझ उनले भने, 'पिसाब राम्ररी निस्किनुपर्‍यो, त्यसपछि विस्तारै पिसाबको मात्रा दिनहुँ ३-४ लिटरसम्म झर्न सक्छ ।' नयाँ मिर्गौंलाले काम गर्न थालिसकेको उनले बताए । 'हामीले अहिले शरीरको प्रतिरोधात्मक शक्तिलाई शिथिल पार्ने (इम्युनो सप्रेसेन्ट) औषधिको मात्रा पहिलेभन्दा बढाएका छौं,' उनले भने । **बाँकी पृष्ठ २**

प्रधानमन्त्रीको मिर्गौंला प्रत्यारोपण सफल भएपछि बुधबार त्रिवि शिक्षण अस्पतालमा प्रा.डा. प्रेम ज्ञवालीलगायतको चिकित्सा टोली । *तस्बिर : कविन अधिकारी/कान्तिपुर*

'चार-पाँच दिनमै डिस्चार्ज हुन सक्छ'

प्रधानमन्त्रीको मिर्गौंला प्रत्यारोपणमा नेतृत्वदायी भूमिका निर्वाह गरेका **प्रा.डा. प्रेम ज्ञवाली**सँग कान्तिपुरका **स्वरूप आचार्य**ले गरेको कुराकानी :

शल्यक्रियापछि प्रधानमन्त्रीको अवस्था अहिले कस्तो छ ?

उहाँको अवस्था अहिले सामान्य छ । होस आइसकेको छ । कुरा गर्न सक्नुहुन्छ । तर आरामका लागि हामीले उहाँसँग कुराकानी गरेका छैनौं । उहाँ चिकित्सकहरूको निगरानीमा हुनुहुन्छ । सबै भाइटल्स ठीक छन् । प्रेसर र अक्सिजनको मात्रा ठीक छ । प्रत्यारोपित मिर्गौंलाबाट पिसाब पनि भइरहेको छ ।

यही रफ्तारमा रिकभरी भए उहाँ कति दिनमा डिस्चार्ज हुन सक्नुहुन्छ ?

सबै कुरा सामान्य रहेर यही रफ्तारमा रिकभरी भयो र बीचमा केही जटिलता आएन भने हामी उहाँलाई आइतबार वा सोमबारसम्ममा डिस्चार्ज गर्न सक्छौं ।

दातालाई कहिले डिस्चार्ज गर्नुहुन्छ ?

अवस्था सामान्य रहे दातालाई पनि शनिबार/आइतबार डिस्चार्ज गर्छौं ।

प्रत्यारोपण गर्दा मुख्य डर के थियो ?

हामीले प्रत्यारोपण गरेको मिर्गौंलामा रक्तसञ्चार भइसकेपछि त्यसले काम गर्छ कि गर्दैन भन्ने थियो । अहिले पूर्ण रूपमा काम गरेर पछि त्यो बन्द पनि हुन सक्छ । तर अहिलेलाई त्यो डर हटेको छ । बिहानीले दिन कस्तो हुन्छ भन्ने संकेत गर्छ भनेझैं सबै राम्रो हुन्छ भन्नेमा हामी आशावादी छौं ।

दाताबाट झिकिएको मिर्गौंला प्रधानमन्त्रीको शरीरमा जोड्न कति समय लाग्यो ?

हामीले मुख्य नसाहरू (आर्टरी र भेन) जोड्ने काम ३९ मिनेटमा सक्यौं । त्यसपछिको कार्य भनेको समय लिएर गर्न मिल्ने कुरा हो ।

दाताबाट मिर्गौंला कसरी झिक्नुभयो ?

हामीले दाताको ल्याप्रोस्कोपिक विधिबाट शल्यक्रिया गरेर मिर्गौंला झिकेका हौं । **बाँकी पृष्ठ २**

भित्र

समाचार । २

कोभिड-१९ रोक्न नाकामा निगरानी कमजोर

समाचार । ३

खाली दरबन्दी समेटेर प्रहरीमा समायोजन

अर्थ वाणिज्य । ११

सरकारले अब सेक्युरिटी प्रेस प्रतिस्पर्धाबाट खरिद गर्ने

गजब छ बा ! अविन

मन्त्रीज्यू 'भूतपूर्व' हुनुभो भन्ठान्या त 'अभूतपूर्व' पो हुनु भ' र'छ !

हामी देख्छौं अपार संभावना
NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि

खाद्य वस्तु छ

स्वास्थ्य सामग्रीमा अनुगमन भएन

राजु चौधरी
नुमा थाम्सुहाङ (काठमाडौं)

बजारमा मास्क, सेनिटाइजर र औषधिजन्य सामग्रीको मूल्यवृद्धि र अभाव भइरहेका बेला सरकारी टोलीले बुधबार सिनेमा हलको अनुगमन गऱ्यो । अनुचित व्यापारिक कारोबार गरेको भन्दै बिग मुभिजलाई वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको टोलीले २ लाख ५० हजार रुपैयाँ जरिवाना तिरायो । 'सिनेमा हल अनुगमन गर्नैपर्ने क्षेत्र हो तर हिजोआजको प्राथमिकता त्यो हैन,' विभागकै एक अधिकारीले भने ।

ती अधिकारीले भनेजस्तै हिजोआज अनुगमन गर्नुपर्ने क्षेत्र मेडिकल तथा दैनिक उपभोग्य सामग्रीको बजारमै हो । कोरोना भाइरस (कोभिड-१९) ले आपूर्ति प्रणालीमा असन्तुलन ल्याउने सम्भावना देखेर व्यापारीले मेडिकलजन्य सामग्रीको मूल्यवृद्धि र अभाव सिर्जना गर्न थाले पनि त्यसलाई रोक्न सरकारले पहल गरेको देखिएको छैन । अभाव, मूल्यवृद्धि र कालोबजारी गर्नेलाई कारबाही गर्ने चेतावनी दिए पनि अनुगमन गरिएको छैन ।

बजारमा मास्क, सेनिटाइजरलगायत सर्जिकल वस्तु पाइन छाडेका छन् । कतिपय व्यवसायीले कालोबजारी गरिरहेको आशंका छ । 'मुख्य तीन वस्तु (मास्क, सेनिटाइजर र औषधि) मा कालोबजारी सुरु भइसकेको छ । खाद्यवस्तुमा पनि त्यही अवस्था सिर्जना हुन बेर छैन,' उपभोक्ता हित संरक्षण मञ्चका अध्यक्ष ज्योति बानियाँले भने, 'तर सरकार चुप लागेर बसेको देखिन्छ ।' उनले यतिबेला अनुगमनकारी तथा नियामक निकायमा सरकारी कर्मचारी बढाई बजारमा उपस्थिति बलियो बनाउनुपर्ने बताए ।

बजार अनुगमन तथा मूल्य नियमनको दायित्व वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको हो । विभागले दिनहुँ अनुगमन गरेको दावी गर्दै आएको छ । तर गरिएको अनुगमन परम्परागत पाराकै छ । सर्जिकल/औषधि पसलमा एक/दुई टोली खटाउनु र फिल्म हलतिर अनुगमन गर्नुले पनि सरकारी निकायले कसरी काम गरिरहेको छ भन्ने प्रस्ट्याउने उपभोक्ताकर्मीहरूले बताए । 'स्वास्थ्य क्षेत्रमा केही तयारी गरे पनि आर्थिक क्षेत्रमा ध्यानै दिइएन,' राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले भने, 'आपूर्ति प्रणालीमा ध्यान पुगेको छैन ।' उनले उपभोक्तालाई अनावश्यक मौज्दात रोक्ने विषयमा सचेत गराउनु आवश्यक रहेको बताए ।

> मास्क, सेनिटाइजर, औषधिजन्य सामग्रीको मूल्यवृद्धि नियन्त्रणमा सरकारले काम नगरेको उपभोक्ताको गुनासो

उद्योग, वाणिज्य तथा आपूर्ति राज्यमन्त्री मोतीलाल दुगडले व्यवसायीबाट कालोबजारी नभएको दावी गरे । मास्कमा भने केही समस्या भएको उनले स्वीकार गरे । 'मास्क ५० रुपैयाँमा आयात गरी २ सय ५० रुपैयाँसम्म बिक्री भइरहेको छ । अहिले पैसाभन्दा ज्यान ठूलो हो,' उनले भने, 'मास्क बजारमा तत्काल केही गर्दैनौं ।'

खाद्यवस्तुमा सरकारको ध्यान गएको उनको दावी छ । निजी क्षेत्र र सरकारी अधिकारीहरूका अनुसार दैनिक उपभोग्य सामग्री र खाद्यान्नमा समस्या छैन । करिब ३ महिनालाई पुग्ने खाद्यान्न मौज्दात छ । मौज्दात पर्याप्त हुँदाहुँदै उपभोक्ताले 'स्टक' राख्न थालेकाले त्यसो नगर्न सरकारले अनुरोध गर्दै आएको छ । 'साल्ट ट्रेडिङ कर्पोरेसन्सलाई नुन पर्याप्त मौज्दात राख्न भनेका छौं । खाद्य व्यवस्था कम्पनीले दुर्गम र पहाडमा मौज्दात बढाएको छ,' राज्यमन्त्री दुगडले भने । विभागका महानिर्देशक नेत्र सुवेदीले आपूर्ति सहज बनाउन सरोकारवाला निकायसँग छलफल भइरहेको बताए । **बाँकी पृष्ठ १४**

उकालो लाग्दै तापक्रम

अब्दुल्लाह मियाँ (काठमाडौं)

काठमाडौंसहित देशभर तापक्रम उकालो लाग्न थालेको छ । बुधबार काठमाडौंमा अधिकतम तापक्रम २३.५ डिग्री सेल्सियस रेकर्ड भएको छ । काठमाडौंमा आइतबार तापक्रम बढ्न सुरु भएको हो । बुधबार धनगढीमा २९, दिपायलमा २७.२, वीरेन्द्रनगरमा २५.८, नेपालगन्जमा २८.६, दाङमा २५.७, पोखरामा २४.५, भैरहवामा २८.७, सिमरामा २९ र विराटनगरमा २८.६ डिग्री रेकर्ड भएको जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाका वरिष्ठ मौसमविद् बरुण पौडेलका अनुसार मुलुकभरि नै न्यूनतम र अधिकतम तापक्रम बढ्दै गएको छ । १ मार्च (फागुन १८) देखि देशैभर तापक्रम बढेको हो । जानकारहरूका अनुसार ४ देखि १० डिग्रीसम्म तापक्रम भएको क्षेत्रमा कुनै पनि भाइरस लामो समयसम्म बाँच्न सक्छ । ३० डिग्री हाराहारी तापक्रम पुगेपछि त्यस्ता भाइरस आफैं निष्क्रिय हुँदै जान्छन् । उच्च आर्द्रतालाई भाइरसले मन पराउँदैन ।



विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) ले पनि उच्च तापक्रम भएको क्षेत्रमा भाइरस लामो समय बाँच्न नसक्ने उल्लेख गरेको छ । मार्च, अप्रिल, मे र जुन तापक्रम बढी हुने महिना हुन् । मार्चमा काठमाडौंमा औसत २५ देखि ३३ डिग्रीसम्म तापक्रम रेकर्ड हुने गरेको देखिन्छ । **बाँकी पृष्ठ १४**

छोटकरी

जिप दुर्घटनामा एकको मृत्यु

रूपन्देही (कास)- बुटवलबाट गुल्मीको शान्तिपुरतर्फ जाँदै गरेको जिप पाल्पाको अर्गलीनजिकै दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ। तानसेन नगरपालिका-१५, कुडापानीमा लु१ज १४२८ नम्बरको जिप ब्रेक फेल भएर बुधबार दुर्घटनामा परेको हो। दुर्घटनामा बरेङ गाउँपालिका-५, तितेकी ५५ वर्षीया धनकली सुनारको मृत्यु भएको छ। उपचारका लागि पाल्पा लैजाँदै गर्दा बाटोमै उनको मृत्यु भएको प्रहरी चौकी अर्गलीले जनाएको छ। घटनामा घाइते पाँच यात्रुको मिसन अस्पताल र लुम्बिनी मेडिकल कलेज प्रभासमा उपचार भइरहेको छ।

'न्यायालय बदलिनुपर्छ'

प्युठान (कास)- संघीयता कार्यान्वयनसँगै प्रहरी र न्यायालय बदलिनुपर्ने महान्यायाधिवक्ता अग्निप्रसाद खरेलले बताएका छन्। बुधबार सरकारी वकिल कार्यालयको भवन उद्घाटन गर्दै उनले सरकारी वकिल कार्यालय र जिल्ला प्रहरी कार्यालयमा पुग्दा पीडित खुसी हुने वातावरण बनाउनुपर्ने बताएका हुन्। तीन तहको संरचनासँगै न्याय क्षेत्र जनताका लागि अन्योल रहेकाले यसलाई हटाउनु जरुरी रहेको उनको भनाइ थियो। समुदायमा सरकारी वकिल र समुदायमा प्रहरी कार्यक्रम बनाइएकाले यसलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न मातहतका निकायलाई निर्देशन दिए। 'व्यवस्थाअनुसार हाम्रा संरचना फेरिए पनि जनतालाई सहज हुनुपर्नेमा अन्योल छ,' उनले भने, 'अन्यायमा परेकालाई न्याय दिलाउन महान्यायाधिवक्ताको कार्यालय सधैं दृढ भएर उभिनेछ।'

बैंकबाट सामाजिक सुरक्षा भत्ता

पाल्पा (कास)- रैनादेवी छहरा गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता बैंकबाट भुक्तानी गर्ने भएको छ। गाउँपालिकाले सामाजिक सुरक्षा कार्यक्रममा सम्मिलित सबै लाभग्राहीको बैंकिङ प्रणालीमार्फत भुक्तानी गर्ने गरी कामकाज अगाडि बढाएको गाउँपालिकाका अध्यक्ष रामबहादुर कार्कीले बताए। उनका अनुसार त्यसका लागि अहिले सबै वडामा क्याम्प नै राखेर खाता खोल्न सुरु गरिएको छ। राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको नीतिबमोजिम सबै लाभग्राहीको अनिवार्य बैंकिङ प्रणालीमार्फत भुक्तानी गरिने काम अगाडि बढाइएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत खेतबहादुर खत्रीले बताए।

डिजाइन स्वीकृत नहुँदा ढिलाइ

बर्दिया (कास)- दुई वर्षअघि भासिएको जब्दीघाटस्थित पुल पप्पु कन्स्ट्रसनले पुनः निर्माण गर्ने भनिए पनि नयाँ डिजाइन स्वीकृत नहुँदा काममा ढिलाइ भएको छ। भासिएका दुईवटा स्पान निर्माण गरी असारभित्र सञ्चालनमा ल्याउने जनाइए पनि काम सुरु भएको छैन। पुल निर्माणका लागि एक महिनादेखि बबईको पानी डाइभर्सनको काम भइरहेको छ। पप्पु कन्स्ट्रक्सनले भासिएको पिलर, तटबन्धलगायतको काम गरिपाउँ भन्दै पुल महाशाखामा डिजाइन पेस गरेको थियो। महाशाखाका प्रमुख दीपक भट्टराईले यसै साता संशोधित डिजाइन पेस गरेकाले अध्ययन भइरहेको बताए। यसअघि पप्पुले बुझाएको पहिलो डिजाइन प्राविधिक कारणले अस्वीकृत भएको थियो।

पुल निर्माण सुरु

पाल्पा (कास)- रामपुर नगरपालिका १ र ३ जोड्न निस्दी खोलाको मसानेघाटमा पक्की पुल निर्माण सुरु भएको छ। प्रदेश ५ का भौतिक पूर्वाधार विकास मन्त्री बैजनाथ चौधरी र संघीय सांसद दलबहादुर रानाले बुधबार पुल शिलान्यास गरेका हुन्। प्रदेश सांसद युवराज खनालले संघ, प्रदेश र स्थानीय सरकारले पूर्वाधार निर्माणलाई अघि बढाएको बताए। रामपुरबाट सहलकोट हुँदै नवलपुरसम्म पुग्ने मोटरबाटोमा यो पुल बन्न लागेको रामपुर नगरपालिकाका प्रमुख रमणबहादुर थापाले बताए। प्रदेश भौतिक पूर्वाधार विकास मन्त्रालयका निर्देशक इन्जिनियर भीमार्जुन पाण्डेले ६२ दशमलव ९५ मिटर लामो पुलको लागत ८ करोड ५४ लाख ३३ हजार ५ सय ८१ रुपैयाँ भएको बताए।

निर्देशन पन्छाएर महोत्सव

कोरोना फैलन सक्ने भन्दै प्रदेशका बाह्रै प्रजिअलाई मेला-महोत्सव रोक्न निर्देशन दिइएको थियो

रूपन्देहीको बुटवलमा बुधबारबाट सुरु महोत्सव उद्घाटन गर्दै घरेलु तथा साना उद्योग महासंघका केन्द्रीय कार्यवाहक अध्यक्ष उमेशप्रसाद सिंह। *तस्बिर : कान्तिपुर*

घनश्याम गौतम (रूपन्देही)

कोरोना भाइरसबारे सतर्कता अपनाउन संघीय र प्रदेश सरकारले दिएको निर्देशन प्रमुख जिल्ला अधिकारीले नै अवज्ञा गरेका छन्। सभा-सम्मेलन गर्न नदिने निर्णय लिएका सरकारले सम्बन्धित प्रजिअलाई जारी रहेका कार्यक्रम रोक्न र नयाँलाई अनुमति नदिन निर्देशन दिएका थिए। तर, प्रदेश ५ का ठूला सहर बुटवल र नेपालगन्जमा बुधबार मेला सुरु भएका छन्। दुवै भारतीय स्थलमार्गको सीमानाका भएका सहर हुन्।

बुटवलमा बुधबारदेखि नेपाल घरेलु तथा साना उद्योग महासंघ प्रदेश महिला उद्यमी समितिको आयोजनामा प्रादेशिक लघु घरेलु साना तथा औद्योगिक कृषि प्रविधि व्यापार एवं पर्यटक महोत्सव सुरु भएको छ। मेलाको महासंघका केन्द्रीय कार्यवाहक अध्यक्ष उमेशप्रसाद सिंहले उद्घाटन गरेका छन्। यसअघि प्रदेशका उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्री लीला गिरीले उद्घाटन गर्ने कार्यक्रम तय भए पनि प्रदेश सरकारको निर्णय विवादित हुने भन्दै उनी उद्घाटन गर्न गएनन्। चैत २ गतेसम्म चल्ने मेलामा तीन सयभन्दा बढी स्टल छन्। समितिकी संयोजक शान्ति शर्माले अन्तिम समयमा आएर मेला रोक्न नसकेको बताइन्। '९० प्रतिशत तयारी सकिसकेको थियो, त्यसैले रोक्न सकिएन,' उनले भनिन्, 'स्वास्थ्यको संवेदनशीलतालाई मध्यनजर गर्दै मेलामै स्वास्थ्य स्टल पनि राखेका छौं।'

रूपन्देहीका निमित्त प्रमुख जिल्ला अधिकारी भरतकुमार शर्माले बुधबारसम्म कुनै पनि सरकारबाट मेला-महोत्सव रोक्न पत्र नआएको दाबी गरे। मेला सुरु भएको जानकारी मात्र आएकाले आफूले त्यसबारेमा बुझ्ने तयारीमै रहेको बताए। 'अब रोक्नु पर्ला,' उनले भने, 'अहिलेसम्म कुनै सरकारको पत्र आएको छैन, त्यसैले बुझ्दै पनि छौं।' उनले नाकामा भने सतर्कता अपनाइएको बताए।

बुधबार नै जिल्ला प्रशासनका तर्फबाट प्रशासकीय अधिकृत जनक थापाले सार्वजनिक अपिल जारी गर्दै सरकारको निर्णय अनुसार मेला-महोत्सव नगर्न र ठूलो संख्यामा भेला भएर भोज भतेर नगर्नसमेत आग्रह गरेका छन्। 'संक्रमणको सम्भावित जोखिम कम गर्नका लागि प्रदेशभित्र ठूलो जनसमूह सहभागी हुने कुनै पनि मेला-महोत्सव तथा सभा-सम्मेलन हाल स्थगित गर्ने निर्णय भएको हुँदा,' जारी अपिलमा भनिएको छ, 'सोहीअनुसार गर्नु-गराउनु हुन अनुरोध छ।' बाँकेको नेपालगन्जमा बुधबारदेखि नै दुईवटा मेला सुरु भएका छन्। एजी सर्विसेज प्रालिले नेपालगन्ज नगरपालिका-१ स्थित वाटर पार्कमा चैत २ गतेसम्म चल्ने गरी दोस्रो नेपालगन्ज महोत्सव सुरु गरेको छ। मेलाको नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य कृष्णप्रसाद श्रेष्ठले उद्घाटन गरेका छन्। त्यस्तै नेपालगन्जकै धम्बोजीमा क्यान इन्फोटेकको आयोजनामा प्रविधिसम्बन्धी चारदिने मेला पनि सुरु भएको छ। मेलाको प्रदेश ५ का सभामुख पूर्णबहादुर घर्तीमगरले उद्घाटन गरेका छन्। बाँके जिल्ला प्रशासनले पनि मेला सुरु भएपछि सार्वजनिक सन्देश जारी गर्दै मेला-महोत्सव नगर्न सामान्य अपिल गरेको छ।

बर्दियाको ठाकुरद्वारा नगरपालिकाको भुरीगाउँमा शुक्रबारबाट राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानको आयोजनामा १० दिने महोत्सव हुँदैछ। स्थानीय कला र संस्कृति संरक्षणका लागि गर्न लागिएको महोत्सवको ९० प्रतिशत तयारी पूरा भएकाले रोक्न सक्ने अवस्था नरहेको अध्यक्ष खगेन्द्र नेपालले बताए। 'अहिलेसम्म सिडिओ कार्यालयबाट रोक्नु भन्ने कुनै पत्र आएको छैन,' उनले भने, 'पहिला नै अनुमति र स्वीकृति लिएकाले कार्यक्रम छोट् याउने तयारीमा छौं।' नगरपालिकाले महोत्सव नगर्नु भन्ने पत्र पठाए पनि प्रशासनबाट कुनै निर्देशन नआएको उनले बताए।

प्रदेश सरकारका प्रवक्ता एवं भौतिक पूर्वाधार विकास मन्त्री बैजनाथ चौधरीले सरकारका निर्णय सार्वजनिक गर्दै सोमबार नै मेला-महोत्सव, ठूला सभा-सम्मेलन रोक्न प्रदेशका १२ वटै जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई पत्राचार गरिएको बताएका थिए। उनले प्रदेश सरकारले वैशाख ४ र ५ गते गर्ने लगानी सम्मेलनसमेत स्थगित गरिएको जानकारी दिदै मेला-महोत्सव, सभा-सम्मेलन रोक्ने र चिनियाँ निर्माण व्यवसायीले काम गरिरहेका ठूला आयोजनामा समेत निगरानी बढाउने निर्णय भएको बताए।

कोरोना संक्रमणको त्रासकै कारण विदेशीसमेत सहभागी हुने गरी प्रदेश सरकारले निश्चित गरेको लगानी महोत्सव पनि स्थगित भएको छ। वैशाख ४ र ५ गते आयोजना भएको सम्मेलन अर्को मिति तय नहुँदासम्मका लागि स्थगित गर्नु परेको मन्त्री चौधरीले बताए। सरकारले १२ खर्ब स्रोत जुटाउने उद्देश्यसहित लगानी सम्मेलन गर्ने तयारी गरेको थियो। 'सरकार नै आयोजक रहेको लगानी सम्मेलन स्थगित भएका बेला खै कसरी मेला-महोत्सव प्रदेशमा चले, मलाई थाहा भएन,' उनले भने, 'सरकारले प्रजिअमार्फत निर्देशन दिएको छ।'

सिमानामा २७ सुरक्षा पोस्ट

मनोज पौडेल (कपिलवस्तु)

जिल्लाको महाराजगन्ज नगरपालिका-८, हरदौनामा बुधबार सशस्त्र प्रहरीको नयाँ बोर्डर आउट पोस्ट (बीओपी) सञ्चालनमा आएको छ। भारतीय सिमानादेखि आठ सय मिटरनजिक यो पोस्ट सञ्चालनमा ल्याइएको हो। नयाँ पोस्टको सशस्त्र प्रहरी प्रदेश प्रमुख डीआईजी नारायणदत्त पौडेल र प्रमुख जिल्ला अधिकारी दीर्घनारायण पौडेलले उद्घाटन गरे। यससँगै प्रदेश ५ मा २७ पोस्ट पुगेका छन्।

पछिल्लोपटक पश्चिम नवलपरासीको भुजहवा, बाँके र बर्दियामा एक/एक बीओपी स्थापना गरिएको छ। प्रदेशको भारतसँग जोडिएको ४ सय ८ किमि सीमा क्षेत्रमा २७ बीओपी पुगेको डीआईजी पौडेलले बताए। 'अहिले १५ देखि १६ किमिमा एउटा पोस्ट

कपिलवस्तुको हरदौनामा बुधबारदेखि सञ्चालनमा आएको बोर्डर आउट पोस्ट। *तस्बिर : मनोज/कान्तिपुर*

क्रियाशील छ,' उनले भने, 'दूरी छोट्याउँदै गएका छौं।' सीमा सुरक्षा र अपराध न्यूनीकरणका लागि प्रभावकारी बनाउन थप ३३ बीओपी स्थापना गर्न गृह मन्त्रालयसमक्ष प्रस्ताव गरिएको उनले बताए। सीमामा एउटा बीओपीलाई ५/६ किमिको जिम्मेवारी भएमा प्रभावकारी हुने उनले बताए।

बीओपी स्थापनापछि स्थानीय खुसी भएको महाराजगन्ज-१० का वडाध्यक्ष योगेन्द्र केसीले बताए। 'सिमानामा डर थियो,' उनले भने, 'अब ढुक्कसँग सुत्ने भइयो।' हरदौनासँगै जिल्लाका ६ स्थानमा बीओपी सञ्चालनमा आएका छन्। यसअघि हथिहवा-दोहनी, चाकलचौडा, मर्यादपुर, भिल्मी र डालपुरमा सञ्चालनमा आएका हुन्। थप पाँच ठाउँमा बीओपी राख्न माग गर्दै गृह मन्त्रालयमा प्रस्ताव पठाइएको जिल्लास्थित २८ नम्बर गणका गणपति सशस्त्र उपरीक्षक जनकराज पुरीले बताए। नयाँ प्रस्ताव गरिएको ठाउँका लागि स्वीकृति आउनासाथ सञ्चालन गरिने उनले बताए।

व्यक्तिका नाममा दर्ता जग्गा बदर

बर्दिया (कास)- बाँसगढी नगरपालिका-८ स्थित ६० जनाका नाममा रहेको ९ बिघा १४ कट्ठा ऐलानी जग्गा बदर गरिएको छ। भूमि व्यवस्था तथा अभिलेख विभागको गत माघ २८ को निर्णयअनुसार मंगलबार उक्त जग्गाको स्रोत नखुलेपछि बदर गरिएको मालपोत कार्यालयले जनाएको छ।

सशस्त्र द्वन्द्वकालमा फिल्डमा जाने अवस्था नहुँदा मिलेमतोमा सरकारी जग्गा व्यक्तिका नाममा दर्ता गराइएको खुलेपछि बदर गरिएको कार्यालयले जनाएको छ। हाल अवकाशप्राप्त तत्कालीन मालपोत प्रमुख शंकरप्रसाद भेटवाल, नायब सुब्बा प्रकाश बुढाथोकीलगायत कर्मचारीले निर्णय गरी उक्त जग्गा व्यक्तिका नाममा दर्ता गराएको भूमि सुधार तथा मालपोत प्रमुख भीम केसीले बताए। 'प्रक्रिया नमिलाई दर्ता (दूषित) जग्गा हो,' उनले भने, 'गैरकानुनी रूपमा दर्ता गरिएका जग्गा सरकारका नाममा नामसारी गरिएको हो।' जिल्लामा ०५४ देखि ०६८ सालसम्म करिब पाँच हजार बिघा सरकारी जग्गा व्यक्तिका नाममा दर्ता गराइएको अनुसन्धानबाट देखिएको कार्यालयले जनाएको छ। मालपोत प्रमुख केसीले गेरुवा गाउँपालिकामा ५ सय ७७ बिघा सरकारी जग्गा व्यक्तिका नाममा दर्ता गराइएको बताए।

सरकारी जग्गा दर्ता गर्न सरकारको निर्णय जरुरी हुन्छ। सरकारी निर्णय लत्याएर व्यक्ति विशेषका नाममा कर्मचारीको मिलेमतोमा दर्ता गराइएको केसीले बताए। साबिक डेउढाकला-६ का राममनोहर थारु, रन्त जैसी, बँधुवा थारुलगायतका नाममा दुषित जग्गा प्राप्त गरेकामा बदर गरिएको उनले जनाए। गैरकानुनी रूपमा सरकारी जग्गा दर्ता गराइएका अधिकांश प्रशस्त जग्गाजमिन भएका छन्। मालपोतले अन्य ठाउँमा पनि जग्गा दर्ताको स्रोत खोज्दै गैरकानुनी भेटिए जफत गरी सरकारका नाममा दाखिला गर्ने जनाएको छ। गत वर्षको चैतमा सरकारी जग्गा किर्ते गरी व्यक्तिका नाममा नामसारी गरी दृष्टिबन्धक गराएको आरोपमा जिल्लास्थित मालपोत अधिकृतसहित १४ जनालाई प्रहरीले पक्राउ गरेको थियो। सरकारी जग्गा किर्ते गरेको आरोपमा हुलाक, भूमिसुधार तथा मालपोत कार्यालय, बाँके र बर्दियाका कर्मचारी पक्राउ परेका थिए। पक्राउ परेकामध्ये अधिकांश अहिले पनि पुर्पक्षका लागि कारागारमा छन्। यसै गरी, गुलरिया नगरपालिकाको सर्यु नदीको जग्गासमेत व्यक्तिका नाममा गरिएकाले त्यससम्बन्धी छानबिन पनि अघि बढाइएको कार्यालयले जनाएको छ।

सहिद मार्गमा नयाँ ठेक्का

रुकुम पूर्व (कास)- ठेक्का अवधि सकिने बेलामा सहिद मार्ग निर्माण सुरु भएको छ। भूमे गाउँपालिका-२ को काँकीदेखि पुथाउत्तरगंगा-१३ को विर्गुम खण्ड स्तरोन्नतिको काम एक साताअघि सुरु भएको छ। यसअघि ठेक्का लिएको कम्पनीले काम नगरेपछि नयाँ छनोट गरेर काम अघि बढाइएको हो।

कोसी न्यौपाने जेभीले ठेक्का लिएको थियो। केही दिन काम गरेर उक्त कम्पनी लामो समय सम्पर्कविहीन भएपछि सडक निर्माणको काम अलपत्र परेको थियो। अहिले सप्तकोसी जलाधार निर्माण कम्पनीले उक्त कामको जिम्मा लिएको छ। कोसी न्यौपाने निर्माण कम्पनी किनेर जलाधार निर्माण कम्पनीले सडक स्तरोन्नतिको काम सुरु गरेको हो।

आयोजनाले डबल कटिङसहित ग्राबेल गर्न भनी यस खण्डमा ४३ करोड रुपैयाँमा ठेक्का लिएको थियो। २६ किलोमिटर खण्डको काम पप्पु कन्स्ट्रक्सन र कोसी न्यौपानेबीच विवादका कारण हुन सकेको थिएन। गत मंसिरसम्म निर्माण पूरा गर्ने सम्झौता थियो। सडक निर्माण पूरा भइसक्नु पर्ने बेलासम्म काम सुरु नभएपछि सर्वसाधारण निराश भएका थिए। कोसी न्यौपाने निर्माण कम्पनी नै किनेको सप्तकोसी जलाधार निर्माण कम्पनीले एक वर्षको म्याद थप गरेर उक्त सडक निर्माण थालेको छ। आगामी ०७७ पुससम्म काम सक्न भनी सहिद मार्ग सडक आयोजनाले म्याद थप गरेको छ। यसअघि अलपत्र निर्माण कार्य सुचारु भएको र थपिएको म्यादभित्रै काम सक्ने गरी मेसिन-औजार र श्रमिक परिचालन गरिएको जलाधार कम्पनीका अध्यक्ष होमनाथ गौतमले बताए। एक वर्ष म्याद थप्ने सरकारको नीतिअनुसार नै उक्त सडकको म्याद थपिएको र थपिएको म्यादभित्रै काम सक्ने गौतमको भनाइ छ।

अलपत्र सडक निर्माण कार्य सुरु भएपछि स्थानीय उत्साहित छन्। पुथाउत्तरगंगाको हुकामका संगम रोका मगरले लामो समयदेखि रोकिएको काम सुरु भएपछि सडक निर्माण हुने आशा पलाएको बताए। अलपत्र छाडिएको सडक निर्माणका लागि सर्वसाधारण, गाउँपालिका, प्रदेश र प्रतिनिधि सभाका सदस्यमार्फत सहिद मार्ग आयोजना र निर्माण कम्पनीलाई पटक-पटक दबाब दिइएको रोकाले बताए। जिल्लाको विकट क्षेत्रलाई यातायातसँग जोड्ने महत्वपूर्ण यो सडक आयोजना सम्पन्न भएपछि पुथाउत्तरगंगा गाउँपालिकाका १ देखि ६ वडा सडक सन्जालमा जोडिनेछन्।



तपाईंको आज

मेष	शत्रु परास्त	तुला	भाग्य वृद्धि
वृष	आर्थिक लाभ	वृश्चिक	वैमनस्यता
मिथुन	प्रतिष्ठा प्राप्त	धनु	नयाँ कार्य आरम्भ
कर्कट	खर्च वृद्धि	मकर	रोग भय
सिंह	काम बन्ने	कुम्भ	अध्ययनमा सफल
कन्या	कर्म प्राप्ति	मीन	पारिवारिक चिन्ता

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल फागुन २३ गते शुक्रबार तदनुरुप ६ मार्च २०२० फाल्गुन शुक्लपक्ष एकादशी तिथि प्रातः ७:१८ बजेसम्म उप्रान्त द्वादशी तिथि, पूनर्वसु नक्षत्र प्रातः ६:३९ बजेसम्म उप्रान्त तिष्य नक्षत्र, शोभन योग सात्रिको ९:३८ बजेसम्म उप्रान्त अतिगण्ड योग, भद्रा करण प्रातः ७:१८ बजेसम्म उप्रान्त बव करण, कर्कट राशिमा चन्द्रमा।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

KANTIPUR HD

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	भजन
७:००	कान्तिपुर समाचार
७:३०	गुडमर्निङ नेपाल
८:००	कान्तिपुर न्युज
८:३०	इदस माइ सो (रिपिट)
९:००	कान्तिपुर समाचार
१०:००	फिल्म टमिक (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	रजतपट (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	सरोकार (रिपिट)
१:३०	हियर्ज टु लाइफ (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	बलियो घर (रिपिट)
३:००	इदस माई सो (रिपिट)
४:००	कान्तिपुर समाचार
४:३०	रजतपट (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	सुमनसँग (रिपिट)
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	हवाट द फ्लप
१०:००	सुमनसँग (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्युज रिपीटेड
१:३०	सुमनसँग (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपिट ९)
२:३०	हिअर्ज टु लाईफ (रिपिट)
३:००	कल कान्तिपुर रिपीटेड
४:००	हवाट द फ्लप (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

Radio Kantipur

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	भक्ति अनुष्ठान (अच्युत सुवेदी)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	शिक्षा संवाद (कमला)
०८:००	डेमलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडमर्निङ शो (स्मीता)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	रेडियो टक (किरण)
१०:००	स्पोर्ट्स् डायरी
१०:०५	द लाइफ स्टाइल सो (साप्ताहिका)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	द लाइफ स्टाइल सो (साप्ताहिका)
१२:००	कान्तिपुर डायरी
१२:१०	हिट लिस्ट (शुभराज)
१३:००	डिस्ट्रिक डायरी
१३:०५	के छ नेपाल (निशान्त)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (निशान्त)
१५:००	कान्तिपुर डायरी
१५:१५	तमु चौतारी (सहज कु. घले)
१६:००	हेल्थ एन्ड इजुकेसन डायरी
१६:०५	बी-स्कोप
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	को भन्दा को कम (सञ्जोक बस्याल)
१८:००	मुक्तिको सन्देश
१८:३०	कान्तिपुर डायरी
१९:००	यो माया भन्ने चीज यस्तै हो (प्रियंका)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	हिप हप हसल (स्मीता)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	शब्द श्लाघा (भूपेन्द्र)
२३:००	सुनौलो यादहरु (दीपाञ्जली)
२४:००	हिट लिस्ट (रेमन)
०१:००	सफर (राजेश)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०४:००	भजनहरू लगातार

अस्पताल र विविध

लुम्बिनी अञ्चल अस्पताल बुटवल	०७१५४०२००
बुद्ध सामुदायिक मुलु अस्पताल	०७१५४६१५०
महिला तथा बाल अस्पताल-आम्दा	०७१५४८४५०
चुनिमर्सल कलेज अफ मेडिकल साचन्सेस मैरहवा	०७१५०६८३०
मीम अस्पताल मैरहवा	०७१५२०५९३
पृथ्वी चन्द्र अस्पताल परासी	०७८५२०१९८
अर्याखाँची जिल्ला अस्पताल	०७७४२०२५०
गुल्मी जिल्ला अस्पताल	०७५५२०१९८
कपिलवस्तु जिल्ला अस्पताल	०७४५१०२००
रेडक्रस एम्बुलेन्स मैरहवा	०७१-५२०२६३, ९७४५०२९१०८
रेडक्रस, रक्त संचार मैरहवा	०७१-५२०२६३, ९८४७३२६४५०
रेडक्रस, रक्त संचार, बुटवल	०७१-५४१०८४
संचुक्त एम्बुलेन्स चालक संघ बुटवल	९८५४००३२०९२
मीम अस्पताल मैरहवा	०७१-५२०१९३
चुनिमर्सल शिक्षण अस्पताल मैरहवा	०७१-५४८०२२, ५०४०५२
जिल्ला ट्राफिक प्रहरी कार्यालय	०७१-५२२८५४, ९८५४००३२००
इलाका प्रहरी कार्यालय बेलहिया	०७१-४१८८०४
अत्याधुनिक कार्यालय बेलहिया	०७१-४१८२०२
गौतम बुद्ध विमानस्थल कार्यालय	०७१-५०४०८६
दमकल सिद्धार्थनगर नगरपालिका	०७१-५२०२५४
दमकल बुटवल उपमहानगरपालिका	०७१-५४०१९९
माईती नेपाल क्षेत्रिय कार्यालय मैरहवा	०७१-५२३५३८
जिल्ला प्रशासन कार्यालय	५६०१३३
जिल्ला प्रहरी कार्यालय	५६०१९२
राप्ती उपक्षेत्रीय अस्पताल घोराही	५६२३६५
राप्ती अञ्चल अस्पताल तुलसीपुर	५२००१९
लमही अस्पताल	५४००९१
राप्ती आँखा अस्पताल तुलसीपुर	५२०१६५
आँखा अस्पताल लमही	४१७००८
घोराही उपमहानगरपालिका	५४०७००
तुलसीपुर उपमहानगरपालिका	५२०२३३
लमही नगरपालिका	५४००५०
उच्च अदालत तुलसीपुर	५२००२४
जिल्ला अदालत	५६०२४५
राप्ती प्राबिधिक शिक्षालय लालमटिया	४१३००१
एम्बुलेन्स सञ्जिवनी विकास केन्द्र तुलसीपुर	९८५६८२३१२३
एम्बुलेन्स परिवार नियोजन संघ घोराही	५६००२३/९८४७८६२३५८
दमकल घोराही	५६०४२९
दमकल तुलसीपुर	५२०३०५
रेडक्रस सोसाइटी घोराही ब्लड बैंक	५६१६६०
रेडक्रस सोसाइटी तुलसीपुर ब्लड बैंक	५२३१४०
घोराही बसपार्क	५६०४१५
तुलसीपुर बसपार्क	५२०५०४
लमही बसपार्क	५४००४०
जिल्ला प्रहरी कार्यालय बाँके	५२०२११/५२०६४८/१००
ईलाका प्रहरी कार्यालय कोहलपुर	५४०४२०/५४०१९३
वडा प्रहरी कार्यालय नेपालगन्ज	५२०२२९
क्षेत्रीय ट्राफिक कार्यालय नेपालगन्ज	५४०००३/ १०३
जिल्ला ट्राफिक कार्यालय नेपालगन्ज	५२०८५३
नेपाल रेडक्रस सोसाईटी	५२०१०४
एम्बुलेन्स/ब्लड बैंक नेपालगन्ज	५२०५०४
दमकल नेपालगन्ज	५२०१९९
दमकल कोहलपुर	९८४८९१४९८०
मेरी अन्चल अस्पताल नेपालगन्ज	५२०१२०
नेपालगन्ज मेडिकल कलेज	५२२४५८
कोहलपुर मेडिकल	५४०४०८

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२४१२४५/४२४१४००
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२९
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन	४४२८०३५
सुशेरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९७५१०४४५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४१२२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०२४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५५५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शववाहन र विविध

नेपाल चेम्बर आफ कमर्स	४२३०२१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२२९२
देव कर्मर निःशुल्क शववाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
वालवालिका खोजतलास समन्वय केन्द्र	१

प्लास्टिक सर्जरीमा रमाउँदै । ९

करण केसीको प्रभावशाली बलिङ । १५

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २८ अंक १६ सुर्खेत | २२ फागुन २०७६ बिहीबार फाल्गुण शुक्लपक्ष दशमी | नेपाल संवत् ११४० | कर्णाली प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, March 5, 2020 | पृष्ठ १२+४ | १० रुपैयाँ

प्रत्यारोपित मिर्गौंलाले काम थाल्यो

अतुल मिश्र (काठमाडौं)

प्रधानमन्त्री केपी शर्मा ओलीको बुधबार त्रिवि शिक्षण अस्पतालमा प्रत्यारोपण गरिएको मिर्गौंलाले काम गर्न सुरु गरेको छ । प्रत्यारोपणपछि आईसीयूमा सारिएका ओलीको स्वास्थ्य सूचक राम्रो रहेको अस्पतालका कार्यकारी निर्देशक प्रा.डा. प्रेमकृष्ण खड्गाले बताए । उनका अनुसार मिर्गौंला दिएकी उनकी भान्जीको अवस्था सामान्य छ ।

शल्यक्रियापछि होस खुले पनि उच्च मात्रामा दुखाइ कम गर्ने औषधिहरू दिइएकाले ओली बुधबार राति निद्राको स्थितिमा थिए । मिर्गौंला प्रत्यारोपणमा संलग्न टिमका एक चिकित्सकका अनुसार ओलीको प्रत्यारोपित मिर्गौंला वरिपरि राखिएको पाइपलाई पेट बाहिर निकालिएको छ । रक्तस्राव भए वा पिसाब चुहिए पेटभित्र जम्मा हुन नदिन राखिएको पाइप सुधारको अवस्था हेरेर तीन-चार दिनमा निकालिने उनले बताए ।

'अबको २४ घण्टामा साधारणतया प्रत्यारोपण गरिएको नयाँ मिर्गौंलाले ५ देखि १० लिटरसम्म पिसाब निकाल्न सक्छ,' बुधबार साँझ उनले भने, 'पिसाब राम्ररी निस्किनुपर्‍यो, त्यसपछि विस्तारै पिसाबको मात्रा दिनहुँ ३-४ लिटरसम्म झर्न सक्छ ।' नयाँ मिर्गौंलाले काम गर्न थालिसकेको उनले बताए । 'हामीले अहिले शरीरको प्रतिरोधात्मक शक्तिलाई शिथिल पार्ने (इम्युनो सप्रेसेन्ट) औषधिको मात्रा पहिलेभन्दा बढाएका छौं,' उनले भने । **बाँकी पृष्ठ २**

प्रधानमन्त्रीको मिर्गौंला प्रत्यारोपण सफल भएपछि बुधबार त्रिवि शिक्षण अस्पतालमा प्रा.डा. प्रेम ज्ञवालीलगायतको चिकित्सा टोली । *तस्बिर : कविन अधिकारी/कान्तिपुर*

'चार-पाँच दिनमै डिस्चार्ज हुन सक्छ'

प्रधानमन्त्रीको मिर्गौंला प्रत्यारोपणमा नेतृत्वदायी भूमिका निर्वाह गरेका **प्रा.डा. प्रेम ज्ञवाली**सँग कान्तिपुरका **स्वरूप आचार्य**ले गरेको कुराकानी :

शल्यक्रियापछि प्रधानमन्त्रीको अवस्था अहिले कस्तो छ ?

उहाँको अवस्था अहिले सामान्य छ । होस आइसकेको छ । कुरा गर्न सक्नुहुन्छ । तर आरामका लागि हामीले उहाँसँग कुराकानी गरेका छैनौं । उहाँ चिकित्सकहरूको निगरानीमा हुनुहुन्छ । सबै भाइटल्स ठीक छन् । प्रेसर र अक्सिजनको मात्रा ठीक छ । प्रत्यारोपित मिर्गौंलाबाट पिसाब पनि भइरहेको छ ।

यही रफ्तारमा रिकभरी भए उहाँ कति दिनमा डिस्चार्ज हुन सक्नुहुन्छ ?

सबै कुरा सामान्य रहेर यही रफ्तारमा रिकभरी भयो र बीचमा केही जटिलता आएन भने हामी उहाँलाई आइतबार वा सोमबारसम्ममा डिस्चार्ज गर्न सक्छौं ।

दातालाई कहिले डिस्चार्ज गर्नुहुन्छ ?

अवस्था सामान्य रहे दातालाई पनि शनिबार/आइतबार डिस्चार्ज गर्छौं ।

प्रत्यारोपण गर्दा मुख्य डर के थियो ?

हामीले प्रत्यारोपण गरेको मिर्गौंलामा रक्तसञ्चार भइसकेपछि त्यसले काम गर्छ कि गर्दैन भन्ने थियो । अहिले पूर्ण रूपमा काम गरेर पछि त्यो बन्द पनि हुन सक्छ । तर अहिलेलाई त्यो डर हटेको छ । बिहानीले दिन कस्तो हुन्छ भन्ने संकेत गर्छ भनेझैं सबै राम्रो हुन्छ भन्नेमा हामी आशावादी छौं ।

दाताबाट झिकिएको मिर्गौंला प्रधानमन्त्रीको शरीरमा जोड्न कति समय लाग्यो ?

हामीले मुख्य नसाहरू (आर्टरी र भेन) जोड्ने काम ३९ मिनेटमा सक्यौं । त्यसपछिको कार्य भनेको समय लिएर गर्न मिल्ने कुरा हो ।

दाताबाट मिर्गौंला कसरी झिक्नुभयो ?

हामीले दाताको ल्याप्रोस्कोपिक विधिबाट शल्यक्रिया गरेर मिर्गौंला झिकेका हौं । **बाँकी पृष्ठ २**

भित्र

समाचार । २

कोभिड-१९ रोक्न नाकामा निगरानी कमजोर

समाचार । ३

खाली दरबन्दी समेटेर प्रहरीमा समायोजन

अर्थ वाणिज्य । ११

सरकारले अब सेक्युरिटी प्रेस प्रतिस्पर्धाबाट खरिद गर्ने

गजब छ बा ! अविन

मन्त्रीज्यू 'भूतपूर्व' हुनुभो भन्ठान्या त 'अभूतपूर्व' पो हुनु भ' र'छ !

हामी देख्छौं अपार संभावना
NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि

खाद्य वस्तु छ

स्वास्थ्य सामग्रीमा अनुगमन भएन

राजु चौधरी
नुमा थाम्सुहाङ (काठमाडौं)

बजारमा मास्क, सेनिटाइजर र औषधिजन्य सामग्रीको मूल्यवृद्धि र अभाव भइरहेका बेला सरकारी टोलीले बुधबार सिनेमा हलको अनुगमन गऱ्यो । अनुचित व्यापारिक कारोबार गरेको भन्दै बिग मुभिजलाई वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको टोलीले २ लाख ५० हजार रुपैयाँ जरिवाना तिरायो । 'सिनेमा हल अनुगमन गर्नैपर्ने क्षेत्र हो तर हिजोआजको प्राथमिकता त्यो हैन,' विभागकै एक अधिकारीले भने ।

ती अधिकारीले भनेजस्तै हिजोआज अनुगमन गर्नुपर्ने क्षेत्र मेडिकल तथा दैनिक उपभोग्य सामग्रीको बजारमै हो । कोरोना भाइरस (कोभिड-१९) ले आपूर्ति प्रणालीमा असन्तुलन ल्याउने सम्भावना देखेर व्यापारीले मेडिकलजन्य सामग्रीको मूल्यवृद्धि र अभाव सिर्जना गर्न थाले पनि त्यसलाई रोक्न सरकारले पहल गरेको देखिएको छैन । अभाव, मूल्यवृद्धि र कालोबजारी गर्नेलाई कारबाही गर्ने चेतावनी दिए पनि अनुगमन गरिएको छैन ।

बजारमा मास्क, सेनिटाइजरलगायत सर्जिकल वस्तु पाइन छाडेका छन् । कतिपय व्यवसायीले कालोबजारी गरिरहेको आशंका छ । 'मुख्य तीन वस्तु (मास्क, सेनिटाइजर र औषधि) मा कालोबजारी सुरु भइसकेको छ । खाद्यवस्तुमा पनि त्यही अवस्था सिर्जना हुन बेर छैन,' उपभोक्ता हित संरक्षण मञ्चका अध्यक्ष ज्योति बानियाँले भने, 'तर सरकार चुप लागेर बसेको देखिन्छ ।' उनले यतिबेला अनुगमनकारी तथा नियामक निकायमा सरकारी कर्मचारी बढाई बजारमा उपस्थिति बलियो बनाउनुपर्ने बताए ।

बजार अनुगमन तथा मूल्य नियमनको दायित्व वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको हो । विभागले दिनहुँ अनुगमन गरेको दावी गर्दै आएको छ । तर गरिएको अनुगमन परम्परागत पाराकै छ । सर्जिकल/औषधि पसलमा एक/दुई टोली खटाउनु र फिल्म हलतिर अनुगमन गर्नुले पनि सरकारी निकायले कसरी काम गरिरहेको छ भन्ने प्रस्ट्याउने उपभोक्ताकर्मीहरूले बताए । 'स्वास्थ्य क्षेत्रमा केही तयारी गरे पनि आर्थिक क्षेत्रमा ध्यानै दिइएन,' राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले भने, 'आपूर्ति प्रणालीमा ध्यान पुगेको छैन ।' उनले उपभोक्तालाई अनावश्यक मौज्दात रोक्ने विषयमा सचेत गराउनु आवश्यक रहेको बताए ।

> मास्क, सेनिटाइजर, औषधिजन्य सामग्रीको मूल्यवृद्धि नियन्त्रणमा सरकारले काम नगरेको उपभोक्ताको गुनासो

उद्योग, वाणिज्य तथा आपूर्ति राज्यमन्त्री मोतीलाल दुगडले व्यवसायीबाट कालोबजारी नभएको दावी गरे । मास्कमा भने केही समस्या भएको उनले स्वीकार गरे । 'मास्क ५० रुपैयाँमा आयात गरी २ सय ५० रुपैयाँसम्म बिक्री भइरहेको छ । अहिले पैसाभन्दा ज्यान ठूलो हो,' उनले भने, 'मास्क बजारमा तत्काल केही गर्दैनौं ।'

खाद्यवस्तुमा सरकारको ध्यान गएको उनको दावी छ । निजी क्षेत्र र सरकारी अधिकारीहरूका अनुसार दैनिक उपभोग्य सामग्री र खाद्यान्नमा समस्या छैन । करिब ३ महिनालाई पुग्ने खाद्यान्न मौज्दात छ । मौज्दात पर्याप्त हुँदाहुँदै उपभोक्ताले 'स्टक' राख्न थालेकाले त्यसो नगर्न सरकारले अनुरोध गर्दै आएको छ । 'साल्ट ट्रेडिङ कर्पोरेसन्सलाई नुन पर्याप्त मौज्दात राख्न भनेका छौं । खाद्य व्यवस्था कम्पनीले दुर्गम र पहाडमा मौज्दात बढाएको छ,' राज्यमन्त्री दुगडले भने । विभागका महानिर्देशक नेत्र सुवेदीले आपूर्ति सहज बनाउन सरोकारवाला निकायसँग छलफल भइरहेको बताए । **बाँकी पृष्ठ १४**

उकालो लाग्दै तापक्रम

अब्दुल्लाह मियाँ (काठमाडौं)

काठमाडौंसहित देशभर तापक्रम उकालो लाग्न थालेको छ । बुधबार काठमाडौंमा अधिकतम तापक्रम २३.५ डिग्री सेल्सियस रेकर्ड भएको छ । काठमाडौंमा आइतबार तापक्रम बढ्न सुरु भएको हो । बुधबार धनगढीमा २९, दिपायलमा २७.२, वीरेन्द्रनगरमा २५.८, नेपालगन्जमा २८.६, दाङमा २५.७, पोखरामा २४.५, भैरहवामा २८.७, सिमरामा २९ र विराटनगरमा २८.६ डिग्री रेकर्ड भएको जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाका वरिष्ठ मौसमविद् बरुण पौडेलका अनुसार मुलुकभरि नै न्यूनतम र अधिकतम तापक्रम बढ्दै गएको छ । १ मार्च (फागुन १८) देखि देशैभर तापक्रम बढेको हो । जानकारहरूका अनुसार ४ देखि १० डिग्रीसम्म तापक्रम भएको क्षेत्रमा कुनै पनि भाइरस लामो समयसम्म बाँच्न सक्छ । ३० डिग्री हाराहारी तापक्रम पुगेपछि त्यस्ता भाइरस आफैं निष्क्रिय हुँदै जान्छन् । उच्च आर्द्रतालाई भाइरसले मन पराउँदैन ।



विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) ले पनि उच्च तापक्रम भएको क्षेत्रमा भाइरस लामो समय बाँच्न नसक्ने उल्लेख गरेको छ । मार्च, अप्रिल, मे र जुन तापक्रम बढी हुने महिना हुन् । मार्चमा काठमाडौंमा औसत २५ देखि ३३ डिग्रीसम्म तापक्रम रेकर्ड हुने गरेको देखिन्छ । **बाँकी पृष्ठ १४**

छोटकरी

दुर्घटनामा ३ को मृत्यु

वीरेन्द्रनगर (कास)- दैलेखको धरमपोखराबाट सुर्खेत आउँदै गरेको कर्णाली प्रदेश ०२-००१ ज-०००७ नम्बरको जिप दुर्घटना हुँदा तीनजनाको मृत्यु भएको छ । प्रहरीका अनुसार बुधबार बिहान ९:३० बजे वीरेन्द्रनगर-१५ स्थित राउटे-गल्छेनामा दुर्घटना हुँदा चिङ्गाड गाउँपालिका-६ का ५० वर्षीय देवबहादुर खड्का, बाँकेको वैजनाथ गाउँपालिका-३ का ४२ वर्षीय खड्गबहादुर वीसी र उनकी श्रीमती ३९ वर्षीया गोमा बुढाथोकीको मृत्यु भएको हो । जिप अनियन्त्रित भइ सडकबाट करिब ४ सय मिटर तल खसेको जिल्ला प्रहरी कार्यालयका डीएसपी रवी रावलले बताए । उनका अनुसार चिङ्गाड गाउँपालिका-६ का ३७ वर्षीय दुर्गाबहादुर गाहा, २७ वर्षीया चन्द्रा गाहा, वीरेन्द्रनगर नगरपालिका-६ का ३८ वर्षीय नरे नेपाली र २८ वर्षीया लक्ष्मी ज्ञवाली घाइते भएका छन् । घाइतेमध्ये चन्द्रा र नेपालीको अवस्था गम्भीर छ । घाइतेको वीरेन्द्रनगरस्थित प्रदेश अस्पतालमा उपचार भइरहेको उनले जानकारी दिए ।

आगलागीमा बालकको मृत्यु

सल्यान (कास)- आगोमा जलेर सिद्धकुमाख गाउँपालिका-१ बाँझकाँडा ११ वर्षीय बालक दुर्गाबहादुर बुढाथोकीको मृत्यु भएको छ । स्थानीयबासी रत्नलाल बुढाथोकी घरमा मंगलबार बेलुकी आगलागी हुँदा उनका छोरा दुर्गाबहादुरको मृत्यु भएको प्रहरीले जनाएको छ । मंगलबार बेलुकी ८ बजे सुरु भएको आगलागी दुई घण्टापछि नियन्त्रणमा आएको थियो । प्रहरीका अनुसार आगलागीका कारण घरमा रहेका अन्न, लत्ताकपडालगायत सामग्री नष्ट भएका छन् । बुधबार बिहान घरको दोस्रो तलाबाट बचेका सामान निकाल्ने क्रममा बालकको शव भेटिएको प्रहरी निरीक्षक लक्ष्मण ओलीले बताए । कसरी आगलागी भयो भन्नेबारे अनुसन्धान भइरहेको उनले जानकारी दिए । उनका अनुसार क्षतिको विवरण एकिन भएको छैन ।

कोरोनाबाट बच्न अभियान

सल्यान/जुम्ला (कास)- कोरोना भाइरसबाट बच्न गाउँगाउँमा सचेतनामूलक अभियान सुरु गरिएको छ । सल्यानको शारदा नगरपालिका र जिल्ला प्रशासन कार्यालय, जुम्लाले विभिन्न सचेतनामूलक सन्देशसहित अभियान चलाएका हुन् । स्थानीयलाई सावधानी अपनाउन आग्रह गर्दै १५ वटै वडामा सचेतनाका लागि स्वास्थ्यकर्मी परिचालन गरिएको नगरप्रमुख शुरेश अधिकारीले बताए । उनका अनुसार स्वास्थ्यकर्मीले गाउँभेला र घरदैलो गरी कोरोनाबाट बच्न सचेत गराइरहेका छन् । उनले विभिन्न विद्यालयमा पनि सचेतना कक्षा सञ्चालन गरिएको जानकारी दिए । कोरोना संक्रमणको जोखिम बढेको भन्दै नगरपालिकाले चैत ६ गतेदेखि सञ्चालन हुन लागेको वार्षिक परीक्षा फागुन २८ गतेदेखि चैत ५ गतेसम्म सञ्चालन गर्न विद्यालयलाई निर्देशन दिएको छ । 'कोरोनाको संक्रमण नेपालमा नभित्रिए पनि स्थानीयलाई सावधानी अपनाउन आग्रह गरेका छौं,' उनले भने, 'नगरभित्र सार्वजनिक जमघट गर्न रोक लगाइएको छ ।' जिल्ला प्रशासन कार्यालय जुम्लाले कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान र सामाजिक विकास कार्यालयको सहकार्यमा जिल्लाव्यापी अभियान सुरु गरेको छ । पहिलो चरणमा भाइरसबाट बच्ने उपाय, भाइरस फैलन सक्ने अवस्था, लक्षणलगायत विषयमा सरोकारवालालाई जानकारी गराइएको प्रतिष्ठानका डा. धीरज गुरुङले बताए । उनका अनुसार प्रतिष्ठानले कोरोना भाइरससँग मिल्दोजुल्दो लक्षणका बिरामी आए छुट्टै वार्डमा राखेर उपचार गर्ने तयारी गरिरहेको छ । चीनसँग सीमा जोडिएकाले कर्णालीमा भाइरस संक्रमणको जोखिम उच्च रहेको प्रदेश सरकारको आन्तरिक मामिला तथा कानुनमन्त्री नरेश भण्डारीले बताए । उनका अनुसार प्रदेश सरकारले पनि छिट्टै सचेतना अभियान सुरु गर्ने तयारी गरेको छ ।

सल्यानको शारदा नगरपालिकाले कोरोना भाइरसको संक्रमणबाट बच्न सुरु गरेको सचेतना अभियानमा सहभागी विद्यार्थी । *तस्बिर : विप्लव महर्जन/कान्तिपुर*

सुर्खेतको वीरेन्द्रनगरमा जारी कर्णाली उत्सवअन्तर्गत बुधबार 'कर्णालीको ११औं जिल्ला' सेसनमा सहभागी हुँदै राउटे समुदायका महामुखिया महिनबहादुर शाही (दायाँबाट दोस्रो) । नागरिकता नभएका र कर्णाली प्रदेशका विभिन्न ठाउँमा घुमन्ते जीवन बिताउने राउटेलाई अलगै जिल्लाको रूपमा प्रस्तुत गरिएको थियो । महामुखिया शाहीले आफूहरू राउटे भएरै बस्न चाहेको बताए । *तस्बिर : चाँदनी कठायत/कान्तिपुर*

गाउँमा मौलायो अफिमखेती

- एउटै व्यक्तिले १० रोपनीमा खेती
- गाउँमा प्रतिकेजी ५ लाखमा बिक्री

भीमबहादुर सिंह (जाजरकोट)

नलगाड नगरपालिकामा अवैध लागूऔषध अफिमखेती मौलाएको छ । कम लगानीमा धेरै आम्दानी हुने भएपछि स्थानीयवासी अफिमखेतीमा आकर्षित भएका हुन् ।

धेरै आम्दानीको आशामा स्थानीय बासिन्दाले पाखोबारीमा गहुँ, जौ, तोरीलगायत खेती लगाउन छाडेर अफिमखेती गर्ने गरेका छन् । प्रहरी गस्ती नपुग्ने विकट र वन क्षेत्रमा रहेका पाखोबारीमा अफिम खेती हुन्छ । नलगाडका स्थानीय बासिन्दा कमल मल्लका अनुसार सिँचाइ अभावका कारण पाखोबारीमा अन्नबाली उत्पादन घटिरहेको छ । 'अन्न उत्पादनले वर्षभरि खान नपुग्ने किसानले अफिमबाट लाखौं आम्दानी गरिरहेका छन्,' उनले भने, 'प्रहरीले पनि बेवास्ता गर्दा अवैध खेतीमा बल पुगिरहेको छ ।'

उनका अनुसार गाउँमा अफिम प्रतिकेजी करिब ५ लाख रुपैयाँमा बिक्री हुन्छ । नलगाड-३, कैनाका एक किसानले दुई रोपनी पाखोमा दुई किलोसम्म अफिम उत्पादन हुने बताए । गाउँगाउँमा लगाएको अफिम खेतीबाट अबको दुई महिनापछि अफिम निकाल्ने काम सुरु हुने उनको भनाइ छ । 'व्यापारी

एक वर्षअघि नलगाड नगरपालिका-१ मा लगाइएको अफिम नष्ट गर्दै प्रहरी । *फाइल तस्बिर : कान्तिपुर*

बारीमै आउँछन्, बिक्रीको समस्या पनि छैन,' उनले भने, 'आम्दानीको लोभले लुकेरै खेती गरिरहेका छौं ।' स्थानीय बासिन्दाले असोज/कात्तिकमा लगाएको अफिम वैशाखभित्र भित्र्याउँछन् । अफिमबाट प्रत्येक सिजनमा एक घरले १० लाखसम्म आम्दानी गर्ने गरेका उनले बताए ।

सम्बन्धित निकायबाट नियन्त्रण तथा नष्ट गर्न बेवास्ता भएपछि गाउँमा लामो समयदेखि अफिमखेती भइरहेको छ । नलगाड-३ को टुटा, चाउलेचौर, नहकुली, भदाले, करुवा, सानावन, द्वारेलेखे, काडा किटेनी र ओवैडाडीमा अफिम खेती भइरहेको एक शिक्षकले बताए । उनका अनुसार ४ नम्बर वडाको लँह, चच्चुलाइना, फूलचाउली, भाच्चिउरा, प्यारधारा, ५ नम्बरको लविसा, ऐरारी, ६ को थाप्ला र गर्छिनामा पनि अफिमखेती मौलाएको छ । नलगाडका एउटै किसानले १० रोपनीसम्म पाखोबारीमा अफिमखेती गरिरहेको उनले जानकारी दिए । उनका अनुसार एक रोपनीमा न्यूनतम ३ लाख रुपैयाँको अफिम आम्दानी हुन्छ ।

केही व्यापारीले खेती गर्नुअघि किसानलाई दिने गरेका छन् । प्रहरीले भने कारोबारीलाई फेला पार्न नसकिएको जनाएको छ । प्रमुख जिल्ला अधिकारी जनकराज पन्तले नलगाडमा अफिमखेती भएको जानकारी आएको बताए । 'प्रहरीलाई तुरुन्तै खेती नष्ट गर्न निर्देशन दिइसकेको छु,' उनले भने, 'कतिपयले गाँजा र अफिम अवैध हो भन्ने थाहा नपाएर पनि खेती गरेको पाइएको छ ।'

अफिम खेती गर्ने गाउँमा लागुऔषध उत्पादन, बिक्री वितरण, सेवनको असर, कैद, सजायलगायतबारे सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न निर्देशन दिएको प्रजिअ पन्तले बताए । उनका अनुसार गत वर्ष प्रहरीले नलगाडमा करिब ७० रोपनी पाखोबारीमा लगाएको अफिमखेती नष्ट गरेको थियो । गाँजा र अफिमखेती गर्नेको पहिचान नहुँदा कानुनी दायरमा ल्याउन नसकिएको उनको भनाइ छ । उनले अफिमलगायत लागूऔषधको मुख्य कारोबारी पत्ता लगाउन विभिन्न माध्यमबाट प्रहरी टोली परिचालन भइरहेको बताए ।

पुरुषजति हिउँदे व्यापारमा

जुम्ला (कास)- जिल्लाका अधिकांश गाउँमा अहिले पुरुषको संख्या पातलो छ । हिउँदे व्यापारका लागि सहर पस्दा यस्तो अवस्था देखिन्छ । यही व्यापार स्थानीय बासिन्दाको लागि आयस्रोतको बलियो आधार बन्ने गरेको छ ।

सिँजा गाउँपालिकास्थित नराकोटकी ५९ वर्षीया उमा उपाध्यायका श्रीमान् र छोरा व्यापारको जिल्लाबाहिर छन् । 'हिउँदको चार महिना एक्लै हुन्छु,' उनले भनिन्, 'घरका मान्छे व्यापार गर्न कोही काठमाडौं जान्छन्, कोही कालापहाड जान्छन् ।' मंसिरदेखि चैतसम्म उनीहरू घरबाहिरै रहने गरेका उनले बताइन् ।

यस्तो अवस्थामा गाउँमा हुने विकास-निर्माण, विवाह- ब्रतबन्धलगायत जमघटमा महिला सक्रिय हुनुपर्ने अवस्था छ । सिँजाकी विष्णु शाहीले गाउँमा केही घटना भए समस्या हुने गरेको बताइन् । 'हिउँदे व्यापारकै भरले धेरैको घर चलेको छ,' उनले भनिन्, 'गाउँमै रोजगारी भए त बाहिर जानुपर्ने अवस्था आउने थिएन ।'

५ महिनामा कमाएर ल्याएको धनले वर्षभरिको खर्च धान्ने गरेको छ । एकजनाले करिब २-३ लाख रुपैयाँ कमाएर ल्याउने गर्छन् । उपाध्यायका अनुसार उनीहरूले घर आउँदा दैनिक उपभोग्य सामग्री र खाद्यान्न पनि ल्याउने गर्छन् । 'हिउँदको व्यापारबाट कमाइ गरेर धेरैले घरघडेरी जोडेका छन्,' उनले भनिन्, 'व्यापार नगरे त घरै चल्दैन ।' हिउँदे व्यापारमा बेरोजगारमात्र नभई जनप्रतिनिधि, कर्मचारी र शिक्षकसमेत जाने गर्छन् । यसले गर्दा हिउँदमा सरकारी कार्यालय पनि सुनसान हुने गरेका प्रमुख जिल्ला अधिकारी दुर्गा बञ्जाडेले बताइन् । 'सबैले केही न केही बहाना बनाएर जिल्ला छाड्ने रहेछन्,' उनले भनिन्, 'अधिकांश बासिन्दा र कर्मचारी बाहिर जाँदा विकास निर्माणका काममा असर परिरहेको छ ।'

हिउँदे व्यापारले गाउँमा आर्थिक कारोबार बढाएको कनकासुन्दरी गाउँपालिकाका अगुवा वृष रावतले बताए । खेतीपातीलगायत अन्य काम नहुँदा समय कटाउने र कमाउने मेलो बनेको उनको भनाइ छ । 'व्यापार गरेर फर्किंदा गाउँमा नयाँ/नयाँ फेसन भित्रिन्छन्,' उनले भने, 'अधिकांशले सहरबजारको रहनसहन पनि ल्याउँछन् ।'

पुलले जोड्दै राजधानी

हरि गौतम (रुकुम पश्चिम)

सानीभेरी नदीमाथिको पुल निर्माणको काम अन्तिम चरणमा पुगेपछि जिल्लावासी प्रदेश राजधानीसँग सिधा यातायात सम्बन्धमा जोडिने भएका छन् । गाउँपालिकाको सिम्ली र गरायला जोड्ने पुल निर्माणको काममा ढिलाइ हुँदा प्रदेश राजधानी वीरेन्द्रनगरसँग जिल्लाको सिधा सडक सम्बन्ध जोडिएको छैन ।

चार वर्षअघि बनिसक्नुपर्ने पुल बल्ल बन्न लागेको हो । तीन पटकसम्म म्याद थपेर ठेकेदार कम्पनीले पुल बनाउन लागेको छ । सडक डिभिजन कार्यालय, चौरजहारीका अनुसार पुल निर्माणको ९० प्रतिशत काम सकिएको छ । पुलमा ढलान हाल्न र छेउछाउमा गारो लगाउन मात्र बाँकी रहेको कार्यालय प्रमुख नरेन्द्र भट्टले बताए ।

पुलले प्रदेश राजधानी सुर्खेतका साथै सानीभेरी गाउँपालिकाका ३, ४, ५ र ६ नम्बर वडा जोड्छ । सिम्लीबाट पुल तरेर गरायलाबाट रिम्ना जाजरकोट हुँदै सुर्खेत जान सजिलोका लागि पुल निर्माण थालिएको थियो । पुल नबन्दा सानीभेरी

सानीभेरी गाउँपालिका-३ स्थित गरायलाको पेदी जोड्न सानीभेरी नदीमाथि ढलानको तयारीमा रहेको ट्रस्टब्रिज । *तस्बिर : हरि/कान्तिपुर*

गाउँपालिकाका उत्तरपट्टिका वडामा यातायातका साधन नियमित सञ्चालनमा नभएको स्थानीय कमल केसीले बताए । 'ढिलै भए पनि प्रदेश राजधानीको दूरी छोटिने भयो,' उनले भने, 'अब दैनिक उपभोग्य सामग्रीसमेत सस्तो हुने अपेक्षा छ ।'

२०७२ सालमै निर्माण सक्ने गरी ७ करोड ८२ लाख रुपैयाँमा बीक्यू बिल्डर्स काठमाडौंले पुल निर्माणको ठेक्का लिएको थियो । निरन्तरको दबाबपछि ठेकेदार कम्पनीले कामलाई तीव्र बनाएको सानीभेरी गाउँपालिका अध्यक्ष नरबहादुर पुनले बताए । 'यो पुलको महत्त्व सानीभेरी गाउँपालिकाका लागि त छ नै,' उनले भने 'प्रदेश राजधानी जोड्नका लागि पनि महत्त्वपूर्ण मानिएको छ ।' ठेकेदार कम्पनीले सुरुमा लापरबाही गरे पनि पछिल्लो समय तीव्र गतिमा काम गरिरहेको उनको भनाइ छ ।

पुल निर्माणका लागि ठाउँ परिवर्तन गर्नुपर्ने भएकाले ढिला भएको निर्माण कम्पनीको दाबी छ । सुरुमा पुल निर्माण गर्ने भनिएका ठाउँमा घर रहेको र पहिरो जाने खतरा रहेका कारण पुल निर्माणमा अर्को डिजाइन स्टिमेट गरिएको थियो । पुल निर्माणपश्चात् प्रदेश राजधानी सुर्खेत पुग्न झन्डै १ सय ६८ किलोमिटर मात्रै दूरी पार गर्नुपर्छ । सानीभेरी नदीमा निर्माणाधीन योसहित अरू दुई पुल नबन्दा स्थानीयवासीले ३ सय ४० किलोमिटर यात्रा पार गर्ने गरेका छन् ।



तपाईंको आज

मेष	शत्रु परास्त	तुला	भाग्य वृद्धि
वृष	आर्थिक लाभ	वृश्चिक	वैमनस्यता
मिथुन	प्रतिष्ठा प्राप्त	धनु	नयाँ कार्य आरम्भ
कर्कट	खर्च वृद्धि	मकर	रोग भय
सिंह	काम बन्ने	कुम्भ	अध्ययनमा सफल
कन्या	कर्म प्राप्ति	मीन	पारिवारिक चिन्ता

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल फाल्गुन २३ गते शुक्रबार तदनुरुप ६ मार्च २०२० फाल्गुन शुक्लपक्ष एकादशी तिथि प्रात: ७:१८ बजेसम्म उप्रान्त द्वादशी तिथि, पूनर्वसु नक्षत्र प्रात: ६:३९ बजेसम्म उप्रान्त तिष्य नक्षत्र, शोभन योग रात्रिको ९:३८ बजेसम्म उप्रान्त अतिगण्ड योग, भद्रा करण प्रात: ७:१८ बजेसम्म उप्रान्त बब करण, कर्कट राशिमा चन्द्रमा ।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	भजन
७:००	कान्तिपुर समाचार
७:३०	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	इदस माइ सो (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	फिल्म टमिक (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	रजतपट (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	सरोकार (रिपिट)
१:३०	हियर्ज टु लाइफ (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	बलियो घर (रिपिट)
३:००	इदस माई सो (रिपिट)
४:००	कान्तिपुर समाचार
४:३०	रजतपट (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	सुमनसँग (रिपिट)
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	हुवाट द फ्लप
१०:००	सुमनसँग (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्युज रिपीटेड
१:३०	सुमनसँग (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ९)
२:३०	हिअर्ज टु लाईफ (रिपिट)
३:००	कल कान्तिपुर रिपीटेड
४:००	हुवाट द फ्लप (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	भक्ति अनुष्ठान (अच्यूत सुवेदी)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	शिक्षा संवाद (कमला)
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द गुडमर्निङ शो (स्मीता)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:१५	राष्ट्रिय गीत
०९:२०	रेडियो टक (किरण)
१०:००	स्पोर्ट्स् डायरी
१०:०५	द लाइफ स्टाइल सो (साप्ताहिक)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	द लाइफ स्टाइल सो (साप्ताहिक)
१२:००	कान्तिपुर डायरी
१२:१०	हिट लिस्ट (शुभराज)
१३:००	डिस्ट्रिक्ट डायरी
१३:०५	के छ नेपाल (निशान्त)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (निशान्त)
१५:००	कान्तिपुर डायरी
१५:१५	तमु चौतारी (सहज कु. घले)
१६:००	हेल्थ एन्ड इजुकेसन डायरी
१६:०५	बी-स्कोप
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	को मन्दा को कल (सञ्जोक बस्याल)
१८:००	मृक्तिको सन्देश
१८:३०	कान्तिपुर डायरी
१९:००	यो माया भन्ने चीज यस्तै हो (प्रियंका)
२०:००	सेक्चुरिटी एन्ड क्राइम डायरी
२०:०५	हिप हप हसल (स्मीता)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेणी
२२:००	शब्द श्लाघा (भूपेन्द्र)
२३:००	सुनौलो यादहरू (दीपाञ्जली)
२४:००	हिट लिस्ट (रेमन)
०१:००	सफर (राजेश)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०४:००	भजनहरू लगातार

अस्पताल र विविध

सुर्खेतका महत्वपूर्ण टेलिफोन नम्बर

मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल	५२०२००
जिल्ला प्रहरी कार्यालय	५२०१९९
नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा)	५२०३९०
क्षेत्रीय अस्पताल एम्बुलेन्स	९८४८०६३५२०

महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन

महाकाली अञ्चल अस्पताल	५२१११९
जिल्ला प्रहरी कार्यालय	५२१२००
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा	५२१२५८
जिल्ला प्रशासन कार्यालय	५२१९०९

कैलालीका महत्वपूर्ण टेलिफोन

सेती अञ्चल अस्पताल	५२१२७१
जिल्ला प्रहरी कार्यालय	५२१९५०
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा	५२१४००
जिल्ला प्रशासन कार्यालय	५२१९०१
टीकापुर अस्पताल	५४०१५०
क्षेत्रीय अस्पताल	०८३-५२०२००
सुर्खेत विमानस्थल	०८३-५२०१३२

कञ्चनपुर

महाकाली अञ्चल अस्पताल महेन्द्रनगर	०९९-५२१११९
रेडक्रस एम्बुलेन्स	५२१२५८/५२३९८३
जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर	५२१९०२/५२२४०६
जिल्ला प्रहरी कार्यालय	१००/५२१२००

डोटी

सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय	०९४-४४०३१०
जिल्ला प्रशासन कार्यालय डोटी	४२०१३३
जिल्ला प्रहरी डोटी कन्ट्रोल	९८५८४४०१९२/४२०२०४
जिल्ला अस्पताल	४२००१२
जिल्ला अस्पताल एम्बुलेन्स	९८४८५२५१४०

डडेल्धुरा

जिल्ला प्रहरी	०९६-४२०१९२

जाजरकोट

जिल्ला प्रहरी कार्यालय-	०८९-४३०१३९, ९८५८०४५५५५
अस्पताल-	०८९४३०१८८
एम्बुलेन्स	९८५५५०९४३०
रेडक्रस एम्बुलेन्स	०८९४३०४८२, ९८४६००२४६१

कालिकोट

प्रहरी	०८७-४४०१९३, ९८५८३३५५५५

जुम्ला

प्रहरी	०८७-५२००९३, ०८७-५२०१९३
शिक्षण अस्पताल	०८७-५२०३५५, ५२००८५
एम्बुलेन्स	९७४८२४१६६६

दैलेख

जिल्ला प्रहरी कार्यालय	०८९-४२०१२५,९८५८०५५५५५
अस्पताल	०८९-४१०१२७
एम्बुलेन्स	०८९-४१०१८५, ९८४८१६५४८२

पश्चिम रुकुम

जिल्ला प्रहरी कार्यालय	०८८५३०१८७
जिल्ला अस्पताल	०८८५३०२४७, ०८८५३०१५५
एम्बुलेन्स	९८०९८४८५८५

हुम्ला

प्रहरी	०८७-४८००३/ ०८७४८००९२
अस्पताल	०८७-४८००३४
विमानस्थल	९८५१०६३०५२

डोल्पा

जिल्ला प्रहरी कार्यालय	०८७-५५००५५, ९८५८३०५५५५

मुगु

प्रहरी	०८७-४४००९२
अस्पताल	०८७-४४०१३०
एम्बुलेन्स	९८४८३२०९४४

सल्यान

प्रहरी	०८८-५२००७०, ९८५७८४५५५५
अस्पताल	०८८-५२००८२
एम्बुलेन्स/रेडक्रस	९८४७८३२४३८/०८८-५२००७४

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६९२४५/४२६४७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६४४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२९९
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई नि:शुल्क एम्बुलेन्स/शववाहन	४४९८०३५
सुमेरु एम्बुलेन्स सेवा	०१ ५५५५५५०,९७५१०४५५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२६४१२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०१४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अञ्चाल सेवा केन्द्र	४४२४८७५

शववाहन र विविध

नेपाल चेम्बर अफ कमर्स	४२३०२१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२९९
देव कर्नर नि:शुल्क सववाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	१०४/४२२४००६
नेपाल मिटर दबावकसी संघ	४२२४३७४

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरूका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५०-२२२२ (Ncell)

प्लास्टिक सर्जरीमा रमाउँदै । ९

करण केसीको प्रभावशाली बलिङ । १५

नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

कान्तिपुर

ekantipur.com

सातै प्रदेशबाट एकैसाथ प्रकाशित

वर्ष २८ अंक १६ गोदावरी | २२ फागुन २०७६ बिहीबार फाल्गुण शुक्लपक्ष दशमी | नेपाल संवत् ११४० | सुदूरपश्चिम प्रदेश संस्करण | KANTIPUR, Nepali National Daily, Thursday, March 5, 2020 | पृष्ठ १२+४ | १० रुपैयाँ

प्रत्यारोपित मिर्गौंलाले काम थाल्यो

अतुल मिश्र (काठमाडौं)

प्रधानमन्त्री केपी शर्मा ओलीको बुधबार त्रिवि शिक्षण अस्पतालमा प्रत्यारोपण गरिएको मिर्गौंलाले काम गर्न सुरु गरेको छ । प्रत्यारोपणपछि आईसीयूमा सारिएका ओलीको स्वास्थ्य सूचक राम्रो रहेको अस्पतालका कार्यकारी निर्देशक प्रा.डा. प्रेमकृष्ण खड्गाले बताए । उनका अनुसार मिर्गौंला दिएकी उनकी भान्जीको अवस्था सामान्य छ ।

शल्यक्रियापछि होस खुले पनि उच्च मात्रामा दुखाइ कम गर्ने औषधिहरू दिइएकाले ओली बुधबार राति निद्राको स्थितिमा थिए । मिर्गौंला प्रत्यारोपणमा संलग्न टिमका एक चिकित्सकका अनुसार ओलीको प्रत्यारोपित मिर्गौंला वरिपरि राखिएको पाइपलाई पेट बाहिर निकालिएको छ । रक्तस्राव भए वा पिसाब चुहिए पेटभित्र जम्मा हुन नदिन राखिएको पाइप सुधारको अवस्था हेरेर तीन-चार दिनमा निकालिने उनले बताए ।

'अबको २४ घण्टामा साधारणतया प्रत्यारोपण गरिएको नयाँ मिर्गौंलाले ५ देखि १० लिटरसम्म पिसाब निकाल्न सक्छ,' बुधबार साँझ उनले भने, 'पिसाब राम्ररी निस्किनुपर्‍यो, त्यसपछि विस्तारै पिसाबको मात्रा दिनहुँ ३-४ लिटरसम्म झर्न सक्छ ।' नयाँ मिर्गौंलाले काम गर्न थालिसकेको उनले बताए । 'हामीले अहिले शरीरको प्रतिरोधात्मक शक्तिलाई शिथिल पार्ने (इम्युनो सप्रेसेन्ट) औषधिको मात्रा पहिलेभन्दा बढाएका छौं,' उनले भने । **बाँकी पृष्ठ २**

प्रधानमन्त्रीको मिर्गौंला प्रत्यारोपण सफल भएपछि बुधबार त्रिवि शिक्षण अस्पतालमा प्रा.डा. प्रेम ज्ञवालीलगायतको चिकित्सा टोली । *तस्बिर : कविन अधिकारी/कान्तिपुर*

'चार-पाँच दिनमै डिस्चार्ज हुन सक्छ'

प्रधानमन्त्रीको मिर्गौंला प्रत्यारोपणमा नेतृत्वदायी भूमिका निर्वाह गरेका **प्रा.डा. प्रेम ज्ञवाली**सँग कान्तिपुरका **स्वरूप आचार्य**ले गरेको कुराकानी :

शल्यक्रियापछि प्रधानमन्त्रीको अवस्था अहिले कस्तो छ ?

उहाँको अवस्था अहिले सामान्य छ । होस आइसकेको छ । कुरा गर्न सक्नुहुन्छ । तर आरामका लागि हामीले उहाँसँग कुराकानी गरेका छैनौं । उहाँ चिकित्सकहरूको निगरानीमा हुनुहुन्छ । सबै भाइटल्स ठीक छन् । प्रेसर र अक्सिजनको मात्रा ठीक छ । प्रत्यारोपित मिर्गौंलाबाट पिसाब पनि भइरहेको छ ।

यही रफ्तारमा रिकभरी भए उहाँ कति दिनमा डिस्चार्ज हुन सक्नुहुन्छ ?

सबै कुरा सामान्य रहेर यही रफ्तारमा रिकभरी भयो र बीचमा केही जटिलता आएन भने हामी उहाँलाई आइतबार वा सोमबारसम्ममा डिस्चार्ज गर्न सक्छौं ।

दातालाई कहिले डिस्चार्ज गर्नुहुन्छ ?

अवस्था सामान्य रहे दातालाई पनि शनिबार/आइतबार डिस्चार्ज गर्छौं ।

प्रत्यारोपण गर्दा मुख्य डर के थियो ?

हामीले प्रत्यारोपण गरेको मिर्गौंलामा रक्तसञ्चार भइसकेपछि त्यसले काम गर्छ कि गर्दैन भन्ने थियो । अहिले पूर्ण रूपमा काम गरेर पछि त्यो बन्द पनि हुन सक्छ । तर अहिलेलाई त्यो डर हटेको छ । बिहानीले दिन कस्तो हुन्छ भन्ने संकेत गर्छ भनेझैं सबै राम्रो हुन्छ भन्नेमा हामी आशावादी छौं ।

दाताबाट झिकिएको मिर्गौंला प्रधानमन्त्रीको शरीरमा जोड्न कति समय लाग्यो ?

हामीले मुख्य नसाहरू (आर्टरी र भेन) जोड्ने काम ३९ मिनेटमा सक्यौं । त्यसपछिको कार्य भनेको समय लिएर गर्न मिल्ने कुरा हो ।

दाताबाट मिर्गौंला कसरी झिक्नुभयो ?

हामीले दाताको ल्याप्रोस्कोपिक विधिबाट शल्यक्रिया गरेर मिर्गौंला झिकेका हौं । **बाँकी पृष्ठ २**

भित्र

समाचार । २

कोभिड-१९ रोक्न नाकामा निगरानी कमजोर

समाचार । ३

खाली दरबन्दी समेटेर प्रहरीमा समायोजन

अर्थ वाणिज्य । ११

सरकारले अब सेक्युरिटी प्रेस प्रतिस्पर्धाबाट खरिद गर्ने

गजब छ बा ! अविन

मन्त्रीज्यू 'भूतपूर्व' हुनुभो भन्ठान्या त 'अभूतपूर्व' पो हुनु भ' र'छ !

हामी देख्छौं अपार संभावना
NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि

खाद्य वस्तु छ

स्वास्थ्य सामग्रीमा अनुगमन भएन

राजु चौधरी
नुमा थाम्सुहाङ (काठमाडौं)

बजारमा मास्क, सेनिटाइजर र औषधिजन्य सामग्रीको मूल्यवृद्धि र अभाव भइरहेका बेला सरकारी टोलीले बुधबार सिनेमा हलको अनुगमन गऱ्यो । अनुचित व्यापारिक कारोबार गरेको भन्दै बिग मुभिजलाई वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको टोलीले २ लाख ५० हजार रुपैयाँ जरिवाना तिरायो । 'सिनेमा हल अनुगमन गर्नैपर्ने क्षेत्र हो तर हिजोआजको प्राथमिकता त्यो हैन,' विभागकै एक अधिकारीले भने ।

ती अधिकारीले भनेजस्तै हिजोआज अनुगमन गर्नुपर्ने क्षेत्र मेडिकल तथा दैनिक उपभोग्य सामग्रीको बजारमै हो । कोरोना भाइरस (कोभिड-१९) ले आपूर्ति प्रणालीमा असन्तुलन ल्याउने सम्भावना देखेर व्यापारीले मेडिकलजन्य सामग्रीको मूल्यवृद्धि र अभाव सिर्जना गर्न थाले पनि त्यसलाई रोक्न सरकारले पहल गरेको देखिएको छैन । अभाव, मूल्यवृद्धि र कालोबजारी गर्नेलाई कारबाही गर्ने चेतावनी दिए पनि अनुगमन गरिएको छैन ।

बजारमा मास्क, सेनिटाइजरलगायत सर्जिकल वस्तु पाइन छाडेका छन् । कतिपय व्यवसायीले कालोबजारी गरिरहेको आशंका छ । 'मुख्य तीन वस्तु (मास्क, सेनिटाइजर र औषधि) मा कालोबजारी सुरु भइसकेको छ । खाद्यवस्तुमा पनि त्यही अवस्था सिर्जना हुन बेर छैन,' उपभोक्ता हित संरक्षण मञ्चका अध्यक्ष ज्योति बानियाँले भने, 'तर सरकार चुप लागेर बसेको देखिन्छ ।' उनले यतिबेला अनुगमनकारी तथा नियामक निकायमा सरकारी कर्मचारी बढाई बजारमा उपस्थिति बलियो बनाउनुपर्ने बताए ।

बजार अनुगमन तथा मूल्य नियमनको दायित्व वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको हो । विभागले दिनहुँ अनुगमन गरेको दावी गर्दै आएको छ । तर गरिएको अनुगमन परम्परागत पाराकै छ । सर्जिकल/औषधि पसलमा एक/दुई टोली खटाउनु र फिल्म हलतिर अनुगमन गर्नुले पनि सरकारी निकायले कसरी काम गरिरहेको छ भन्ने प्रस्ट्याउने उपभोक्ताकर्मीहरूले बताए । 'स्वास्थ्य क्षेत्रमा केही तयारी गरे पनि आर्थिक क्षेत्रमा ध्यानै दिइएन,' राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले भने, 'आपूर्ति प्रणालीमा ध्यान पुगेको छैन ।' उनले उपभोक्तालाई अनावश्यक मौज्दात रोक्ने विषयमा सचेत गराउनु आवश्यक रहेको बताए ।

> मास्क, सेनिटाइजर, औषधिजन्य सामग्रीको मूल्यवृद्धि नियन्त्रणमा सरकारले काम नगरेको उपभोक्ताको गुनासो

उद्योग, वाणिज्य तथा आपूर्ति राज्यमन्त्री मोतीलाल दुगडले व्यवसायीबाट कालोबजारी नभएको दावी गरे । मास्कमा भने केही समस्या भएको उनले स्वीकार गरे । 'मास्क ५० रुपैयाँमा आयात गरी २ सय ५० रुपैयाँसम्म बिक्री भइरहेको छ । अहिले पैसाभन्दा ज्यान ठूलो हो,' उनले भने, 'मास्क बजारमा तत्काल केही गर्दैनौं ।'

खाद्यवस्तुमा सरकारको ध्यान गएको उनको दावी छ । निजी क्षेत्र र सरकारी अधिकारीहरूका अनुसार दैनिक उपभोग्य सामग्री र खाद्यान्नमा समस्या छैन । करिब ३ महिनालाई पुग्ने खाद्यान्न मौज्दात छ । मौज्दात पर्याप्त हुँदाहुँदै उपभोक्ताले 'स्टक' राख्न थालेकाले त्यसो नगर्न सरकारले अनुरोध गर्दै आएको छ । 'साल्ट ट्रेडिङ कर्पोरेसन्सलाई नुन पर्याप्त मौज्दात राख्न भनेका छौं । खाद्य व्यवस्था कम्पनीले दुर्गम र पहाडमा मौज्दात बढाएको छ,' राज्यमन्त्री दुगडले भने । विभागका महानिर्देशक नेत्र सुवेदीले आपूर्ति सहज बनाउन सरोकारवाला निकायसँग छलफल भइरहेको बताए । **बाँकी पृष्ठ १४**

उकालो लाग्दै तापक्रम

अब्दुल्लाह मियाँ (काठमाडौं)

काठमाडौंसहित देशभर तापक्रम उकालो लाग्न थालेको छ । बुधबार काठमाडौंमा अधिकतम तापक्रम २३.५ डिग्री सेल्सियस रेकर्ड भएको छ । काठमाडौंमा आइतबार तापक्रम बढ्न सुरु भएको हो । बुधबार धनगढीमा २९, दिपायलमा २७.२, वीरेन्द्रनगरमा २५.८, नेपालगन्जमा २८.६, दाङमा २५.७, पोखरामा २४.५, भैरहवामा २८.७, सिमरामा २९ र विराटनगरमा २८.६ डिग्री रेकर्ड भएको जल तथा मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाका वरिष्ठ मौसमविद् बरुण पौडेलका अनुसार मुलुकभरि नै न्यूनतम र अधिकतम तापक्रम बढ्दै गएको छ । १ मार्च (फागुन १८) देखि देशैभर तापक्रम बढेको हो । जानकारहरूका अनुसार ४ देखि १० डिग्रीसम्म तापक्रम भएको क्षेत्रमा कुनै पनि भाइरस लामो समयसम्म बाँच्न सक्छ । ३० डिग्री हाराहारी तापक्रम पुगेपछि त्यस्ता भाइरस आफैं निष्क्रिय हुँदै जान्छन् । उच्च आर्द्रतालाई भाइरसले मन पराउँदैन ।



विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) ले पनि उच्च तापक्रम भएको क्षेत्रमा भाइरस लामो समय बाँच्न नसक्ने उल्लेख गरेको छ । मार्च, अप्रिल, मे र जुन तापक्रम बढी हुने महिना हुन् । मार्चमा काठमाडौंमा औसत २५ देखि ३३ डिग्रीसम्म तापक्रम रेकर्ड हुने गरेको देखिन्छ । **बाँकी पृष्ठ १४**

स्तनपान कक्ष नहुँदा सास्ती

तृप्ति शाही (बैतडी)

तीन वर्षे छोरीकी आमा उनी हाल नापी कार्यालय, बैतडीमा कार्यरत छिन्। निजामती सेवाको ६ वर्षको अवधिमा निलम चन्दले कुनै कार्यालयमा पनि स्तनपान कक्ष देखिनन्। जब आफैं आमा बनिन्, यसको अभाव उनैलाई बढी खड्कियो।

सुत्केरी भएको तीन महिनासम्म मात्रै सरकारी बिदा पाउने नियम छ। त्यसपछि कार्यालय हाजिर हुनुपर्छ। बच्चासँगै कार्यालयको काम गर्नुपर्दाको कठिनाइ त छँदै थियो, त्योभन्दा हैरानी उनलाई स्तनपान कक्ष नभएकाले हुन्थ्यो। 'मैले काम गरेका कुनै पनि जिल्लामा स्तनपान कक्ष थिएनन्। कार्यकक्षमै दूध खुवाउनुपर्ने बाध्यता हुन्थ्यो। बच्चालाई काखैमा सुताएर सेवाग्राहीलाई सेवा दिनुपर्दा कुनै दिन त दिक्क पनि लाग्थ्यो।' ठूला भवन भएका कार्यालयमा समेत स्तनपान कक्ष बनाउने सोंच नआउनु दुःखद रहेको उनले गुनासो गरिन्। 'पुराना भवनमा नभए पनि नयाँ र निर्माणाधीन भवनमा समेत स्तनपान कक्ष नहुनु दुःखद हो,' उनले भनिन्। यहाँका सरकारी कार्यालयमा स्तनपान कक्ष नहुँदा पीडा भोग्ने निलम एक्ली महिला होइनन्। सुत्केरीले मात्र नभएर गर्भवतीले पनि समस्या झेलिरहेका छन्। सुत्केरी हुने समय नजिकिँदा महिलाहरूलाई आराम चाहिन्छ। तर, कार्यालयमा न समय दिइन्छ, न आराम गर्ने कोठा हुन्छन्। खाजा खाने समयमा आराम गर्छु भन्दा पनि भवनको संरचनाकै कारण धेरै महिलाहरूले समस्या भोगिरहेको उनको भनाइ छ।

नापी कार्यालय बैतडीमै कार्यरत शान्ती कार्कीकी एक वर्षकी छोरी छिन्। उनी सरकारी सेवामा प्रवेश गरेको तीन वर्ष भयो। यसबीचमै गर्भवती र सुत्केरी भएकी उनले कार्यसम्पादनमा असहज अवस्था भोगेको उनले सुनाइन्। 'समस्या त कति हुन्छ कति। कार्यालयमा पुरुष कर्मचारी पनि हुन्छन्। सेवाग्राहीको भिडभाड भइरहने भएकाले कार्यस्थलमै स्तनपान गराउन असहज हुन्छ,' उनले भनिन्। बच्चा सुत्दा, रुँदा र दिशापिसाब गर्दा धेरै चिन्ता हुने गरेको उनको भनाइ छ। तीन महिनापछि बच्चा बोकेर कार्यालयमा जानुपर्ने तर कार्यालयमा आफूजस्ता कर्मचारीको लागि अलग्गै स्तनपान कक्ष नहुँदा सास्ती बेहोर्नुपरेको उनी बताउँछिन्।

'बच्चा ठूलो हुँदै जाँदा खानेकुरा फाँटमै खुवाउन पनि गाह्रो,' कार्कीले थपिन्, 'कहाँ लगेर खुवाउने भन्ने कुराको पिरलो हुन्छ। हेर्ने मान्छे घरबाट लिएर गए पनि बसाल्ने ठाउँको अभाव हुन्छ।' सबै कार्यालयमा महिला कर्मचारी भएर पनि समाधानको लागि पहल नभएकोमा उनले असन्तुष्टि व्यक्त गरिन्। कर्मचारीका अलावा कार्यालयमा आउने सेवाग्राहीलाई समेत स्तनपान कक्ष नहुँदा बच्चालाई दूध खुवाउन गोप्य ठाउँ खोज्नुपर्ने बाध्यता छ।

प्रशासनमा स्तनपान कक्ष

बैतडी प्रशासनले स्तनपान कक्ष स्थापना गरेको छ। कार्यालयमा कार्यरत शिशुसहितका कर्मचारी र सेवाग्राहीलाई समेत स्तनपानमा समस्या देखेपछि छुट्टै कक्ष निर्माण गरिएको प्रजिअ आनन्द पौडेलले बताए। उनले भने, 'महिला दिदीबहिनीहरूको कठिनाई देखेरै बनाउन लगाएका हौं।'

'पोषण चौतारी' ले सुधाऱ्यो स्वास्थ्य

आमा र बच्चाको स्वास्थ्य जाँच तथा सरसफाइ, कुपोषणलगायत विषयमा चौतारीमा अन्तरक्रिया हुँदै आएको छ

डीआर पन्त (डडेलधुरा)

महिनाको एकदिन महिलाहरू गाउँको चौतारीमा भेला हुन्छन्। गर्भवती, सुत्केरी र दुई वर्षसम्मका बालबालिका भएका महिला गाउँपालिकामा कार्यरत स्वास्थ्यकर्मीलाई महिना दिनसम्मको आफु र बालबालिकाको स्वास्थ्य अवस्थाका बारेमा जानकारी गराउँछन्। स्वास्थ्यकर्मीले पनि अवस्था हेरी आवश्यक सल्लाह दिन्छन्। सरसफाई, बालबालिकालाई कसरी कुपोषणबाट जोगाउने, हजार दिनका आमाहरूले अपनाउनुपर्ने सतर्कतालगायतका विषयमा महिलाहरूसँग अन्तरक्रिया गर्छन्। 'पोषण चौतारी' नाम दिएर नवदुर्गा गाउँपालिकाले दुई वर्षअघि सुरु गरेको यो कार्यक्रमले ग्रामिण क्षेत्रका महिलाहरूको स्वास्थ्य र सोंचमा सकारात्मक परिवर्तन ल्याएको छ।

तीन जना स्वास्थ्यकर्मी, दुई जना स्थानीय स्वास्थ्य स्वयंसेविका सहितको टोली सबै वडाका हरेक टोलमा पुग्छ। कुन दिन कुन टोलमा पोषण चौतारी बस्छ भन्ने कुरा स्वयंसेविकाले निर्धारण गर्छन्। चौतारीमा सहभागी हुने हरेक महिलाले पाँच सय रुपैयाँ भत्ता पनि पाउँछन्। दुई वर्षसम्मका बालबालिकाको नियमित स्वास्थ्य जाँच गरिन्छ।आफ्नो र बालबालिकाको मात्र नभई चौतारीमा उपस्थित महिलाहरूले टोल र समाजमा देखिएका स्वास्थ्य र सरसफाइसम्बन्धी समस्या पनि साझा गर्छन्।

'दुई वर्षमा हामीले सानोतिनो उपचारका बारेमा जानकार भइसकेका छौं,' डडेलधुराको दुर्गम बेलापुरकी रमादेवी ऐरले भनिन्, 'हजार दिनकी आमाका समस्या मात्र होइन, सबै महिला, वृद्धवृद्धा र असहायले आफ्नै टोलमा स्वास्थ्य सुविधा पाएका छन्।' स्वास्थ्य उपचार पाउन दिनभरिको पैदल बाटो हिँड्नुपर्ने या ३० किलोमिटरको दुई सय रुपैयाँ भाडा तिर्नुपर्ने ग्रामिण क्षेत्रका बासिन्दाका लागि यो परिवर्तनको चौतारी बनेको उनी बताउँछिन्। ऐरले भनिन्, 'गाउँघरमा हामी आफैंले उत्पादन गरेका थुप्रै खाद्यवस्तुमा प्रशस्त पोषण हुँदोरहेछ भन्नेसम्म हामीलाई जानकारी थिएन।'

डडेलधुराको नवदुर्गा गाउँपालिकामा सञ्चालनमा रहेको पोषण चौतारी कार्यक्रममा सहभागी महिला आफ्नो बच्चाको तौल जाँच्दै। *तस्बिर : डीआर/कान्तिपुर*

चौतारीले ग्रामिण क्षेत्रका महिलाको स्वास्थ्य अवस्थामा आमुल सुधार भएको आफुले अनुभव गरेको उनले सुनाइन्।

पोषण चौतारीमा स्वास्थ्य जाँच र सरसल्लाह मात्र दिइँदैन स्वास्थ्यकर्मीले घरमै उत्पादित अन्नबालीबाट पोषणयुक्त खाना बनाउने तरिका पनि सिकाउने गरेका छन्। 'आमाहरूको जीवनशैली नै परिवर्तन भएको छ,' सामाजिक कार्यकर्ता शान्तिदेवी कुँवर भन्छिन्, 'दुई वर्षअघिको तुलनामा यहाँका महिलामा आएको परिवर्तनले गर्‍यो भने सबै सम्भव हुन्छ भन्ने प्रमाणित गरेको छ।' हजार दिनकी आमालाई लक्षित गरेर सुरु भएको चौतारी अहिले ग्रामिण क्षेत्रकै साझा चौतारी बनेको कुँवरले बताइन्।

नवदुर्गा गाउँपालिकामा रहेको स्वास्थ्य चौकीका हेल्थ असिस्टेन्ट दिपेन्द्र विष्टले भने, 'कुपोषणलाई शून्यमा झार्ने, सरसफाइ र सुत्केरी, गर्भवती महिलालाई जोखिममा पर्न नदिने उद्देश्यअनुसार यो कार्यक्रम सुरु भएको हो।'

स्वास्थ्यसम्बन्धी छलफल, अन्तरक्रियाले गाउँपालिकाका हरेक टोलको अवस्था थाहा हुन्छ। हजार दिनकी आमा र बालबालिकामाथि स्वास्थ्यकर्मीको प्रत्यक्ष निगरानीले स्वास्थ्य समस्या घटाएको विष्टको दावी छ। उनले भने, 'गाउँपालिकाका पाँच वटा वडामा ५० वटा केन्द्र राखेर सुरु भएको थियो। अहिले साझा स्वास्थ्य चौतारीको रुप लिएको र आमाहरूको स्वास्थ्य तथा जीवनशैलीका सूचकहरूमा पनि गाउँपालिका अगाडि देखिएको छ।' आउँदो वर्षदेखि यस कार्यक्रमलाई अझ विस्तृत बनाएर लैजाने योजना रहेको गाउँपालिका अध्यक्ष कविन्द्र विष्टले बताए। 'दुई वर्षको बीचमा कार्यक्रमको परिणाम देखिन थालेको छ,' उनी भन्छन्, 'ग्रामिण क्षेत्रका महिलामा आएको चेतनाले स्वास्थ्य अवस्थामा मात्र होइन, समग्र मानवीय विकासमा पनि परिवर्तन हुने आस गरेका छौं।' आमा परिवर्तन हुन सके पुरै समाज परिवर्तन गर्न धेरै समय लाग्दैन भन्ने प्रेरणा पनि पोषण चौतारीले दिएको उनको भनाइ छ।

अनुगमनकर्ताहरूले पनि तथ्यांकमा मात्र नभई व्यवहारमासमेत ठूलो परिवर्तन देखिएको बताए। मानव विकास केन्द्रका अनुसन्धानकर्ता प्रेमराज पाण्डेयले भने, 'हजार दिनकी आमाको स्वास्थ्य सुधारका क्षेत्रमा भएको प्रगति उदाहरणीय छ।' थोरै लगानीमा सञ्चालित पोषण चौतारी ग्रामिण क्षेत्रका आमाहरूको स्वास्थ्य सचेतनामा भएको परिवर्तन अन्य स्थानीय तहले पनि अनुकरण गर्नुपर्ने पाण्डेयले सुझाए।

देउडाको तालमा होरी

कान्तिपुर संवाददाता (टीकापुर)

होरी (फागु पूर्णिमा) आउन केही दिन बाँकी छ। तर कैलालीको टीकापुर र जानकी गाउँपालिका बसोबास गर्ने अछामी समुदाय होरीको रौनक र चहलपहल सुरु भइसकेको छ। देउडा खेलेर उनीहरू होरी मनाइरहेका छन्।

होरी पर्वलाई साथीभाइसँग भेट गर्ने अवसरको रुपमा पनि लिने गरिएको छ। विभिन्न व्यापार, व्यवसाय र रोजगारीमा संलग्नहरू एकअर्कासित भेटघाटको अवसरका रुपमा पनि होरीलाई लिन्छन्। टिकापुरका कृष्ण साउदले भने, 'आफ्नो संस्कृति, चालचलन सबैलाई प्यारो लाग्छ। अछामी समुदायको होरी सबैसित भेटघाट हुने अवसर पनि हो।' टीकापुर र जानकी गाउँपालिका-३ मा हरेक दिन साँझ ८ बजेसम्म होरी देउडा खेल्न थालिएको छ। जानकी गाउँपालिका-३ का अध्यक्ष प्रदीपकुमार शाहले भने, 'भावी पुस्तालाई संस्कृतिका बारेमा जानकारी दिन होरी देउडा सुरु गरिएको हो।' होरी देउडा खेल्न दुईवटा पुरुषहरूको समूह आमनेसामने हुन्छ। एक समूहले देउडा भनिसकेपछि अर्को समूहको पालो आउँछ। देउडा गीतमै एक पक्षको सवालमा अर्को पक्षले फर्काउने जवाफ चाखलाग्दो हुन्छ। सहभागीलाई मात्रै होइन, हेर्नेलाई समेत हात र खुट्टाको एकै तालमा घुम्दै देउडा गाएको दृश्यले मोहित बनाउँछ।

त्यही रमाइलो हेर्न महिलाको समूह बीचमा बसेको हुन्छ। कसले राम्रोसित हातखुट्टाको ताल मिलाउँछ भनेर महिलाहरूले नियाल्ने गर्दछन्। टिकापुरका ईश्वर साउदले भने, 'दिनभरि समय दिन सकिन्न। समय मिलाएर आधा/एक घण्टा होरी खेल्छु।' विगतका वर्षमा रातभरि नै होरी चले पनि यो वर्ष भने साँझ ८ बजेपछि होरी खेल्न स्थानीय प्रशासनले निषेध गरेको छ। सुरक्षा अवस्थालाई मध्यनजर गर्दै सर्वपक्षीय सहमतिमा होरी खेल्ने समयसीमा तोकिएको इलाका प्रहरी कार्यालय टीकापुरका प्रहरी नायब उपरीक्षक मनोहर भट्टले बताए। सुदूर पहाडका अतिरिक्त तराईका जिल्लाहरूमा समेत देउडाका माध्यमबाट होरी खेल्ने प्रचलन बसेको छ। टीकापुर सांस्कृतिक समाजले २०५४ सालदेखि टीकापुरमा होरी खेल्ने परम्परा सुरु गरेको हो। टीकापुरमा होरी पर्व अष्टमीको दिनदेखि फागु पूर्णिमासम्म मनाइने गरिएको छ। रङ र अबिर भने पूर्णिमाका दिन मात्र लगाइने गरिएको स्थानीयको भनाइ छ।

सुदूर पहाडमा भारतको कुमाउ, गढवालबाट होरी भित्रिएको बुढापाकाहरू बताउँछन्। तत्कालीन अछामी रानीको माइतीघर कुमाउ क्षेत्रमा भएको र उनले नै माइतीबाट विज्ञ मान्छे बोलाई अछामको ककडसात भन्ने ठाउँमा होरीको सुरुवात गराएको किंवदन्ती छ। विसं १९९० को दशकमा दण्डी स्वामी महाराजले अछाममा होरी देउडाको सुरु गरेको बताइन्छ। हाल यो संस्कृति सुदूरपश्चिमभर फैलिएको छ। होरीमा भगवान् रामचन्द्र र कृष्णको जीवनमा आधारित भएर देउडा गाइन्छ। होरीमा खेलिने देउडामा रामायण र कृष्ण चरित्रका धेरै कथाहरू समावेश गरिन्छ।

कैलालीको जानकी गाउँपालिका-३ मा होरी देउडा खेल्दै अछामी समुदाय। *तस्बिर : गणेश चौधरी/कान्तिपुर*

समाज जोड्ने संस्कृति

कान्तिपुर संवाददाता (कञ्चनपुर)

टाउकोमा गौरी र महेश्वरको प्रतिमासहित गौराका गीतहरू गाएर नाच्दै गरेका महिला। पछिपछि दमाहाका साथ छलिया नृत्य। थारु समुदायको सखिया र छोकरा नृत्य त्यसपछिको लहरमा। थारु पुरुषहरू मादल बजाउने र महिलाहरू गीत गाउँदै नाच्दै अगाडि बढिरहेका छन्। कैलाली र कञ्चनपुरमा मात्रै बसोबास गर्ने राना थारु समुदायले पनि होली नृत्य देखाइरहेको छ। सुदूरपश्चिमका विविध संस्कृति एकैस्थानमा देखाइयो शुक्रबार शुक्लाफाँटाको राष्ट्रिय निकुञ्जको प्रचारप्रसारका लागि आयोजना गरिएको महोत्सवमा।

फरक समुदायका सांस्कृतिक झाँकीहरू हेरेपछि राष्ट्रपति विद्यादेवी भण्डारीले आफू प्रफुल्ल भएको सुनाइन्। उनले यहाँका कला र संस्कृति समाजका लागि अमूल्य निधि भएकाले तिनको संरक्षणमा सबैले जोड दिनुपर्ने बताइन्।

राष्ट्रपति भण्डारी सहभागी कार्यक्रममा मात्रै होइन, यहाँ आयोजना हुने हरेक मेला र महोत्सवमा यस्ता सांस्कृतिक विविधता झल्किने झाँकी र नृत्यहरू हेर्न पाइन्छ। यसले समाजलाई एकतामा बाँध्नुका साथै एकअर्काको संस्कृतिप्रति सम्मान बढाउने स्थानीय बताउँछन्। एकै मञ्चमा फरकफरक संस्कृति देख्न पाउनु समाजका लागि थप लाभदायक हुने सामाजिक क्षेत्रका अगुवाहरू बताउँछन्। 'संस्कृतिले समाजलाई एकताबद्ध बनाउनुका साथै एकअर्कामा परिचित पनि गराउँछ,' महाकाली साहित्य संगमका अध्यक्ष हरिशप्रसाद जोशी भन्छन्। उनले संस्कृतिले नै राष्ट्रिय सद्भाव, एकता र मेलमिलाप गराउने बताए।

राज्य पुनःसंरचनाका बेला सुदूरपश्चिममा 'अखण्ड सुदूरपश्चिम' र 'थरुहट प्रदेश' बनाउने विषयमा लामो समय आन्दोलन भयो। यसले पहाडी र थारु समुदायबीच केही समय मनमुटावको अवस्थासमेत सृजना गर्‍यो। यसका बावजुद पनि पहाडी र थारु समुदायका कलाकारहरू एकै मञ्चमा सांस्कृतिक प्रस्तुतिमा लागिरहे। यही भावनाका कारण दुवै समुदायलाई नजिक बनाइराख्न हियोग पुगेको साहित्यकार वीरबहादुर चन्द 'विश्राम' को बुझाइ छ।

'संस्कृतिले राजनीतिलाई समेत दिशानिर्देश गर्छ,' उनले भने, 'राजनीतिक उद्देश्यले हुने मनमुटावसमेत यस्ता कला र संस्कृतिले समाप्त गर्छ।' संस्कृतिले जातीयता, क्षेत्रीयता र समुदाय नहेर्ने उनको भनाइ छ। 'त्यही भएर सबैको मनमुटुमा बस्न सफल हुन्छन् यस्ता कला, संस्कृति,' चन्दले भने।

शुक्लाफाँटा पर्यटन महोत्सवमा शुक्रबार छोकरा नृत्य देखाउँदै थारु समुदाय। *तस्बिर : भवानी भट्ट/कान्तिपुर*

ENJOY DOLBY ATMOS SOUND
BIG Movies
NOW SHOWING
AAMA : 8:30 AM, 2:45 PM, 5:30 PM, 7:00 PM
SHUBH MANGAL ZYADA SAAVDHAAN : 12:00 PM
SENTI VIRUS : 11:15 AM, 1:45 PM, 8:00 PM
THAPPAD : 9:00 AM, 2:00 PM, 5:00 PM, 8:15 PM
THE INVISIBLE MAN(A) : 11:00 AM
BHOOT PART ONE: THE HAUNTED SHIP(A) : 4:30 PM
NLIC City Centre Kamalpokhari, Kathmandu
4011643/45, 01-2112233
www.bigmovies.com.np
facebook/bigmoviesnepal
Wednesday & Thursdays At Rs. 185 * Conditions apply

QFX cinemas NOW SHOWING
For booking and updated info:
Kathmandu: 01-4442220
Narayanghat: 056-522079
Nepalgunj: 081-411330
Pokhara: 061-522630/47
Birtamode: 023-543083
Butwal: 071-541506
Biratnagar: 021-512644
qfxcinemas.com

Showing Time 8:20, 11:20, 2:20, 5:20
• Bhoot • Thappad • सेन्टी भाइरस • आमा
• धुलो • साङलो • लभ डाइरिज

GUNA GROUP गुण सिनेमा हल प्रा. लि.
• Sentivirus • Aama • Dhulo • Love Diaries
• Sanglo • Thppad • Bhoot

तपाईंको आज

मेष	शत्रु परास्त	तुला	भाग्य वृद्धि
वृष	आर्थिक लाभ	वृश्चिक	वैमनस्यता
मिथुन	प्रतिष्ठा प्राप्त	धनु	नयाँ कार्य आरम्भ
ककंट	खर्च वृद्धि	मकर	रोग भय
सिंह	काम बन्ने	कुम्भ	अध्ययनमा सफल
कन्या	कर्म प्राप्ति	मीन	पारिवारिक चिन्ता

भोलिको पात्रो

विक्रम संवत् २०७६ साल फागुन २३ गते शुक्रबार तदनुरुप ६ मार्च २०२० फाल्गुन शुक्लपक्ष एकादशी तिथि प्रातः ७:१८ बजेसम्म उप्रान्त द्वादशी तिथि, पूनर्वसु नक्षत्र प्रातः ६:३९ बजेसम्म उप्रान्त तिष्य नक्षत्र, शोभन योग रात्रिको १:३८ बजेसम्म उप्रान्त अतिगण्ड योग, भद्रा करण प्रातः ७:१८ बजेसम्म उप्रान्त बव करण, कर्कट राशिमा चन्द्रमा।

ज्यो. रामप्रसाद सिटौला

कान्तिपुर टेलिभिजन

५:००	भक्तिसुर
५:३०	आध्यात्मिक सन्देश
६:००	जीवन विज्ञान
६:३०	भजन
७:००	कान्तिपुर समाचार
८:००	गुडमर्निङ नेपाल
८:३०	कान्तिपुर न्युज
९:००	इट्स माइ सो (रिपिट)
१०:००	कान्तिपुर समाचार
१०:३०	फिल्म टनिक (रिपिट)
११:००	कान्तिपुर न्युज
११:३०	रजतपट (रिपिट)
१२:००	कान्तिपुर समाचार
१२:३०	सरोकार (रिपिट)
१:३०	हियर्ज दु लाइफ (रिपिट)
२:००	कान्तिपुर समाचार
२:३०	बलियो घर (रिपिट)
३:००	इट्स माई सो (रिपिट)
४:००	कान्तिपुर समाचार
४:३०	रजतपट (रिपिट)
५:००	कल कान्तिपुर
६:००	कान्तिपुर न्युज
६:३०	सुमनस□ञ (रिपिट)
७:००	कान्तिपुर समाचार
७:३०	प्रदेश विशेष (लाइभ)
८:००	कान्तिपुर समाचार
९:००	हवाट द फ्लप
१०:००	सुमनस□ञ (रिपिट)
१०:३०	कान्तिपुर न्युज
११:००	प्रदेश विशेष (रिपिट)
११:३०	कान्तिपुर समाचार
१२:००	कल कान्तिपुर रिपीटेड
१:००	कान्तिपुर न्युज रिपीटेड
१:३०	सुमनस□ञ (रिपिट)
२:००	कान्तिपुर समाचार (रिपीट ९)
२:३०	हिअर्ज दु लाईफ (रिपिट)
३:००	कल कान्तिपुर रिपीटेड
४:००	हवाट द फ्लप (रिपिट)

रेडियो कान्तिपुर रेडियो राष्ट्रको

९६.१ काठमाडौं, भेडेटार, वीरगन्ज, भरतपुर, भैरहवा, १०१.८ पोखरा, धनगढी, नेपालगन्ज

००:०५	भक्ति अनुष्ठान (अच्यूत सुवेदी)
०६:३०	कान्तिपुर डायरी
०७:००	द हेडलाइनर्स
०७:३०	शिक्षा संवाद (कमला)
०८:००	डेभलपमेन्ट एन्ड इकोनोमिक्स डायरी
०८:०५	द ग्रुडमर्निङ शो (रस्मीता)
०८:३०	ओल्ड इज गोल्ड
०९:००	कान्तिपुर डायरी
०९:१०	ट्राफिक अपडेट
०९:५५	राष्ट्रिय गीत
०९:२०	रेडियो टक (किरण)
१०:००	स्पोर्टस् डायरी
१०:०५	द लाइफ स्टाइल सो (साझारिका)
११:००	आर्ट एन्ड इन्टरटेनमेन्ट डायरी
११:०५	द लाइफ स्टाइल सो (साझारिका)
१२:००	कान्तिपुर डायरी
१२:१०	हिट लिस्ट (शुभराज)
१३:००	डिस्ट्रिक डायरी
१३:०५	के छ नेपाल (निशान्त)
१४:००	इन्टरनेसनल डायरी
१४:०५	के छ नेपाल (निशान्त)
१५:००	कान्तिपुर डायरी
१५:५५	तमु चौतारी (सहज कु. घले)
१६:००	हेल्थ एन्ड इजुकेसन डायरी
१६:०५	बी-स्कोप
१७:००	डिष्ट्रिक्ट डायरी
१७:०५	को भन्दा को कम (सञ्जोक बस्याल)
१८:००	मृत्तिको सन्देस
१८:३०	कान्तिपुर डायरी
१९:००	यो माया भन्ने चीज यस्तै हो (प्रियंका)
२०:००	सेक्युरिटी एन्ड क्राइम डायरी
२०:०५	हिप हप हसल (रस्मीता)
२१:००	कान्तिपुर डायरी
२१:२५	न्युज मेकर अफ द डे
२१:३०	इन्द्रेनी
२२:००	शब्द श्लाघा (भूपेन्द्र)
२३:००	सुनौलो यादहरू (दीपाञ्जली)
२४:००	हिट लिस्ट (रेमन)
०१:००	सफर (राजेश)
०२:००	नेपाली गीतहरू लगातार
०३:००	हिन्दी गीतहरू लगातार
०४:००	भजनहरू लगातार

अस्पताल र विविध

सुर्खेतका महत्वपूर्ण टेलिफोन नम्बर

मध्यपश्चिमाञ्चल क्षेत्रीय अस्पताल	५२०२००
जिल्ला प्रहरी कार्यालय	५२०१९९
नेपाल रेडक्रस सोसाइटी (एम्बुलेन्स सेवा)	५२०३५०
क्षेत्रीय अस्पताल एम्बुलेन्स	९८४८०६३५२०

महेन्द्रनगरका महत्वपूर्ण टेलिफोन

महाकाली अञ्चल अस्पताल	५२०१९९
जिल्ला प्रहरी कार्यालय	५२१२००
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा	५२१२५८
जिल्ला प्रशासन कार्यालय	५२१९०२

कैलालीका महत्वपूर्ण टेलिफोन

सेती अञ्चल अस्पताल	५२१२७१
जिल्ला प्रहरी कार्यालय	५२०१५०
नेपाल रेडक्रस तथा एम्बुलेन्स सेवा	५२१६००
जिल्ला प्रशासन कार्यालय	५२१९०१
टीकापुर अस्पताल	५६०१५०
क्षेत्रीय अस्पताल	०८३-५२०२००
सुर्खेत विमानस्थल	०८३-५२०१३२

कञ्चनपुर

महाकाली अञ्चल अस्पताल महेन्द्रनगर	०९९-५२१११९
रेडक्रस एम्बुलेन्स	५२१२५८/५२३१८३
जिल्ला प्रशासन कार्यालय, कञ्चनपुर	५२११०९/५२२८०६
जिल्ला प्रहरी कार्यालय	१००/५२१२००
सुदूरपश्चिम क्षेत्रीय प्रशासन कार्यालय	०९४-४४०३१०
जिल्ला प्रशासन कार्यालय डोटी	४२०१३३
जिल्ला प्रहरी डोटी कन्ट्रोल	९८५८४४०१९९/४२०२०५
जिल्ला अस्पताल	४२००१९
जिल्ला अस्पताल एम्बुलेन्स	९८४८५२५१५०

डडेल्धुरा

जिल्ला प्रहरी	०९६-४२०१९९

जाजरकोट

जिल्ला प्रहरी कार्यालय-	०८९-४३०१३९, ९८५८०४५५५५
अस्पताल-	०८९४३०१८८
एम्बुलेन्स	९८५४५०४३०
रेडक्रस एम्बुलेन्स	०८९४३००४२, ९८४४७००२४४

कालिकोट

प्रहरी	०८७-४४०१९३, ९८४८३३५५५५

जुम्ला

प्रहरी	०८७-५२००१३, ०८७-५२०१९३
शिक्षण अस्पताल	०८७-५२०३५५, ५२००१५
एम्बुलेन्स	९८४८२४७४६६

दैलेख

जिल्ला प्रहरी कार्यालय	०८९-४२०१२५,९८५८०५५५५५
अस्पताल	०८९-४५०१२७
एम्बुलेन्स	०८९-४५०१८५, ९८४८२६५४८२

पश्चिम रुकुम

जिल्ला प्रहरी कार्यालय	०८८५३०१८७
जिल्ला अस्पताल	०८८५३०२४७, ०८८५३०१५५
एम्बुलेन्स	९८०९८५८१८५

हुम्ला

प्रहरी	०८७-४८००३/ ०८७४८००९२
अस्पताल	०८७-४८००२४
विमानस्थल	९८५१०७३७१२

डोल्पा

जिल्ला प्रहरी कार्यालय	०८७-५५००५५, ९८५८३०५५५५

मुगु

प्रहरी	०८७-४४००९२
अस्पताल	०८७-४४०१३०
एम्बुलेन्स	९८४८३२९६६६

सल्यान

प्रहरी	०८८-५२००७०, ९८५७८५५५५५
अस्पताल	०८८-५२००८२
एम्बुलेन्स/रेडक्रस	९८४७८३२७३८/०८८-५२००७४

प्रहरी र एम्बुलेन्स

प्रहरी कन्ट्रोल	१००
जिल्ला प्रहरी (काठमाडौं)	४२६१२७५/४२६१७२०
जिल्ला प्रहरी (ललितपुर)	५५२१२०७
जिल्ला प्रहरी (भक्तपुर)	६६१४८२१
आकस्मिक प्रहरी सेवा	४२२६२२२
ट्राफिक प्रहरी	१०३
दमकल	१०१
श्री सत्य साई निःशुल्क एम्बुलेन्स/शववाहन	४४२८०३५
सुलेरु एम्बुलेन्स सेवा	०१ ५५५५५०,९७५१०४४५५०
परोपकार एम्बुलेन्स सेवा	४२६०८५२
बिशालबजार एम्बुलेन्स सेवा	४२४४२२१
रेडक्रस एम्बुलेन्स सेवा	४२२८०२४
ललितपुर रेडक्रस एम्बुलेन्स सेवा	५५४५६६६
अग्रवाल सेवा केन्द्र	४४२४८७५

शववाहन र विविध

नेपाल चेतबर अफ कमर्स	४२३०२१३
पशुपति आर्यघाट सेवा केन्द्र	४४२२९९२
देव कर्मर निःशुल्क सववाहन सेवा	४४३४०२३
बाल हेल्पलाइन नेपाल	१०९८
बालबालिका खोजतलास समन्वय केन्द्र	९०४/४२२६००६
नेपाल मिटर दशावसी संघ	४२२३३७४

कान्तिपुर सम्पर्क जिज्ञासा, सुझाव तथा गुनासाहरुका लागि १६६०-०१-२२२२२ (NTC) ९८०१-५७-२२२२ (Ncell)